



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष ३० अंक १८९ | १० भदौ २०७९ शुक्रबार भाद्र कृष्णपक्ष चतुर्दशी | नेपाल संवत् ११४२ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Friday, August 26, 2022 | पृष्ठ १२ | १० रुपैयाँ

# महानगरको नक्सा बदल्ने जोस



- पार्किङका लागि 'बेसमेन्ट' बनाउने भनेर नक्सा पासमा ९० प्रतिशतसम्म कर छुट लिएका भवन धनीले पसल तथा रेस्टुरेन्टलाई भाडामा लगाएपछि कारबाही, काठमाडौंमा मात्र त्यस्ता तीन सय भवन रहेको महानगरको आकलन
- अनधिकृत संरचनामा डोजर, ३५ दिने सूचना दिँदा छलफलका लागि कोही पनि नआएपछि कारबाही गरेको महानगरको भनाइ, मर्कामा परेका भाडावाल व्यवसायीलाई क्षतिपूर्ति दिलाउन पहल गर्ने आश्वासन

**काठमाडौं नयाँ बानेश्वरस्थित अल्फाबिटा कम्प्लेक्सको नक्सा देखाउँदै महानगरप्रमुख बालेन्द्र शाह र भवनमा अनाधिकृत रुपमा थपिएका संरचना भत्काउँदै महानगरको डोजर ।** *तस्बिर : अंगद ढकाल/कान्तिपुर*



**गोविन्द पोखरेल** (काठमाडौं)

नक्सा पास नगरी बनाइएका संरचना हटाउने अभियानलाई काठमाडौं महानगरले तीव्र बनाएको छ । महानगरको रूप फेर्न मेयर बालेन्द्र शाह आफैं मैदानमा उत्रिएको भन्दै सर्वसाधारणले प्रशंसा गरेका छन् । त्यस्ता संरचना हटाउन ३५ दिने सूचना दिँदा छलफलका लागि सम्पर्कमा नआएपछि कारबाहीमा उत्रिएको महागरको दाबी छ ।

राजधानीको ट्राफिक व्यवस्थापन गर्न महानगरले पार्किङका लागि 'बेसमेन्ट' बनाउने भवनको नक्सा पासमा ९० प्रतिशतसम्म कर छुट दिँदै आएको छ । त्यस्तै १० हजार वर्ग फिटभन्दा ठूला संरचना निर्माण गर्दा 'बेसमेन्ट पार्किङ' अनिवार्य गरिएको छ । हरेक वर्ष सयभन्दा बढी त्यस्ता भवनको नक्सा पास हुँदै आएको महानगरको सहरी विकास तथा भवन विभागका प्रमुख सुरज शाक्यको भनाइ छ ।

तारे होटल, सिनेमा हल/सभागृह/थिएटर, कम्प्लेक्स, नर्सिङहोम, सरकारी-अर्धसरकारी कार्यालय निर्माण गर्दा २० प्रतिशत पार्किङ क्षेत्र छुट्याउनुपर्ने मापदण्ड छ । तर पार्किङका लागि छुट्याइएका क्षेत्र पसल तथा रेस्टुरेन्टका लागि भाडामा लगाउने मात्र होइन, अनधिकृत संरचनासमेत थपिएका छन् । महानगरपालिकाका अनुसार पार्किङका लागि भनेर अनुमति लिएका र अन्य प्रयोजनमा लगाइएका 'बेसमेन्ट' को संख्या ३ सय हाराहारी छ ।

नक्सामा समावेश नभएका अनधिकृत संरचना हटाउने विषयमा महानगरले साउन २ मा ३५ दिने सूचना जारी गरेको थियो । सूचनामा 'स्वीकृत नक्साबमोजिम बेसमेन्ट, सेमी बेसमेन्ट, गोदाम र भुईं तला अन्य प्रयोजनमा लगाइएको देखिएकाले ३५ दिनभित्र नक्सा स्वीकृतिबमोजिम पार्किङको व्यवस्था गर्न' भनिएको थियो ।


भदौ ७ मा (मंगलबार) ३५ दिन पूरा भएपछि बुधबारदेखि महानगर डोजरसहित कारबाहीमा उत्रिएको हो । बुधबार न्युरोडको आरबी कम्प्लेक्स, कोजी कम्प्लेक्स, काठमाडौं मलका अनधिकृत संरचना भत्काएको महानगरले बिहीबार नयाँ बानेश्वरस्थित अल्फाबिटा कम्प्लेक्सका बाहिरी संरचनामा डोजर चलाएको छ । त्यस्तै न्युरोडमै पार्किङका लागि बनाएको 'बेसमेन्ट' मा सञ्चालित नबिल बैंकको शाखा र दरबारमार्गस्थित वान दरबार मलमा सञ्चालित लन्डन पब र मात्सुरी टोक्यो क्याफेको बाहिरी संरचना हटाउन महानगरले निर्देशन दिएको छ । **बाँकी पृष्ठ ८**

## भित्र

एम्बुलेन्स नै बिरामी




सिट १६५, गठबन्धन दलको दाबी २२७



नेपालको बिजुली भारतीय कम्पनीमार्फत बंगलादेश लैजान सहमति



राष्ट्र बैंकले माग्यो मुद्दती निक्षेपमा ब्याजदरको विवरण




# ८७ दल, ७९ चिह्न


### १२ दल चार चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्ने, ७५ दलले एकल रूपमा

**मकर श्रेष्ठ** (काठमाडौं)

संसदीय निर्वाचनमा ८७ राजनीतिक दलले भाग लिने भएका छन् भने चुनाव चिह्न ७९ वटा रहने भएको छ । ७५ दलले एकल चिह्न र चार वटाले संयुक्त समूहबाट प्रतिस्पर्धा गर्नेछन् । एउटा समूहमा चार वटासम्म दलको गठबन्धन छ ।

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन प्रयोजनका लागि दल दर्ता, चिह्न प्रदान र क्रम निर्धारण टुंग्याएको छ । यसअघिको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त मत संख्या र निर्वाचन प्रयोजनका लागि निवेदन दिएको क्रम संख्याका आधारमा मतपत्रमा चिह्न समावेश गर्ने निर्णय भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बताए । यो निर्णयअनुसार प्रत्यक्ष र समानुपातिक मतपत्रको पहिलो नम्बरमा एमालेको चिह्न सूर्य हुनेछ । दोस्रोमा कांग्रेसको रूख, तेस्रोमा माओवादी र नेपाल समाजवादीको गोलाकारभित्र हँसिया-हतौडा रहनेछ । चौथोमा जसपाको छाता र पाँचौंमा राप्रपाको हलो चिह्न हुनेछ । छैटौंमा राष्ट्रिय जनमोर्चा र सातौंमा नेमकिपाका चुनाव चिह्न रहनेछन् ।

स्थानीय तह निर्वाचनमा जसपापछि रहेका एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी मंसिर ४ मा हुने संसदीय निर्वाचनमा पछाडि धकेलिएका छन् । मतपत्रमा ३३ औं स्थानमा एकीकृत समाजवादीको कलम चिह्न रहनेछ । जसपाबाट फुटेर बनेको लोकतान्त्रिक समाजवादीको साइकल चिह्न २६ औं स्थानमा रहनेछ ।



| प्रदेश | दल संख्या |
|---|---|
| प्रदेश १ | ७० |
| मधेस | ७५ |
| वाग्मती | ७२ |
| गण्डकी | ६६ |
| लुम्बिनी | ६८ |
| कर्णाली | ६४ |
| सुदूरपश्चिम | ६४ |

०७४ को निर्वाचनमा दलले प्राप्त गरेको समानुपातिक मतका आधारमा सात वटा पार्टीपछि दल दर्ताका लागि निवेदन दिने दलको नाम रहने भएको छ । आयोगमा निवेदन दिनेमा पहिलो नम्बरमा जनमत पार्टी थियो । अन्तिममा रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी दर्ता भएको थियो । मतपत्रमा पनि यो पार्टीको गोलाकारभित्रको घण्टी अन्तिममा रहने भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि ८० वटा दल दर्ता निवेदन परेकामा एउटै चिह्न लिई निर्वाचनमा भाग लिने प्रयोजनका लागि दलहरूको ४ वटा निवेदन परेको थियो । '७९ वटा दलका निर्वाचन चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी सहभागी हुने दलको संख्या ८७ छ,' आयोगका सहायक प्रवक्ता अर्यालले भने । प्रदेश १ मा ७०, मधेसमा ७५, वाग्मतीमा ७२ र गण्डकीमा ६६ दल सहभागी हुनेछन् । लुम्बिनी प्रदेशमा ६८, कर्णाली प्रदेशमा ६४ र सुदूरपश्चिम प्रदेशमा ६४ दल सहभागी हुने आयोगले जनाएको छ । आयोगका अनुसार चार वटा पार्टी एकल निर्वाचन चिह्नमा सहभागी हुने भएका छन् । दलहरूले माग गरेको एकल चिह्न प्रदान गर्ने आयोगले निर्णय गरेको हो ।

आयोगले ०७४ मा ९१ राजनीतिक दललाई प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दर्ता गरी चिह्न प्रदान गरेको थियो । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५५ राजनीतिक दलले भाग लिएका थिए भने तीन महिनाअघि भएको स्थानीय तह निर्वाचनमा पनि ६३ दलले मात्रै भाग लिएका थिए ।


# दसैंलाई ३ हजार खसीबोका र च्यांग्रा

- खाद्यले चामल, दाल, तेल, आँटालगायतमा छुट दिने
- नयाँ नोट भदौ अन्तिम सातादेखि

**राजु चौधरी र यज्ञ बञ्जाडे** (काठमाडौं)

यो दसैंका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनीले ३ हजार खसीबोका र च्यांग्रा ल्याउने भएको छ । घटस्थापना सुरु हुन करिब महिना बाँकी रहँदा खाद्यका साथै साल्ट ट्रेडिङ कर्पोरेसनले सहुलियत दिन गृहकार्य थालेका छन् ।

खाद्यले खसीबोका/च्यांग्रा, चामल, दाललगायत गेडागुडीमा छुट दिने कम्पनीकी सूचना अधिकारी शर्मिला न्यौपानेले बताइन् । उनले यसपालि ३ हजार खसीबोका र च्यांग्रा ल्याउन लागिएको जानकारी दिइन् । खाद्यले गत वर्ष १९ सय ५५ खसीबोका ल्याएर बिक्री गरेको थियो । करिब एक हजार च्यांग्रा ल्याउने भनिए पनि आयात गर्न सकेन । ०७७/७८ मा १५ सय ९ खसीबोका





भित्रिएका थिए । दसैंका लागि च्यांग्रा मुस्ताङ र तिब्बतबाट समेत आयात हुने गरेको थियो । कोभिडका कारण सीमा बन्द भएपछि च्यांग्रा आउन नसकेको खाद्यले जनाएको छ ।

खाद्यले बिक्री गर्ने खसीबोकाको संख्या थोरै भए पनि त्यसले बजार हस्तक्षेप गर्न सघाउँछ । खाद्यले मूल्य तोकेपछि व्यापारीले चर्को मूल्य राख्न पाउँदैनन् । यो बर्ष च्यांग्राको खोजी/सम्भावनाबारे खाद्यले मुस्ताङ शाखा कार्यालयलाई पत्राचार गरिसकेको छ ।

खसीबोका विशेषगरी तराईका जिल्लाबाट ल्याइन्छ । खरिद मूल्यमा ढुवानी र प्रशासनिक खर्चसहित जोडेर खुद्रा बिक्री मूल्य तय गरिन्छ । खाद्यले बेच्ने खसीबोका व्यापारीका भन्दा सस्ता हुन्छन् । **बाँकी पृष्ठ ८**



# एम्बुलेन्स नै बिरामी

६७४३ वटै वडामा एम्बुलेन्स पुर्‍याउने स्वास्थ्य मन्त्रालयको लक्ष्य भए पनि देशभर करिब १ हजार ५ सय मात्र सञ्चालन




**अर्घाखाँचीको पाणिनि गाउँपालिकाले सञ्चालन गरेका एम्बुलेन्स । वैशाखदेखि थन्किएका दुवै एम्बुलेन्समा खिया लागिसकेको छ ।**
*तस्बिर : वीरेन्द्र केसी/कान्तिपुर*

> २०७४ यता मात्र राजस्व छुटमा ८ सय एम्बुलेन्स भित्रिएको तथ्यांक छ, जसमा पालिकाले खरिद गरेका १ सय ८० मात्र हुन्, तीमध्ये १ सय ७ 'ग' वर्गका र ७३ वटा वर्ग नखुलेका छन्

**प्रशान्त माली** (काठमाडौं)

मुगुको खत्याड-३ की ५६ वर्षीय दृष्टिविहीन कल्से नेपालीकी ४१ वर्षीया श्रीमती जौकलाले गत साउनमा अस्पताल नपुग्दै बाटोमै बच्चा जन्माइन् । गाउँमा एम्बुलेन्स नभएका कारण जौकलालाई गमगढीबाट हिँडाएरै जिल्ला अस्पताल लगिएको थियो । गाउँपालिकामा भएका दुई एम्बुलेन्समध्ये एउटा दुर्घटनामा परेको थियो, अर्को बेलाबेलामा बिग्रिरहन्छ ।

बाटोमै सुत्केरी हुनुपर्ने बाध्यता भोग्ने जौकला एक्ली होइनन् । कर्णाली प्रदेशमा हरेक महिनाजसो यस्ता घटना बाहिर आउँछन् । खत्याड गाउँपालिकाकी उपाध्यक्ष सरिता रोकायाले आफू भर्खर निर्वाचित भएर आएकाले व्यवस्थापन कसरी गर्ने भन्नेबारे छलफल गरिरहेको बताइन् । एम्बुलेन्स खरिदका लागि बजेट छुट्याइसकेको उनको भनाइ छ ।

•••

धनगढी उपनगरपालिका-१६ का ४९ वर्षीय मानबहादुर चौधरीलाई बोरिङको पानी तान्ने क्रममा असार ३० मा करेन्ट लाग्यो । गाउँमा एम्बुलेन्स नहुँदा आफन्तले कैलाली गाउँपालिकाको एम्बुलेन्सबाट सेती प्रादेशिक अस्पताल पुर्‍याए । बेहोस भएका उनलाई त्यहाँबाट काठमाडौं रेफर गरियो । राष्ट्रिय ट्रमा सेन्टरमा मामाको रेखदेख गरिरहेका भान्जा मदन चौधरी भन्छन्, 'कैलालीबाट एम्बुलेन्स बोलाउनुपर्दा डेढ घण्टा कुर्नुपर्‍यो । सेती अस्पताल पुग्न ५ घण्टा, त्यहाँबाट काठमाडौं आइपुग्न थप २२ घण्टा लाग्यो ।' अस्पताल पुग्न ढिला हुँदा मामाले चोर र बूढीऔंला गुमाउनुपरेको उनले बताए ।

•••

धनुषा बटेश्वर गाउँपालिकाका ५० वर्षीय श्यामसुन्दर महतो साउन १८ मा मोटरसाइकल दुर्घटनामा परे । गाउँमा एम्बुलेन्स थिएन, छिमेकी भँगाहा नगरपालिकाको जानकी देवी स्मृति प्रतिष्ठानबाट झिकाउँदा एक घण्टा कुर्नुपर्‍यो । देब्रे घुँडा र तिघ्राको हड्डी भाँच्चिएका उनको गाउँमा उपचार सम्भव नभएपछि काठमाडौं रेफर गरियो । एम्बुलेन्समा ल्याइए पनि त्यसभित्र प्राथमिक उपचारका साधन नहुँदा थप पीडा सहनुपर्‍यो । '१२ हजार भए पुग्ने ठाउँमा १५ हजार भाडा तिर्नुपरेको छ,' महतोले भने, 'अत्यधिक रक्तस्रावका कारण केहीबेर मात्र ढिला अस्पताल पुगेको भए ज्यानै जाने रहेछ ।'

एम्बुलेन्स सहज रूपमा उपलब्ध नहुँदा समस्यामा परेका प्रतिनिधि घटना मात्र हुन् यी । एम्बुलेन्स नपाएकै कारण अस्पताल पुग्न ढिलाइ भएर ज्यानै गुमाउने पनि छन् । राष्ट्रिय ट्रमा सेन्टरका हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा.सन्तोष पौडेल घटना भएको एक घण्टाभित्र अस्पताल पुर्‍याउन सकेमा धेरैको ज्यान जोगिने बताउँछन् । 'फोक्सो, मुटु र मस्तिष्कमा चोट पुगेका, बढी रक्तस्राव भएका र हड्डी भाँच्चिएकालाई सक्दो चाँडो अस्पताल पुर्‍याउन नसके ज्यानै जाने खतरा हुन्छ,' उनले भने, 'सामान्यतः स्वस्थ शरीरमा हेमोग्लोबिन १२ ग्रामभन्दा माथि हुन्छ । रक्तस्राव भएर ७ ग्रामभन्दा तल झरेमा तत्काल रगत चढाउनुपर्ने अवस्था आउँछ ।'

२०४३ देखि २०७९ असारसम्म राजस्व छुटमा २ हजार ४ सय २ एम्बुलेन्स भित्रिएको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ । तीमध्ये प्रदेश १ मा २ सय ५७, मधेसमा २ सय ३८, वागमतीमा ३ सय ६८, लुम्बिनीमा २ सय ११, गण्डकीमा १ सय ७४, कर्णालीमा ५८ र सुदूरपश्चिममा १ सय ४ सञ्चालनमा छन् । सबैभन्दा बढी काठमाडौंमा १ सय ९७, चितवनमा १ सय २६, मोरङमा १ सय १८, झापामा १ सय १३ वटा छन् । सबभन्दा कम मनाङमा २ वटामात्र छन् । यहाँका बासिन्दा बिरामी पर्दा डोको, स्ट्रेचरमा भर पर्नुपर्छ । मन्त्रालयका अनुसार हाल करिब १ हजार ५ सयमात्रै सञ्चालनमा छन् भने बाँकी बिग्रिएका र पुराना भएर थन्किएका छन् । यो हिसाबमा अहिले वडा संख्याको तुलनामा एम्बुलेन्सको उपलब्धता २० प्रतिशत मात्र देखिन्छ ।

संख्या अपुग भएको देखेर मन्त्रालयले प्रत्येक वडामा एम्बुलेन्स पुर्‍याउने लक्ष्य राखेको थियो । मुलुकभर ६ हजार ७ सय ४३ वडा छन् । तर, वडागत एम्बुलेन्स पुर्‍याउन न स्थानीय जनप्रतिनिधिले ध्यान नदिएका छन् न मन्त्रालयले नै । संघसंस्थाद्वारा सञ्चालित एम्बुलेन्सले मापदण्ड नपुर्‍याएको, मर्मत गर्न नसकेको र चालकलाई समेत तलब दिन नसकेर थन्किन थालेको भन्दै मन्त्रालयले २०७८ भदौदेखि स्वास्थ्य संस्थालाई बाहेक अन्यलाई खरिदमा रोक लगाएको छ । पालिकाले स्वास्थ्य संस्थाका नाममा भने खरिद गर्न सकिने मन्त्रालयका सहप्रवक्ता समीर अधिकारीले बताए ।

जनप्रतिनिधि आएपछि २०७४ देखि गत असारसम्म राजस्व छुटमा ८ सय एम्बुलेन्स भित्रिएको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ । यीमध्ये स्थानीय तहले खरिद गरेका एक सय ८० वटा मात्र हुन्, त्यो पनि 'ग' वर्गका एक सय ७ र वर्ग नखुलेका ७३ वटा छन् । बाँकी क्लब, सामाजिक संस्था, टोल सुधार समिति, प्रतिष्ठान, निजी अस्पताल र गुठीहरूले खरिद गरेका हुन् । पालिकाहरूमा एम्बुलेन्सको आवश्यकता पहिचानबारे अध्ययन नहुँदा कहाँ कतिवटा सञ्चालनमा छन् भन्ने यकिन तथ्यांक छैन ।

हुम्लामा त अहिलेसम्म एउटा पनि एम्बुलेन्स पुग्न सकेको छैन । सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले निजी गाडीमार्फत सेवा दिइरहेको बताए । 'प्रत्येक वडामा बाटो पुग्ने क्रममा छ,' उनले भने, 'चालु आर्थिक वर्षमा एम्बुलेन्स खरिद गर्न ५० लाख रुपैयाँ बजेट विनियोजन गरेका छौं ।' यहाँ सुत्केरी तथा गर्भवती महिलाको उद्धार राष्ट्रपति उद्धार कार्यक्रमअन्तर्गत हेलिकोप्टरमार्फत हुँदै आएको छ ।

यता, काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजाल संघसंस्था र क्लबले सञ्चालन गरेका एम्बुलेन्स पालिकालाई हस्तान्तरण गर्न अनुरोध गरिएको बताउँछन् । 'यस विषयमा पटकपटक स्वास्थ्य कार्यालयसँग छलफल भइसकेको छ,' उनले भने, 'अब अटेर गरेमा कारबाहीकै प्रक्रियामा जानुपर्ने हुन्छ ।' ललितपुरका प्रजिअ घनश्याम उपाध्यायले केही संस्थाले पालिकालाई हस्तान्तरण गरिसकेको बताए ।

कास्कीमा भने संघसंस्थाले हस्तान्तरणका लागि अटेर गरिरहेका छन् । 'मन्त्रालयले भाडा तोक्ने आधार बनाइदिए सहज हुन्थ्यो,' प्रजिअ जयनारायण आचार्यले भने । स्वास्थ्य मन्त्रालयले भने बिरामी बोकेबापतको भाडा निर्धारण गर्न सिलिङ तोक्न सकेको छैन । यसले गर्दा जिल्लामा सञ्चालित एम्बुलेन्स सञ्चालन समितिलाई शुल्क निर्धारणमा समस्या हुने गरेको छ । मन्त्रालयका सहप्रवक्ता अधिकारीले मुलुकभरका भौगोलिक अवस्थालाई मध्यनजर गरेर सिलिङ निर्धारण गर्नुपर्ने भएकाले यो विषय छलफलकै क्रममा रहेको बताए । 'लगभग टुंगो लागिसकेको छ । अब चाँडै निर्धारण गर्छौं,' उनले भने, 'तर, मापदण्डविपरीत चलेको पाइए कारबाही गर्छौं ।'

भन्सार छुटमा भित्रिएका एम्बुलेन्सको भाडा र तिनको सेवाको अनुगमन नियमनको जिम्मेवारी पाएका प्रजिअले पनि खासै चासो दिएको पाइँदैन । काठमाडौंमा महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर जिल्ला प्रशासनको स्वीकृति लिएर चलिरहेका एम्बुलेन्सको हस्तान्तरण प्रक्रियाका लागि उक्त कार्यालयले नै अग्रसरता लिनुपर्ने बताउँछन् । उनका अनुसार महानगरमातहतका स्वास्थ्य संस्थाका लागि नयाँ चार वटा एम्बुलेन्स खरिद क्रममा छ । 'त्यसका लागि आवश्यक नर्स, चालकलगायत जनशक्ति मागको निर्णय भइसकेको छ,' उनले भने ।

धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमालले संघसंस्थाद्वारा सञ्चालित केही एम्बुलेन्स हस्तान्तरण भइसकेको र केही हुने क्रममा रहेको बताए । 'एक वडा एक एम्बुलेन्स नीति लिएका छौं । अहिले दुईवटा एम्बुलेन्सको व्यवस्था भइसकेको छ,' उनले भने, 'पालिकाको भौगोलिक विकटता हेरेर कम्तीमा ६/७ वटा एम्बुलेन्सको खाँचो छ ।' उपमहानगरले खरिद गर्ने र सञ्चालन खर्च वडाले बेहोर्ने गरी व्यवस्था गर्न लागेको उनको भनाइ छ । बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोका अनुसार एउटा खरिद गर्न बजेट विनियोजन भइसकेको छ । उपमहानगरमा १९ वटा वडा छन् ।

### 'मापदण्डले धान्न गाह्रो'

एकीकृत एम्बुलेन्स तथा पूर्व-अस्पताल सेवा सञ्चालन निर्देशिका २०७७ अनुसार 'क' वर्गको एम्बुलेन्समा हेल्थ असिस्टेन्ट वा नर्स चार जना (एक सिफ्टमा एक जना) हुनुपर्ने प्रावधान छ । बिरामीको अवस्थाअनुसार मेडिकल अधिकृत पनि परिचालन गर्नुपर्छ । चालक चार जना (एक सिफ्टमा एक जना) हुनुपर्ने र ५ वर्ष सवारी चलाएको अनुभव र प्राथमिक उपचारसम्बन्धी तालिम प्राप्त हुनुपर्ने व्यवस्था छ । 'ख' का लागि नयाँ हेल्थ असिस्टेन्ट वा नर्स भए पनि हुन्छ । तर, इमर्जेन्सी मेडिकल प्राविधिकसम्बन्धी आधारभूत तालिम प्राप्त गरेको हुनुपर्छ । 'ग' का लागि अहेब वा अनमी र ऐयर एम्बुलेन्स (हेलिकोप्टर) का लागि हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स हुनुपर्ने व्यवस्था छ ।

एम्बुलेन्सलाई आवश्यक जनशक्ति सम्बन्धित संस्थाले व्यवस्था गर्नुपर्ने भनिएको छ । 'क' र 'ख' वर्गको एम्बुलेन्समा भेन्टिलेटर, डेलिभरी सेट, ड्रेसिङजस्ता ७ वटा सेट, ईसीजी, अक्सिजन मनिटर र सप्लाई, सीपीआर बोर्डलगायत २४ थरीका इमर्जेन्सी उपकरणसहित औषधि व्यवस्था हुनुपर्छ । ह्वीलचेयर, ट्रली, वासिङ उपकरण, रेडियो, फोरजी कनेक्टिभिटी मोबाइल, वाकीटकी, क्यामेरा, जीपीएस सिस्टमको पनि व्यवस्था हुनुपर्ने भनिएको छ । 'ग' वर्गको एम्बुलेन्समा अक्सिजन सिलिन्डर, फ्लोमिटर, आईभी इन्जेक्सन, स्ट्रेचर, टर्च लाइट, स्टेथेस्कोप, बीपी सेटलगायत प्राथमिक उपचारका साधन हुनुपर्छ । गाडी भने 'फोर ह्वीलर' हुनुपर्ने निर्देशिकामा उल्लेख छ ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता समीर अधिकारीले एम्बुलेन्सलाई मोबाइल अस्पतालको रूपमा विकास गर्न यस्तो नियम बनाएको बताए । 'मापदण्ड नआएमा राजस्व छुटका लागि अनुमति दिँदैनौं,' उनले भने । तर, भन्सार छुटमा ल्याइएका एम्बुलेन्सको अनुगमन भए/नभएकोबारे उनले खुलाएनन् ।

नेपाल एम्बुलेन्स सेवाका अध्यक्ष प्रदीप वैद्य मापदण्डभित्र ल्याउँदा अहिले भइरहेको खर्च दोब्बर हुने बताउँछन् । मापदण्डअनुसार स्वास्थ्यकर्मी, उपकरणहरूमा बढी खर्च हुने भएकाले एम्बुलेन्स सञ्चालन धान्न गाह्रो हुने उनको भनाइ छ । 'हरेक वडामा एम्बुलेन्सको व्यवस्था गर्न सके त राम्रो हो तर यसले पालिकालाई पनि निकै आर्थिक भार पर्न सक्छ,' उनले भने, 'खरिदसँगै अहिले संघसंस्थाद्वारा सञ्चालित एम्बुलेन्सलाई पनि स्तरोन्नति गर्नतर्फ लाग्नुपर्‍यो ।'

## दोलखाको एम्बुलेन्स चन्द्रागिरिमा

**केदार शिवाकोटी** (दोलखा)

शैलुङ गाउँपालिका-८ का स्थानीयका लागि किनिएको एम्बुलेन्स काठमाडौंमा सञ्चालनमा भइरहेको पाइएको छ । २०७३ सालमा प्रतापसिं स्मृति प्रतिष्ठानले राजस्व छुटमा ल्याएको ज१च १५३४ नम्बरको एम्बुलेन्स अहिले चन्द्रागिरि नगरपालिकामा सञ्चालनमा छ । शैलुङ गाउँपालिकामा एउटा मात्रै एम्बुलेन्स भएकाले कोही बिरामी पर्दा चर्को शुल्क तिरेर निजी गाडीमा अस्पताल पुर्‍याउनुपर्ने अवस्था छ ।

२०७८ पुसमा मोटरसाइकल दुर्घटनामा परेका मोहन थपलियाले गाउँका लागि ल्याइएको एम्बुलेन्स सहर लगिएपछि आफू १४ हजार भाडा तिरेर निजी गाडीमार्फत अस्पताल पुग्नुपरेको सुनाए । 'मसँगै दुर्घटनामा परेका डम्बरबहादुर थपलियाको त मृत्यु नै भएको थियो,' उनले भने, 'एम्बुलेन्स नहुँदा यहाँका बासिन्दा निजी गाडीलाई २० हजारसम्म तिर्न बाध्य छन् ।'

ग्रामीण भेगका बिरामीलाई सहुलियत दरमा बोक्ने भनी राजस्व छुटमा ल्याइएको एम्बुलेन्स प्रतिष्ठानले नै चन्द्रगिरिमा सञ्चालन गरिरहेको स्थानीय मोहनसिं तामाङ बताउँछन् । 'यसबारे आवाज उठाए पनि अझै फर्काइएको छैन,' उनले भने, 'एम्बुलेन्स खरिद गरेर ल्याइएको २५ महिनासम्म गुपचुपमै राखियो ।'

स्थानीय ठालु तामाङले आफ्ना हजुरबुबाको नाममा प्रतिष्ठान खोलेका थिए । प्रतिष्ठानका अध्यक्ष भैरव काफ्लेले भने जिल्ला प्रशासनको अनुमतिमा चन्द्रागिरि नगरपालिकामा एम्बुलेन्स सञ्चालन गरेको दाबी गरे । 'गाउँमा टिप नपुगेर चालकको तलबभत्तासमेत दिन सकिएन,' उनले भने, 'गाउँमा सञ्चालन गर्न समस्या भएपछि प्रशासनकै अनुमतिमा बाहिर चलाएका हौं ।' गाउँमा एम्बुलेन्स नहुँदा सबैभन्दा बढी गर्भवती र सुत्केरी मर्कामा परेका छन् ।



# सिट १६५, गठबन्धनमा दाबी २२७

## संघ र प्रदेशका निर्वाचन क्षेत्रमा दलको अवस्था विश्लेषण गर्दै कार्यदल

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

सत्ता गठबन्धनभित्र सिट बाँडफाँटका लागि बनेको कार्यदलमा दलहरूले सिटको दाबी पेस गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार साँझ बसेको कार्यदलको बैठकमा कांग्रेसले १ सय, माओवादी केन्द्रले ६०, एकीकृत समाजवादीले ४०, जनता समाजवादी पार्टीले २५ र राष्ट्रिय जनमोर्चाले २ सिटमा दाबी गरेका हुन् । उनीहरूले दाबी गरेको कुल सिट संख्या २ सय २७ पुग्छ । जबकि प्रतिनिधिसभाको प्रत्यक्षतर्फ निर्वाचित हुने सिट संख्या १ सय ६५ मात्रै छ ।

कार्यदलका एक सदस्यका अनुसार कुन निर्वाचन क्षेत्रमा कुन दलको अवस्था कस्तो छ भन्नेबारे मत विश्लेषणसमेत सुरु भएको छ । 'कुन क्षेत्रमा कसको कस्तो अवस्था छ भनेर सामान्यतः छलफल भएको छ । अब केही गृहकार्य आवश्यक छ, शुक्रबार ४ बजे पुनः बैठक बसेर टुंगोमा पुग्छौं,' कार्यदलका ती सदस्यले भने ।

बिहीबार बिहान बसेको गठबन्धन बैठकले कार्यदललाई संघ र प्रदेशका निर्वाचन क्षेत्रमा दलको अवस्था शुक्रबारसम्म विश्लेषण गर्ने जिम्मेवारी दिएको छ । सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले गठबन्धनले दिएको जिम्मेवारीअनुसार प्रतिनिधिसभाका १ सय ६५ वटै निर्वाचन क्षेत्रको समीक्षा भइरहेको बताए । 'दलहरूबाट खुलस्त दाबी प्रस्तुत भएको छ,' उनले भने, 'हामी त्यसलाई न्यायसंगत ढंगले टुंगोमा पुऱ्याउँछौं ।'

### राष्ट्रपतिको गतिविधिप्रति सशंकित

राष्ट्रपति विद्यादेवी भण्डारीले 'राष्ट्रवाद' का नाममा सक्रियता बढाएर संविधानको मर्यादा र दायरा नाघेको सत्तारूढ गठबन्धनले निष्कर्ष निकालेका छन् । बिहीबार बिहान बसेको गठबन्धनको बैठकमा शीर्ष दलका शीर्ष नेताहरूले नागरिकता र शान्ति प्रक्रियासँग सम्बन्धित संसद्मा विचाराधीन विधेयकलाई लिएर राष्ट्रपतिले देखाइरहेको सक्रियता अस्वाभाविक रहेको टिप्पणी गरेका छन् ।

चुनावी तालमेलका लागि सिट बाँडफाँटको गाँठो फुकाउन बोलाइएको शीर्ष नेताको बैठक त्यतातिर प्रवेश नै नगरी राष्ट्रपतिका पछिल्ला गतिविधिमा केन्द्रित भएको थियो । प्रधानसेनापति, पूर्वप्रधानसेनापतिसहित करिब ७० जना बहालवाला र अवकाशप्राप्त सैनिक अधिकारीहरूलाई राष्ट्रपति भण्डारीले बुधबार राति दिएको रात्रिभोज र त्यसमा राष्ट्रपतिले उठाएका प्रश्नलाई लिएर सत्तारूढ दलका नेताहरू सशंकित देखिएका छन् । उनीहरूले राष्ट्रपतिको सक्रियतालाई लोकतन्त्रमाथि नै हमला गर्ने मनसायका रूपमा व्याख्या गरेका छन् ।

बैठकमा सहभागी कांग्रेस नेता रामचन्द्र पौडेलले राष्ट्रपति भण्डारीले सैनिक अधिकारीहरूसँग गरेको रात्रिभोज र त्यसमा राखेको धारणाका पछि असल मनसाय नरहेको बताए । 'राष्ट्रपति भण्डारीले बढ्ता नै राजनीति गर्न थाल्नुभयो । संविधानको दायरा र मर्यादालाई नाघेर लोकतन्त्रलाई उल्टाउने तानाबाना बुन्न खोजेको हो कि भन्ने आशंका उठेको छ । बिहानको बैठक यिनै विषयमा केन्द्रित भयो,' उनले कान्तिपुरसँग भने, 'राष्ट्रियतालाई अघि सारेर लोकतन्त्रमाथि आक्रमण गर्नु र संविधानमाथि खेलबाड गर्नु आपत्तिजनक हो भन्ने हाम्रो साझा धारणा छ ।'

पौडेलले २०१७ सालमा राजा महेन्द्र शाहले गरेकै जस्तो गतिविधिमा राष्ट्रपति उत्रन थालेकी हुन् कि भन्ने आशंकासमेत बढेको बताए । 'राष्ट्रपति निवासमा पूर्वसैनिक अधिकारीहरूलाई भेला गरेर भोज खुवाउनु र नागरिकता विधेयक हुबहु जारी गरे राष्ट्रियतामाथि नै खतरा आउने भनेर बोल्नु राम्रो संकेत होइन,' उनले भने, 'लोकतन्त्र कमजोर पार्ने र मुलुकलाई सधैं अस्थिरतातिर धकेल्ने काममा राष्ट्रपति नै लाग्नु आपत्तिको विषय हो ।'

रात्रिभोजमा केही सैनिक अधिकारीले प्रतिनिधिसभाले पारित गरेको नागरिकतासम्बन्धी विधेयक राष्ट्रिय सभाबाट हुबहु पारित भएर आए जारी नगरी कानुनी उपाय खोज्नुपर्ने राय राष्ट्रपतिसमक्ष राखेका थिए । शान्ति प्रक्रियासँग सम्बन्धित विधेयकमा समेत उनीहरूको आपत्ति थियो । यसै विषयलाई लिएर राष्ट्रपतिले राजीनामा भने दिन नहुने उनीहरूको सुझाव थियो ।

बालुवाटार स्रोतका अनुसार प्रधानमन्त्री शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच बुधबार भएको भेटमा समेत राष्ट्रपतिको प्रसंग उठेको विषयमा पनि बिहीबार बिहानको गठबन्धन बैठकमा छलफल भएको थियो । दुई उपाध्यक्षसहित देउवालाई भेट्न बालुवाटार पुगेका ओलीले राष्ट्रपतिको मान नराखी नागरिकता विधेयक हुबहु पारित गरेको र शान्ति प्रक्रियासँग सम्बन्धित विधेयक एकपक्षीय रूपमा ल्याइएको भन्दै आपत्ति जनाएका थिए । जवाफमा देउवाले 'तपाईंले नै ल्याएको नागरिकता अध्यादेश ल्याउँदा किन विरोध ?' भनेर प्रतिप्रश्न गरेको बैठकमा सहभागी एक नेताले जानकारी दिए । उनका अनुसार सत्तारूढ दलको बैठकमा राष्ट्रपतिको 'राजनीतिक' सक्रियतालाई मंसिर ४ मा हुने प्रदेश र प्रतिनिधिसभा चुनाव सार्ने 'षड्यन्त्र' त होइन भन्ने आशंकासमेत केही नेताले गरेका थिए ।

माओवादीका अध्यक्ष पुष्पकमल दाहालले राष्ट्रपतिले देखाएको पछिल्लो सक्रियता अस्वाभाविक र असंवैधानिक रहेको बताएका थिए । २०६३ सालको नागरिकतासम्बन्धी कानुन बनाउने क्रममा राष्ट्रपति भण्डारी स्वयं संलग्न रहेको उल्लेख गर्दै उनले अहिलेको कदम भने अस्वाभाविक रहेको बताए ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले राष्ट्रपतिका गतिविधिलाई आफूहरूले सूक्ष्म रूपमा अध्ययन गरिरहेको बताए । सैनिक अधिकारीहरूलाई राष्ट्रपति निवासमा भोज दिइनुले शंका जन्माएको उनको भनाइ थियो । सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले राष्ट्रपतिबाट भएका पछिल्ला गतिविधिप्रति सरकार गम्भीर रहेको बताएका छन् ।

राष्ट्रपति कार्यालयले भने सैनिक अधिकारीहरूसँगको रात्रिभोज नागरिकता विधेयकमा छलफल गर्न आयोजना गरिएको नभई पूर्वनिर्धारित 'कट्सी' भेटघाट मात्रै भएको जनाएको छ । राष्ट्रपति कार्यालयका सल्लाकार विज्ञ समूहका सदस्य माधव शर्माका अनुसार नेपाली सेनाका परामाधिपतिसमेत रहेका राष्ट्रपतिले पूर्वसैनिक अधिकारीहरूलाई भेट्नु असंवैधानिक नरहेको बताए । 'सुरक्षा निकायभित्र भएका समस्या र पीडितका विषयमा कुराकानी गर्न तीन महिनाअघि नै तय भएको भेटघाट हो । बीचमा कोरोना बढेकाले रोकिएको थियो,' शर्माले भने, 'समय मिल्यो भने नेपाली सेनाका मात्रै होइन, प्रहरी, सशस्त्र र अरूलाई पनि भेट्ने कार्यक्रम छ । यो भेटघाट नागरिकतासम्बन्धी विषयमा भएको होइन ।'



| कसको कति दाबी ? | |
|---|---|
| कांग्रेस | १०० |
| माओवादी | ६० |
| एस | ४० |
| जसपा | २५ |
| जनमोर्चा | २ |



# एकीकृत समाजवादीलाई शक्ति कायम राख्ने चुनौती

**बबिता शर्मा** (काठमाडौं)

एमालेबाट अलग भई माधव नेपालले आफ्नै नेतृत्वमा एकीकृत समाजवादी गठन गरेको एक वर्ष पूरा भएको छ । एक वर्षको अवधिमा विद्रोहको राजनीतिक र संगठनात्मक दुवै रूपमा पुष्टि भएको दाबी नेताहरूले गरे पनि आसन्न निर्वाचनमा संसदीय शक्ति बचाइराख्ने मुख्य चुनौती सामुन्ने छ ।

एकीकृत समाजवादीले ०७८ भदौ ९ मा निर्वाचन आयोगबाट पार्टी दर्ताको प्रमाणपत्र लिएको थियो । सोही आधारमा उसले बिहीबार 'पार्टी पुनर्गठन दिवस' मनाएको छ । कार्यक्रममा अध्यक्ष नेपाल र सम्मानित नेता झलनाथ खनालले पार्टी गठनको एक वर्ष उपलब्धिमूलक रहेको बताएका छन् । 'हाम्रो पार्टीले एक वर्षमा प्राप्त गर्ने उपलब्धि अझ धेरै हुन सक्थ्यो होला तर जति प्राप्त गरेका छौं, त्यसमा गौरवबोध गर्नुपर्छ,' अध्यक्ष नेपालले भने, 'निराश हुनुपर्ने आवश्यकता छैन ।'

वरिष्ठ नेता खनालले यस अवधिमा पार्टीलाई जनताको बीचमा लैजान सफल भएको दाबी गरे । 'हामीले दक्षिणपन्थी अवसरवादी र नेतृत्वविरुद्ध विद्रोह गर्ने आँट गऱ्यौं, त्यो एउटा महत्त्वपूर्ण पहलकदमी थियो, एक वर्षको अवधिमा पार्टी निर्माण, विकास र विस्तार प्रक्रियामा जनताबीच जाने कुरामा क्रमशः प्रगति गर्दै आएका छौं,' खनालले भने, 'जनताको तल्लो पंक्तिमा पार्टी विस्तार गर्दै छौं । नवयुवाको पंक्ति पार्टीमा प्रवेश गरिरहेको छ । अन्य राजनीतिक दल परित्याग गरेर हाम्रो पार्टीमा एकताबद्ध हुने क्रम जारी छ ।'

संसद्मा चौथो शक्तिका रूपमा रहेको एकीकृत समाजवादीसँग प्रतिनिधिसभामा २३ सांसद छन् । त्यसमध्ये १३ प्रत्यक्षतर्फका र बाँकी समानुपातिक सांसद हुन् । राष्ट्रिय सभामा एक स्वतन्त्र हैसियतका सहित ९ सांसद छन् । स्वतन्त्रको हैसियतमा कलम चिह्नबाट लडेका खिमलाल देवकोटा वाग्मतीबाट निर्वाचित हुन् । गण्डकीबाहेक सबै प्रदेशमा एकीकृत समाजवादीका सांसद छन् । प्रदेश १ मा १०, मधेसमा १३, वाग्मतीमा १३, लुम्बिनीमा १, कर्णालीमा ३ र सुदूरपश्चिममा १४ गरी प्रदेशतर्फ एकीकृत समाजवादीका ५४ सांसद छन् । सुदूरपश्चिममा एकीकृत समाजवादी ठूलो दल हो भने मधेस प्रदेशमा एमालेभन्दा ठूलो छ ।

एकीकृत समाजवादीका एक पदाधिकारीका अनुसार आसन्न प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा अहिलेकै संसदीय शक्ति बचाइराख्ने पार्टीको मुख्य चुनौती हो । ती पदाधिकारीका अनुसार एक वर्षको अवधिमा राजनीतिक रूपमा पार्टीका एजेन्डा स्थापित भए पनि संसदीय शक्ति कायम राख्ने अबको चुनौती छ । 'स्थानीय निर्वाचनमा हामीले सम्मानजनक उपस्थिति गराएका छौं, आसन्न प्रदेश र प्रतिनिधिसभा निर्वाचन हाम्रो लागि परीक्षा र चुनौती हो, यहाँ पास भएपछि स्थापित राजनीतिक शक्ति बन्ने बाटो खुल्छ,' ती पदाधिकारीले भने, 'हाम्रो ध्यान अबको निर्वाचनमा पार्टीलाई स्थापित गर्नेमा हुन्छ र त्यहीअनुसारको रणनीति पनि बनाउँछौं ।'

अध्यक्ष नेपालले पनि स्थानीय तहको मतलाई आधार मान्दा आगामी निर्वाचनमा एकीकृत समाजवादीले आफ्नो हैसियत देखाउन सक्ने दाबी गरे । 'स्थानीय निर्वाचनमा २७ प्रतिशत उम्मेदवार खडा गर्दा ९ लाख २७ हजार मत प्राप्त गरेका छौं, सबै ठाउँमा उम्मेदवार उठाएको भए १५ देखि २० लाखसम्म मत पाउन सक्थ्यौं, यति मत पाउँदा १५ देखि २० सिटलाई कसैले रोक्न सक्दैन,' नेपालको दाबी छ, 'आउने चुनावको सन्दर्भमा समानुपातिक मतका आधारमा पनि हाम्रो पार्टीले आफ्नो हैसियत देखाउन सक्छ ।'

निर्वाचन आयोगका अनुसार एकीकृत समाजवादीले स्थानीय निर्वाचनमा वडातर्फ ४ लाख २२ हजार मत ल्याएको छ । उसले नगर प्रमुखतर्फ ३ लाख १८ हजार र गाउँपालिका अध्यक्षतर्फ १ लाख ४० हजार मत पाएको छ । एक महानगरपालिका प्रमुख, एक उपमहानगरपालिका प्रमुख, १० नगरपालिका प्रमुख, आठ गाउँपालिका अध्यक्ष, १ सय ९० वडाध्यक्षसहित एकीकृत समाजवादीले स्थानीय तहमा ९ सय ८६ स्थानमा जित निकालेको थियो ।

प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले पार्टीको मुख्य उपलब्धि नै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई सडकमा ल्याउनु भएको बताए । 'हाम्रो पार्टीले तत्कालीन प्रधानमन्त्री ओलीलाई सडक ल्याउन सफल भयो, देश र जनताको आवश्यकतामा गठबन्धन सरकार बन्यो, जसले प्राप्त उपलब्धिको रक्षा गर्न सफल भयो,' उनले भने, 'यसलाई हामीले ठूलो सफलता र उपलब्धि ठानेका छौं ।'

एक वर्षको अवधिमा एकीकृत समाजवादीमा २ लाख जना विभिन्न कमिटीमा संगठित भएको र ५ लाखभन्दा बढी संगठित सदस्यहरूको रेकर्ड अद्यावधिक भइसकेको दाबी खतिवडाको छ । यसबाहेक एकीकृत समाजवादीले आसन्न निर्वाचनका चुनौती सामना गर्न गठबन्धन, माओवादीसँग एकता, साना दलसँग एकता र एमालेका नेता-कार्यकर्तालाई भित्र्याउने रणनीति बनाएको छ । गठबन्धनको रणनीति एकीकृत समाजवादीका लागि अनुकूल बन्दै छ । ११ सदस्यीय कार्यदलमा एकीकृत समाजवादीबाट दुई सदस्य छन् ।

> विद्रोहको राजनीतिक र संगठनात्मक दुवै रूपमा पुष्टि भएको दाबी, प्रवक्ता भन्छन्- 'केपी शर्मा ओलीलाई सडकमा ल्याउनु मुख्य उपलब्धि'

पाँच दलीय गठबन्धनमा सिट बाँडफाँटबारे संवाद जारी छ । ०७४ को संघीय निर्वाचन नलडेका कारण एकीकृत समाजवादीका लागि छुट्टै मापदण्ड बनाउन गठबन्धन दलका नेताहरू सहमत छन् । एकीकृत समाजवादीले प्रतिनिधिसभातर्फ कम्तीमा २५ सिटमा दाबी गरेको छ ।

अर्कोतर्फ एकीकृत समाजवादीले माओवादीसँग एकताको गृहकार्य गरेको छ । दुवै पार्टीका शीर्ष नेताबीच निर्वाचनपछि एकता गर्ने गरी तत्कालका लागि १० सदस्यीय संयोजन समिति बनाउने सहमति बनेको छ । दुवै पार्टी साझा घोषणापत्रमा चुनाव लड्न तयार भएका छन् । दुवैले छुट्टाछुट्टै घोषणापत्र मस्यौदा समिति गठन गरिसकेका छन् ।

यसबीचमा एकीकृत समाजवादीले नेकपा (जनवादी), राष्ट्रिय जागरण परिषद्, नेकपा (गौरवशाली), एकीकृत नेकपा र बहिर्गमित जनमुक्ति सेना आफ्नो पार्टीमा समाहित भएको बताएको छ । तर, एकीकृत समाजवादीका कैयौं नेता-कार्यकर्ता पुरानै घर एमालेमा पनि फर्केका छन् ।






काठमाडौंको इतुम्बहालमा बिहीबार पञ्चदान पर्व मनाउँदै नेवार समुदाय । पर्वका अवसरमा एक व्यक्तिलाई एक दिनमा आवश्यक पर्ने चामल, दाल, नुन, पैसालगायत पाँच वस्तु दान गरिन्छ । *तस्बिर : सन्जोग मानन्धर/कान्तिपुर*

# रुबी भ्यालीमा मतदानस्थल थपिँदै

**सरिता श्रेष्ठ** (धादिङ)

जिल्लाको उत्तरी भेगमा पर्ने रुबी भ्याली गाउँपालिकाका ६ वटा वडामा ८ वटा मात्रै मतदानस्थल थिए । निर्वाचनमा मतदान गर्नकै लागि अघिल्लो दिन नै मतदानस्थलनजिक आएर बास बस्नुपर्ने बाध्यता थियो । भौगोलिक हिसाबले मतदानस्थल अपायक स्थानमा तोकिने गरेको गरेको भन्दै रुबी भ्यालीबासीले मतदानस्थल थप गर्न माग गर्दै आएका थिए । अहिले बल्ल उनीहरूको माग पूरा हुने भएको छ । रुबी भ्यालीमा ६ वटा मतदानस्थल थप गर्न सिफारिस गरिएको छ । एक मतदानस्थल भने खुला मैदान र अपायक भएको भन्दै खारेज गर्न सिफारिस गरिएको छ ।

यसअघिका हरेकजसो निर्वाचनमा रुबी भ्याली-५ नेवेरका मतदाता मतदानकै लागि भनेर ३ दिन छुट्याउँथे । गत वैशाख ३० मा भएको स्थानीय निर्वाचनताका कान्तिपुर दैनिकमा 'मतदान गर्न ३ दिन' शीर्षकको समाचार प्रकाशन भएको थियो । अन्ततः स्थानीयको माग र सकसलाई ध्यानमा राख्दै आगामी संघीय र प्रदेश निर्वाचनका लागि मतदानस्थल थप गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको निर्वाचन आयोगले जनाएको छ । जिल्ला निर्वाचन कार्यालयले मतदान केन्द्र थप गर्न सिफारिस गरेपछि आयोगले आवश्यक प्रक्रिया अघि बढाएको हो ।

अब गाउँमै मतदान गर्न पाउने भन्दै नेबेरवासीले खुसी व्यक्त गरेका छन् । वडा-५ स्थित नेबेर आधारभूत विद्यालयलाई मतदान केन्द्र बनाउन सिफारिस गरिएको छ । 'अहिलेसम्म भोट हाल्न सदाचेत पुग्थ्यौं । भीर, खोलानालाको बाटो हुँदै पुग्नै करिब एक दिन लाग्थ्यो,' नेबेरका मनसिंह तामाङ भन्छन्, 'अबदेखि गाउँमै मतदानस्थलमा पुगेर भोट हाल्न पाउने व्यवस्था हुन लागेको सुनेर खुसी लागेको छ ।'

भौगोलिक कठिनाइका कारण मतदान गर्न सबै जना मतदान केन्द्रसम्म पुग्न सक्दैनथे । जसले मतदाताको सहभागितामै प्रभाव पार्ने गर्थ्यो । यसअघि वडा-५ मा एउटा मात्रै मतदानस्थल थियो । अहिले २ वटा थप गर्न सिफारिस भएपछि अब ३ वटा मतदानस्थल हुने भएका छन् । जसका कारण नेबेर, कपुरगाउँलगायत विकट क्षेत्रका मतदातालाई निर्वाचनको अघिल्लो दिन नै मतदानस्थलसम्म पुग्नुपर्ने बाध्यता हट्ने भएको छ ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार रुबी भ्याली-५ को नेबेर आधारभूत विद्यालयसहित वडा-१ को लब्दुङस्थित वडा कार्यालय, लाप्साङस्थित कर्पो आधारभूत विद्यालय, वडा-४ को हिन्दुङ आधारभूत विद्यालय, वडा-५ को कपुरगाउँस्थित तिम्ला आधारभूत विद्यालय र तिङचेत आधारभूत विद्यालयमा मतदान केन्द्र थप गर्न आयोगलाई सिफारिस गरिएको छ ।

गाउँमै मतदानस्थल तोकिने भएपछि नेबेर मात्रै होइन लापाको तेन्चेत, तिङ्चेत, कचेत, छुम्राङ, चपाङचेतलगायत बस्तीका मतदातालाई पनि सहज भएको छ । जिल्लामा ६ वटा मतदानस्थल थप, ६ वटा परिवर्तन र १ वटा खारेज गर्न आयोगलाई सिफारिस गरिएको जिल्ला निर्वाचन कार्यालय धादिङका निर्वाचन अधिकृत सन्तोषकुमार श्रेष्ठले जानकारी दिए । 'मतदान केन्द्र टाढा भएका ठाउँहरूमा थप गर्न सिफारिस गरेका हौं, अपायक ठाउँमा परिवर्तन र खारेजसमेत गर्न पत्र पठाएका छौं,' प्रमुख श्रेष्ठ भन्छन्, 'स्थानीयहरूको माग र आवश्यकतालाई मध्यनजर गर्दै थपिएको मतदानस्थलले थप सहज गर्नेछ भन्ने आशा लिएका छौं ।'

त्यस्तै, कार्यालयले ६ वटा मतदान स्थलको स्थान परिवर्तन गरेको छ । गजुरी गाउँपालिकाको कन्या प्राविबाट

> पालिकाभर ६ मतदानस्थल थप्न र एउटा खारेज गर्न जिल्ला निर्वाचन कार्यालयद्वारा आयोगमा सिफारिस

वडा-२ को अमिलटारस्थित कार्यालय, ज्वालामुखी गाउँपालिकाको रानाचौतारास्थित साविक वडा कार्यालय भवनबाट रत्नज्योति आधारभूत विद्यालय, धुनीबेंसी नगरपालिकाको रमाइलो चौरबाट वडा-३ को कार्यालयमा केन्द्र परिवर्तन गर्न सिफारिस गरिएको छ । यसैगरी, नीलकण्ठ नगरपालिकाको रत्नदेवी आधारभूत विद्यालयबाट ठाडोखोरियास्थित रामकोट मावि, नेत्रावती डबजोङ गाउँपालिकाको ताङजोमाने (खुलाचौर) बाट नागरिक आरोग्य केन्द्र, बेनीबाट रोराङ गाउँपालिकाको मोहरियास्थित कालिका आधारभूत विद्यालयबाट गोदामस्थित हर्कपुर माविमा केन्द्र हुने गरी सिफारिस गरिएको छ ।

निर्वाचन कार्यालयले रुबी भ्याली-१ को जुम्लाप्दुङ खेलमैदानलाई खारेज गर्न पनि आयोगमा पत्र पठाएको छ । खुला मैदान र अपायक भएकाले खारेज गर्न सिफारिस गरिएको निर्वाचन अधिकृत श्रेष्ठले बताए । साविकको लापा, तिप्लिङ र सेर्तुङ गाविस मिलाएर रुबी भ्याली गाउँपालिका बनेको हो । जिल्लाको विकट क्षेत्रमा पर्ने भएकाले यहाँ मतदान गर्न मात्रै होइन, उम्मेदवारलाई मत माग्न गाउँगाउँ डुल्न पनि कठिनाइ छ । मतदानस्थल थप भए वृद्धवृद्धा, अपांगता भएका व्यक्तिलाई धेरै नै सहज हुने गाउँपालिका अध्यक्ष रामसिंह तामाङले बताए ।

'मतदानस्थल पुग्न केन्द्रनजिकैका गाउँहरूबाहेक धेरैजसो गाउँबाट घण्टौं भीरपाखा, डाँडाकाडा, खोलानालाको पैदलयात्रा तय गर्नुपर्ने बाध्यता थियो,' उनी भन्छन्, 'मतदानस्थल थप गर्न निरन्तर माग गरिरहेका थियौं । अहिले थपिएर आउने चरणमा छ । यसले निकै नै सहज हुनेछ ।'

# माडीमा दाहालको चुनावी दौडधुप

- ५ वर्षअघिका प्रतिबद्धता पूरा गर्न नसकेको स्वीकार
- कोरोनाकाल र ओली प्रधानमन्त्री हुँदा सहयोग नपाएको प्रस्टीकरण

**रमेशकुमार पौडेल** (चितवन)

'माडीलाई मणि' बनाउने उद्घोषसहित ५ वर्षअघि चितवनको निर्वाचन क्षेत्र नम्बर-३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित माओवादी केन्द्र अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल बुधबार दिनभरजसो माडीमा व्यस्त भए । आउँदो मंसिर ४ मा निर्वाचन हुने घोषणा भएपछि पहिलो पटक माडी आएका दाहालले संघीय सरकारका २ मन्त्रीलाई समेत साथै ल्याएका थिए ।

वनमन्त्री प्रदीप यादव र भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईसहित माडी डुल्दा दाहालले ५ वर्षअघि वाचा गरेका ठूला आयोजनाहरू सुरु हुन नसक्नुको कारणबारे पनि प्रस्टीकरण दिए । दाहालले केही पुलको उद्घाटन, भरतपुर-माडी-ठोरी हुलाकी सडकको स्तरोन्नति र केही खहरे खोलामा हुने तटबन्धनको पनि शिलान्यास गरे । उनले थप आयोजना निर्माण र भूमिहीनलाई जमिन दिने आश्वासन पनि दिए ।

सदरमुकाम भरतपुरबाट दक्षिणमा पर्ने माडी जान चितवन निकुन्जको १० किलोमिटर जंगल पार गर्नुपर्छ । माडी नगरपालिकाको खेती र बसोबास क्षेत्रको सम्पूर्ण भूभाग समथर भईकन पनि यहाँ बग्ने दर्जनौं खोलाहरूले बर्खायाममा सकस निम्त्याउने गर्छन् । खोलाहरूमा पुल पनि बन्न सकेका छैनन् । निकुन्जले घेरिएका कारण जंगली जनावरहरूले सताउने गर्छन् । यी कारणहरूले माडी विकट क्षेत्रजस्तै मानिन्छ ।

यसअघि एमालेसँग चुनावी तालमेल गरेर उम्मेदवार हुँदा तत्कालीन प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीसँगै उभिएर दाहालले माडीलाई ५ वर्षभित्र मणि बनाएरै छाड्ने बताएका थिए । दाहालको प्रतिबद्धतापत्रमा ५ वर्षमा निकुन्ज हुँदै माडी पुग्ने बाटोमा सुरुङ मार्ग या फ्लाई ओभर (आकाशे) सडकमध्ये एक बनाउने र यसका कारणले यातायात, विद्युत्, टेलिफोन र इन्टरनेट सेवा उपलब्ध गराउन सहज हुने उल्लेख थियो ।



चितवनको माडीस्थित टमटा खोलाको तटबन्ध बुधबार शिलान्यास गर्दै माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल । *तस्बिर : रमेशकुमार/कान्तिपुर*

उनले रिउ करिडोर पनि पूरा गर्ने र माडी रिङरोडको ४० किलोमिटर सडक निर्माणका लागि ठोस पहल गर्ने प्रतिबद्धता पनि जनाएका थिए । तर, बुधबार यीसँग सम्बन्धित योजना उद्घाटन त परको कुरा शिलान्याससम्म भएनन् । चुनावी मिति नजिकै आइसक्दा शिलान्यास र उद्घाटनका कार्यक्रममा दिन नै बिताउने गरेर माडी आएका दाहालले आफू चुनावी भाषण गर्न भने नआएको बताए । उनले आफूले यसअघि गरेको प्रतिबद्धता पूरा गर्न नसकेको भने स्विकारे । 'मैले सोचे जति गर्न पाएको मलाई पनि लागेको छैन । मैले निकुञ्जभित्र आकाशेपुल या भूमिगत बाटोको कुरा गरेको थिएँ, त्यो भएकै छैन । रिङरोडको कुरा गरेको थिएँ, त्यो पनि भएकै छैन । रिउ खोलामा तटबन्धन र बाटो तथा सम्पूर्ण ठाडा खोलामा तटबन्धको कुरा गरेको थिएँ, त्यो पनि भएको छैन,' रतनी खोलाको पुल उद्घाटन गर्दै दाहालले भने ।

२ वर्ष कोरोना महामारीका कारण विश्वव्यापी रूपमा नै समस्या आएकाले सोचेजस्तो काम हुन नसकेको उनले बताए । ओली प्रधानमन्त्री रहँदा आफूलाई हरतरहले असफल पार्न प्रयत्न गरेका कारण पनि माडीको विकासले राम्रो गति नलिएको उनले आरोप लगाए । 'मलाई कसरी हुन्छ चितवनमा असफल पार्नेबाहेक प्रधानमन्त्रीका रूपमा ओलीको केही भूमिका नै देख्न पाइएन,' दाहालले भने ।

दाहाल आउँदो चुनावमा यसपटक पनि चितवन-३ बाटै उम्मेदवार हुने योजनामा छन् । तर, कांग्रेस जिल्ला नेतृत्वले दाहाल अन्य क्षेत्रमा उम्मेदवार बने विजयी हुन सहज हुने राय राख्न थालेको छ । गठबन्धनको मुख्य दलकै जिल्लाका शीर्ष नेताबाट यस्तो विचार सार्वजनिक हुन थालेपछि र उनका सम्भावित प्रतिस्पर्धी राप्रापाका नेता विक्रम पाण्डेले चितवन-३ मा सक्रियता बढाएपछि दाहालले पनि दौडधुप सुरु गरेका हुन् ।

चितवन-३ मा माडी नगरपालिकाको पूरै क्षेत्र र भरतपुर महानगरपालिकाको २९ वडामध्ये २१ वडा पर्छन् । गत स्थानीय निर्वाचनमा सत्ता गठबन्धनबाट उम्मेदवार बनेकी माओवादी केन्द्रकी रेनु दाहाल भरतपुरको प्रमुखमा फराकिलो मतान्तरले विजयी भएकी थिइन् । तर, माडीमा एमालेकी ताराकाजी महतोले गठबन्धनबाट उठेका माओवादीका ऋषि काफ्लेलाई फराकिलो मतान्तरले नै पराजित गरेकी थिइन् ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रिको लागि 9851071590

गुहेश्वरी नगरविकासमा नयाँघरबिक्रीमा 9841511620, 9851122167

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरविक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

गोल्फुटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चुनदेवि गणेशबस्तीमा २०-फिटेबाटोमा ०-८-०-० माबनेको साढेतिनतल्ले फ्ल्याटसिस्टमको घरजग्गाको मूल्यमा 9808420364

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

मुलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा साढेसात आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

घडेरी बिक्रीमा सानागाउ २६फिटे बाटोमा २३,००,०००।– इमाडोलमा ३०,००,०००।–, ९८०८५२२६२४

अख्तियार नजिक ०-७-०-० माबनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सितापाइलाबाट ५किलोमिटर भिमढुंगाको मूलसडकमा ३६आना 9818287046

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा विक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पूलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:- २करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

चन्द्रागिरी, हाईभिजन कोलनीमा नयाघर ९८२३४६१२१४

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

काठमाण्डौ पेप्सीकोलाचोकबाट नजिकै मेन बाटोमा छोएको ४ आना घडेरी र भूकम्प पछी बनेको ४ आनामा बनेको बंगला टाइपको घर बिक्रिमा 9745674156, 9810196828

## सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुडेको सिङ्गलहयाण्ड मारुती इकोभ्यान बिक्रीमा ९८५११७०५५४

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

सहकारीले बचतकर्तालाई जग्गादिई आफ्नो ब्यवहार मिलाउनुपरेमा हामीसँग जग्गा छ ९८४१३२३३९७

Cash Deposit Without Collateral, 9841756349

वैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कूललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

## विविध बिक्रीमा

राम्रासँग चलिरहेको थकाली भान्छाघर बिक्रिमा, सिनामंगल, 9849346196

डेरीउद्योग विक्रीमा मूल्य ७(सात) करोड सम्पर्क 9823786729

बसन्तपुर ओमबहालमा कफिसप बिक्रीमा 9819559002

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

२० रोपनिमा फैलिएको चलिरहेको लोकलफार्म तुरुन्तै बिक्रिमा खेतिगर्ने ठांऊ प्रसस्तभएको पानी, बिजुली,बाटो, इन्टरनेटको सुबिधाभएको १५०० कुखुरासहित फार्मबिक्रीमा ठेगाना:-ललितपुर, छम्पि थप जानकारिको लागि ९८०११३४८४३, ९८०५६७७५०६ मा.सिधैकल गर्नहोला

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

बिरुवा घरमा लगाउँदा शुभ हुने ९८१७०३७४४१

## निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङकी 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

## भाडामा

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

टेकुमा ३ कोठाको फल्याट् ९८०८८९६५२४

House OnRent Near Thai Embassy 9841270182

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

भक्तपुर सल्लाघारी मेनरोडमा अफिसको लागि तीनतल्ला, बानेश्वरमा दुईरुम भाडामाछ 9851023514, 9803066711

रिङ्गरोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

जडिबुटी वातावरणमा पेइङ्गगेष्ट बस्न ९८१७०३७४४१, बानेश्वर

## चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

Opt.Math Teachers (Secondary level),Receptionist Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810626673

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अफिससमैकामगर्न कर्मचारीहरूको तुआवश्यकता 15500/- 9803274227

बल्खुग्वार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

अनुभवी लाइट ड्राइभर चाहियो 9868686695

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

आफ्नै ठाउँबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9810332377

पाटनको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू इमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

जारपानी डेलिभरी गर्ने केटाचाहियो 01-4443799

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

अनुभवी PSO अर्जेन्ट 30000 9823448503

Urgently Part-time Secondary Level Science Teacher 1 Contact Om Academy chhatrapati 9841314298, 5360222

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

Computer Receptionist, Printer Photocopy operator, 9841113842, 9861281073

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्यूटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

Required: Incharge with investment 9745328857

ब्राम्हणको छोरी घरमा कामगर्ने चाहियो ९८१७०३७४४१

सेक्युरिटी गार्ड खानबस्न सहित ९८५१२००५५९

होटलको लागि कुक चाहियो 9867295339

## मर्मत

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट मंगालजामखोल्ने, निर्माणपनि, 9841559659, 9843052042

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

## भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब नि:शुल्क

## तालिम

कुक, वेटर, हाउसकिपिङ्ग, रिसेप्सनिष्ट ९८४००९२१२६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

## उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

## बिहावारी

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४

# VACANCY

IME group
pioneering spirit

**CHIEF TECHNOLOGY OFFICER (CTO) 2 No.**

- Software Development experience of at least 10+ years in a reputable company. Experience in Software Development using the .NET framework for at least 7+ years. 5+ years' minimum practical experience managing and leading teams.
- Good understanding of banking or fintech industry is required.
- Good understanding of people, process, and delivery management.
- Solid understanding on Node JS/ASP.NET/MSSQL/MYSQL.
- Good understanding of IT Infrastructure management and DevOps.
- Master's degree in computer science or information technology.

**ASSOCIATE PRINCIPAL ENGINEER .NET 2 Nos.**

- Perform complex coding with focus on designing and architecting application solution.
- Over 6+ years of experience of Development in ASP.NET and MSSQL.

**SENIOR SOFTWARE ENGINEER .NET 5 Nos.**

- Perform hands-on coding as per the design and SRS.
- Over 4+ years of experience of Development in ASP.NET and MSSQL.

**SOFTWARE ENGINEER .NET 10 Nos.**

- Perform coding of assigned tasks.
- Over 2+ years of experience of Development in ASP.NET and MSSQL.

**SENIOR SOFTWARE ENGINEER PYTHON 5 Nos.**

- Perform hands-on coding as per the design and SRS.
- Over 4+ years of experience of development in Python and No Sql database.
- Data Analyst experience is a plus.

**SENIOR SOFTWARE ENGINEER FULL STACK (NODE JS+ REACT JS) 5 Nos.**

- Perform hands-on coding as per the design and SRS.
- Over 4+ years of experience of development in Node Js+ Reach Js and good skill on MySQL database.
- Knowledge on gRPC and Microservices architecture is a plus.

**SOFTWARE ENGINEER FULL STACK (NODE JS+ REACT JS) 10 Nos.**

- Perform coding of assigned tasks.
- Over 2+ years of experience of development in Node Js+ Reach Js and good skill on MySQL database.
- Knowledge on gRPC and Microservices architecture is a plus.

**DEV OPS ENGINEER 5 Nos.**

- Minimum 3 years of hands on experience of building Kubernetes cluster and deployment of container-based application.
- Knowledge of Cloud Computing (AWS, GCP & Azure)
- Experience working on CICD & solid experience with Linux administration.

**SENIOR DBA 2 Nos.**

- Minimum 5+ years of administration of MSSQL/MySQL server.
- Good understanding of database administration like, backup, clustering, and monitoring and query optimizations.

**DATABASE ENGINEER 2 Nos.**

- Minimum 2+ years of sql programming experience in MSSQL or MySQL.
- Ability to write high performing queries.

**SENIOR BUSINESS/PRODUCT ANALYST 5 Nos.**

- Minimum 4+ years of product management or quality management experience.
- Ability to lead the segment of product from conception to production.

**QUALITY ANALYST: 8 Nos.**

- Minimum 2+ years of quality control experience.
- Ability to prepare, execute test cases and prepare test results.

IME Group is one of the most prominent business conglomerates of Nepal that encompasses businesses such as Remittance, Banking, IT, Communications, Energy, Tourism, Automobiles, Insurance and Infotainment under its umbrella. The Group values teamwork, accountability and morality, for yielding excellent results in all these businesses.

Today, IME Group aims to reach its mission of delivering services to empower all the stakeholders by integrating IT in its businesses. If you believe your core value aligns with our Pioneering Spirit value, and you have all the required expertise and qualifications to be a part of our Dream Tech Team, this is your sign.

EMPOWERING
NEPALI PRIDE



Interested candidates can send their updated CV on hr@imegroup.com.np clearly stating the position of their interest.

IME International Money Express — Fast, Reliable And Secure Remittance

swift swifttech.com.np

IMEpay

सम्पादकीय

# प्रधानमन्त्री निवासको दुरुपयोग

मुलुकमा जुनै प्रधानमन्त्री आए पनि एउटा समानता छ– उनीहरूले बालुवाटारस्थित आफ्नो सरकारी निवासलाई निस्फिक्री पार्टी कार्यालय बनाइदिन्छन् । अरू दलका प्रधानमन्त्रीले यही काम गर्दा विरोध गर्नेहरू पनि आफ्नो सरकार छँदा दलीय छलफलका निम्ति लुरुलुरु बालुवाटारै हाजिर हुन्छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीका बैठक र औपचारिक-अनौपचारिक छलफल सरकारी निवासमा गरेकामा आवाज उठाउनेहरू नै अहिले बालुवाटार-बैठकमा धाइरहेका छन् । 'ओलीले बालुवाटारलाई पार्टी कार्यालय मात्र होइन, पार्टी प्यालेसकै रूपमा प्रयोग गरे' भन्नेहरू तैं चुप मै चुप छन् । लाग्छ– अरू धेरै विषयजस्तै सरकारी स्रोत सदुपयोगको प्रश्न पनि नेपाली नेताहरूलाई प्रतिपक्षमा बस्दा मात्रै बोध हुन्छ ।

राष्ट्रपति, प्रधानमन्त्री वा विशिष्ट पदाधिकारीका परिवारको आवास प्रयोजनका लागि मात्र निवास उपलब्ध गराइएको हो, दल/गठबन्धनको बैठक गर्नलाई होइन । राजनीतिक-सामाजिक व्यक्ति हुनुका नाताले त्यहाँ प्रधानमन्त्रीले पारिवारिक जमघटका अतिरिक्त अरू व्यक्तिहरूसित भेटघाट गर्न अवश्य सक्छन्, विभिन्न व्यक्तिलाई निम्त्याउन पनि पाउँछन् । तर, दलको आन्तरिक होस् या अरू राजनीतिक बैठक/सम्मेलन/गोष्ठी या भोज नै गर्न भने पटक्कै पाउँदैनन् । फेरि, बालुवाटारै धाउनुपर्ने गरी पार्टीहरूलाई बैठकस्थल अभाव पनि छैन । दलका आफ्नै कार्यालय पनि छन् । संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय दलका लागि राज्यले २०४८ सालदेखि नै कर्मचारी र स्रोतसाधनसहित सिंहदरबारभित्रै संसदीय दलको कार्यालय उपलब्ध गराउँदै आएको छ । तैपनि आन्तरिक वा अन्तरदलीय बैठक बालुवाटारमै गर्नु भनेको सरकारी स्रोतसाधनको ठाडो दुरुपयोग हो ।

यस्ता बैठक-भेलामा हुने खर्चको भार राज्यकोषमाथि पर्छ । यस्ता बैठकका सबै खर्चको भुक्तानी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले 'सञ्चालन खर्च' शीर्षकमा गर्दै आएको छ । नियमविपरीत दलीय काममा यसरी राज्यकोष खर्चनु आफैंमा भ्रष्टाचार हो । मानौं, यस्तो खर्च प्रधानमन्त्री वा अरू कसैले व्यक्तिगत वा दलगत रूपमै बेहोर्छन् भने पनि प्रधानमन्त्रीको सरकारी निवास दलीय भेला गर्ने थलो होइन । बालुवाटार बैठकमा कति राज्यधन खर्च भयो भन्दा पनि यसको संकेत के हो र कस्तो सन्देश प्रवाहित भइरहेको छ भन्ने तथ्य पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । खासमा यति बुझ्न सुशासनविज्ञ भइरहनु पर्दैन, सामान्य चेत नै पर्याप्त हुन्छ । तर यही सहज बुद्धि पनि देशका राजनीतिक नेतृत्व गणमा नहुनु विडम्बनापूर्ण छ । सरकारी निवासलाई दलको कार्यालयसरह सञ्चालन गर्न मिल्दैन भन्ने नैतिक मर्म बिर्सने हो भने पनि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ ले प्रधानमन्त्री वा कुनै विशिष्ट पदाधिकारीलाई यो अधिकार दिन्न ।

प्रधानमन्त्री शेरबहादुर देउवाले साउन १ मा बूढानीलकण्ठस्थित घरबाट सरकारी निवास बालुवाटार सरेकै दिन कांग्रेसको पदाधिकारी बैठक त्यहीँ राखेपछि 'बृहत् नागरिक आन्दोलन' ले विज्ञप्ति जारी गरी आपत्ति जनाएको थियो, 'जोखिमपूर्ण जीवनयापन गरिरहेका जनताबाट संकलित करको अपमान नगर्न' ध्यानाकर्षण गराएको थियो । त्यसपछि प्रधानमन्त्री देउवाले बालुवाटारमा पार्टी बैठक नराख्ने प्रतिबद्धता जनाएका पनि थिए । परन्तु, त्यसयता पनि कांग्रेस र सत्ता गठबन्धनका बैठक लगातार बालुवाटारमै भइरहेका छन् । सार्वजनिक तहबाट बारम्बार विरोध हुँदा पनि यस्तो प्रवृत्ति नसच्याउनु भनेको बलमिच्याइँको नमुना हो । 'मलाई कसले छेक्छ र' भन्ने शासकीय दम्भ र स्वेच्छाचारी प्रवृत्तिको द्योतक हो ।

प्रधानमन्त्री बाहिर जान नसक्ने परिस्थितिमा बाहेक निवासमै मन्त्रिपरिषद्कै बैठक राख्नु पनि अशोभनीय मानिन्छ, दलीय बैठक राख्नु त नैतिक र कानुनी दुवै दृष्टिबाट अनुचित र आपत्तिजनक छ, यो चेत सम्बन्धित सबैलाई हुनुपर्छ । त्यसैले आफ्नै निवासमा भइरहेको यो आर्थिक दुराचार रोक्न प्रधानमन्त्री स्वयंले अग्रसरता लिएर उदाहरण प्रस्तुत गर्नुपर्छ । बालुवाटार बैठकमा सहभागी हुने नेतागण पनि सतर्क रहनुपर्छ । सम्बन्धित पार्टीका सचेत पंक्तिले पनि नेतृत्वलाई घचघच्याउनुपर्छ । दुःखको कुरा, सरकारी स्रोतसाधनको खर्च कानुनअनुसार भए/नभएको अनुगमन र नियमन गर्ने मुख्यसचिव संयोजक तथा प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला, भौतिक पूर्वाधार र राष्ट्रिय योजना आयोगका सचिव र महालेखा नियन्त्रक सदस्य रहेको समिति होस् या प्रधानमन्त्री मातहतकै राष्ट्रिय सतर्कता केन्द्र, कसैले पनि यसबारे चासो दिएको छैन । सरकार प्रमुखकै अग्रसरतामा भइरहेको यो बेथिति रोक्न राज्यका सम्बन्धित निकायहरू सक्रिय हुनुपर्छ ।

# स्मार्टफोन र किताब



सुजित मैनाली

निजामती सेवा, व्यापारसहित विभिन्न पेसामा संलग्न व्यक्तिहरूसँग किताब पढ्ने बानीबारे प्रसंगवश कुराकानी चल्दा अधिकांशले भन्ने कुरा प्रायः एउटै हुने गर्छ, 'किताब पढ्ने रहर त छ नि, तर के गर्नु, भ्याए पो !' अध्ययनलाई नै मूल कर्म बनाएका विद्यार्थीहरूले पनि अक्सर यस्तै तर्क गर्ने गरेका छन्, 'दिनभरि पढेर घर फर्किनुपर्छ । असाइनमेन्ट र परीक्षाको तयारी गर्दैमा बाँकी समय बित्छ । फेरि भोलिपल्ट बिहानै कलेज पुग्नुपर्छ । कोर्सबाहिरका किताब कति बेला पढ्नु र खै !' किताब पढ्न समय जुटाउन नसकेका सबै जनाले स्मार्टफोनमा चाहिँ हरेक दिन केही घण्टा बिताइरहेका हुन्छन् । मनले खाएको काम गर्न जस्तै व्यस्त दैनिकीमा पनि समय निकाल्न त आखिरमा सकिँदो रहेछ नि !

किताबलाई स्मार्टफोनजति प्राथमिकता नदिने क्रम बढ्दो छ । स्मार्टफोन लगायत डिजिटल स्क्रिनको बढ्दो प्रयोगले मानव जीवनमा पारेका प्रभावबारे विभिन्न देशमा अध्ययनहरू भएका छन् । यसले मानिसको व्यक्तिगत तथा सामाजिक जीवनमा पारेका नकारात्मक असर न्यूनीकरण गर्न पढ्ने बानी सहायक हुन सक्छ भनी प्रक्षेपण पनि भइरहेका छन् । यस्तो अवस्थामा स्मार्टफोन र किताबबारे एकमुस्ट विवेचना गर्नु सामयिक हुन्छ ।

**इन्टरनेटको माखेसाङ्लो**

हाम्रो दैनिकी इन्टरनेटमा जेलिँदै जाँदा स्मार्टफोनबिनाको जीवन कल्पनै गर्न नसकिने भएको छ । प्रविधिमा कुन देश अगाडि छन् भनी मापन गर्ने हतियार उद्योगको प्रगतिलाई आधार बनाउने चलन पहिले थियो । अहिले सूचना-सञ्चार उद्योगको प्रगतिलाई त्यस्तो आधार बनाउन थालिएको छ । इ-सपिङको तीव्र विस्तारले अर्थतन्त्रको ठूलो हिस्सा स्मार्टफोनमा अटाउने आधार बनिसकेको छ । सामाजिक सञ्जालमा मानिसहरू झुम्मिने क्रम बढ्दै जाँदा त्यस्ता सञ्जालको आम्दानी चुलिएर सन् २०१६ मा ९५ प्रतिशतभन्दा बढी मुलुकको कुल गार्हस्थ्य उत्पादनभन्दा बढी मापन भइसकेको छ । पछिल्लो समय फोर्ब्सका धनाढ्यहरूको सूचीका नवप्रवेशीहरूमध्ये करिब एकचौथाइ चिनियाँ छन् । उनीहरू जवान छन् र तीमध्ये अधिकांश सूचना-प्रविधि सम्बन्धी व्यवसायमा आबद्ध छन् । न्यून पुँजी भएका युवालाई पनि उद्यमी बनाउन सूचना-प्रविधिले मद्दत गरिरहेको छ । यस्ता तमाम अवसर बोकेर उदाएको स्मार्टफोन अहिलेको समयको मियोका रूपमा स्थापित भइसकेको छ ।

स्मार्टफोनको महत्त्वलाई स्विकार्दै गर्दा यसका दुष्प्रभावप्रति आँखा चिम्लिनुचाहिँ महँगो हुन सक्छ । स्मार्टफोनको अधिक प्रयोगका परिणामबारे विवेचना गरी अमेरिकी मनोवैज्ञानिक डा. निकोलस कार्दरसले सन् २०१६ मा लेखेको किताब 'ग्लो किड्स' बारे चर्चा गर्नु यहाँ प्रासंगिक हुन्छ । पछिल्लो समय मानिसहरू स्मार्टफोन र भिडियोगेमको अम्मलमा फसिरहेका छन् । यसले उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा पारिरहेको विघ्नबाधाबारे प्रकाश पार्दै किताबमा डिजिटल स्क्रिनको प्रयोग अनियन्त्रित बन्दै जाँदा बालबालिकासहित सबै उमेरसमूहका मानिस जोखिममा परिरहेकोतर्फ सजग गराइएको छ ।

स्मार्टफोन जब आवश्यकतामा सीमित नरही लत बन्छ, तब यसको अम्मल लागूऔषध दुर्व्यसनको जस्तै बन्न पुग्दो रहेछ । सन् १९९८ मा गरिएको एउटा अनुसन्धानले भिडियोगेम खेल्दा वा सम्भोग गर्दा मानिसको दिमागमा आनन्दप्रदायक हार्मोन (डोपमिन) सय प्रतिशतले वृद्धि हुने तथ्य फेला पारेको थियो । त्यसयता आईटी इन्जिनियरका अतिरिक्त मनोवैज्ञानिकदेखि न्युरोसाइन्टिस्टसमेतको सहयोगले स्क्रिन, थ्री-डी एनिमेसन आदिलाई उपभोक्ताको अभिरुचिअनुरूप ढालेर भिडियोगेमसहितका अनलाइन प्लेटफर्मलाई सम्मोहनकारी बनाउने दिशामा ठूलो उपलब्धि हासिल भएको छ । फलस्वरूप लागूऔषधको दुर्व्यसनले जस्तै डिटिजल स्क्रिनहरूले दिमागमा प्रचुर मात्रामा डोपमिन हार्मोन उत्सर्जन गर्न थालेका छन् । त्यही भएर तिनलाई डिजिटल हेरोइन, डिजिटल कोकिन, डिजिटल ड्रग आदि नाम दिएर लागूऔषधझैं तिनलाई पनि नियमन गर्नुपर्ने आवाज उठ्न थालेको छ । नशालु पदार्थबाट बन्ने पेनकिलर र भिडियो गेम दुवैले शरीरमा उस्तै असर उत्पन्न गर्ने भएकाले पेनकिलरको विकल्पमा भिडियोगेमलाई चिकित्सा प्रयोजनमा ल्याउनेबारे गरिएका अनुसन्धान सफलताउन्मुख रहेका विवरणहरूबारे पनि कार्दरसको किताबमा चर्चा छ ।



> हेरोइन र अफिमलाई चिकित्सा जगत्ले पेनकिलरका रूपमा हेरेको थियो । सही प्रयोग गर्न नसक्दा प्रकारान्तरमा ती अम्मलका साधन बन्न पुगे । स्मार्टफोनप्रतिको निर्भरतालाई अम्मलको रूप लिन नदिन किताब पढ्ने बानी पनि विकास गर्न आवश्यक छ ।

मानसिक अस्थिरता र बेचैनी, एकाग्रता र स्मरणशक्तिको कमी, विषादजस्ता मानसिक समस्या, रिसाहापन, पागलपन आदि स्मार्टफोनको अम्मल र लागूऔषध दुर्व्यसन दुवैका साझा परिणाम रहेछन् । स्मार्टफोनको अधिक प्रयोगले मानिसको शारीरिक गतिविधिमा कमी ल्याउँदा संसारको मुख्य स्वास्थ्य समस्याका रूपमा मोटोपन दरिन पुगेको छ । यसले निद्राको गुणस्तर र मात्रा दुवैको क्षय गराएर स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेकोबारे निद्रा विशेषज्ञ डा. म्याथ्यु वाकरले आफ्नो किताब 'ह्वाई वी स्लिप' मा विवेचना गरेका छन् । युट्युब र भिडियोगेममा बालबालिका, किशोरकिशोरी र युवायुवती घण्टौं रत्तिन थालेपछि अतिरिक्त पठनसहित खेलकुदमा उनीहरूले बिताउने औसत समय घट्दो छ । यसबाट शारीरिक र मानसिक विकासमा बाधा पुग्नुका साथै खेलकुदमार्फत सहकार्य र प्रतिस्पर्धाको मर्म सिकेर सामाजिक बन्ने उनीहरूका अवसर पनि साँघुरिँदै गएका छन् । यस्ता समस्या बढ्दै जान थालेपछि विभिन्न देशमा इन्टरनेटको अम्मल छुटाउने उद्देश्यसहित सुधारगृह खोल्ने र यसका लागि विशेषज्ञ तयार पार्ने क्रम जारी छ । यस्तो सम्भावित अवस्थालाई विचारेर चीनले सन् २००८ मै इन्टरनेटको अम्मललाई प्रमुख स्वास्थ्य समस्याको सूचीमा राखेको प्रसंगबाट प्रेरणा लिने क्रम पनि बढ्दो छ ।

स्मार्टफोनबाट मानिसको सांस्कृतिक जीवन पनि अछुतो छैन । स्मार्टफोनसँग बढ्ता नजिकिने मानिस परिवार र समाजबाट टाढिन्छ । सूचना-प्रविधिका क्षेत्रमा निरन्तर भइरहने नयाँ प्रयोग, सुधार र आविष्कारबारे अद्यावधिक भइरहनुपर्ने, नत्र पछि परिने भयले मानिसलाई गाँजेको छ । यसले नयाँ आम मनोवृत्तिलाई आकार दिइरहेको छ । लिन्डा युएहले आफ्नो किताब 'द ग्रेट इकोनोमिस्ट्स' मा अर्थशास्त्री जोसेप समपिटरको 'क्रियेटिभ डिस्ट्रक्सन' को अवधारणालाई सूचना-प्रविधिका सन्दर्भमा व्याख्या गर्ने क्रममा ब्रान्डप्रति उपभोक्ताको विश्वास अब हिजोजस्तो स्थिर नरहेको जिकिर गरेकी छन् । अमेरिकी स्टक मार्केटमा सूचीकृत कम्पनीहरूको औसत आयु सन् १९५८ मा ६१ वर्ष थियो, जुन घटेर अहिले १८ वर्षमा पुगेको छ । अहिले प्रतिष्ठित ब्रान्डहरू केही वर्षमै गर्ल्यामगुर्लुम ढल्न सक्छन् । यसबारे प्रकाश पार्न लिन्डाले नोकिया, ब्ल्याकबेरी र कोडाकजस्ता प्रतिष्ठित ब्रान्डले बेहोरेको आकस्मिक पतनको कहानी उल्लेख गरेकी छन् । यस्तो जोखिमकै कारण अहिले प्रतिष्ठित कम्पनीका सञ्चालक र कर्मचारीहरूले पनि नयाँ कम्पनीका सदस्यले झैं बाह्रैमास काममा घोत्लिनुपरेको छ । बिदाको समयमा पनि अफिसको 'च्याट ग्रुप' मा आउने नोटिफिकेसनलबाट झस्किनुपरेको छ । हतारो, हताशा र बेचैनी आम संस्कृति बनिसकेको छ ।

**किताबका कुरा**

हतारिलो र बेचैन जीवन अँगालिरहेका हामीले एक पटक आफैंलाई प्रश्न गर्नुपर्ने भएको छ– के यस्तो जीवन हाम्रो वा समाजको हितमा छ त ? प्रकृतिका केही शाश्वत नियम हुन्छन्, जसलाई विकासतिर फड्किँदै गर्दा सदैव हेक्का राख्न सक्नुपर्छ । चिनियाँ दार्शनिक लाओत्सेको एउटा भनाइ छ, 'प्रकृतिले कहिल्यै हतार गर्दैन, यद्यपि उसले भाँति पुऱ्याएर सबै काम निष्कर्षमा पुऱ्याउँछ ।' यस भनाइमा प्रकृतिको त्यही शाश्वत नियमको मर्म अटाएको छ । व्यक्तिको सुख र सुविधाका लागि हामीलाई विकास चाहिएको हो । सबैलाई हताश अनि दुःखी बनाएर 'प्रगतिको सिँढी' उक्लिनुपर्ने बाध्यता हामीलाई किन छ ?

यस्ता कुरा विचार्न अहिले हामीसँग फुर्सद छैन । समय परिपक्व नभएसम्म प्रतिफलको अपेक्षा नगर्ने धैर्य हामीबाट गुम्दै छ । यस्तो हताशापूर्ण जीवनलाई सन्तुलनमा राख्न आवधिक मौनता र ध्यानको अभ्यास सहायक हुन सक्नेतर्फ प्रक्षेपणहरू भइरहेका छन् । पठन संस्कृतिबाट यस्तो लक्ष्य हासिल गर्न अझ सहज हुन्छ भनी यसलाई कार्यान्वयनमा लैजान विकसित भनिएका देशहरूले प्रयत्न गरिरहेका छन् । मानिसलाई कल्पनाशील, धैर्यवान् र सामाजिक बनाउन किताब उपयोगी हुन्छ भन्ने निष्कर्ष विभिन्न अध्ययनबाट निस्किएको छ । स्मार्टफोनको प्रयोगलाई जथाभावी प्रवर्द्धन गरिरेका हामीले चाहिँ यसप्रति चासो देखाएका छैनौं । शिक्षाप्रतिको सचेतना बढ्दै गएको भनिएको समयमा किताब पढ्ने बानी अझ खुम्चिँदै जाँदा पनि हामी बेफिक्री छौं ।

धैर्य सिकाउने गतिलो गुरु हो– किताब । किताब पढ्न लामो समय लाग्छ । एउटै किताबमा हप्तौं अथवा महिनौं घोत्लिँदा हामीमा धैर्यको विकास हुन्छ । फिल्म, डकुमेन्ट्री, भिडियो, पोडकास्ट आदि पनि सूचना र ज्ञानका स्रोत हुन् । इन्टरनेटमा सहजै उपलब्ध हुने ती माध्यमसँग किताबको तुलना गर्दैगर्दा हामीले केही महत्त्वपूर्ण कुरा मनन गर्न आवश्यक छ । कुनै पनि विषयको विस्तृत र गहिरो ज्ञान हासिल गर्न किताबजति उपयोगी माध्यम अरू केही हुँदैन । किताबबाट हासिल हुने ज्ञानको प्रकृति पनि फरक हुन्छ । मार्सल टी. पोईले श्रव्यदृश्य माध्यमहरू सामान्यतः मानिसलाई शिक्षित गर्न नभई उद्वेलित गर्न लक्षित हुन्छन् भनी गरेको टिप्पणीलाई यस सन्दर्भमा उल्लेख गर्नु प्रासंगिक हुन्छ ।

फेरि किताबलाई फगत ज्ञान र सूचनाको स्रोत ठान्नु हुँदैन । पठनको एउटा प्रमुख प्रयोजन स्वान्तःसुखाय पनि हो जुन गहिरो गरी किताब पढ्दै गर्दा हासिल हुन्छ । यस्तो पठनमा सामान्यतः फिक्सन बढी सहायक हुन्छ । स्मार्टफोनको अतिक्रमणले मानिसलाई सतही र बेचैन बनाउँदै लगेका बेला यस्तो खालको गहिरो पठन हामीलाई अझ चाहिएको छ ।

डिजिटल युगमा किताबको उपादेयता सकिएको छैन, बरु अझ बढेको छ भन्ने निष्कर्षसहित सन् २०१८ मा एक प्रतिष्ठित प्रकाशन संस्थामार्फत मार्था सी. पेनिङ्टन र रोबर्ट पी. वेक्सलरको 'ह्वाई रिडिङ बुक्स स्टिल म्याटर्स' शीर्षक शोधमूलक किताब प्रकाशित भएको थियो । इन्टरनेट युगमा कला र ध्यानबारे अध्ययन गरेका स्भेन बिर्कर्टसले साहित्यको गहिरो पठनलाई 'सुस्तरी गरिने किताबको ध्यानस्थ पठन' भनेको सन्दर्भलाई लेखकद्वयले उल्लेख गरेर त्यसप्रति सहमति दर्साएका छन् । उनीहरूका अनुसार गहिरिएर पढ्दा हाम्रा आँखा अक्षरमाथि दौडिरहेका मात्र हुँदैनन्, अक्षरले निर्माण गरेको काल्पनिक संसारछेउ हामीले आफ्नो अलग संसार पनि मनमनै बनाइरहेका हुन्छौं । लामो समयसम्म गरिने यस्तो पठनले हामीमा धीरताका साथै करुणा पनि जागृत गराउँछ । किताब पढ्दै गर्दा हामी पात्रहरूका भोगाइलाई गहिरोसँग महसुस गर्छौं । उनीहरूसँगै रमाउँछौं । उनीहरूको शोकमा आफ्ना आँखा भिजाउँछौं । यस्तो पठनले मानिसमा अरूको मनोभाव बुझ्ने र अरूको दृष्टिबाट जीवनजगत् नियाल्ने क्षमताको विकास गराउँछ । स्मार्टफोनले मानिसलाई परिवारबाट पनि एक्ल्याएर आत्मकेन्द्रित अनि स्वार्थी बनाइरहेको भनिएका बेला अरूको भावनालाई कदर गर्न सक्ने पात्रता मानिसमा विकास गराउन किताबले मद्दत गर्न सक्छ ।

एक हिसाबले सोच्दा स्मार्टफोनको युगमा पठन संस्कृति अझ विकास हुनुपर्ने हो । किनकि यसले किताबको सुनिश्चितता सहज गर्नुका साथै किताबप्रेमीहरूलाई एकअर्कासँग जोड्न र एकअर्काबाट प्रेरित हुन मद्दत गरेको छ । नेपालमा पनि २३ हजारभन्दा बढी किताबप्रेमीहरूलाई समेट्दै फेसबुक ग्रुप 'बुकाहोलिक्स' सञ्चालन भइरहेको छ । मानिसलाई किताबप्रति आकर्षित गर्न यस्ता पहलकदमी सहायक भए पनि पठन संस्कृति प्रवर्द्धन गर्न पर्याप्तचाहिँ साबित भएका छैनन् ।

स्मार्टफोनले किताबप्रतिको अभिरुचिमा कमी ल्याउनुका साथै किताब पढ्ने तरिकामा पनि बदलाव ल्याएर यसको उपादेयता घटाइरहेको छ । समाचार, लेखरचना, कथा, कवितासहित सिंगै किताब स्मार्टफोन अथवा ल्यापटपमा पढ्न जमर्को गर्ने मानिसको संख्या बढ्दो छ । तर स्क्रिनमार्फत गरिने अध्ययनबाट पठनको पूर्ण लाभ हासिल हुँदैन । यसका विभिन्न कारण छन् । इन्टरनेटले हामीमा धेरै काम एकसाथ गर्ने बानीको विकास गराएको छ । स्मार्टफोन अथवा ल्यापटपमा पढ्दै गर्दा हामी सामाजिक सञ्जालसहित विभिन्न वेबसाइटमा जोडिएका हुन्छौं । यसले ध्यानमग्न पठनलाई अवरुद्ध गर्छ । सामाजिक सञ्जालका नोटिफिकेसनले एकाग्रता भंग गरिरहन्छन् । त्यही भएर विज्ञहरू इन्टरनेटमार्फत हुने पढाइ खण्डित हुन्छ भन्छन् । यही कुरा विचारेर 'किन्डल' ले पढ्नेबाहेकका प्रयोजनमा उपयोग गर्न नमिल्ने ट्याबलेटजस्तो इ-बुक रिडर विकास गरेको छ । तर यसले पनि पठन संस्कृति उकास्न सकेको छैन ।

फेरि इन्टरनेटमार्फत गरिने पठनका आफ्नै सीमा छन् । शीर्षक वा कि-वर्ड सर्च गरेर आफूलाई चाहिएको हरफ वा अनुच्छेद मात्रै पढ्न यसमा सजिलो हुन्छ । यस्तो प्रवृत्तिले गर्दा विश्वविद्यालयमा पनि सिंगै किताबको सट्टा निश्चित अध्याय वा खण्ड मात्रै पढ्न अभिरुचि देखाउने जमात बढ्दो छ भन्दै फ्र्यांक फुरेडीले आफ्नो किताब 'ह्वेर ह्याभ अल द इन्टलेक्चुअल्स गन' मा चिन्ता व्यक्त गरेका छन् । गहिरो गरी आद्योपान्त किताब पढ्दा हासिल हुने फाइदा यस्तो पठनबाट प्राप्त हुँदैन ।

स्मार्टफोन र इन्टरनेट संस्कृतिका यस्ता दुर्गुणहरूको चर्चा गर्नुको अर्थ सूचना-प्रविधिको विरोध गर्नु होइन । यस्तो चर्चाले प्रविधिलाई समग्रमा बुझेर यसको हानि न्यूनीकरणमा सहयोग गर्न सक्छ । कोकिनलाई कुनै समय मनोविद् सिग्मन्ड फ्रायडले डिप्रेसनको उपचारमा काम लाग्ने अद्भुत औषधि भनेका थिए । हेरोइन र अफिमलाई चिकित्सा जगत्ले पेनकिलरका रूपमा हेरेको थियो । सही प्रयोग गर्न नसक्दा प्रकारान्तरमा ती अम्मलका साधन बन्न पुगे । यी अनुभव हाम्रा मार्गदर्शक हुन् । स्मार्टफोनलाई हामीले जीवन सहज बनाउने प्रयोजनमा लगाउन सक्नुपर्छ । यसप्रतिको निर्भरतालाई अम्मलको रूप लिन नदिन र यसले गर्न सक्ने हानिलाई सन्तुलनमा राख्न किताब पढ्ने बानी पनि सँगसँगै विकास गर्न आवश्यक छ । सुत्ने बेला ओछ्यानमा स्मार्टफोनको सट्टा किताब लग्ने बानी मात्रै बसाउन सके पनि यी दुवै लक्ष्य एकसाथ हासिल गर्न सहज हुन्छ ।

## सम्पादकलाई चिठी

### सम्पदाको नाश

समय अनुसार उपयुक्त हिसाबले सबलीकरण र संरक्षण नगर्दा सम्पदाहरू क्षय हुँदै जान्छन् । तर यसो गर्ने नाममा इतिहास नै मेटिने गरी कस्मेटिक र झिल्के-मिल्के बनाइयो भने मौलिकता नष्ट भएर जान्छ । दूरदर्शिताको अभावमा हाम्रो देशका अथाह सम्पत्तिहरू नष्ट गरिएका वा कुरूप बनाइएका उदाहरण प्रशस्त छन् । यही सन्दर्भमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मघरलाई अदालतको आदेशविपरीत हाल सालै मौलिकता नै मेटिने गरी आधुनिक शैलीमा मर्मत-सम्भार तथा सबलीकरण गरिएको समाचार आएको छ । यो हाम्रो देश, समाज र भविष्य सबैका लागि चिन्ताको विषय हो । देशको समृद्धि भनेको आर्थिक विकास मात्र कदापि होइन । हाम्रो ऐतिहासिक सम्पत्ति जोगाउन, बचाउन सक्नु पनि हो । यस्ता गहन विषयमाथि गरिने हेलचक्र्याइँले भविष्यमा पछुताउनुपर्छ । एक पटक बिगारिसकेपछि फेरि पुरानै शैलीमा फर्काउन सम्भव हुँदैन । सम्बन्धित निकाय तथा सरोकारवालाहरूले जिम्मेवार ढंगले सोचविचार गरी अगाडि बढिदिएमा सबैको कल्याण हुनेछ ।

**– कृष्ण कुम्पुरे,** *आदमटार, धादिङ*

### 'जे होस्, बालेनको अभियान रोकिनु हुन्न'

***अनधिकृत संरचनामाथि काठमाडौं महानगरले लगाएको डोरज सम्बन्धी समाचारमा facebook.com/eKantipur बाट लिइएका टिप्पणी :***




स्वतन्त्रलाई कामचाहिँ गर्न सजिलो, न आफ्ना पार्टीले नचाहिँदो दबाब सृजना गर्ने, कार्यकर्ता रिसाउँछन् भन्ने पनि भएन, राम्रो काम गरेपछि सबैले साथ पनि दिने, कुनै दलका मेयर भएको भए यो काम हुँदैनथ्यो । किनकि दल-कार्यकर्ता खुसी राख्नुपर्ने, आगामी चुनावलाई मतदाता राख्नुपर्ने आदि हुन्थ्यो, जे होस् अभियान राम्रो छ ।

**– किरण खनाल**

●●●

समाजमा समर्थन र विरोध हरेक कुराको हुन्छ, स्वयम् बालेनले पनि सबै विपक्षीको मत जोड्ने हो भने कम मत ल्याएको हो, त्यसकारण सबैले समर्थन गर्छन् भन्ने छैन । तर यो अभियान राम्रो छ, रोकिनु हुन्न ।

**– युवराज गुरुङ**

●●●

ठूलालाई चैन, सानालाई नियम हुनु भएन । राजनीतिक दलको संरक्षणमा मौलाएका माफियाहरूलाई कानुनी अधिकार प्रयोग गरी कारबाही गरेरै छाड्नुपर्छ ।

**– इच्छा राई**

●●●

नेपालमा जे गरे पनि हुन्छ भन्ने प्रवृत्तिलाई बालेनले रोक्ने साहस देखाएका छन् । यस्तो कार्य गैरकानुनी काम गर्ने सबैलाई चेतावनी हो । काठमाडौंका जनताले यस्तो कामलाई साथ दिन्छन् ।

**– दिव्या खड्का**

●●●

बालेनलाई न दलका ठूला नेता रिसाउलान् भन्ने पीर न त पद सकिएपछि काम पाइँदैन भन्ने । कानुनविरुद्धका क्रियाकलापका खिलाफ उठाइएको छ । तर, पीडितहरूले आफ्नो लगानीमा बनाइएका संरचनाको क्षतिपूर्ति छिट्टै पाउने व्यवस्था पनि मिलाइयोस् ।

**– दीपक डिमडुङ**

●●●

अवैध संरचना भत्काउने र देशको राजधानी काठमाडौंलाई सफा, सुन्दर र स्वच्छ बनाउने मेयर बालेनको प्रयास प्रशंसनीय छ । तत्काल केही असुविधा भए पनि यसले दीर्घकालमा सबैलाई फाइदा हुन्छ ।

**– गोकर्ण गिरी**

●●●

आवेग र उत्तेजनामा नआई काम गर्नुहोला मेयर साब ! राम्रो काममा सबैले साथ दिनेछन् ।

**– सागर साउद**

●●●

अबैध जति सबै ठाउँका संरचना हटाउनैपर्छ कहीँ हटाउने कहीँ नहटाउने गऱ्यो भने अपजस आइहाल्छ नि !

**– इन्द्रिरा निरौला कटुवाल**

●●●

कुनै नेताले आजसम्म गर्न नसकेको काम बालेनबाट थालनी हुँदै छ, राम्रोलाई राम्रो भन्ने हक नागरिकलाई छ ।

**– मोहन पौडेल**

●●●

महानगरको सम्पत्तिमा हालीमुहाली गर्ने व्यापारीहरूको अटेरीपनालाई सबक सिकाउनैपर्छ । सरकारी सम्पत्तिबाट व्यक्ति होइन, देशले फाइदा लिनुपर्छ ।

**– राजु राई**

●●●

राम्रो काम । अवैधानिक कार्य कसैले गर्नु हुँदैन, कानुनको दायरामा ल्याउनुपर्छ । देश विधिले चल्नुपर्छ । कसैको लहडले होइन ।

**– राम राना**

●●●

विद्यालय पढ्दा भागीभागी डोजर हेर्न गइन्थ्यो । आजकाल काठमाडौं महानगरले चलाएको डोजर लाइभ हेर्न पाइएको छ ।

**– लोकराज न्यौपाने**

●●●

यस्तै फटाफट काम हुनुपर्छ । नत्र भोलि यताको 'ज्याक' उता घुसाएर 'पावर' लगाएर कहाँ काम गर्न दिन्छन् र ?

**– दूर तिलक**

### आयल निगमको शोषण

लगातार ३ पटकसम्म पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्य घटिसक्दा पनि नेपाल आयल निगमले एक पटक पनि मूल्य नघटाउनु उपभोक्ताको ढाड सेक्नु हो । मूल्य बढ्दा उपभोक्तासँग सोही अनुसार लिने तर घट्दा 'निगमको घाटा धेरै छ' भन्नु बेइमानी हो । व्यापारीले सामानको मूल्य घट्दा, भाउ घटाएन भने कालोबजारी भनिन्छ तर आईओसीले तीन-तीन पटक मूल्य घटाउँदा पनि नघटाउनुचाहिँ कालो बजारी भएन ? निगमले कर्मचारी खर्च र व्यवस्थापनलाई देखाएर उपभोक्तामाथि शोषण गरिराख्नु किमार्थ सुहाउँदैन । उपभोक्ताहरूबाट चौतर्फी विरोध भइरहँदा पनि मूल्य घटाउनमा सरकारले ध्यान दिएको देखिन्न । अहिले भारतमा भन्दा नेपालमा इन्धनको मूल्य धेरै बढी छ । इन्धनमा मूल्य वृद्धि हुँदा हरेक उपभोग्य सामग्रीको मूल्य बढ्छ । यसले दैनिक जीवनयापन असहज बनाउँछ । अझ निम्न आय भएकाहरूको त जीवन नै कष्टकर हुन्छ । सरकारको यो विषयमा तत्काल ध्यान जानु जरुरी छ ।

**– तिलप्रसाद न्यौपाने,** *रातमाटे, नुवाकोट*

# विवाह कुन उमेरमा ?



रीता साह



अचेल विवाहको उमेर २० वर्षबाट १८ वर्षमा झार्नुपर्ने बहस चलिरहेको छ । यस्तो बहस विभिन्न महिलावादी संघसंस्थाको मञ्चदेखि संसद्को रोस्ट्रमसम्म पुगेको छ । बालबालिकाहरू कमै उमेरमा भागेर विवाह गर्ने चलन बढ्दै गएको र यसरी भागी विवाह गर्दा केटी पक्षले केटामाथि बलात्कार र अपहरणको मुद्दा हाल्ने गरेकाले विवाह गर्ने उमेर घटाउनुपर्ने तर्क गरिन्छ । नागरिकता पाउने उमेर १६ वर्ष र भोट हाल्ने उमेर १८ वर्ष भएपछि विवाहको उमेर २० वर्ष किन राख्ने भन्दै वर्तमान कानुनमन्त्रीले संसद्मै विवाहको उमेर घटाउने वकालत गरेपछि बहस झनै तातेको छ । महिला आन्दोलनको एउटा प्रमुख मुद्दा बालविवाह अन्त्य हुनुपर्ने रहिआएको थियो । त्यसैले करिब सय वर्ष पुरानो यो मुद्दामा प्राप्त उपलब्धिलाई जोगाउनुपर्नेमा खोस्न खोजिएको भन्दै महिला अधिकारकर्मीहरू व्यापक विरोधमा उभिएका छन् ।

यस सवालमा मानिसहरू विवाहको उमेर घटाउन हुने र नहुने गरी मुख्यत: दुई खेमामै विभाजित देखिन्छन् । एकातिर यौन सम्बन्ध र मताधिकारको जस्तै गरी विवाहको उमेर पनि घट्नुपर्ने तर्क आउने गरेको छ, अर्कातिर बालविवाहलाई प्रजनन स्वास्थ्य, बालअधिकार, शिक्षा, रोजगारीजस्ता लैंगिक समानताका दृष्टिले हेर्नुपर्ने धारणा राखिने गरेको छ । यसरी विवाहको उमेर घटाउने बहस चुलिइरहँदा बालविवाहको अवस्था, कानुनी व्यवस्था, कानुनमा रहेको खाडल र यसबाट पर्न सक्ने प्रभावबारे ध्यान दिन आवश्यक छ ।

**संवैधानिक एवं कानुनी व्यवस्था**

नेपालको संविधान-२०७२ को धारा ३९(५) को बालबालिकाको हक अन्तर्गत कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था छ । सोही धाराको उपधारा ६ मा संस्कृति वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारले बालबालिकालाई शोषण गर्न वा अनुचित रूपमा प्रयोग गर्न पाउन्न । यस विपरीतका कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने संवैधानिक हक पनि छ ।

मुलुकी अपराध संहिता-२०७४ ले विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष तोकी त्यसअघि कसैले विवाह गर्न वा गराउन हुँदैन भनेको छ । ऐनमा तोकिएको उमेर नपुगी भएको विवाह स्वत: बदर हुने व्यवस्था छ । बालविवाहको कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुन्छ । नेपाल सरकारले दिगो विकास लक्ष्यहरूको कार्यसूचीमा सन् २०३० सम्ममा नेपालमा बालविवाह अन्त्य गर्ने घोषणा पनि गरेको छ । समग्रमा, नेपालको संविधानले नै बालविवाहलाई गैरकानुनी करार गर्दै दण्डनीय बनाएको छ । करिब ७ वर्षदेखि यसको अभ्यास पनि हुँदै आइरहेको छ ।

धरातलीय अवस्था : बालविवाह एउटा सामाजिक कुरीति हो । तर हाम्रो समाजले यस कुरीतिलाई संस्कृतिकै रूपमा अभ्यास गर्दै आइरहेको छ । कानुनले बालविवाहलाई अपराध माने पनि समाजमा यो अझै पनि चलनमै छ । विश्वव्यापी तथ्यांक हेर्दा, सबैभन्दा बढी बालविवाह हुने १० देशमा नेपाल पनि पर्छ । दक्षिण एसियाली देशहरूमा चाहिँ नेपाल तेस्रो बढी बालविवाह हुने देश हो । पहिलो स्थानमा बंगलादेश छ भने दोस्रोमा भारत । सन् २०१६ को नेपालको जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण अनुसार, २५-४९ वर्ष उमेर समूहका विवाहित महिलाहरूमध्ये ७२ प्रतिशतको विवाह २० वर्ष नपुग्दै हुने गरेको छ । मधेश प्रदेशको जनसांख्यिक स्थितिबारे विक्रम संवत् २०७६ मा प्रकाशित एउटा प्रतिवेदनमा मधेश प्रदेशमा करिब ९० प्रतिशत महिलाको विवाह २० वर्ष पुग्नुअघि नै भैसकेको हुन्छ । यसरी बहुसंख्यक महिलाको विवाह कानुनले निर्धारण गरेको उमेरभन्दा अघि नै हुने गरेको छ । अहिलेको कानुनमा विवाहको उमेर २० वर्ष तोकिएको छ । मधेश प्रदेशमा सबैभन्दा बढी सप्तरी जिल्लामा ८३ प्रतिशत बालविवाह हुने गरेको युनिसेफको सन् २०१४ को सर्वेक्षणमा उल्लेख छ । प्रदेशगत हिसाबले हेर्दा बालविवाह सबैभन्दा बढी मधेश र कर्णाली प्रदेशमा हुने गरेको छ । त्यस्तै, जातीय र सामुदायिक हिसाबले हेर्दा दलित, मुस्लिम, निम्न वर्ग र ग्रामीण भेगमा बढी बालविवाह हुने गरेको छ । पछिल्लो समय किशोरकिशोरीले आफैं पनि प्रेम सम्बन्ध गाँसेर कमै उमेरमा विवाह गर्ने गरेको पाइएको छ ।

**विश्वव्यापी तथ्यांक हेर्दा, सबैभन्दा बढी बालविवाह हुने १० देशमा नेपाल पनि पर्छ । दक्षिण एसियाली देशहरूमा चाहिँ नेपाल तेस्रो बढी बालविवाह हुने देश हो । पहिलो स्थानमा बंगलादेश छ भने दोस्रोमा भारत ।**

बहुआयामिक प्रभाव : बालविवाहले बालबालिकाको जीवनमा बहुआयामिक असर पार्छ । बालकभन्दा पनि बालिकालाई बढी ।

पहिलो, कम उमेरमा विवाह हुँदा सबैभन्दा बढी यसको असर प्रजनन स्वास्थ्यमा पर्ने गर्छ । हामीकहाँ विवाह हुनेबित्तिकै बच्चा पाउने चलन व्याप्त छ । किशोरावस्थामा पाठेघर बच्चा पाउनका लागि तयार भइसकेकै हुँदैन, जसले गर्दा बच्चा कम तौलको वा महिना नपुगी जन्मिने, पाठेघर झर्नेजस्ता समस्या हुन्छन्; आमा र बच्चाको मृत्युसम्म हुने जोखिम रहन्छ । यूएन विमेनको नेपालमा महिला प्रगति (सन् १९९५-२०१५) प्रतिवेदन अनुसार, नेपालमा मातृ मृत्युदर प्रत्येक १ लाख प्रसूतिमा १७० जना छ । त्यस्तै, ५ वर्षमुनिका प्रत्येक १ हजार शिशुमा ५४ जनाको मृत्यु हुने गरेको छ । यसको प्रमुख कारणमध्ये एउटा हो– बालविवाह । जनस्वास्थ्यविद्का अनुसार, बच्चा पाउने उपयुक्त उमेर २५ देखि ३५ वर्षसम्म हो । २० वर्षमुनिको उमेरमा बच्चा पाउँदा आमा र बच्चा दुवैलाई जोखिम हुन्छ ।

दोस्रो, बालविवाहले बालबालिकालाई शिक्षा प्राप्त गर्ने मौलिक हकबाट वञ्चित गर्छ । त्यसैले यसबाट बालिकाहरू बढी प्रभावित हुने गर्छन् । हाम्रो समाज पितृसत्तात्मक सोच र संरचनामा आधारित छ, जहाँ घरसहित बालबालिका स्याहार्ने काम महिलाले गर्नुपर्ने अनिवार्य तर अघोषित व्यवस्था छ । अझ महिलाभित्र पनि घरकी बुहारीले घर-व्यवहार धान्नुपर्ने हुन्छ, चाहे त्यो बुहारी कलिलै किन नहोस् । त्यसले गर्दा विवाहपछि कुनै बुहारीले पढाइको निरन्तरता दिनु भनेको ठूलै पहाड फोर्नुसरह हुन्छ । शिक्षाविद्हरूका अनुसार, नेपालमा बालिकाहरूको स्कुल 'ड्रपआउट' हुने एक प्रमुख कारण बालविवाह पनि हो । यसरी ड्रपआउट हुनेमा अधिकांश दलित, मुस्लिम र निम्न वर्गका बालबालिका हुन्छन् । जब बालिकाहरू विवाहका कारण शिक्षा आर्जन गर्न सक्दैनन्, रोजगारी पाउन पनि सक्दैनन्, आर्थिक रूपले सधैंभरि अरूमाथि निर्भर हुन पुग्छन्, कालान्तरमा तिनीहरूको आर्थिक सशक्तीकरण पनि हुन सक्दैन ।

तेस्रो, हाम्रो समाजमा अझै पनि परम्परा, चलन वा रीतिरिवाजका नाममा बालविवाह हुँदै आएको छ । धर्म हुनेजस्ता भ्रम तथा गलत मान्यताले गर्दा बालबालिकाको कलिलो उमेरमै विवाह भएको देखिन्छ । यसका कारण बालबालिकाको शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा अवरोध हुन्छ । कलिलै उमेरमा विवाह गरेर सानै उमेरमा बुबाआमा बन्दा जीवनमा दीर्घकालीन असर पर्छ । यसबाट बालबालिकाको चौतर्फी विकास अवरुद्ध हुन्छ, उनीहरू विभिन्न अवसरबाट वञ्चित हुन्छन् । त्यसैले के बिर्सनु हुन्न भने, बालबालिका सम्बन्धी ऐन-२०७५ ले बालविवाहलाई दण्डनीय बनाएको छ ।

**बहस थरीथरीका**

विवाहको उमेर घटाउनुपर्छ भन्नेहरूले यसलाई लिएर अनेक तर्क दिने गरेका छन् ।

यौन सम्बन्ध राख्नका लागि कानुनले १८ वर्ष उमेर तोकेको छ तर विवाहको उमेर किन २० वर्ष भन्नेहरूले के बुझ्नुपर्छ भने, यौन सम्बन्ध र विवाह दुई फरक विषय हुन् । हाम्रो समाजमा विवाह गर्नु भनेको बच्चा पाउने लाइसेन्स प्राप्त गर्नु बराबर मानिन्छ । अर्को कुरा, विवाहसँगै केही जिम्मेवारी पनि जोडिएर आउने गर्छन्, जुन कलिलै उमेरमा बिहे गर्नेहरूले वहन गर्न सक्दैनन् ।

अर्को तर्क छ– नागरिकता लिने उमेर १६ वर्ष मानिएको छ भने विवाह किन २० वर्षमा ? नागरिकताको अधिकार प्राप्त गर्नु र मतको अधिकार पाउनु पनि भिन्नभिन्न विषय हुन् । यस्ता तर्कहरू कुनै तथ्यमा आधारित नभई भावनात्मक हुन्, जसको बालविवाहसँग कुनै तुक छैन ।

बहसमा आएको अर्को पक्ष हो– केटामाथि लगाइने आरोप । २० वर्ष नपुग्दै किशोरकिशोरीले स्वेच्छाले विवाह गर्दा यस्ता कतिपय सम्बन्धहरू बडो जटिल हुन पुग्छन् । यस्तो खास गरी अन्तरजातीय विवाहमा हुने गर्छ । यस्ता घटनामा प्राय: केटी पक्षले बालविवाहमा नभई केटामाथि बलात्कार र शरीर बन्धकको मुद्दा चलाउने गरेका छन् । बलात्कार र शरीर बन्धक गम्भीर अपराध अन्तर्गत पर्छ । पछिल्लो समय धेरै किशोरलाई यस्तो गम्भीर आरोप लाग्ने गरेको छ । तर यस्तो प्रवृत्ति देखिनुमा गल्ती बालविवाहको नभई कानुनमा भएको छिद्र (लुप होल) को हो । यसबारे गम्भीर बहस हुनुपर्छ । समाधानको पहल पनि हुनैपर्छ । बालविवाहको घटनामा बलात्कार र शरीर बन्धकजस्ता झुटा मुद्दा बनाउने व्यक्तिलाई पनि कानुनी दायरामा ल्याउनुपर्छ । विवाहको उमेरसीमा घटाउनु त्यसको समाधान हुन सक्दैन । बालविवाह सम्बन्धी कानुन बनेपछि समाजमा सकारात्मक प्रभाव परेको छ । बालविवाह घट्दै पनि गइरहेको छ । त्यसैले विवाहको उमेर घटाउनबारे सोच्नुभन्दा यसलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्नतर्फ सबै पक्षले पहल गर्नुपर्छ ।

# महँगो निर्वाचन लोकतन्त्रलाई चुनौती

आरसी लामिछाने



स्थानीय तहको निर्वाचन सकेर देश संघ र प्रदेशको निर्वाचनका लागि तयार हुँदै छ । निर्वाचनको विविध पक्षमा छलफल भइरहेको पनि छ । समाज परिवर्तनको सहज माध्यम र सत्ता हस्तान्तरणको विधि निर्वाचन नै हो, जसले समाजको महत्त्वपूर्ण सवालहरूलाई निकास दिन्छ । निर्वाचनबाट खराब जनप्रतिनिधिलाई हराउन मिल्छ । राजनीतिक प्रतिनिधिहरूलाई कानुनी मान्यता दिन र जनताको सम्प्रभुताको उपयोग गर्न पनि निर्वाचन चाहिन्छ, यसले जनतालाई राजनीतिक रूपले प्रशिक्षित पनि गर्छ । जननेता मदन भण्डारीले जनताको बहुदलीय जनवाद सिद्धान्तमार्फत बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन र बहुमतको सरकार अनि अल्पमतको विपक्षबारे भन्नुहुन्थ्यो– जनताले एक पटक गरेको निर्णय सधैंका लागि शाश्वत हुन सक्दैन । त्यसकारण निश्चित अवधिमा निर्वाचन हुनुपर्छ ।

विदितै छ, व्यवहारमा हाम्रो निर्वाचन कस्तो भइसक्यो । भड्किलो निर्वाचनले लोकतन्त्रलाई समृद्ध बनायो कि झन् दरिद्र, अहिले चिन्ताको विषय बनिरहेको छ । उसो त संसारभरिको निर्वाचनमा तिकडमबाजी हुँदैन भनेर कल्पना गर्न सक्दिनँ किनभने राजनीतिको शास्त्रीय र आधुनिक दुवै परिभाषामा छलकपटलाई स्थान दिइएको छ । तर म यही तत्त्वमा समस्या देख्छु । हामी सबै जना जबजको आधारभूत मान्यता लोकतन्त्र, कानुनी राज्य, मानवाधिकार मान्ने ठाउँमा आइपुगेका छौं । हामीले अभ्यास गरिरहेको लोकतन्त्र आजका मुख्य दलहरूले मिलेर ठूलो आन्दोलनबाट ल्याएको हो तसर्थ यसको जगेर्ना र विकास गर्ने जिम्मा पनि यिनै दलहरूको हो । यसका लागि निर्वाचनमा सबै दलहरूले पारदर्शिता अपनाउनुपर्छ ।

स्थानीय निर्वाचनमा खास गरी समाजलाई पुर्‍याएको सेवा अनि व्यक्तिको खटाइ र लोकप्रियता हेरिँदो रहेछ । मर्दापर्दा दु:खसुखमा सो व्यक्तिले कतिको साथ दिएको थियो, मूल्यांकन हुँदो रहेछ । संसदीय निर्वाचनमा भने पार्टी, राष्ट्रिय एजेन्डा, व्यक्तिको राष्ट्रिय प्रभाव र पहुँच हेरिन्छ । सिद्धान्तत: निर्वाचन लोकतन्त्र ठीक छ कि छैन जाँच्ने माध्यम पनि हो । लोकतन्त्र नाङ्गो आँखाले देख्न सकिन्न तर निर्वाचनको तराजुमा राखेर जोख्न भने सकिन्छ ।

जसरी पनि जित्नुपर्छ भन्ने मानसिकता नै निर्वाचनमा देखा परेको मुख्य विकृति हो । यसले अरू विकृतिलाई निमन्त्रणा दिन्छ । जित्न साम, दाम, दण्ड र भेदको नीतिमा लाग्ने भो उम्मेदवार । हामीले पछिल्ला निर्वाचनहरूमा सुन्यौं कि, पार्टीका मान्छेहरू मत खसाल्नुअघिको शून्य समयमा बोराका बोरा पैसा लिएर घरघर सुलसुले भै गएको । उम्मेदवारले मतदातालाई तत्काल प्रभाव पर्ने गरी राहत वितरण गरे, क्षणिक मागहरूमा आंशिक सहयोग गरे । निर्वाचन अभियान हेर्दा, हामीले पार्टी र व्यक्ति होइन सोझै पैसाको निर्वाचन गरिरहेको महसुस भयो । जबकि निर्वाचन जित्न मन जित्नुपर्छ, मत किनेर हुन्न । निर्वाचनमा योजना, कार्यक्रमहरूको प्रतिस्पर्धा हुनुपर्ने हो तर जसरी पनि जित्नैपर्ने मनोविज्ञानले सोझै मत किन्ने ठाउँमा निर्वाचन आइसकेको छ । निर्वाचनमा एक सुका पनि खर्च नहुनुपर्ने हो तर यहाँ पैसाको खोलो बग्ने गर्छ । लोकतन्त्र बचाउन निर्वाचनलाई पैसारहित बनाउनुपर्छ ।

देशको प्रधानमन्त्री तथा पूर्वप्रधानमन्त्रीहरूले पनि बारम्बार 'निर्वाचन निकै महँगो भयो' भन्ने गरेका छन् । निर्वाचन भन्नेबित्तिकै, पैसा सम्झेर नेताहरूलाई ज्वरो आउने गर्छ । हामीले यस्तो विकृति रोक्नुपर्छ । रोक्नका लागि निवाचन आचारसंहिताको कडाइका साथ पालना गर्नुपर्छ । कसैले चाहेर पनि पैसा बाँड्ने, मतदातालाई अनुचित प्रभाव पार्ने अवस्था आउन दिनु हुन्न । चाहनेले पनि बाँड्न नपाओस् । उम्मेदवार एउटा योगीको अवतारमा उभिनुपर्छ । र, यसो गर्न युवा विद्यार्थीहरू अघि बढ्नुपर्छ । निर्वाचनमा पैसा बगाउनुपर्नाले सक्षम, विचारवान्, नयाँ सोच भएका युवाहरूले लड्ने आँट गरिरहेका छैनन् । युवासँग पैसा हुन्न । पैसा नहुनेले निर्वाचन जित्न सक्दैन भन्ने आम धारणा बनिसकेको छ । पैसाकै बलमा कतिपयले निर्वाचन क्षेत्र लालपुर्जा पास गरेर लिएजस्तो देखिन्छ ।

निर्वाचनमा अर्को विकृति पनि छ, कर्मचारी र पुलिसले निर्वाचन एकदम प्रभावित पार्छन् । मैले आजसम्म कुनै पनि निर्वाचनमा स्वतन्त्र कर्मचारी देखेको छैन । आफूले समर्थन गरेको पार्टीलाई छाप हानेको मतपत्र आउँदा कर्मचारी खुसी हुन्छन् नत्र निराश । पुलिसको रवैया हेर्दा यस्तो लाग्छ, उनीहरू कसैलाई जिताउन कसम खाएर लागेका छन् । निर्वाचनका यस्ता बेथितिले कतिपय स्वतन्त्र व्यक्तिलाई कतै निर्वाचन नै गलत त होइन भन्ने परेको छ ।

निर्वाचनका लागि पार्टीहरूले नै इमानदार र योग्य उम्मेदवार उठाउनुपर्छ, उसको गतिविधि पनि पारदर्शी हुनुपर्छ । नातावाद र कृपावादमा परेर कुकर्म र आपराधिक गतिविधिमा संलग्न उम्मेदवारलाई दलहरूले उठाउन हुँदैन । उठाएमा पनि जनताले हराउनुपर्छ । असल उम्मेदवारको विजयले नै लोकतन्त्र समृद्ध हुने हो । पारदर्शी निर्वाचनका लागि निर्वाचन सम्पन्न गराउने निकायहरू तटस्थ हुनु पनि उत्तिकै जरुरी छ । स्वतन्त्र पर्यवेक्षक तथा नागरिक समाजले पारदर्शी निर्वाचनका लागि खबरदारी गरिरहनुपर्छ । निर्वाचनलाई कम खर्चिलो, विवादरहित, निष्पक्ष, पारदर्शी र लोकतान्त्रिक बनाउन बरु दलहरू एक पटक हार्नुपर्छ भने पनि तयार हुनुपर्छ ।

*लामिछाने अनेरास्ववियुका वरिष्ठ उपाध्यक्ष हुन् ।*

# आमवृत्तमा आत्मविश्वासको अल्पता

हुलाकी

उज्ज्वल प्रसाई



राष्ट्र भनिने अवधारणामा जति गर्व, आस्था र पहिचानजनित चाहना जोडिएका हुन्छन्, भयको उपस्थिति पनि उति नै जबर्जस्त हुन्छ । दुई ढुंगाबीच चेपिएर तरुलकै पहिचान पनि गुम्ला र अर्कै केही भइएला भन्ने पिरलो नेपालीपनको द्योतक हुन पुगेको त्यसै होइन । नेपाली भाषा (खस/पर्वते) को मियोमा बाँधिएको नेपालको आमवृत्तमा कसैले जाँगर चलाएर बृहत् शोध गरे सम्भवत: चिन्ता, उत्कण्ठा र भयको सबैभन्दा ठूलो अंश भेट्नेछ । बाहिरिया भनिएकाहरूसँग डर, भित्रैका थुप्रै 'अन्य' सँग उत्तिकै त्रास । भयग्रस्त मनोदशामा आफ्नो प्रतिरक्षाका खातिर गरिएका केही काम दिगो संकथन र संस्थासम्म बन्न पुगेका प्रशस्त उदाहरण भेटिन्छन् ।

लेखक कमलमणि दीक्षितले विक्रम संवत् २०१० तिर नेपाली भाषामाथि भित्र र बाहिर दुवैतिरबाट आक्रमण हुन थालेपछि यस भाषामा सेवारत लेखकलाई हौसला दिन मदन पुरस्कार स्थापना गरिएको भनेका छन् । गोविन्द गिरी 'प्रेरणा' ले दीक्षितसँग गरेको इमेल वार्ता (जो पुस्तकाकारमा प्रकाशित छ) मा उनले देशबाहिरका एक भिक्षु भदन्तले 'नेपाली भाषाको कुनै इतिहास छैन र भविष्य पनि हुनेछैन' भनेको र नेपालका प्रधानमन्त्री भइसकेका र साहित्यमा समेत लागेका मातृकाप्रसाद कोइरालाले 'हिन्दीलाई नेपालको राष्ट्रभाषा मान्नुपर्ने' आशय व्यक्त गरेको प्रसङ्ग उल्लेख गरेका छन् । यी भनाइलाई नेपाली भाषा (र सायद समग्र राष्ट्र) माथिको आक्रमण बुझेकैले मदन पुरस्कारजस्ता संस्था निर्माण गरिएको दीक्षितको कथनबाट थाहा पाइन्छ । उनले भनेका छन्, 'नेपाली कवि-लेखकहरू डिमोरलाइज भइरहेका थिए । यस्तोमा नेपाली पनि सशक्त भाषा हो, यसमा कलम चलाउनेहरू पनि महान् हुन् भन्ने सन्देश दिनु आवश्यक थियो ।'

२०१० सालवरपर नै हुनुपर्छ, प्रसिद्ध लेखक शंकर लामिछानेको ताहाचलस्थित डेरामा घटित एक सामान्य घटना यहाँ सन्दर्भित गर्नु रोचक हुन्छ । रत्ना लामिछानेले श्रीमान् शंकर बितेको तीस वर्षपछि उनकै स्मृतिमा लेखेको एउटा निबन्धमा सो घटनाबारे बताएकी छन् । डेरामा सजाउन शंकरले भारतीय चिन्तक तथा कलाकार रवीन्द्रनाथ ठाकुर (टैगोर) ले कोरेका पेन्टिङ फ्रेममा हालेर झुन्ड्याउन खोजिरहेका थिए । सजिइन लागेका चित्र भारतीय कलाकारले कोरेको थाहा पाएपछि, शंकरका भाइ यादव लामिछानेले आपत्ति जनाए । विदेशी चित्रको साटो आफ्नै देशका कलाकारले बनाएका देशकै चित्र सजाउनु उचित हुने राय प्रकट गरे । रत्नाका अनुसार पन्ध्र वर्षजतिका यादव देशप्रेमले ओतप्रोत भएकाले त्यसो भनेका थिए । एकातिर त्यही राष्ट्रप्रेमले साहित्य संवर्द्धनका निम्ति पुरस्कार स्थापना गराउँदै थियो भने, अर्कातिर तन्नेरीहरूको 'अन्य' लाई हेर्ने दृष्टिकोण पनि निर्माण गर्दै थियो ।

तन्नेरी वयमा लाग्दै गरेका यादवलाई टैगोरका पेन्टिङको गुणवत्ता, तिनमा व्यक्त भाव वा कलाका रूपमा तिनका सामर्थ्य र कमजोरीबारे उस्तो चिन्ता थिएन । बरु उनमा हुर्किएको राष्ट्रप्रतिको आस्थाले टैगोरलाई गैरनेपाली, बंगालीभाषी, भारतीय र परचक्री मात्रका रूपमा बुझ्न सघाउँथ्यो । नेपाली घरका भित्तामा टैगोरहरूका चित्र सजिइन थाले, आफू, आफ्नो पहिचान र मुलुक नै संकटग्रस्त हुन सक्छ भन्ने भयले उनलाई गाँजेको थियो । वा, भारतप्रतिको अरू चित्तदुखाइ पनि थिए होलान् । ठूलो देशको भइटोपल्ने भारतीयले हेपेको कुनै आभास पाएर पनि उनले त्यसो भनेका हुन सक्छन् । राष्ट्रप्रतिको उनको बुझाइ र आस्थामा आत्मविश्वासको कमी र त्रासको मात्रा बढी भएको उनको अभिव्यक्तिले देखाउँछ ।

दाजु लेखक शंकर लामिछानेले भाइलाई दिएको जवाफमा भने आत्मविश्वासको यो स्तरको अल्पता देखिँदैन । तुरुन्त घतलाग्दो जवाफ दिन सक्ने व्युत्पन्न मतिका कारण पनि हुन सक्छ, उनले बोलेको वाक्य रोचक छ । टैगोरका चित्र भित्तामा टाँस्दै शंकरले भनेछन्, 'आफ्नो देश त झ्यालबाट बाहिर हेरे भइहाल्यो नि !' उनको सरल, स्पष्ट र पुग्दो जवाफ बुझ्न यादव कति समर्थ थिए, थाहा छैन । शंकरको जवाफमा न आफ्नो देश र यताका कलाकारप्रति अतिरञ्जनापूर्ण मोह देखियो, न भारत वा अन्य देश र त्यहाँका बौद्धिकप्रति अनावश्यक क्षुब्धता नै । त्यसो त रवीन्द्रनाथप्रतिको हदै ठूलो झुकाव भएको उनको लेखनमा कतै झल्किँदैन पनि । शंकरको जवाफ आफूप्रतिको विश्वासका जगमा उभिएको थियो, र त्यसमा थियो कला बुझ्ने र आस्वादन गर्ने प्रबुद्धता पनि ।

त्यति मात्रै होइन, शंकर लामिछानेको नेपाली भाषाबारेको बुझाइमा उस्तै आत्मविश्वास झल्किएको पाइन्छ । राष्ट्रवादले नै उनको कलाचेतना र भाषाप्रतिको संवेदनशीलतालाई निर्धारण गरिदिएको थिएन । जस्तो, आफ्नो निबन्धकृतिलाई दिइएको मदन पुरस्कार ग्रहण गर्दाताका कमलमणि दीक्षितलाई दिएको अन्तर्वार्तामा शंकरले नेपाली भाषाबारे भनेका छन्, 'योभन्दा राम्रो भाषा पनि मर्‍यो । योभन्दा नराम्रो भाषा पनि टिकिराखेको छ । र नेपाली त मलाई मन पर्छ कसोकसो, हुन त म आफैं पनि बडा अङ्ग्रेजी र उर्दू, संस्कृत र कहिलेकहिले केके नेवारी पनि




प्रयोग गरिदिन्छु । अँ, तर हाम्रो भाषामा एउटा मैले के देखेको छु भने सम्भावना प्रशस्त छन्... ।' यसैमा उनले तारानाथ शर्माको नाम लिएर ठेटको नाममा पुरानोपट्टि अर्थात् झर्रोपट्टि फर्कने काम पनि उचित होइन भनेका छन् । यसो भन्दा 'अन्य' भाषाप्रति नकारात्मक छैनन् र शुद्धताको चर्को आग्रहसमेत गरेका छैनन् । केवल आफ्नो भाषाप्रतिको स्वाभाविक आकर्षणलाई व्यक्त गरेका छन् ।

रवीन्द्रनाथ टैगोरको कलाकारिता र शंकर लामिछानेको चेतनाबारे यति उल्लेख गरेपछि, शंकरका गुरु र उनले सृजनात्मक प्रेरणा लिएका महाकवि लक्ष्मीप्रसाद देवकोटालाई पनि सम्झनु अनुचित हुँदैन । देवकोटा र टैगोरबीच व्यक्तिगत सम्बन्ध, चिनजान वा कुनै किसिमको सम्पर्क भएको स्पष्ट लिखत पढ्न पाइएको छैन । साहित्यिक इतिहासका अध्येताले यी दुई सर्जकका सम्बन्धबारे खुलस्त बताउन सक्लान् । तर, टैगोरका विचारमा देवकोटाले गरेको एक टिप्पणी भने यहाँ सान्दर्भिक ठहर्छ । देवकोटाको असाध्यै धेरैले सम्भवत: धेरै पटक पढेको निबन्ध 'के नेपाल सानो छ ?' मा उनले टैगोरको स्मरण गरेका छन् । '...ठाकुरबाबाको देखासिकी गर्ने सबै सिकारु विश्वप्रेमी विश्वसिद्धान्ती लेखक र कविहरू भुल्दछन् कि

**भाषा प्रयोग र प्रसारका घुमाउरा तरेली आफैंमा खँदिला खोजबिनका रोचक सम्भावना हुन् ।**

विश्वप्रेम भनेको चीज स्वदेशमै विकासिन्छ ... ।'

युद्धले आक्रान्त पार्दै लगेको विश्वमा राष्ट्रका नाममा विभाजित मानव समुदायले एकअर्कालाई निमिट्यान्न बनाइरहेकामा टैगोरले आफ्ना आलोचनात्मक विचार प्रवाह गरेका थिए । राष्ट्रवादबारे उनले दिएका आलोचनात्मक भाषण संगृहीत भएर सन् १९१७ मा 'नेसनलिज्म' शीर्षक पुस्तक नै प्रकाशनमा आइसकेको थियो । टैगोरले स्पष्ट शब्दमा भनेका थिए, 'न रङ्गहीन वैश्विकताको अस्पष्टता, न राष्ट्रभक्तिको भयङ्कर स्वपूजन, यी दुवै मानव इतिहासका लक्ष्य होइनन् ।' त्यसैलाई इंगित गर्दै देवकोटाले आफ्नो राष्ट्रवादको प्रवर्द्धन गर्न टैगोर र उनका विचारबाट प्रभावित सबैमाथि व्यंग्य कसेका हुन् । यस व्यंग्यात्मक पंक्तिसम्म आइपुग्नुअघि उनले कैयौं सन्दर्भमा मैदानी भूभागप्रतिको चिडचिडाहट र पहाडी भूबनोटको अतिशय प्रशंसा गरिसक्छन् निबन्धमा । 'महापुरुषको जन्म' हिमालको नजिक हुने र भारतका मैदानी जमिनका 'ताता मगज' मा भने 'सधैं असन्तुष्टि मात्रै उम्लिइरहने' दाबी गरेका छन् । त्यति मात्रै होइन, उनै ठाकुर बाबाको घर भएको कलकत्ताजस्तो मैदानी भूमिलाई औपन्यासिकता नभएको 'रित्तो पट बिछ्याएजस्तो' मात्र देखेका छन् ।

यस निबन्धमा देवकोटाको मूल वैचारिकी राष्ट्रवाद हो । पन्ध्रवर्षे यादव लामिछानेले टैगोरका चित्रमा गरेको टिप्पणीलाई लालित्यपूर्ण र संस्कृतनिष्ठ भाषामा विस्तारमा व्याख्या गर्दा बन्ने भनेकै देवकोटाको निबन्ध हो । यसर्थ, २०१० सालवरपर चेलो लामिछाने आफ्नो देश, नेपालीपन र आफ्नो भाषाप्रति जुन स्तरको आत्मविश्वासमा आइपुगेको थियो, २००२ सालतिर गुरु देवकोटा त्यस हदमा आत्मविश्वासी बन्न नसकेको प्रमाणका रूपमा यस निबन्धलाई बुझ्न सकिन्छ । आफ्नोलाई प्रेम गर्न, आफ्ना पहाड र फूल, आफ्नो भागमा परेको आकाश र बादल, आफ्नै भाषा बोल्ने मान्छे, र आफ्नो साहित्यलाई माया गर्न अर्कोलाई कमसल भन्नु नै ऊ बेला प्रचलित रहेको र अहिले बौरिएर आएको राष्ट्रवादको मुख्य वैचारिकता हो । यसरी हेर्दा नेपाली भाषाको इतिहास छैन भन्नेहरू पनि उसै गरी राष्ट्रवादकै सिकार भएका हुन् भन्न सकिन्छ ।

देवकोटाले टैगोर, उनको मैदानी घर र उनका विचारमाथि व्यंग्य गरेको केही दशक बित्न नपाउँदै, नेपाली बौद्धिक ईश्वर बरालले उनै टैगोरका कथाहरूको नेपाली अनुवाद गरे । मूल बंगाली भाषाबाटै अनुवाद गरेका एक्काइस कथाको सँगालो 'रवीन्द्रनाथका कथा' सन् १९६२ मा भारतको सरकारी संस्थान साहित्य अकादमीले प्रकाशन गरेको हो । यस अनुवादलाई दुवै भाषामा पारंगत बरालले केवल हाता लागि भएको एउटा जागिरे उद्यमका रूपमा मात्र लिएका थिएनन् भन्ने उनैले लेखेको संग्रहको भूमिकाबाट थाहा पाइन्छ । साहित्य समालोचनामा आफूलाई सिद्धहस्त ठहर्‍याइसकेका बरालले टैगोरका साहित्यिक रचनाको उच्च मूल्याङ्कन गरेरै अनुवादमा जुटेको जनाउ दिएका छन् भूमिकामा– 'संसारका श्रेष्ठ कथाकारका हाराहारी रवीन्द्रनाथलाई पनि निजका कथाले प्रतिष्ठित गरेका छन् ।' आफ्ना सिर्जनकर्मीको श्रेष्ठता स्थापित गर्न टैगोर वा अरू कसैको सृजन-सामर्थ्यसँग भयग्रस्त हुन जरुरी छैन भन्ने दसी हुन् बरालका अनुवादमा प्रकाशित एक्काइस कथा ।

भारतमा गान्धी र टैगोरबीच चलेका बहस र तिनमा व्यक्त उनीहरूको वैचारिक मतभिन्नता अध्ययन गर्ने अवसर पाएका बौद्धिकले राष्ट्रवादमा निहित भय पहिचान गर्न सकेका थिए कि ? 'पूर्व' को सभ्यता संवर्द्धनका निम्ति पश्चिमा ज्ञान परम्परा, तिनका दर्शन वा तिनका जीवनदृष्टिबाट भाग्न आवश्यक छैन र तिनका सामर्थ्यलाई पहिचान गरेर आफ्नो बनाउन हिम्मत गरे आफ्नै कल्याण हुन्छ भन्ने मतमा अडिग थिए टैगोर । सोही विचारको जगमा उनले विश्वभारतीजस्तो विश्वविद्यालयको परिकल्पना एवं सञ्चालन गरे । बौद्ध र इस्लाम, क्रिस्चियन र हिन्दु सबै धर्म एवं तीसँग जोडिएका संस्कृति र सभ्यताबारे विशद शोध र अध्ययन गराए । न चीन जान डराए, न त्यहाँका बौद्धिकलाई शिक्षकका रूपमा निम्त्याउन, न युरोपका बौद्धिकलाई बोलाएर अनुसन्धान गराउन । उनीसँग मतभिन्नता भएका गान्धी समेतले विश्वभारती र शान्तिनिकेतनजस्ता संस्थाको महत्त्व आत्मसात् गरेर तिनको हितका निम्ति काम गरेका थुप्रै प्रमाण छन् ।

बराल र लामिछानेजस्ता सर्जक र विद्वान् पनि राष्ट्रवादको सीमाबद्धतामा कैद थिए भने, लेखनका क्षेत्रमा जति उपलब्धि हासिल गरे, सम्भवत: त्यति गर्ने थिएनन् । न टैगोरबाट लाभ लिन्थे, न त्यति आत्मविश्वाससाथ बोल्न र लेख्न सक्थे । तर, नेपाली भाषा र साहित्यको मियोमा घुमेको नेपालको आमवृत्तमा भने राष्ट्र-नि:सृत भयका बाक्ला छाप प्रशस्त भेटिन्छन् । भाषा प्रयोग र प्रसारका घुमाउरा तरेली आफैंमा खँदिला खोजबिनका रोचक सम्भावना हुन् । काठमाडौंका आकरमा सञ्चित लिखतहरूमा भेटिने अनेक संकेत जोड्न जान्ने र कथा बुन्न सक्ने जौडे अन्वेषकले नेपाली आमवृत्तबारे अद्यापि नसुनिएका कति चित्ताकर्षक कहानी लेख्न सक्दा हुन् । कतिपय घोत्ल्याइँका प्रतिफल बिस्तारै सतहमा आउलान् ।

## छोटकरी

### अग्निपथमा गोर्खा भर्ती निरन्तर : भारत

काठमाडौं (कास)- भारत सरकारले अग्निपथ कार्यक्रमअन्तर्गत गोर्खा सैनिक भर्तीलाई निरन्तरता दिने जनाएको छ । नेपाल सरकारले आधिकारिक निर्णय तय गर्न ढिला भएर भर्ती प्रक्रिया नै स्थगन भएका बेला भारतले बुधबार आफ्नो धारणा सार्वजनिक गरेको हो । भारतीय सेनाले काठमाडौंस्थित भारतीय दूतावासमार्फत गोर्खा भर्तीमा सहजीकरण गर्नका लागि परराष्ट्र मन्त्रालयलाई जेठ ३१ मा पत्र पठाएको थियो । पत्रको विषयमा स्पष्ट नीति बनाउन नसकेको नेपाल सरकारले बुधबार भारतलाई राष्ट्रिय धारणा बनाएर मात्र जवाफ दिने जानकारी दिएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवासँगको छलफलपछि परराष्ट्रमन्त्री नारायण खड्काले भारतीय राजदूत नवीन श्रीवास्तवलाई बुधबार साँझ मन्त्रालयमै बोलाएर 'गोर्खा भर्तीमा सहजीकरण गर्न नेपाल सकारात्मक रहेको तर भारतको नयाँ सैनिक भर्ना कार्यक्रम रहेकाले राजनीतिक दलहरूसँग छलफल गरेर मात्र औपचारिक जवाफ दिने' बताएका हुन् । त्यसपछि बुटवल र धरानमा हुने भनिएको भर्ती प्रक्रिया स्थगन भएको छ । अग्निपथअन्तर्गत नियमित गोर्खा भर्ती स्थगन भएको सम्बन्धमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम वाग्चीलाई नयाँ दिल्लीमा आयोजित मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा प्रश्न सोधिएको थियो । जवाफमा उनले गोर्खा सैनिकलाई लामो समयदेखि भर्ती गरिरहेको उल्लेख गर्दै अग्नीपथ कार्यक्रमअन्तर्गत भारतीय सेनामा गोर्खा सैनिक भर्तीलाई निरन्तरता दिने बताएका थिए । अग्निपथ चार वर्षका लागि मात्र सैनिक कार्यक्रम हुनाले बढी विवाद देखिएको हो । भारत र बेलायतले सन् १९४७ मा भएको त्रिपक्षीय सम्झौताअनुसार आफ्ना सेनामा नेपालीलाई भर्ती गर्दै आएको छ । 'अग्निवीर' का रूपमा भर्ती हुने सैनिकमध्ये २५ प्रतिशतलाई स्थायी गरिनेछ भने ७५ प्रतिशतलाई करिब ११ लाख भारुसहित फिर्ता गरिनेछ ।

### ६० वर्षअघि हराएको दुर्गामूर्ति न्युयोर्कमा

काठमाडौं (कास)- सन् ६० को दशकमा काठमाडौं उपत्यकाबाट हराएको दुर्गा भवानीको मूर्ति अमेरिकाको न्युयोर्कस्थित एक कला संग्रहकर्तासँग रहेको र आवश्यक कानुनी प्रक्रियापछि घरफिर्तीका लागि महावाणिज्यदूत कार्यालयलाई बुझाइएको छ । न्युयोर्कस्थित नेपाली महावाणिज्य दूतावास कार्यालयका अनुसार १४ औं शताब्दीमा निर्मित सम्पदा भनेर उल्लेख गरिएको 'दुर्गा महिसासुरामर्दिनी' को मूर्ति गत २०२२ मार्चमा न्युयोर्कका एक निजी कला विक्रेताले बिक्रीमा राखेको पाइएको थियो । यो सम्पदाको लिलामी मूल्य १२ देखि १८ हजार डलरबीचमा राखिएको थियो । न्युयोर्कस्थित जिल्ला न्यायाधिवक्ताको कार्यालय र गृह सुरक्षा अनुसन्धान निकायको पहलमा उक्त सम्पदाको पहिचान सम्भव भएको हो । निमित्त महावाणिज्यदूत विष्णु गौतमका अनुसार उत्पत्तिको पहिचान (कन्ट्री अफ ओरिजिन) र प्रमाणिकताको प्रक्रिया काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभागसहितका निकायले पूरा गर्नासाथै यो पुरातात्त्विक सम्पदा महावाणिज्यदूत कार्यालयलाई बुझाइएको छ । काठमाडौं उपत्यकाको कुन स्थानबाट देवीमूर्ति हराएको (चोरिएको) थियो भन्ने विवरणमा खुलाइएको छैन । सम्पदा खोजबिन र पहिचानको अभियान 'लस्ट आर्टस् अफ नेपाल' ले गत वर्ष अक्टोबरमा पहिलोपटक सार्वजनिक गरेको सूचनामा 'दुर्गा महिसासुरामर्दिनी' न्युयोर्कको क्रिस्टिज कलेक्सनको बिक्री (सन् २०११) मा राखिएको थियो । न्युयोर्कमा बुधबार आयोजित समारोहमा म्यानहाटन डिस्ट्रिक एटर्नी एल्भिन एल. ब्रागले निमित्त महावाणिज्यदूत गौतमलाई सम्पदा हस्तान्तरण गरेका थिए ।

### भारतीय सेनाध्यक्ष पाण्डे नेपाल आउँदै

काठमाडौं (कास)- भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डे नेपाली सेनाको 'मानार्थ महारथी' सम्मान ग्रहण गर्न अर्को साता नेपाल आउने भएका छन् । नेपाली सेनाका अनुसार पाण्डे ५ दिने भ्रमणका लागि भदौ १९ मा काठमाडौं उत्रनेछन् । भारतमा जल, हवाई र स्थल सेना छन् । त्यसमध्ये स्थल सेनाध्यक्षलाई एक नम्बर वरीयतामा राखिएको छ । पाण्डे भारतीय सेनाका २९ औं स्थल सेनाध्यक्ष हुन् । यसअघि मनोज मुकुन्द रनवाणे स्थल सेनाध्यक्ष थिए । पाण्डे वैशाख १७ मा स्थल सेनाध्यक्ष भएका थिए । सेनाध्यक्ष भएपछि उनको यो पहिलो नेपाल भ्रमण हुनेछ । सैनिक प्रवक्ता नारायण सिलवालले नियमित कार्यक्रमअनुसार मानार्थ महारथीको सम्मान ग्रहणका लागि पाण्डे नेपाल आउन लागेको बताए । नेपाल र भारतका सेनाप्रमुख एक अर्को मुलुकको मानार्थ महारथी रहने परम्परा छ । प्रधानसेनापति प्रभुराम शर्माले यसअघि नै नयाँ दिल्लीमा मानार्थ महारथीको सम्मान ग्रहण गरिसकेका छन् ।

### सूर्यबहादुर थापाको आत्मकथा प्रकाशन हुने

काठमाडौं (कास)- पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाको आत्मकथा 'मेरा नौ दशक : पाँच व्यवस्था, पाँच राजा र पाँच पटक प्रधानमन्त्री' को आवरण सार्वजनिक भएको छ । बिहीबार राजधानीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा थापाका छोरा सुनीलबहादुर र पुस्तकका सम्पादक हरिबहादुर थापाले पुस्तकको आवरण लोकार्पण गरे । २०६५ सालबाट करिब चार वर्ष कुराकानी गरी पुस्तक तयार पारिएको लेखक गनेस पौडेलले बताए । पत्रकार केदार शर्मासँग सहकार्य गर्दै पुस्तक लेखनको काम गर्दाका समयलाई स्मरण गर्दै उनले भने, 'राणाकालको अन्तिम दशकदेखि दोस्रो संविधानसभा अध्यक्षसम्मको नेपाली राजनीतिको लामो कालखण्डलाई यस पुस्तकमा सूर्यबहादुर थापाको दृष्टिकोणबाट भन्ने कोसिस गरिएको छ ।' नेपाली राजनीतिको अति महत्त्वपूर्ण कालखण्ड मानिने पञ्चायतकालका छुटेका विषय पुस्तकमा समावेश भएको सम्पादक हरिबहादुर थापाले बताए । पुस्तक लेखनको करिब १४ वर्षपछि बुबाको आत्मकथा प्रकाशन हुन लागेकामा सुनीलबहादुर थापाले खुसी व्यक्त गरे ।

# राष्ट्रसंघका आदेश कार्यान्वयनमा आलटाल

## मानवअधिकार उल्लंघनका २९ वटा उजुरीमा सुनुवाइ गर्दै मानवअधिकार समितिले पीडकविरुद्ध अनुसन्धान गरी तत्काल अभियोजन गर्न आदेश दिए पनि सरकारले कुनै पीडकविरुद्ध पनि अभियोजन गरेको छैन

**घनश्याम खड्का** (काठमाडौं)

२०६१ चैत १५ । कक्षा ९ मा अध्ययनरत अनिल चौधरी साइकल चढेर सहपाठीसँग विद्यालय जाँदै थिए । बाटामै सेनाको टोलीले उनलाई पक्रेर कुटपिट गर्‍यो र गोली ठोक्यो । बर्दियाको फत्तेपुरका अनिल माओवादीमा संलग्न रहेको आशंका सेनाले गरेको थियो ।

हत्याको खबर स्थानीय एफएमले उनका बा पुनिराम थारू र आमा नीराको कानमा पारिदियो । भोलिपल्ट विद्यालय नजिकै गाडिएको अवस्थामा अनिलको शव भेटियो । खाल्डोभित्र अनिल विद्यालय पोसाकमै थिए, उनकै जुत्ताको तुनाले उनका दुई हात बाँधिएको थियो ।

नाबालक छोरा मारिएको दुई दिनभित्रै अनिलका बाआमाले न्याय माग्दै राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरे । तर, उनीहरूको उजुरीको कुनै सुनुवाइ हुन सकेन । उनीहरूले जिल्ला प्रहरी कार्यालय बर्दियामा किटानी जाहेरी पनि दिए । तर प्रहरीले दर्ता गर्न मानेन । अनिलका बाआमा किटानी जाहेरी दर्ताका लागि परमादेश माग गर्दै तत्कालीन पुनरावेदन अदालत नेपालगन्ज पुगे । अदालतले मागबमोजिम नै आदेश गर्‍यो । तर पनि जिल्ला प्रहरी कार्यालयले किटानी जाहेरी दर्ता गर्न मानेन ।

घटना भएदेखि अनिलकी आमा नीराको मानसिक स्वास्थ्य बिग्रेको छ । उनी जतिखेर पनि रोइरहन्छिन् र 'अनिल खोइ ?' भनेर सोधिरहन्छिन् । 'हामी न्याय पाऔं भनेर जानेको जति सबै ठाउँमा गयौं, चिनेका जति सबैकामा पुगेर हात जोड्यौं,' अनिलका भिनाजु मोहन ज्ञवालीले भने, 'जिल्ला प्रशासन कार्यालय, मानवअधिकार आयोग, प्रहरी कार्यालय, गृह मन्त्रालय, जिल्ला अदालत र पुनरावेदन अदालत त वर्षौंवर्ष धायौं तर गरिब मरेको कसले सुन्थ्यो र ?'

कतैबाट केही सुनुवाइ नभएपछि अनिलको परिवार घटनालाई न्यायका अन्तर्राष्ट्रिय निकायहरूमा लैजाने टुंगोमा पुग्यो । अन्ततः संयुक्त राष्ट्रसंघको जेनेभास्थित मानवअधिकार समितिमा नेपाल सरकारविरुद्ध निवेदन दर्ता भयो । समितिले लामो अनुसन्धानपछि गत फागुन ३० मा अनिलको हत्यामा मानवअधिकारको गम्भीर उल्लंघन भएको ठहर गर्‍यो । घटनाको सत्यतथ्य पत्ता लगाउनका लागि तत्काल अनुसन्धान अगाडि बढाउन, पीडकको पहिचान गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति दिलाउन र घटनापछि विक्षिप्त मानसिक अवस्थाको सिकार हुन पुगेकी अनिलकी आमा तथा परिवारजनको औषधोपचार गर्न पनि समितिले नेपाल सरकारलाई आदेश दिएको छ ।




नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन भए नभएको अनुगमन गर्ने अन्तर्राष्ट्रिय अर्धन्यायिक निकाय राष्ट्रसंघीय मानवअधिकार समितिले नेपालको मानवअधिकार उल्लंघनका घटनामा निर्णय दिएको यो पहिलो घटना होइन, बरु पछिल्लोचाहिँ हो । एकपछि अर्को गर्दै अन्तर्राष्ट्रिय निकायमा मानवअधिकार उल्लंघनका मुद्दाले पालो पाउनु भनेको नेपालको न्यायिक व्यवस्था कमजोर हुँदै गएको संकेत हो । 'देशभित्र न्याय नपाए अन्तर्राष्ट्रिय निकायमा उजुरी गर्ने अधिकार हरेक मानिसलाई छ,' मानवअधिकार आयोगका पूर्वअध्यक्ष तथा पूर्वप्रधानन्यायाधीश अनुपराज शर्मा भन्छन्, 'नेपालको संक्रमणकालीन न्याय अघि बढेको र प्रभावकारी भएको भए जेनेभामा द्वन्द्वकालीन मुद्दाहरू पुग्ने थिएनन् ।'

मानवअधिकार उल्लंघनका हजारौं घटना न्यायाधीश अघिल्तिर जान सक्ने अवस्था नै आउन नसकेकाले नेपालको न्यायिक प्रक्रियामा अवरोध आएको र त्यसले अन्तर्राष्ट्रिय न्यायालयहरूमा जाने बाटो खुला गर्दै लगेको शर्माको विश्लेषण छ । 'हाम्रो देशमा संक्रमणकालीन न्याय अलमल्याउने बाटो मात्रै भयो,' उनले भने, 'यसले गर्दा देशको छवि नै धुमिल भएको छ ।'

हत्या, यातना, बलात्कार, व्यक्ति बेपत्ता पार्ने काम, निष्पक्ष सुनुवाइको उल्लंघन र जबर्जस्ती श्रमजस्ता मानवअधिकार उल्लंघनका २९ वटा उजुरीमा राष्ट्रसंघले गरेका सबै आदेशमा पीडकविरुद्ध अनुसन्धान गरी तत्काल अभियोजन गर्न र त्यसको जानकारी आफूलाई दिन नेपाललाई भनिएको छ । तर सरकारले हालसम्म कुनै पीडकविरुद्ध पनि अभियोजन गरेको छैन । राष्ट्रसंघलाई यसबारे रिपोर्टिङ पनि गरिएको छैन ।

राष्ट्रसंघका सदस्य देशभित्रका कानुनी संरचना मानवअधिकार उल्लंघनका घटनालाई सम्बोधन गर्न असफल भए भने जेनेभास्थित राष्ट्रसंघको अर्धन्यायिक निकायमा पीडितलाई उजुरी गर्न सक्ने सुविधा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा छ । अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका ९ मध्ये ७ वटा अभिसन्धिको हस्ताक्षरकर्ता नेपालमा मानवअधिकार उल्लंघनका घटनामा पीडित भएकाहरूले न्याय नपाए सिधै जेनेभामा उजुरी गर्न सक्छन् । यही प्रावधानको उपयोग गर्दै केही वर्षयता राष्ट्रसंघीय अर्धन्यायिक निकायमा सशस्त्र द्वन्द्वका समयमा भएका मानवअधिकार उल्लंघनसँग सम्बन्धित दर्जनौं उजुरी परेका छन् । यी उजुरीमध्ये २९ वटामा फैसला गर्दा राष्ट्रसंघले नेपाललाई दण्डहीनता अन्त्यका लागि तत्काल कदम चाल्न पनि आदेश गरेको छ ।

मानवअधिकार आयोगकी पूर्वआयुक्त मोहना अन्सारीले राष्ट्रसंघको मानवअधिकार समितिले गरेका निर्णय र लेखी पठाएको सिफारिस नेपालले कार्यान्वयन गर्न नसकेको बताइन् । उनका अनुसार यसले दीर्घकालीन रूपमा नेपाललाई गम्भीर तीन असर पार्छ । 'दण्डहीनताको पहिलो असर हो खराब मानवअधिकार अवस्थाका कारण अन्तर्राष्ट्रिय मञ्चहरूमा हुने नेपालको अपमान तथा बेइज्जत,' उनले भनिन्, 'यसले गर्दा अन्तर्राष्ट्रिय अनुदान तथा ऋण सहायतामा नेपालको पहुँच बिस्तारै कम हुँदै जान्छ, यो मानवअधिकारको खराब अभिलेखको दोस्रो असर हो । यसको तेस्रो असरचाहिँ नेपालले राष्ट्रसंघको नेतृत्वदायी पदहरूमा दाबी गर्न सक्दैन र अन्तर्राष्ट्रिय मञ्चहरूबाट नेपाल एक्लो पर्दै जान्छ ।'

नेपालबाट परेका उजुरीहरूमा मानवअधिकारका अन्तर्राष्ट्रिय निकायहरूबाट हुने निर्णय तथा सिफारिसहरूको कार्यान्वयनमा सरकार गम्भीर नभए आउने दिनहरूमा नेपाललाई अन्तर्राष्ट्रिय मञ्चहरूमा जवाफ दिन गाह्रो पर्ने जानकारहरूको विश्लेषण छ । 'राष्ट्रसंघले गरेको निर्णय र पठाएको सिफारिसलाई सम्बोधन गर्ने कुनै संयन्त्रसमेत सरकारसँग छैन,' 'ह्युमन राइट्स तथा जस्टिस सेन्टर' की कार्यकारी निर्देशक सलिना काफ्ले भन्छिन्, 'यसले दण्डहीनतालाई बढाउँछ र जवाफदेही हुनुपर्ने नेपाल सरकारको जिम्मेवारीलाई पूरा हुन बाधा पार्छ ।'

## महानगरको नक्सा...

बुधबारै अपराह्न महानगरको टोलीले कोटेश्वर चोक क्षेत्रमा फुटपाथ मिचेर व्यवसाय गर्नेहरूलाई हटाएको थियो ।

मेयर बालेन्द्रसहितको टोली बिहीबार बिहान शंखमूल क्षेत्रमा थियो, पार्किङका लागि भनेर छुट्याइएको बेसमेन्टमा सञ्चालित बर्गर हाउसलगायत अन्य भवनका पसल हटाउन निर्देशन दिएर उनको टोली अल्फाबिटा कम्प्लेक्स पुग्यो । कम्प्लेक्सका मालिक द्विराज शर्माले मेयर शाहलाई आफूले बनाएका संरचना वैध भएको दाबी गर्दै अवैध भएको प्रमाणित गर्न नक्सा लिएर आउन चुनौती दिए । यसपछि दुईबीच भनाभन भयो । 'तपाईंको घरको नक्सा तपाईंसँग हुन्छ कि मसँग ?' आक्रोशित मेयर शाहको प्रश्न थियो । जवाफमा शर्माले नक्सा र वकिल लिएर छलफलका लागि आफैं महानगर आउने बताएका थिए । तर मेयरले फेरि भने, '३५ दिने सूचना निकालेर सूचना दिँदा तपाईं छलफलमा किन आउनुभएन ? यो संरचना किन हटाउनुभएन ?'

आक्रोशमै महानगर कार्यालय फर्किएका मेयर शाह केही घण्टामै नक्सासहित अल्फाबिटा फर्किए, पछिपछि डोजर थियो । उनी पुग्दा शर्मा भने थिएनन् । उनले नक्सा देखाउँदै अनधिकृत संरचनामा फार्मेसी र डायग्नोस्टिक सेन्टर सञ्चालन रहेको प्रस्ट्याए । महानगरका मेयर, कर्मचारी र सुरक्षाकर्मीले दिएको निर्देशनमा चलेको डोजरले अल्फाबिटाको आँगनका संरचना केही क्षणमै भत्कायो । त्यतिन्जेलसम्म अथाह भीड जम्मा भइसकेको थियो जसले महानगर र मेयरको समर्थनमा ताली बजाउँदै नाराबाजी पनि गर्‍यो ।

यस्ता संरचना अभियानकै रूपमा भत्काउने महानगरले जनाएको छ । महानगरको कदमले भवन मालिकलाई राम्रै सबक सिकाए पनि मर्कामा भने साना व्यवसायी पर्ने भएका छन् । घरधनीले बनाएका संरचना वैध/अवैध भन्ने चासो वा ज्ञानबिना भाडामा लिएर व्यवसाय सञ्चालन गरेका सर्वसाधारण भने दसैंको मुखमा झोली कुटुरा बोक्नुपर्ने अवस्थामा पुगेका छन् । आरबी कम्प्लेक्स परिसरको पार्किङ क्षेत्रमा चस्मा पसल चलाइरहेका महोत्तरी बर्दिबासका मिलन मगरले भने, 'कम्प्लेक्स सञ्चालकलाई ५ लाख रुपैयाँ तिरेर सटर भाडामा लिएको थिएँ । मासिक २२ हजार भाडा पनि तिरिरहेका थिए । तर, बुधबार महानगरको डोजरले पसल भत्काइदियो,' उनले भने, 'साहुले पैसा पनि कमायो, मैले सामानसमेत उठाउन पाइनँ ।'

कतिपय घरधनीले ठूलो मात्रामा अग्रिम भाडा पनि लिएकाले अब यो रकम पनि कसरी उठाउने भन्ने झमेला थपिएको छ । महानगरका मेयर शाहले भने ३५ दिने सूचना दिएर बोलाउँदा पनि कोही पनि छलफलका लागि नआएको भन्दै म्याद नाघेपछि कारबाहीमा उत्रिएको बताएका छन् । नक्सा पासबिनाका त्यस्ता संरचनामा बस्ने भाडावाल व्यवसायीमा पर्न गएको असुविधाप्रति दुःख व्यक्त गर्दै घर मालिकबाटै क्षतिपूर्ति भराउन पनि महानगरले हदैसम्मको पहल गर्ने आश्वासन दिएका छन् ।

पार्किङ गर्नका लागि बनाइएका बेसमेन्टमा पसल तथा रेस्टुरेन्ट सञ्चालन गर्दा ट्राफिक व्यवस्थापनमा समेत ठूलो चुनौती हुँदै आएको छ । सबै भवनको पार्किङलाई प्रयोगमा ल्याउँदा फुटपाथको अव्यवस्थित पार्किङ र जाम केही हदसम्म हट्न सक्ने काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको भनाइ छ । महानगरको अभियानमा ट्राफिक प्रमुख डीआईजी मीरा चौधरी आफैं पनि फिल्डमा पुगेर साथ दिइरहेकी छन् ।

अवैधानिक रूपमा प्रयोग भइरहेको बेसमेन्टको यकिन तथ्यांक भने महानगरसँग छैन । अहिले अनुगमन गरेर त्यस्ता संरचना हटाउने अभियान सुरु भएको महानगरको सहरी तथा भवन विभागका प्रमुख शाक्य बताउँछन् । 'घर भाडामा पनि दिने तर भाडामा बस्नेलाई पार्किङ गर्ने ठाउँ नदिने भन्ने हुन्न,' उनले भने, 'घरबेटीले भाडामा बस्नेलाई पार्किङ गर्ने क्षेत्र, फोहोर फाल्ने ठाउँ सबैको व्यवस्थापन गर्नुपर्छ । चोकचोकमा फाल्न लगाउने होइन ।'

यता काठमाडौं जिल्ला अदालतले पनि सवारीसाधन फुटपाथमा राखेको विषयमा गुनासो बढेपछि महानगरले अदालत भवनकै नक्सा मागेको थियो । महानगरको सहरी तथा भवन विभागका प्रमुख शाक्यले अदालतको नक्सा पासको विवरण प्राप्त भएको बताए । आफ्नो अभिलेखमा अदालतको नक्सा विवरण नभएपछि महानगरले विवरण उपलब्ध गराउन बुधबार पत्र काटेको थियो । अदालत अगाडिको फुटपाथमा एउटा ट्रक र बस दुई वर्षदेखि अव्यवस्थित पार्किङ गरेर राखिएको छ । 'काठमाडौं महानगरपालिका सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५' मा जथाभावी पार्किङ गर्नेलाई पहिलो पटकका लागि १ हजार र दोस्रो पटकदेखि प्रत्येक पटक ५ हजार रुपैयाँ जरिवाना हुने व्यवस्था छ ।

हार्दिक श्रद्धाञ्जली



जन्मः १९९८/११/१९
स्वर्गारोहणः २०७९/०४/२९

स्व. मेदिनी बहादुर बस्नेत

यस इवामुरा कलेज अफ हेल्थ साइन्सका प्रबन्ध निर्देशक तथा डा. इवामुरा मेमोरियल अस्पतालका संचालक श्री हरि बहादुर बस्नेतज्यूका पूजनीय पिता **स्व. मेदिनी बहादुर बस्नेत**को स्वर्गारोहण भएको आज **१३ औं** दिनको पुण्यतिथीमा दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी भगवानसँग प्रार्थना गर्दछौं ।

इवामुरा कलेज अफ हेल्थ साइन्स परिवार
डा. इवामुरा मेमोरियल अस्पताल परिवार
भक्तपुर न.पा.-१, सल्लाघारी, भक्तपुर

हार्दिक श्रद्धाञ्जली



जन्म
जेष्ठ २१, २०२५

मरण
श्रावण ३०, २०७९

स्व. स्मिता घिमिरे

हाम्री आत्मा **स्मिता घिमिरे** अब हामीबीच यस धरतीमा रहिनन् । आजको पुण्यतिथिमा हामी उनीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । उनको अबको बास बैकुण्ठमा र शान्त होस् भन्ने प्रार्थना गर्दछौं । यस अकल्पनीय दुःखको घडीमा हामीप्रति सहानुभूति र समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्त, इष्टमित्र तथा शुभेच्छुकहरूप्रति हामी आभारी छौं ।

ई. नवीन घिमिरे : पति
स्वेता सुबेदीः बहिनी
सुबर्ण सुवेदीः ज्वाइँ
डा. शिलु अर्याल : आमाजु
प्रा.डा. बलराम अर्यालः भिनाजु
डा. समीर-लियाः भानिज-बुहारी

स्तुति घिमिरेः छोरी
श्लोक घिमिरेः छोरा
समीर अर्ज्यालः भाइ
सुविक्षा अर्ज्यालः बुहारी
बानु उपाध्यायः आमाजु
शास्वत-सौर्याः भदाहा-भदै
अनिशाः भान्जी

ई. प्रवीण घिमिरेः देवर
ज्ञानु घिमिरेः देवरानी
शिरीष अर्ज्यालः भाइ
कल्पना अर्ज्यालः बुहारी
प्रविज्ञा-सायनः भतिजी-भतिजा
डा. शिरीष-कविताः भानिज-बुहारी
स्वर्णीमा-सिमरनः छोरीहरू

श्रीपद/सुनिता चौधरी, श्रीधर/इन्दिरा चौधरी र राजनः पारिवारिक सहयोगीहरू तथा सशाङ्क, सौम्य र साक्षी ।

## दसैंलाई ३ हजार...

यता, निजी व्यापारीहरू पनि खसीबोका र च्यांग्रा आयात गर्ने तयारीमा छन् ।

खाद्यले खसीबोकासँगै चामल, दाल, तेल, आँटा, कर्णालीको सिमीलगायत खाद्यान्न छुटमा बिक्री गर्ने जनाएको छ । तर छुट रकम र सहुलियत पसलको स्टलबारे निर्णय भइसकेको छैन । छुटको सन्दर्भमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्णय गरेपछि खाद्यले कार्यान्वयन गर्नेछ । कम्पनीले सातै प्रदेशको डिपोबाट सहुलियत मूल्यमा चामललगायत गेडागुडी उपलब्ध गराउने जनाएको छ ।

त्यस्तै, दुग्ध विकास संस्थान (डीडीसी) ले पनि घिउ, पनिर, मिठाईलगायत उत्पादनमा छुट दिन्छ । अहिले कुनै योजना नभए पनि सरकारको निर्णय कार्यान्वयन गरिने डीडीसीका महाप्रबन्धक सञ्जीव झाले जनाए । 'चाडबाडमा छुट दिने चलन विगतकै हो । दसैं आउन अझै एक महिना बाँकी रहेकाले निर्णय भइसकेको छैन,' उनले भने, 'बैठक बसेर छुट दिनेबारे छलफल र निर्णय गर्छौं ।'

सहुलियत पसलमा साल्ट ट्रेडिङले नुन, चिनी, गेडागुडीलगायत बिक्री गर्छ । चिनीको हकमा भने गोदाम रित्तै छ । चिनीबाहेक नुन, तेल, गेडागुडी, ग्यासमा छुट हुन सक्ने साल्ट ट्रेडिङका सहमहाप्रबन्धक कुमार राजभण्डारीले बताए । 'चाडबाड नजिकिँदै गर्दा सरकारले निर्णय गर्छ, त्यसपछि साल्टले कार्यान्वयन गर्ने हो,' उनले भने । यी कम्पनीले आआफ्नो सेवा केन्द्र (आउटलेट) बाट छुट दिन्छन् । सामान्यतया सहुलियत पसल असोज १ देखि सञ्चालन हुन्छ ।

विगतमा झैं यो वर्षको दसैंतिहारका लागि नेपाल राष्ट्र बैंकले नयाँ नोट वितरण गर्ने भएको छ । ढुकुटीमा नोट पर्याप्त रहेको र नागरिकबाट माग आउने भएकाले नयाँ नोट वितरण गरिने राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग प्रमुख रेवतीप्रसाद नेपालले बताए । 'ठ्याक्कै कुन दिनदेखि बाँड्ने भन्ने निर्णय भइसकेको छैन,' उनले भने, 'भदौ अन्तिम साता वा असोज पहिलो सातादेखि वितरण गर्ने गरी आन्तरिक छलफल भएको छ ।' चालु आर्थिक वर्षभर नै राष्ट्र बैंकले आफ्ना कार्यालय र बैंक तथा वित्तीय संस्थामार्फत नयाँ नोट वितरण गरिरहेको छ । यद्यपि दसैं, तिहार र छठका लागि सर्वसाधारणबाट नयाँ नोटको माग धेरै आउँछ । कोभिडका कारण अघिल्ला वर्ष नयाँ नोट वितरण नगरेको राष्ट्र बैंकले गत वर्ष सर्वसाधारणका लागि नोट वितरण गरेको थियो ।

गत वर्ष असोज ४ देखि बैंक तथा वित्तीय संस्थालाई र दसैंको १५ दिनअघिदेखि सर्वसाधारणलाई नयाँ नोट वितरण गरिएको थियो । गत वर्ष सर्वसाधारणले प्रतिव्यक्ति १८ हजार ५ सय रुपैयाँ बराबर नयाँ नोट सटही सुविधा पाएका थिए । यसमा ५ देखि १ सय रुपैयाँसम्मका एक/एकवटा बन्डल हुन्छन् । यसपालि पनि त्यस्तै सुविधा दिने राष्ट्र बैंकको तयारी छ । बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले २ देखि ५ करोड रुपैयाँसम्म नयाँ नोट दिएको थियो ।

दसैं र तिहारका अवसरमा हरेक वर्ष ६० देखि ७० अर्ब बराबरका नयाँ नोट राष्ट्र बैंकको ढुकुटीबाट बाहिरिँदै आएको छ । यसमध्ये १२ देखि १५ अर्ब रुपैयाँ सर्वसाधारणलाई जान्छ । बाँकी रकम बैंक तथा वित्तीय संस्थाले बैंकिङ प्रयोजनका लागि उपयोग गर्छन् । खासगरी सर्वसाधारणले सयभन्दा साना दरका नोट धेरै साट्छन् । बैंक तथा वित्तीय संस्थाले सयभन्दा माथि (५ सय र हजार) दरका नोट बढी उपयोग गर्दै आएको राष्ट्र बैंकले जनाएको छ । दसैं र तिहारको अवसरमा सामान्य सिक्कासँगै चाँदी र सुनले बनेका सिक्का पनि धेरै बिक्री हुँदै आएको छ । मागअनुसार राष्ट्र बैंकले बर्सेनि वितरण गरिने नयाँ नोटको परिमाण पनि बढाउने गरेको छ ।

वर्गीकृत डिस्प्ले

CTEVT को भर्ना खुल्यो
ल्याव टेक्निसियन (३ वर्ष) (सम्पर्क मात्र)
सिभिल सव-ओभरसियर (18 Months)
भेटेरिनरी जे.टि.ए. (18 Months)
शैक्षिक योग्यताः SLC/SEE मा D र E ग्रेडमा उतिर्ण भएकाहरुले पनि अध्ययन गर्न पाउने
भिक्टोरिया टेक्निकल कलेज
कोटेश्वर, काठमाडौं
फोन ०१-४६००३१६ ९७६५५६४९१७

Housing Project को लागि अनुभवी पार्टनर
रुपन्देही जिल्लाको Lumbini Circuit Road नजिकै र उदयमान सौ. फर्साटिकर बजारबाट ३०० मि. को दुरीमा ८ बिगाहाको जग्गामा आधुनिक हाउजिङ्ग प्रोजेक्ट Partnership मा गर्न इच्छुकहरूले सम्पर्क गर्नु होला ।
मोवाइल : ९८५७०७०९२८
Email : info@safnepal.com

लगानीकर्ता चाहियो
नाफामा सञ्चालन भैरहेको सेकेन्डरी वोर्डिङ स्कुललाई बृहत शैक्षिक विकासमा लैजानलाई लगानीकर्ता चाहियो
- वार्षिक २२% मुनाफा ग्यारेण्टी
- लगानी गर्न सक्ने र शिक्षाप्रेमीले मात्र सम्पर्क गर्नुहोला
९८०८११०१७३

GD Goenka University
New Delhi, India
Admission Open
Masters & Ph.D.
In all major streams.
City Education Foundation
Koteshwor, Kathmandu
01-4602033/9841206019
Email: cityfoundation@gmail.com

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १२८.०० |
| युरो | १२७.०७ |
| पाउन्ड स्टर्लिङ | १५०.७८ |
| अस्ट्रेलियन डलर | ८८.३२ |
| कतारी रियाल | ३४.८२ |

नेपाल राष्ट्र बैंकका आधारमा

सुन रु ९५,८००

चाँदी रु १,१७५

नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय बैठक

# भारतीय कम्पनीमार्फत नेपालको बिजुली बंगलादेश लैजाने सहमति



काठमाडौंमा बिहीबार सम्पन्न नेपाल र बंगलादेशका ऊर्जा सचिवस्तरीय 'जोइन्ट स्टेयरिङ कमिटी बैठक' का सहभागी ।

**कान्तिपुर संवाददाता** (काठमाडौं)

बंगलादेशले नेपालबाट ४० देखि ५० मेगावाटसम्म बिजुली लैजाने भएको छ । काठमाडौंमा बिहीबार सम्पन्न दुई देशका ऊर्जा सचिवस्तरीय 'जोइन्ट स्टेयरिङ कमिटी' (जेएससी) को चौथो बैठकले यस्तो सहमति जुटाएको हो । नेपालको बिजुली बंगलादेश लैजान भारतीय भूमि प्रयोग गर्नुपर्ने भएकाले त्यहाँका सरोकारवाला निकायसँग त्रिपक्षीय छलफल गर्ने विषयमा पनि दुवै देशका अधिकारीहरू सहमत भएका छन् ।

'बंगलादेशले विद्यमान संरचनाबाट ४० देखि ५० मेगावाटसम्म बिजुली लैजान सकिने भनेको छ,' ऊर्जा सचिव सुशीलचन्द्र तिवारीले भने, 'बंगलादेशले अहिले भारतबाट बिजुली किनिरहेकामा त्यही प्रणालीबाट जाने गरी नेपालको बिजली मागेको हो । यद्यपि यसका लागि पनि त्रिपक्षीय समझदारी आवश्यक छ ।' भारतले अन्तरदेशीय विद्युत् व्यापारका लागि एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) लाई अधिकार दिएको छ । नेपाल र भारत तथा भारत र बंगलादेशबीच अहिले भइरहेको विद्युत् व्यापारमा एनभीभीएनले मध्यस्थकर्ताका रुपमा काम गरिरहेको छ । यसकारण नेपाल-बंगलादेशबीचको विद्युत् व्यापारमा पनि एनभीभीएनको भूमिका खोजिएको हो । बंगलादेशसँग विद्युत् व्यापारका लागि नेपालले भारतको प्रसारणलाइन प्रयोग गर्नुपर्छ । भारतीय प्रसारणलाइन प्रयोग गरेर नेपालको बिजुली सोझै बंगलादेश जाने भने होइन ।

नेपालले एनभीभीएनलाई उपलब्ध गराउने र सोही परिमाण बराबरको बिजुली एनभीभीएनले बंगलादेशलाई दिने गरी त्रिपक्षीय सम्झौता आवश्यक पर्छ । यस्तो सम्झौता गर्न बिहीबारको बैठकपछि नेपाल र बंगलादेशका अधिकारी सहमत भएका छन् । भारतीय प्रसारण प्रणाली प्रयोग गरेर मात्रै नेपालको बिजुली बंगलादेश पुग्न सक्ने भएकाले एनभीभीएनसँग छलफल अघि बढाउन लागिएको हो । यद्यपि विगतदेखि नै यस्तो त्रिपक्षीय छलफलका लागि पहल हुँदै आएको छ । तर हालसम्म पनि ऊर्जा क्षेत्रमा सहकार्यका लागि नेपाल-भारत-बंगलादेशबीच त्रिपक्षीय बैठक बस्न सकेको छैन । सुनकोसी-३ जलविद्युत् आयोजना विकासका लागि संयुक्त लगानी गर्नेबारे दुवै पक्ष प्रारम्भिक रुपमा सहमत भएको पनि ऊर्जा सचिव तिवारीले बताए । जेएससीको तेस्रो बैठकबाट नेपालका दुई जलविद्युत् आयोजना सुनकोसी-३ र खिम्ती-शिवालयमा संयुक्त लगानी खोज्ने विषयमा पनि दुवै पक्ष सहमत भएका थिए । त्यसयता बंगलादेशी टोलीले दुई पटक सुनकोसी-३ आयोजनाको स्थलगत अवलोकन गरिसकेको छ । यो आयोजनालाई नेपाल विद्युत् प्राधिकरण र पावर ग्रिड कम्पनी अफ् बंगलादेश (पीजीसीबी)को संयुक्त उपक्रम (जोइन्ट भेन्चर) मा लगानी कम्पनी खोलेर निर्माण गरिनेछ । बंगलादेशले चासो राखेको अर्को खिम्ती-शिवालय जलाशययुक्त जलविद्युत्

- बंगलादेशले नेपालबाट यसै वर्ष ५० मेगावाट बिजुली लैजाने
- सुनकोसी-३ मा संयुक्त लगानी खोजिने
- जीएमआरसँगको विद्युत् खरिद-बिक्री सम्झौता चाँडै टुंग्याइने


आयोजनाको सम्भाव्यता अध्ययन भइरहेको छ । यो आयोजनाको सम्भाव्यता अध्ययन २०२३ डिसेम्बर सम्ममा सकिसक्ने जानकारी नेपालले बंगलादेशलाई गराएको छ ।

माथिल्लो कर्णाली जलविद्युत् आयोजनामा वित्तीय व्यवस्थापनका लागि थप २ वर्ष समय पाएको भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जीएमआर) सँग अबको एक/दुई महिनाभित्रै विद्युत् बिक्री सम्झौता (पीएसए) गरिसक्ने प्रतिबद्धता पनि बंगलादेशको छ । माथिल्लो कर्णालीको लाइसेन्स पाएको जीएमआरले हालसम्म पनि वित्तीय व्यवस्थापन गर्न सकेको छैन । बंगलादेशमा ५ सय मेगावाट बिजुली बेच्ने बताउँदै आएको जीएमआर सक्दो चाँडो पीएसए गरेर लगानी जुटाउने बाटो खोजिरहेको छ । बैठकले दुई देशबीच दीर्घकालीन रुपमा ऊर्जा व्यापारको सम्भावना, व्यापारको ढाँचा, नियम र सर्त, प्रसारण प्रणाली, नियमनकारी निकायको भूमिकालगायत विषयमा छलफल गरेको जनाइएको छ । नवीकरण ऊर्जाका क्षेत्रमा सहकार्य गर्न नेपालको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र बंगलादेशको सस्टेनेबल एन्ड रिन्युएबल इनर्जी डेभलपमेन्ट अथोरिटी (स्रेडा) बीच सम्झौता गर्न एक महिनाभित्र मस्यौदा तयार पार्ने विषयमा पनि दुवै देशका अधिकारी सहमत भएका छन् ।

नेपालको जलविद्युत्का लागि बंगलादेश सम्भावित ठूलो बजार हो । ०७१ मंसिरमा काठमाडौंमा आयोजित १८औं सार्क सम्मेलनका क्रममा बंगलादेशले क्षेत्रीय रूपमा विद्युत् व्यापार तथा सहकार्यका लागि पहिलोपटक प्रस्ताव राखेको थियो । उक्त प्रस्तावपछि 'सार्क फ्रेमवर्क एग्रिमेन्ट फर इनर्जी को-अपरेसन' को अवधारणाअनुसार बंगलादेशले नेपाललगायत छिमेकी मुलुकहरूसँग ऊर्जा क्षेत्रमा सहकार्य गरिरहेको छ । त्यसयता ०७५ साउनमा ढाँकामा आयोजना भएको 'दक्षिण एसिया आर्थिक सम्मेलन' का क्रममा नेपाल र बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नका लागि प्रारम्भिक सम्झौता भएको थियो ।

सन् २०१८ अगस्टमा तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र बंगलादेशका विद्युत्, ऊर्जा तथा खनिज राज्यमन्त्री नसरुल हमिदबीच ऊर्जा क्षेत्रमा द्विपक्षीय सहकार्यका औपचारिक सम्झौता भएको थियो । उक्त सम्झौतापछि दुई देशका ऊर्जा सचिवस्तरीय संयुक्त कार्यकारिणी समिति र सहसचिवस्तरीय संयुक्त प्राविधिक कार्यदल गठन भएको थियो । गत वर्ष भदौ २९ मा बसेको जेएससीको तेस्रो बैठकले विद्युत् व्यापार तथा आदान-प्रदानका लागि डेडिकेटेड प्रसारणलाइन बनाउन सहमति गरेको थियो । दीर्घकालीन रूपमा विद्युत् व्यापार गर्न डेडिकेटेड प्रसारण लाइन निर्माण गर्ने र त्यसका लागि भारतसमेतलाई राखेर त्रिपक्षीय रूपमा छलफल गर्ने सहमतिसमेत उक्त बैठकबाट भएको थियो । तर हालसम्म पनि नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय बैठक बस्न सकेको छैन ।

# राष्ट्र बैंकले माग्यो मुद्दती निक्षेपमा ब्याजदरको विवरण




**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूसँग संस्थागत मुद्दती निक्षेपमा प्रदान गरेको ब्याजदरको पूर्ण विवरण मागेको छ । राष्ट्र बैंक सुपरिवेक्षण विभागले बुधबार बैंकहरूलाई पत्राचार गर्दै तीन दिनभित्र तोकिएको विवरण पठाउन भनेको स्रोतले बताएको छ । 'यही भदौ १ देखि ७ सम्म संस्थागत मुद्दती निक्षेपमा प्रदान गरेको ब्याजदरको विवरण पठाउन भनेका छौं,' स्रोतले भन्यो, 'राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरूले संस्थागत निक्षेपको ब्याजदर घटाए/घटाएनन् भन्नकै लागि उक्त विवरण माग गरिएको हो ।'

चालु आर्थिक वर्षको एकीकृत निर्देशिनकामार्फत बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरेको ब्याजदरभन्दा २ प्रतिशत विन्दु कम ब्याजदर मात्र संस्थागत मुद्दती निक्षेपकर्तालाई प्रदान गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । 'संस्थागत मुद्दती निक्षेप (बोलकबोलसमेत) मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दती निक्षेपमा प्रदान गरिने अधिकतम ब्याजदरभन्दा कम्तीमा २ प्रतिशत विन्दुले कम हुनुपर्नेछ,' राष्ट्र बैंकको एकीकृत निर्देशिकामा भनिएको छ । उल्लिखित व्यवस्था पालना भए/नभएको सम्बन्धमा जानकारी लिन बैंकहरूसँग संस्थागत मुद्दती निक्षेपको ब्याजदरबारे विवरण मागिएको राष्ट्र बैंक स्रोतले बताएको छ ।

पछिल्ला दिनमा केही बैंकहरूबीच निक्षेपको ब्याजदरमा प्रतिस्पर्धा देखिएको छ । वाणिज्य बैंकहरूको छाता संगठन नेपाल बैंकर्स संघले भदौमा पनि निक्षेपको ब्याजदर नबढाउने तर राष्ट्र बैंकको निर्देशनअनुसार संस्थागत मुद्दती निक्षेपको ब्याजदर घटाउने सहमति गरेको थियो । तर केही बैंकले संघको सहमतिविपरीत रेमिट्यान्स खातामा १३.०३ प्रतिशतसम्म ब्याजदर दिएको भेटिएको छ । राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले व्यक्तिगत मुद्दती निक्षेपको तुलनामा रेमिट्यान्स खातामा न्यूनतम १

> केही बैंकले निक्षेपमा १३.०३ प्रतिशत ब्याजदर दिएर अरू बैंक तथा वित्तीय संस्थाको निक्षेप खोस्न थालेको आशंका

प्रतिशत विन्दु बढी ब्याजदर दिन पाउँछन् । सोहीअनुसार बैंकर्स संघले भदौका लागि वाणिज्य बैंकहरूले एकवर्षे व्यक्तिगत मुद्दती निक्षेपमा ११.०३ प्रतिशत, एकवर्षे संस्थागत मुद्दती निक्षेपमा ९.०३ प्रतिशत र रेमिट्यान्स खातामा १२.०३ प्रतिशत ब्याजदर प्रदान गर्ने सहमति गरेका थिए । बैंकहरूले भदौका लागि ब्याजदर सूची पनि प्रकाशन गरेका थिए ।

पछिल्ला दिनमा केही बैंकले निक्षेपमा १३.०३ प्रतिशत ब्याजदर दिएर अरू बैंक तथा वित्तीय संस्थाको निक्षेप खोस्न थालेपछि यस विषयले चर्चा पाएको हो । सहमतिविपरीत धेरै ब्याज दिएर आफूहरूको निक्षेप खोसेको प्रमाणसहितको उजुरी बैंकर्स संघमा पनि परेको छ । सोही उजुरीका आधारमा ती बैंकलाई ब्याजदर घटाउन आग्रह गरिएको र उक्त उजुरी राष्ट्र बैंकसमक्ष पनि पुऱ्याइएको स्रोतले बताएको छ । तर रेमिट्यान्समा धेरै ब्याजदर दिने बैंकहरूले राष्ट्र बैंकले न्यूनतम एक प्रतिशत भनेकाले त्योभन्दा बढी ब्याज दिन पाइने दाबी गर्दै आएका छन् । यद्यपि तरलता समस्या समाधान नभएको र वित्तीय प्रणालीबाट निक्षेप घट्न थालेपछि बैंक तथा वित्तीय संस्थाहरू जसरी भए पनि निक्षेप बढाउने ध्याउन्नमा लागेको जानकारहरू बताउँछन् ।

पछिल्ला चार महिनायता बैंक तथा वित्तीय संस्थाले निक्षेपको ब्याजदर स्थिर राखेका छन्, जसअनुसार भदौका लागि वाणिज्य बैंकहरूले एकवर्षे मुद्दती निक्षेपमा अधिकत ११.०३ प्रतिशत ब्याजदर प्रकाशत गरेका छन् । एक वर्षे संस्थागत मुद्दती निक्षेपको ब्याजदर ९.०३ प्रतिशत र साधारण बचतको ६.०३ प्रतिशत कायम भएको छ । तर साउनदेखि नै कर्जाको ब्याजदर भने बढेको छ । बैंकहरूले निक्षेपको ब्याजदर नबढाए पनि राष्ट्र बैंकले नीतिगत दरहरू बढाएकाले बैंकहरूको लागत बढ्को र त्यसले आधार दर बढाएको छ । आधार दर बढेका अनुपातमा बैंकहरूले कर्जाको ब्याजदर पनि बढाएका हुन् ।

# औद्योगिक ग्राम घोषणा मात्र, प्रगति न्यून

## तीन वर्षमा १०५ वटा घोषणा, यस वर्ष थप ३० वटा थप्ने तयारी, १ अर्ब लगानी भइसकेको औद्योगिक ग्रामको कार्य प्रगतिबारे मन्त्रालय नै अनभिज्ञ

**सीमा तामाङ** (काठमाडौं)

- सरकारले आर्थिक वर्ष ०७६/७७ मा घोषणा गरेको दोलखास्थित भीमेश्वर नगरपालिका-७ को औद्योगिक ग्राम अझै निर्माणाधीन छ । ग्रामका लागि जग्गा खरिद गरी भवन बन्दै गरेको नगरपालिका-७ का वडाध्यक्ष विनोद लामाले बताए । 'वाइन फ्याक्ट्री निर्माणका लागि टेन्डर आह्वान गरिएको थियो, कोही पनि आएनन्,' उनले भने, 'अन्य भवन र कम्पाउन्ड बन्दै छ ।'
- ०७६ असोजमा सरकारले घोषणा गरेको रूपन्देहीस्थित तिलोत्तमा नगरपालिका-१० को औद्योगिक ग्राम निर्माणाधीन छ । घोषणा गरेको झन्डै एक वर्षपछि ०७७ भदौमा तत्कालीन नगर प्रमुख वासुदेव घिमिरे र उपप्रमुख जगेश्वरदेवी चौधरीले औद्योगिक ग्रामको शिलान्यास गरेका थिए । १९ बिघा क्षेत्रफलमा फैलिएको औद्योगिक ग्रामको काम भइरहेको तिलोत्तमा-१० का वडाध्यक्ष व्याम मुन थारूले बताए । 'अहिले कम्पाउन्ड वालको काम चलिरहेको छ । ग्रामको गेटसम्म पुग्ने बाटो कालोपत्र भइसक्यो, त्यसलाई जोड्ने पुल पनि बन्यो,' उनले भने, 'ग्रामको गेट पनि तयार भइसक्यो, पानी परेकाले काम अलि ढिलो भएको छ, तर धेरै काम बाँकी छ ।' औद्योगिक ग्रामको काम सकिन अझै ३/४ वर्ष लाग्नेछ । औद्योगिक ग्राममा विद्युत् प्रसारण लाइन, भूमिगत र सतही ढल, औद्योगिक फोहोर व्यवस्थापन र फोहोर पानी प्रशोधन संयन्त्र, प्रशासनिक भवन, बैंक तथा वित्तीय संस्थालगायतका पूर्वाधार, प्रदर्शनी र बिक्री कक्ष, चमेनागृह, पार्किङलगायत संरचना बनाइने योजना रहेको उनले जानकारी दिए ।
- सरकारले ०७६ असोजमै घोषणा गरेको धरान उपमहानगरपालिका-६ को औद्योगिक ग्रामको काम सुरु हुन सकेको छैन । अघिल्लो कार्यकालमा औद्योगिक ग्राम बन्ने भनिए पनि अहिलेसम्म सुरु भइनसकेको वडाध्यक्ष भुपेन्द्र भट्टराईले बताए । 'अघिल्लो कार्यकालमा बन्ने भन्ने रहेछ, बजेट पनि छ, तर काम केही भएको छैन,' उनले भने ।
- गत वर्ष (०७८) जेठमा घोषणा भएको अछामस्थित मेल्लेख गाउँपालिका-७ को औद्योगिक ग्राम आगामी असारसम्म सञ्चालनमा ल्याउने तयारी भइरहेको छ । ग्रामभित्र ४ वटा भवन र शौचालय बनिसकेको र २ वटा कोल्डस्टोर भवन निर्माणाधीन रहेको मेल्लेख-७ का वडाध्यक्ष प्रेमबहादुर महरले जनाए । 'औद्योगिक ग्राम निर्माणाधीन छ, डेढ करोड जति बजेटको काम हुँदै छ,' उनले भने, 'कपडा सिलाइकटाइ सञ्चालनमा आइसक्यो ।' संघ, प्रदेश, पालिका तथा विभिन्न संघसस्थाको सहयोगमा औद्योगिक ग्राम निर्माण गरी सुदूरपश्चिमकै उत्कृष्ट बनाउने तयारी भइरहेको समेत उनको दाबी छ । किसानबाट टिमुर, कोदो, जौलगायत खाद्यान्न संकलन गरी त्यसको प्याकेजिङ र ब्रान्डिङ गरेर धनगढीको भाटभटेनीलगायत काठमाडौंमा समेत पुऱ्याउने लक्ष्य रहेको उनको भनाइ छ ।



दोलखा र रुपन्देही जस्तै सरकारले गएको ३ वर्षमा सातै प्रदेशका १०५ वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरिसकेको छ । 'एक स्थानीय तह : एक औद्योगिक ग्राम' को नीतिअनुसार सरकारले मापदण्ड पुऱ्याएका स्थानीय तहको औद्योगिक ग्राम घोषणा गरेर बजेट पठाए पनि त्यसकौ भौतिक प्रगतिबारे उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अनभिज्ञ छ । मन्त्रालयका अनुसार आर्थिक वर्ष ०७६/७७ मा ४५, ०७७/०७८ मा ४० र ०७८/०७९ मा २१ औद्योगिक ग्राम घोषणा गरिएको हो । तीन वर्षमा घोषित औद्योगिक ग्रामको सूचना भने सरकारले भदौ २ गते राजपत्रमा प्रकाशन गरेको छ । महालेखापरीक्षकको ५८ औं प्रतिवेदनले औद्योगिक ग्रामको कार्यविधिअनुसार घोषणा सम्बन्धमा राजपत्रमा सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था भए पनि नगरेको पाइएको उल्लेख गरेको थियो । प्रतिवेदनले कार्यविधिअनुसार राजपत्रमा प्रकाशन गर्नुपर्ने औंल्याएको थियो । त्यसकारण सरकारले भदौ २ मा एकै पटक औद्योगिक ग्राम घोषणाका सूचना राजपत्रमा प्रकाशन गरेको छ । मुगु राराको औद्योगिक ग्राम भने सरकारले निर्णय गरेर पनि खारेज भइसकेकाले राजपत्रमा प्रकाशन नगरिएको मन्त्रालयले जनाएको छ ।

सरकारले आर्थिक वर्ष ०७५/७६ कै बजेटमार्फत हरेक प्रदेशमा कम्तीमा पनि २० वटा औद्योगिक ग्राम बनाउने बताएको थियो । सोही अवधिमा औद्योगिक ग्राम घोषणा तथा सञ्चालनसम्बन्धी कार्यविधि, ०७५ समेत निर्माण गरेको थियो, जुन कार्यविधि ०७७ माघमा संशोधनसमेत भइसकेको छ । आर्थिक वर्ष ०७५/०७६ को बजेट वक्तव्यमा भनिएको छ, 'आगामी तीन वर्षभित्र स्थानीय तहमा निजी क्षेत्रको समेत सहभागितामा उद्योग ग्राम स्थापना गरिनेछ, आगामी आर्थिक वर्ष प्रत्येक प्रदेशमा न्यूनतम २० उद्योग ग्रामको पूर्वाधार विकासका लागि २८ करोड बजेट विनियोजन गरेको छ ।' तर तीन वर्षमा ७५३ वटा पालिकामध्ये १०५ वटामा मात्रै औद्योगिक ग्राम घोषणा भएको छ ।

घोषणा भएका औद्योगिक ग्रामसमेत कुनै निर्माणाधीन छ भने कुनै अन्योलमै छन् । संघ, प्रदेश र स्थानीय तहको सहभागितामा औद्योगिक ग्राम बन्दै छन् । स्थानीय तहले औद्योगिक ग्रामको डीपीआर निर्माण गरिसकेपछि भौतिक पूर्वाधार बनाउन मात्रै संघीय सरकारले रकम दिने जनाएको छ । केन्द्र सरकारले प्रत्येक स्थानीय तहलाई पहिलो किस्ताबापत ९२ लाख रुपैयाँ बजेट दिने गरेको उद्योग मन्त्रालयले बताएको छ । मापदण्डअनुसार औद्योगिक ग्रामको कुल निर्माण लागतको ४० प्रतिशत वा तीन करोडमध्ये जुन कम हुन्छ, उक्त रकम मन्त्रालयले स्थानीय तहलाई दिनेछ ।

औद्योगिक ग्रामको काम स्थानीय तहले गर्ने मन्त्रालयकी सहसचिव चन्द्रकला पौडेलले बताइन् । 'अहिले स्थानीय तहले काम गर्ने हो, नयाँ जनप्रतिनिधिहरूले डकुमेन्ट पठाउँदै हुनुहुन्छ,' उनले भनिन्, 'बहुवर्षे कार्यक्रम हो, यस वर्ष पनि थप ३० वटा औद्योगिक ग्राम घोषणा गर्ने तयारी छ ।' औद्योगिक ग्राम निर्माणका लागि संघीय सरकारबाट विगत तीन वर्षमा १ अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको मन्त्रालयले जनाएको छ ।

बाँकी पृष्ठ १० ▶▶

KANTIPUR PUBLICATIONS LIMITED

KMG KANTIPUR MEDIA GROUP

**JOIN OUR TEAM**

**Kantipur Media Group** Kantipur Media Group is the Country's first and leading private media group. With the mission of enhancing Nepalese people's right to right information, KMG is committed to propagating responsible journalism, offering value to our subscribers and providing an effective platform for advertisers. Kantipur Publications, Radio Kantipur & Kantipur Television the main brands under KMG's umbrella.

We are looking for a dynamic, competent, self-driven, result-oriented and experienced candidate for our vacant position.

**POSITION: CUSTOMER SERVICE - 3**

**SUMMARY**

Customer Service Manager will be responsible for overseeing the customer service department and ensuring the company delivers the highest level of customer service possible. He/she trains, coaches and supervises agents. The goal is to keep the department running in an efficient manner, to increase customer satisfaction, loyalty and retention and to meet their expectations from Kantipur Media Group.

**The Role**

- Develop and implement Improve customer service experience
- Take ownership of customer's issues and follow problems through to resolution.
- Set a clear mission and deploy strategies to achieve that mission.
- Develop service procedures, policies and standards.
- Keep accurate records and document customer service actions and discussions.
- Analyze statistics and compile accurate reports and report accordingly.
- Recruit, mentor and develop customer service agents and nurture an environment where they can excel through encouragement.
- Handle major incidents that cannot be resolved by agents.
- Train agents on how to adequately address problem over the phone or how to write correspondence.

**Job Requirements**

- Strong client-facing and communication skills.
- Advanced troubleshooting and multi-tasking skills.
- Excellent knowledge of management methods and techniques.
- Bachelor's degree in any field..
- Proficiency in English and Nepali Language.
- Working knowledge of customer service software, databases and tools.
- Proven working experience in the related field will be an added advantage.

**To Apply:**

Interested Nepali Citizens having met the above requirements are requested to submit their application along with a cover letter and updated CV at **hrd@kmg.com.np** no later than 17:00 hours, **9th Sepetember, 2022.**

# पूर्वाधार सम्मेलनमा भारतीय मन्त्री आउँदै



काठमाडौं (कास)- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल उद्योग परिसंघले यही भदौ २३ र २४ मा आयोजना गर्ने पूर्वाधार सम्मेलनमा सहभागी हुन भारत सरकारको सडक यातायात, राजमार्ग तथा नागरिक उड्डयन राज्यमन्त्री जनरल विजयकुमार सिंह आउने भएका छन् ।

परिसंघले सिंहलाई गेस्ट अफ अनरका रूपमा सहभागी हुन परिसंघ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले समेत औपचारिक निमन्त्रणा गरिसकेका छन् । परिसंघका तर्फबाट अध्यक्ष विष्णुकुमार अग्रवालले बिहीबार नयाँ दिल्लीस्थित मन्त्रालयमा राज्यमन्त्री सिंहलाई भेटेर निमन्त्रणा दिएका हुन् । मन्त्रालयले यसअघि नै निमन्त्रणा पठाएको थियो । सम्मेलनमा २५ भन्दा बढी देशबाट कम्तीमा एक हजार जनाको सहभागिता रहने परिसंघले बिहीबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । 'यसै परिप्रेक्ष्यमा भारतले पूर्वाधार विकासको क्षेत्रमा हासिल गरेको सफलताले नेपाली नीति निर्माता तथा उद्यमीलाई नयाँ शिराबाट सोच्न प्रेरित गर्ने अपेक्षा गरेका छौं,' विज्ञप्तिमा भनिएको छ, 'भारतीय पूर्वाधार विकासको अभियानमा एक नेतृत्वकर्ताका रूपमा रहेका राज्यमन्त्री सिंहको उपस्थितिले नेपाललाई अत्यावश्यक पूर्वाधार विकासका लागि घचघच्याउने विश्वास लिएका छौं । नेपाल भूपरिवेष्टित मुलुक भएकाले भारतीय पूर्वाधारसँगको सम्पर्क अपरिहार्य रहेको सन्दर्भमा पूर्वाधारमा भारतले हासिल गरेको सफलतालाई सहजै नेपालमा अनुसरण गर्न सकिन्छ ।'


## पूर्वाञ्चल विश्वविद्यालय
### व्यवस्थापन संकाय
### डीनको कार्यालय, विराटनगर ।

**स्नातक/स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरुमा विद्यार्थी भर्ना सम्बन्धी सूचना**

**सूचना प्रकाशित मितिः २०७९/०५/१०**

पूर्वाञ्चल विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गत सेमेष्टर/वार्षिक प्रणाली बमोजिम सञ्चालित स्नातक/स्नातकोत्तर तहका BBA/BHM/BFDM/BTTS/BHCM/BBS/MBA/EMBA/MTS/MHHM/MPA शैक्षिक कार्यक्रमहरुको प्रथम सेमेष्टर/वर्षमा शैक्षिक सत्र २०७९/८० का लागि नयाँ विद्यार्थी भर्ना खुल्ला गरिएको हुँदा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विद्यार्थी भर्ना सम्बन्धि विस्तृत जानकारीका लागि यस संकाय अन्तर्गतका आंगिक एवं सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरुमा सम्पर्क गर्न सकिनेछ । साथै छात्रबृति सम्बन्धि विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ ।

**डीन**
**व्यवस्थापन संकाय**
**फोनः ०२१-५९०४२३**



**IFRC**
Country Delegation Nepal, Red Cross Marg, Tahachal, Kathmandu. Phone 5385843, 5386100

## CALL FOR EXPRESSION OF INTEREST (EOI)

**"Environmental Country Profile to Inform Shelter and Settlements Programming for Nepal Shelter Cluster"**

**The International Federation of Red Cross and Red Crescent Societies (IFRC) is the world's largest humanitarian organization providing assistance without discrimination as to nationality,race, religious belief, class or political opinion. The IFRC's role is to support the Nepal Red Cross Society (NRCS) in delivering humanitarian services. More information on the organization and its activities, can be obtained from www.ifrc.org**

IFRC is looking for consultancy service to develop the Environmental Country Profile of Nepal to inform environmentally sustainable shelter and settlements programming.

The detailed Terms of Reference (ToR) can be accessed at:
**http://www.jobsnepal.com/employer/international-federation-of-red-cross-and-red-crescent-societies-ifrc/8923**

**Interested applicant should submit their expression of interest to Ms Aliza Baidya at aliza.baidya@ifrc.org, latest by 09 September 2022.**

***The IFRC reserves the right to accept or reject any or all the offers without assigning any reason whatsoever and is not bound to accept the lowest bid.***



## PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

The UNDP Nepal is soliciting proposals from interested firms/companies/organizations to provide the following services:

**Reference No.**: Request for Proposal – **UNDP/RFP/22/2022**
**Project/Agency**: Value Chain Development of Fruit and Vegetables in Nepal (VCDP)
**Purpose:** Final Evaluation of Value Chain Development of Fruit and Vegetables in Nepal Project (VCDP)
**Deadline for bid submission: 12 September 2022, 5:00 PM Nepal Time**
**Weblink:** ***https://www.undp.org/nepal/procurement***

**Who can apply:** National/International firms/organizations/companies
**How to apply**: As per the instructions in the detailed bidding document.



## हुलाकी राजमार्ग निर्देशनालय
### ठेक्का किन नतोड्ने सम्बन्धमा

सूचना प्रकाशित मिति : २०७९/०५/१०

प्रस्तुत बिषयमा यस हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, नेपालगंज अन्तर्गत तपसिलका निर्माण व्यवसायीले तपसिलका ठेक्काको निर्माण कार्यको सम्बन्धमा नि.व्य. बाट बिभिन्न समयमा पेश गरेका संसोधित कार्यतालिका तथा समयमै निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धता अनुसार निर्माण कार्य समयमै सम्पन्न गर्न योजना कार्यालयबाट पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत हालसम्म निर्माण व्यवसायीबाट समयमै निर्माण कार्य सकिने गरि निर्माण कार्य सुचारु नगरेको तथा निर्माण कार्यको प्रगति समेत सन्तोषजनक नभएको हुँदा **GCC Clause no. 72.1** बमोजिम ठेक्का **Termination** किन नगर्ने ? ठेक्का **Termination** नगर्नु पर्ने कुनै कारण भए यो सूचना प्रकाशित मितिले सात दिन (७) भित्र ठेक्का किन नतोड्ने सम्बन्धि स्पष्ट जावफ सहित नि.व्य. स्वयम् उपस्थित भई यस निर्देशनालयमा जवाफ पेश गर्नुहुन अनुरोध छ, अन्यथा ठेक्का सम्झौताको शर्त बमोजिम कारवाही भइ जाने व्यहोरासमेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.स. | योजनाको नाम | ठेक्का नं. | नि.व्य. को नाम | कैफियत |
|---|---|---|---|---|
| १ | हुलाकी राजमार्ग, योजना कार्यालय, नेपालगंज | HRP/337011284/077-78/UC-002 (Upgrading of Khairichandpur Mangalpur Chowk Dekhi Uttar Manaupashupatinagar Gola Okhariya Bandh Sadak, Bardiya) | श्रीकान्छाराम/ राजेन्द्र जे.भि. धनगढी-४ कैलाली | |

**आयोजना निर्देशक**


## अर्थ संक्षेप

### बजारमा साओमी १२ लाइट




काठमाडौं (कास)- नेपाली बजारमा साओमीले अल्ट्रा स्लिमयुक्त फोन साओमी-१२ लाइट ल्याएको छ । यस फोनबाट उपभोक्ताले फ्ल्यागसिप पर्फमेन्सको अनुभव लिन सक्ने साओमीका कन्ट्री जनरल म्यानेजर अमित पण्डाले बताए । फोनमा १०८ एमपीको मेन क्यामरा, ८ एमपीको अल्ट्रा वाइड एङ्गल क्यामरा र २ एमपीको म्याक्रो क्यामरा छ । अगाडि भएको ३२ एमपीको क्यामरामा जडित जीडीटू सेन्सर र अटो फोकसले स्पष्ट तथा उच्च गुणस्तरीय सेल्फी खिच्न सकिन्छ । ७.२९ एमएमको मोटाइ र १७३ ग्राम तौल रहेको फोन हरियो, गुलाबी र कालो रङमा उपलब्ध छ । यसमा भएको ४३०० एमएएच पावरको ब्याट्री ६७ वाटको टर्बो चार्जिङबाट १३ मिनेटमै ५० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ । ६.५५ इन्चको एमोलेड डिस्प्ले राखिएको छ । ६/१२८ जीबी तथा ८/१२८ जीबी स्टोरेजसहित आउने साओमी १२ लाइटको मूल्य क्रमशः ५० हजार ९ सय ९९ र ५३ हजार ९ सय ९९ रुपैयाँ तोकिएको छ ।

### गोदरेजको 'क्यास सरप्राइज'




काठमाडौं (कास)- गोदरेजले आगामी दसैं-तिहारलाई लक्ष्य गरी 'क्यास सरप्राइज' योजना सार्वजनिक गरेको छ । यस योजनाअन्तर्गत ग्राहकले गोदरेजको होम एप्लायन्सहरूको खरिदमा आकर्षक क्यासब्याक र उपहार पाउन सक्ने कम्पनीले जनाएको छ । ग्राहकले यो योजना देशभर सीमित अवधिका लागि रहेको कम्पनीले बताएको छ । ग्राहकले हरेक गोदरेज सामान खरिदमा अधिकतम २६ प्रतिशतसम्म छुट र आकर्षक उपहार पाउनेछन् । फ्रन्ट लोड वासिङ मेसिन किन्दा छुटका साथै ६ केजी वासिङ पाउडर र टप लोड वासिङ मेसिन खरिदमा आकर्षक छुटका साथै ३ केजी वासिङ पाउडर पाउने कम्पनीको भनाइ छ । सेमी अटोमेटिक वासिङ मेसिन किन्दा २ केजी वासिङ पाउडर दिइने कम्पनीले जनाएको छ । माइक्रोवेभ ओभन, रेफ्रिजेरेटर, एयर कुलर, छोटुकुल, चेस्ट फ्रिजर, एसी र भाइरोसिल्डको खरिदमा पनि आकर्षक छुट पाउन सक्ने कम्पनीले जनाएको छ ।

### चाडपर्वमा एलजीको छुट र उपहार




काठमाडौं (कास)- एलजीले दसैं-तिहारलाई लक्ष्य गर्दै छुट र उपहार योजना ल्याएको छ । कम्पनीले 'चाडपर्वको समय उपहार र नगदमय' नामक योजना सार्वजनिक गरेको हो । घरायसी र विद्युतीय सामग्रीमा नगद छुट तथा पक्का उपहार दिने एलजीको आधिकारिक वितरक सीजी इलेक्ट्रोनिक्सले जनाएको छ । कम्पनीका अनुसार टीभी, साउन्डबार र होम अडियोको खरिदमा ग्राहकले छुट पाउनेछन् । साइडबाई साइड फ्रेन्च डोर रेफ्रिजेरेटर, इलेक्ट्रिक कुकर वा ओभन, डबल डोर रेफ्रिजेरेटरको खरिदमा ग्यास स्टोभ वा ह्यान्ड ब्लेन्डर र सिंगलडोर रेफ्रिजेरेटरको खरिदमा नगद छुट पाउने सीजीले बताएको छ । कम्पनीका अनुसार एलजी डिसवासर खरिदमा ग्राहकले डिसवासर किट, माइक्रोवेभ ओभन खरिद गर्दा किट र भ्याकुम क्लिनरको खरिदमा छुट पाउनेछन् । वासिङ मेसिन फ्रन्ट लोड ९९ केजीमाथि वासर ड्रायरको खरिदमा इन्डक्सन कुकर वा फ्यान हिटर, वासिङ मेसिन फ्रन्ट लोड (८ केजीसम्म) को खरिदमा ६ केजीको एरियल म्याटिक डिटरजेन्ट र वासिङ मेसिन टप लोडको खरिदमा फ्री ड्राइ आइरन ग्राहकले पाउनेछन् । स्प्लिट रेसिडेन्सियल एयर कन्डिसनर र फ्लोर स्ट्यान्डिङ क्यासेट एयर कन्डिसनरको खरिदमा ग्राहकले ४ हजारको सेवा पाउने कम्पनीले जनाएको छ ।

### सनसिल्कको नयाँ प्याक 'पर्फेक्ट स्ट्रेट'



काठमाडौं (कास)- सनसिल्कले नयाँ प्याक 'पर्फेक्ट स्ट्रेट' ल्याएको छ । यो प्याक नेपालमा पहिलो पटक ल्याइएको कम्पनीले जनाएको छ । बजारमा हाल सनसिल्कका हेयर फल सोलुसन र ब्ल्याक साइन प्याक उपलब्ध छन् । गत वर्षको दसैंमा सनसिल्कले ल्याएको दसैं भाइब्सका विजेताको तस्बिर यस वर्षको सीमित दसैं प्याकमा प्रस्तुत गरिने कम्पनीले जनाएको छ । दसैं भाइब्समा नेपाली युवतीलाई आफ्नो कपाल प्रदर्शन गरी विजेतालाई 'सनसिल्क ग्याङ अफ गर्ल्स' को एक हिस्साका रूपमा ब्रान्डसँग आबद्ध हुने मौका दिइएको थियो । आसिना देउला, प्रतिमा कार्की र लालना चिमरिया जित हासिल गर्दै सनसिल्कका ब्रान्ड एम्बेसडरद्वय प्रिन्सी र प्रिज्माका साथमा ब्रान्डको प्रतिनिधित्व गर्न जोडिएका थिए । तीनै विजेताले अहिले विशेष दसैं प्याकमा प्रस्तुत हुने अवसर पाएका कम्पनीको भनाइ छ ।

### महिलालाई अल्का अस्पतालको छुट

काठमाडौं (कास)- ललितपुरको जावलाखेलस्थित अल्का अस्पतालले तीजका अवसरमा महिलालाई छुटको योजना ल्याएको छ । महिलालाई केन्द्रित गरेर अल्का अस्पतालले यही भदौ १० देखि १७ सम्म अस्पतालमा उपचार गर्न आएकालाई ओपीडी सेवामा २० प्रतिशतसम्म छुट योजना सार्वजनिक गरेको अस्पतालका प्रशासन प्रमुख भगवान केसीले जनाए । यो छुट बिरामीलाई ल्याब परीक्षणमा पनि कायम रहने अस्पतालले जनाएको छ ।

## औद्योगिक ग्राम...

तर विगत तीन वर्षदेखि घोषणा हुँदै आएको औद्योगिक ग्रामको प्रगति भने सन्तोषजनक छैन । चालु आर्थिक वर्षको बजेटमा घोषित १०५ वटा औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य तीन तहका सरकारको लागत साझेदारीमा सम्पन्न गरी सञ्चालनमा ल्याइने बताइएको छ । बाँकी स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक तयारी गरिने बजेट वक्तव्यमा उल्लेख छ ।

'औद्योगिक ग्राम घोषणा तथा सञ्चालनसम्बन्धी कार्यविधि, ०७५' को पहिलो संशोधनअनुसार औद्योगिक ग्रामका लागि हिमाली र दुर्गम पहाडी क्षेत्रमा २५ रोपनी, पहाडी क्षेत्रमा ३५ रोपनी र तराई क्षेत्रमा ७ बिघा न्यूनतम क्षेत्रफल हुनुपर्छ । घना बस्तीबाट ५ सय मिटर दूरीमा मात्र औद्योगिक ग्राम स्थापना गर्ने र २ सय मिटरको परिधिभित्र मानव बस्ती विकास गर्न नहुने मापदण्डमा उल्लेख छ । .अन्तर्राष्ट्रिय सीमादेखि भने न्यूनतम २ किमि दूरीमा हुनुपर्नेछ । औद्योगिक ग्रामभित्रका कुल जग्गाको ६० देखि ७० प्रतिशत उद्योग स्थापनाका लागि उपयोग गर्नुपर्नेसमेत मापदण्डमा छ । स्थानीय तहलाई केन्द्रले उपलब्ध गराउने अनुदानबाट स्थानीय सरकारहरूले पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्नेछन् । त्यसअन्तर्गत सीमा पर्खाल, तारबार, पहुँचमार्ग, प्लट, ११ केभी विद्युत् प्रसारण, सम्भव भएसम्म वैकल्पिक ऊर्जाको प्रयोग, गोदामघर, पानीको आपूर्ति, फोहोर व्यवस्थापनजस्ता पूर्वाधार विकास गर्नुपर्ने मापदण्ड छ ।


## INVITATION FOR SEALED BIDS

Sanima Bank invites sealed bids from interested authorized dealers and suppliers having at least 3 years of work experience in commercial bank for supply and delivery of CAPEX items to the Bank.
For further details, contact
General service department of Head office of the bank or visit our website www.sanimabank.com.
SCAN ME

Sanima Bank www.sanimabank.com
Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: sanima@sanimabank.com



## वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र
### ग्रामीण जिविकोपार्जनको लागि नवीकरणीय ऊर्जा कार्यक्रम
### चाकुपाट, ललितपुर

**घर भाडामा लिने सम्बन्धी प्रस्ताव पेस गर्ने सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०५।१०**

यस कार्यक्रमको लागि घर भाडामा लिनुपर्ने भएकोले घरभाडामा दिन इच्छुक घरधनीहरूले देहायको सर्तहरूको अधिनमा रही २०७९/०५/२० गते कार्यालय समयभित्र यस कार्यक्रममा लिखित प्रस्ताव पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

- **भाडामा दिन चाहेको घर ललितपुर महानगरपालिका रिङरोड भित्र वा रिङरोडबाट बढीमा १०० मीटर भित्रको स्थानमा कम्तीमा २५०० वर्गफिट क्षेत्रफल रहेको हुनुपर्ने । घरमा १ किचेन तथा कम्तीमा ८ कोठा हुनुपर्ने । घरमा विद्युत, पानी, टेलिफोन, ढल र इन्टरनेट सुबिधा हुनुपर्ने । कम्पाउन्ड भित्र कम्तीमा ४ गाडी र १० मोटरसाइकल पार्किङका लागि स्थान भएको हुनुपर्ने ।**
- **इच्छुक घरधनीले जग्गा धनीपूर्जाको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, नक्सा पासको प्रतिलिपि र भाडामा लगाउन चाहेको घरको प्रति महिना भाडादर सहित प्रस्ताव पेस गर्नुपर्नेछ ।**



## पूर्व कर्मचारी सामूहिक स्वास्थ्य बीमा सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०५/१० गते)**

यस बैंकका करिब ११०० पूर्व कर्मचारीहरुको १ बर्ष अवधिको लागि बीमा रकम रू. १,००,०००/- (अक्षरुपी एक लाख मात्र) को सामूहिक स्वास्थ्य उपचार बीमा गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक बीमा कम्पनीहरुबाट के, कस्ता दररेटमा के, कस्ता सेवा सुविधाहरु उपलब्ध गराउन सकिने हो सो सम्बन्धी उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको जनशक्ति व्यवस्थापन विभागमा निम्न अनुसारको शर्तमा रहि शिलबन्दी दरभाउपत्रको प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. दरभाउपत्रसहितको प्रस्ताव (कोटेशन) पेश गर्दा बीमाङ्क रकम रु १,००,०००/-(अक्षरुपी एक लाखमात्र) को अस्पताल भर्ना भई रात बस्नु पर्ने र अस्पताल भर्ना नभए पनि बीमा दावी हुने २ छुट्टा छुट्टै प्रस्ताव पेश गर्नु पर्ने छ ।
२. दरभाउपत्रसहितको प्रस्ताव (कोटेशन) पेश गर्दा बीमाङ्क रकम Flat (एकमुष्ठ हुने गरी) पेश गर्नु पर्ने छ ।
३. दरभाउपत्रसहितको प्रस्ताव (काटेशन) पत्रसाथ यस बैंकको हातामा रहेको कर्पोरेट बैंकिङ कार्यालय रामशाहपथस्थित चल्ती खाता नं ०१००२००११४५५५०२५ मा रू. १०००/- (अक्षरुपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ ।
४. बीमा कम्पनीले प्रस्ताव बीमा अन्तर्गत दिन सकिने सुविधाहरुको विस्तृत विवरण पेश गर्नु पर्ने छ ।
५. प्राप्त शिलवन्दी प्रस्तावहरु प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा यस विभागमा खोलिने छ ।
६. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पर्ण अधिकार यस बैंकमा निहित रहने छ ।

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**
**फोन.नं ०१-४२१९२४१ ।**


## नेपाल स्टक एक्सचेन्ज

### ९ भदौ २०७९ को कारोबार


| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| युनिलिभर नेपाल | १८८५० | १८५५० | २० | -३०० |
| राष्ट्रिय बीमा कम्पनी | १४०३१ | १४३०० | ७७८ | २६९ |
| बोटलर्स नेपाल | १३५८५ | १३४६६ | १३७ | -११९ |
| राष्ट्रिय बीमा कम्पनी प्रो. से. | ११२५० | ११४२० | १७४० | १७० |
| साल्ट ट्रेडिङ कर्पोरेसन | ४०७६.१ | ४०३९ | १९८० | -३७.१ |
| महिला लघुवित्त | ३८९० | ३८८२ | १०५९ | -८ |
| उपकार लघुवित्त | ३७३७.३ | ३७९८ | ३५७४ | ६०.७ |
| विशाल बजार कम्पनी | ३६०४.३ | ३५५०.१ | २४० | -५४.२ |
| हिमालयन डिस्टिलरी | ३५५०.१ | ३५०५.१ | ११२३८ | -४५ |
| नेस्डो समृद्ध लघुवित्त | ३२८१ | ३३४९ | २४९५३ | ६८ |
| जाल्पा सामुदायिक लघुवित्त | ३१७५ | ३२३३ | १०३९२ | ५८ |
| जिवन विकास लघुवित्त | २७२५ | २७१० | ५३६७ | -१५ |
| फरवार्ड माइक्रोफाइनान्स | २७१५ | २७०० | ७१४० | -१५ |
| नेसनल माइक्रोफाइनान्स | २३०५ | २२९० | २३८२ | -१५ |
| सिटिजन इनभेस्टमेन्ट ट्रस्ट | २११७ | २१०४ | ६१२३ | -१३ |
| जनउत्थान सामुदायिक लघुवित्त | १७९० | १७८० | ११५८ | -१० |
| स्वाभिमान लघुवित्त | १६८० | १६४६.४ | १०३ | -३३.६ |
| सामुदायिक लघुवित्त | १४२० | १४१५ | ८८ | -५ |
| सपोर्ट माइक्रोफाइनान्स | १३९० | १३७१.९ | २२६ | -१८.१ |
| लाइफ इन्स्योरेन्स को. | १३६८.१ | १३६३.९ | ५९३७ | -४.२ |
| स्वावलम्बन लघुवित्त | १३३० | १३२३ | १०८६४ | -७ |
| ग्लोबल आईएमई लघुवित्त | १३२० | १३१४ | ७८६ | -६ |
| लक्ष्मी लघुवित्त | १२७८ | १२७० | ९२५ | -८ |
| मानुषी लघुवित्त | १२१५ | १२२४ | ४०० | ९ |
| महुली लघुवित्त | १२०५ | ११९७ | ८६२ | -८ |
| आशा लघुवित्त | १२१३ | ११९५ | ६१९ | -१८ |
| मिथीला लघुवित्त | ११९० | ११८० | ५८८ | -१० |
| राष्ट्र उत्थान लघुवित्त | ११५० | ११३९ | १९२१ | -११ |
| सबैको लघुवित्त | ११०५ | ११०० | ३९३ | -५ |
| साना किसान लघुवित्त | ११११ | १०९९ | ९२६८ | -१२ |
| माछापुछ्रे बैंक डिभेन्चर २०८५ | १०५८.५ | १०७९.६ | ७५ | २१.१ |
| छिमेक लघुवित्त | १०७४ | १०७२ | ५६९५ | -२ |
| मिर्मिरे माइक्रोफाइनान्स | १०८२ | १०६९ | ७९५ | -१३ |
| कालिका लघुवित्त | १०७४.९ | १०६६.१ | ५४१ | -८.८ |
| गुराँस लघुवित्त | १०५० | १०५० | ५८८ | ० |
| रूरू जलविद्युत | ९६३ | १०४९ | ९३८३ | ८६ |
| चन्द्रागिरी हिल्स | १०५३ | १०३८ | २७१३ | -१५ |
| वेन नेपाल लघुवित्त | १०२० | १०३३ | ७२० | १३ |
| साधना लघुवित्त | १०३६.१ | १०२८ | ५४५ | -८.१ |
| आइसीएफसी फाइनान्स डिभेन्चर २०८३ | १०२६ | १०२७ | ३६५ | १ |
| मनकामना स्मार्ट लघुवित्त | १०२० | १०२५ | २७५ | ५ |
| डिप्रोक्स लघुवित्त | १०२६ | १०१६ | ७४८९ | -१० |
| निर्धन उत्थान लघुवित्त | १००७ | १०१३ | ७८३८ | ६ |
| उन्नती सहकार्य लघुवित्त | १००६.६ | १००० | १९४ | -६.६ |
| इन्फिनिटी लघुवित्त | ९९९ | ९९९.९ | १५६४ | ०.९ |
| गणपति माइक्रोफाइनान्स | १०२० | ९९९ | १०५५ | -२१ |
| स्वरोजगार लघुवित्त | ९७५ | ९७४ | २८३१ | -१ |
| विजय लघुवित्त | ९७१.३ | ९६५ | ६६० | -६.३ |
| नेरूढे लघुवित्त | ९७१.१ | ९६० | २०६९ | -११.१ |
| किसान लघुवित्त | ९३० | ९३० | १४२ | ० |
| आरएमडीसी लघुवित्त | ९१० | ८९९ | ३८२७ | -११ |
| नेपाल दूरसंचार कम्पनी | ९१४.९ | ८९७ | २४५०५ | -१७.९ |
| सिभिल लघुवित्त | ९००.१ | ८९५ | १०१७ | -५.१ |
| समिट लघुवित्त | ८९८.६ | ८७३.२ | १४६५ | -२५.४ |
| सिभिल बैंक डिभेन्चर २०८८ | ८६८.३ | ८७१.५ | २५ | ३.२ |
| एनआइसी एसिया लघुवित्त | ८७५ | ८६६ | ६१८८ | -९ |
| मेरो माइक्रोफाइनान्स | ८७० | ८६२.४ | ५६८५ | -७.६ |
| मञ्जुश्री फाइनान्स डिभेन्चर २०८५ | ८४५ | ८५९.९ | ३६० | १४.९ |
| माउन्टेन इनर्जी | ८६२.९ | ८५० | ३६४४ | -१२.९ |
| समता घरेलु लघुवित्त | ८४१.९ | ८४२ | ११९२ | ०.१ |
| नयाँ सारथी लघुवित्त | ८५० | ८२६ | १९४५ | -२४ |
| आरम्भ चौतारी लघुवित्त | ८२६ | ८१८.१ | १४४८ | -७.९ |
| शिखर इन्स्योरेन्स | ८२३ | ८१५ | ४२२८ | -८ |
| नबिल बैंक लि. | ८०२ | ८०० | ४०३६१ | -२ |
| सूर्योदय वोमी लघुवित्त | ८३२ | ७९८ | ६०५८ | -३४ |
| ग्लोबल आइएमई बैंक डिभेन्चर २०८६/८७ | ७७५ | ७९०.५ | २५ | १५.५ |
| एनएमबी माइक्रोफाइनान्स | ७८५ | ७७५ | ५४२३ | -१० |
| नेको इन्स्योरेन्स | ७६९.९ | ७६२ | १२१७५ | -७.९ |
| सिईडीबी हाइड्रोपावर | ७५७ | ७३८.१ | ५९३४ | -१८.९ |
| नेपाल रिइन्स्योरेन्स कम्पनी | ७५४ | ७३४ | ३१६७१ | -२० |
| फस्ट माइक्रोफाइनान्स | ७१८ | ७१५.५ | २९९२८ | -२.५ |
| ग्रामिण विकास लघुवित्त | ७२४ | ७१५ | ६३८० | -९ |
| इमर्जिङ नेपाल लि. | ६९५ | ६९० | ३२९३ | -५ |
| नेपाल लाइफ इन्स्योरेन्स | ६९५ | ६८८.२ | ३७३३१ | -६.८ |
| शिभम् सिमेन्ट | ७०४ | ६८५ | ५२०४४ | -१९ |
| एनआइसी एसिया बैंक | ६६४ | ६५९ | ३३६१२ | -५ |
| युनाइटेड इदी मर्दी हाइड्रो | ६४३.१ | ६२९ | १३४९३ | -१४.१ |
| रिडी पावर | ६१६ | ६०० | १५५५२० | -१६ |
| आरएसडीसी लघुवित्त | ५९० | ५८५ | ९७५६ | -५ |
| एसियन लाइफ इन्स्योरेन्स | ५९० | ५८३ | ८५४५ | -७ |
| नेसनल लाइफ इन्स्योरेन्स | ५८२ | ५७१ | १२५२४ | -११ |
| गुर्खाज फाइनान्स | ५७९ | ५६६.९ | २९८३६ | -१२.१ |
| राधी विद्युत कं. | ५७० | ५५७ | ८६०५७ | -१३ |
| गुडविल फाइनान्स | ५४६.९ | ५३८ | २१४७० | -८.९ |
| साहस उर्जा | ५३१ | ५२२.१ | १८९२२ | -८.९ |
| सामलिङ पावर कं. | ५३४.९ | ५१९ | ४६९१ | -१५.९ |
| आइसीएफसी फाइनान्स | ५२५ | ५१७.९ | ३५२४६ | -७.१ |
| एभरेस्ट बैंक | ५१० | ५०८.९ | २३४७० | -१.१ |
| एनएलजी इन्स्योरेन्स | ५०८ | ४९९.१ | ९२६१ | -८.९ |
| एनआरएन इनफ्रास्ट्रक्चर | ५१४ | ४९७ | ७००२ | -१७ |
| नेपाल इन्स्योरेन्स | ४९० | ४८१ | ५२३१ | -९ |
| एभरेस्ट बैंक कन. प्रेफ. | ४८०.२ | ४७५ | १० | -५.२ |
| ओरेन्टीयल होटेल्स | ४८८ | ४७१ | १६२० | -१७ |
| अरूण काबेली पावर | ४८३ | ४७० | १५०९९७ | -१३ |
| अपर तामाकोशी | ४७७ | ४७० | ५३१४५ | -७ |
| मैलुङ खोला जलविद्युत | ४९८ | ४६९ | ७०६० | -२९ |
| नारायणी डेभलपमेन्ट बैंक | ४७० | ४६८ | ३४९५ | -२ |
| बिन्ध्यबासीनी हाइड्रो | ४७२ | ४६१ | १३३०६ | -११ |
| तेह्रथुम पावर | ४६९ | ४५६.२ | २४४६ | -१२.८ |
| मुक्तिनाथ विकास वैंक | ४५१ | ४४७ | १५७७१ | -४ |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | ४३५ | ४३२ | ५८३३ | -३ |
| मञ्जुश्री फाइनान्स | ४४०.५ | ४३१.७ | ८३९१ | -८.८ |
| बुद्धभूमी हाइड्रो | ४२९ | ४२३.३ | ५३६८ | -५.७ |
| आइएमई जनरल इन्स्योरेन्स | ४२७ | ४१९ | १४९६६ | -८ |
| मन्दाकिनी पावर | ४२०.२ | ४१५ | २६४९० | -५.२ |
| जानकी फाइनान्स | ४२० | ४१० | १०९३३ | -१० |
| कालिका पावर | ४१४.९ | ४०७.९ | १४०९७ | -७ |
| हिमालयन एभरेस्ट इन्स्योरेन्स | ४११.८ | ४०० | २६९६८ | -११.८ |
| नेपाल हाइड्रो | ४१० | ३९८.४ | ९९१७७ | -११.६ |
| चिलिमे हाइड्रो | ४०३.७ | ३९७ | २०४०२ | -६.७ |
| गरिमा विकास बैंक | ४०२.६ | ३९५ | २८४९५ | -७.६ |
| लुम्बिनी विकास बैंक | ४०२.३ | ३९५ | ४९४८७ | -७.३ |

**कुल कारोबार मूल्य :** १,७१७,४६९,६७० **कारोबार संख्या :** ३२,९४६
**सेयर संख्या :** ४,२३४,१३७ **नेप्से :** २,०३९.५५(-१८.२९)

# आर्थिक–राजनीतिक संकटमा बेलायत

● मुद्रास्फीति १३.३ प्रतिशतमा पुग्ने र आर्थिक मन्दी हुने केन्द्रीय बैंकको प्रक्षेपण ● सेप्टेम्बर ५ सम्म 'कामचलाउ' प्रधानमन्त्री

**नवीन पोखरेल** (लन्डन)



बेलायतको सुफोल्कस्थित बन्दरगाहका कामदारहरूको हडतालका कारण थन्किएका कन्टेनर । *तस्बिर : एपी*

विश्वका समृद्ध सात देशहरूमध्येको बेलायत अहिले सबैभन्दा बढी संकटमा छ, आर्थिक र राजनीतिक रूपमा । प्रधानमन्त्री बोरिस जोन्सनले राजीनामा दिएसँगै सेप्टेम्बर ५ अगाडि अर्को प्रधानमन्त्री नआउँदासम्म मुलुक सरकारविहीनजस्तो देखिएको छ । कामचलाउ प्रधानमन्त्री जोन्सनले दोस्रो पटकसम्म बिदा मनाइसकेका छन् । 'बोरिस जोन्सन यो संकटमा समेत कुनै कामबिना किन गुमनाम छन् ?' प्रश्न उब्जिएको छ ।

यहाँ मुद्रास्फीति ४० वर्षयताकै उच्च १०.१ प्रतिशत पुगेको छ । खाद्यान्न तथा ऊर्जाको चरम मूल्यवृद्धिले जनता आजित छन् । बेलायतमा अर्को वर्षको सुरुमा वार्षिक औसत घरको ऊर्जा बिल एक हजार ९ सय ७१ पाउन्डबाट बढेर ४ हजार २ सय ६६ पाउन्ड पुग्ने भविष्यवाणी गरिएको छ । घरभाडा बढेको बढ्यै छ । फ्ल्याट सेयरिङ वेबसाइट 'स्पेयर रुम' को तथ्यांकमा बेलायतका ५० प्रमुख सहरमध्ये ४० वटामा अहिलेसम्मकै बढी भाडा वृद्धि भएको छ ।

बढ्दो मुद्रास्फीति नियन्त्रण गर्न ६ पटक ब्याजदर बढाइसकेको बैंक अफ इंग्ल्यान्डले आउँदो अक्टोबरमा मुद्रास्फीति १३ दशमलव ३ प्रतिशत पुग्ने र बेलायतमा आर्थिक मन्दी हुने प्रक्षेपण गरिसकेको छ । कुल गार्हस्थ्य उत्पादन निरन्तर घट्ने क्रममा छ । सन् २००८ को विश्वव्यापी वित्तीय संकटपछिको यो उच्चतम हो ।

संसारको पाँचौं ठूलो अर्थतन्त्र रहको बेलायतको केन्द्रीय बैंकले यसै महिनादेखि अर्को वर्ष अन्त्यसम्म करिब १५ महिना कुल गार्हस्थ्य उत्पादनमा नकारात्मक हुने र यसले गर्दा बेलायतमा लामो मन्दी हुने प्रक्षेपण गरेको छ ।

बैंक अफ इंग्ल्यान्डले अन्य युरोपका ठूला अर्थतन्त्र भएका देशहरू र अमेरिकाको भन्दा बेलायतमा बढी मन्दी हुने जनाएको छ । मूल्यस्फीति नियन्त्रण गर्न बैंक अफ इंग्ल्यान्डले ब्याजदर थप बढाउने अनुमान छ, जसले गर्दा ऋण तथा मोर्गेज भएकाहरूले अरू धेरै रकम तिर्नुपर्ने हुन्छ । पटकपटक ब्याजदर बढिसकेकाले लगानीकर्ताहरूमा ऋण खर्च बढ्दा उत्साह कम भएको जनाइएको छ ।

गत साता बिहीबारदेखि शनिबारसम्म ब्रिटिस जनताले तीन दशकयताकै सबैभन्दा ठूलो रेल हडतालको सकस बेहोरे । स्वास्थ्य सेवा आउँदो जाडोयाममा झन् विकराल हुने चिन्ता विज्ञहरूले व्यक्त गरेका छन् । स्वास्थ्य विज्ञहरूले ऊर्जा मूल्यवृद्धि रोक्ने कदम नचालिए विन्टरमा मानवीय संकट आउने चेतावनी दिएका छन् ।

नेसनल हेल्थ सर्भिस् कन्फेडेरेसनका प्रमुख कार्यकारी म्याथ्यु टेलरले एक विज्ञप्तिमा भनेका छन्, 'यही मूल्यवृद्धिले मानिसहरू घर तातो बनाउन भोकै बस्नेछन् वा चिसो, ओसिलो र कष्टकर अवस्थामा दिन बिताउनेछन् । यसले नेसनल हेल्थ सर्भिस् (एनएचएस) जाडोमा सबैभन्दा बढी संकट भोग्न बाध्य हुनेछ ।'

बढ्दो मूल्यस्फीति, तलबवृद्धि न्यून, ग्राहकको विश्वासमा रेकर्ड कमी, बढिरहेको ब्याजदर आदिले बेलायत आर्थिक मन्दीतर्फ द्रुत गतिमा बढिरहेको छ । ऋणभार उच्च, ऊर्जा तथा इन्धन मूल्यवृद्धि अकासिएकाले बेलायती जनजीवनमा ठूलो प्रभाव पर्ने जनाइएको छ । ब्रिटिस रिटेल संघले धेरै खुद्रा व्यापारीहरूले यस वर्ष कोभिड महामारीको बेलाजस्तै ठूलो चुनौती सामना गरिरहेको जनाएको छ ।

बेलायतको बजेट घाटा वार्षिक १७० अर्ब पाउन्ड हुन सक्ने आकलन गरिएको छ । कोभिड महामारीका बेला बजेट घाटा ३ सय ९ अर्ब पाउन्ड पुगेको थियो, जुन दोस्रो विश्वयुद्धपछिको सबैभन्दा धेरै हो ।

जोन्सन ग्रुप यूकेका आर्थिक परामर्शदाता तथा इसेक्स युनिभर्सिटीका प्राध्यापक डा. मुकुन्द बाँस्तोलाले विश्वव्यापी कोरोना भाइरसको संकटले बेलायतको अर्थतन्त्रमा विगत दुई वर्षदेखि प्रभाव पारिरहेका बेला अहिले युक्रेन युद्धले थप गम्भीर अवस्थामा पुर्‍याउने देखिएको बताए । 'इंग्ल्यान्डले गत साता मात्रै २७ वर्षमा सबैभन्दा ठूलो ब्याजदर वृद्धिको घोषणा गरेको छ, जसले गर्दा थप संकट सजिलै अनुमान लगाउन सकिन्छ । वस्तु तथा सेवाको अधिकतम मूल्यले मुद्रास्फीति १० प्रतिशत बढाएको छ र यो अझै बढ्ने क्रममा छ,' उनले भने ।

बेलायतको सत्तारूढ कन्जरभेटिभ दलको नयाँ नेताका लागि ऋषि सुनाक र लिज ट्रस अन्तिम प्रतिस्पर्धामा छन् । प्रतिस्पर्धीमध्येबाट एकजना बेलायतको भावी प्रधानमन्त्री बन्नेछन् । तर उनीहरू दुवैमा महँगीलगायत वर्तमान संकट समाधानको खास एजेन्डा नभएको टिप्पणी विश्लेषकहरूको छ ।

बेलायती सांसद तथा प्रतिपक्षी लेबर पार्टीका स्याडो लिडर थन्गाम डेबोनायरले कामचलाउ प्रधानमन्त्री जोन्सन र प्रधानमन्त्रीका दुई प्रतिस्पर्धी ट्रस र सुनाकलाई एक पत्र पठाउँदै अगस्ट २२ सम्म संसद् पुनः सुचारु गरी ऊर्जा मूल्यवृद्धि नियन्त्रणको कदम चाल्न अपिल गरेका थिए तर सुनुवाइ भएन ।

सीएनएनको प्रश्नमा सरकारका प्रवक्ताले नयाँ प्रधानमन्त्री नयाँ योजनासहित आउने बताएका छन् । जनतालाई ३७ बिलियन पाउन्ड आर्थिक राहतमार्फत सहायता गरिरहेको उनको भनाइ छ । यद्यपि त्यो पर्याप्त छैन् ।

बेलायतको हल विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक डा. सूर्यप्रसाद सुवेदी रुस-युक्रेन युद्धले विशेषगरी युरोप र विश्वव्यापी रूपमै ऊर्जा संकट आएको उल्लेख गर्दै युक्रेनलाई तटस्थ राष्ट्र बनाउन अन्तर्राष्ट्रिय प्रयास आवश्यक रहेको बताए । युक्रेन युद्ध अन्त्य भए मात्र अहिलेको समस्या समाधान हुने उनको विश्वास छ ।

# रुसी आक्रमणमा २५ जनाको मृत्यु

किभ (एजेन्सी)- युक्रेनको रेल स्टेसनमा रुसले गरेको रकेट आक्रमणमा कम्तीमा २५ जनाको मृत्यु भएको छ । युक्रेनमाथि रुसले आक्रमण सुरु गरेको ६ महिना पुगेकै दिन पूर्वी सहर च्याप्लिनमा आक्रमणमा भएको हो ।

आक्रमणका कारण ५ जनाको सवारीसाधनभित्रै जलेर मृत्यु भएको युक्रेनी अधिकारीले जनाएका छन् । आक्रमणमा दुई जना ६ र एक जना ११ वर्षीय बालकले पनि ज्यान गुमाएका बीबीसीले जनाएको छ । युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को बैठकमा आक्रमणबारे जानकारी दिएका थिए । उनका अनुसार आक्रमणमा ३१ जना घाइते भएका छन् । परिषदमा बोल्ने तयारी गरिरहेको बेला च्याप्लिनमा गरिएको आक्रमणबारे थाहा पाएको बताउँदै जेलेन्स्कीले 'चारवटा यात्रुवाहक सवारीसाधनमा आगलागी भएको' बताए । मृतकहरूको संख्या बढ्न सक्ने जेलेन्स्कीको भनाइ छ ।

रुसी भने युक्रेनी सेनाको रेललाई लक्षित गरी आक्रमण गर्दा करिब दुई सय युक्रेनी सुरक्षाकर्मी मारिएका दाबी गरेको छ । 'चाप्लिन स्टेसनमा सैनिक रेललाई लक्षित गरी स्कन्दर क्षेप्यास्त्रबाट गरिएको आक्रमणमा युक्रेनी सशस्त्र फौजका दुई सय जनाभन्दा बढी सदस्य र १० वटा सैन्य सामग्री नष्ट भएका छन्,' रुसी रक्षा मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।


## CAREER OPPORTUNITY

**United Academy** is looking for driven, dedicated, smart & enthusiastic person to fulfill the following vacant positions:

**ECA Coordinator**

Qualification : Bachelor's Degree
Experience : Minimum 3 years in the relevant field (preference will be given to those candidates who are actively involved in sports and have experience of organizing and managing events.

**PSYCHOLOGICAL COUNSELOR**

Qualification : Master's in Psychology
Experience : Minimum 5 years in the relevant field

**ACADEMIC COUNSELOR**

Qualification : Master's Degree in any field
Experience : Minimum 2 years of work experience
Responsibility: To observe daily academic activities of Students, guide and motivate them

UNITED ACADEMY
EDUCATION • CIVILIZATION • MANKIND

Send your updated CV along with application letter latest by 10 days at the email below :
uacareer@united.edu.np


# इमरानलाई पक्राउ नगर्न आदेश



इस्लामाबाद (एजेन्सी)- पाकिस्तानको एक अदालतले पूर्वप्रधानमन्त्री तथा पाकिस्तान तहरिक-ए-इन्साफका प्रमुख इमरान खानलाई पक्राउ नगर्न प्रहरीलाई आदेश दिएको छ । इस्लामाबादस्थित प्रतिआतंकवाद अदालत (एटीसी) ले खानलाई सेप्टेम्बर १ सम्मका लागि जमानत दिएको हो ।

खानविरुद्ध गत साता राजधानीमा आयोजित एक र्‍यालीमा महिला न्यायाधीशविरुद्ध विवादास्पद टिप्पणी गरेको आरोपमा मुद्दा दर्ता भएको थियो । न्यायाधीश राजा जवाद अब्बास हसनको इजलासले १ लाख धरौटीमा जमानत दिएको हो ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार खानले शनिबार इस्लामाबादमा एक भाषणको क्रममा प्रहरी प्रमुख र एक महिला मजिस्ट्रेटविरुद्ध कारबाही गर्ने भनेपछि प्रहरीले उनीमाथि अनुसन्धान सुरु गरेको हो ।

खानलाई पक्राउ पर्न सक्ने आशंकामा समर्थकहरू शनिबार राति नै उनको घरबाहिर भेला भएका थिए । यदि उनलाई पक्राउ गरेमा राजधानी कब्जा गर्ने उनीहरूले चेतावनी दिएका थिए । साथै खान पक्राउ परेमा प्रधानमन्त्री शाहबाज सरिफले त्यसको परिणाम भोग्नुपर्ने भन्दै उनीहरूले चेतावनी दिएका थिए ।


## रोजगारीमूलक प्राविधिक तालिममा भर्ना खुल्यो

*तालिमपछि रोजगारीको अवसर* (CTEVT बाट सम्बन्धन प्राप्त)

**१. बालि विज्ञान (कृषि जे.टि.ए १८ महिने)**
**२. पशु विज्ञान (भेटेरिनरी जे.टि.ए.१८ महिने)**

*शैक्षिक योग्यता: SLC/SEE मा जुनसुकै ग्रेडमा उतिर्ण भएकाहरुले पनि अध्ययन गर्न पाउने, भाद्र १० गतेबाट निःशुल्क प्रवेश परिक्षा तयारी कक्षा संचालन हुदैछ ।*

फाराम भर्ने अन्तिम मिति : २०७९ भाद्र १२ गतेसम्म
प्रवेश परिक्षा : २०७९ भाद्र १६ गते, बिहान ८ बजे

कान्तिपुर टेक्निकल कलेज, बालाजु, काठमाण्डौ
01-4960605, 9863690441, 9841340744



## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

SEE/SLC उत्तीर्ण विद्यार्थीहरूका लागि
❖ PCL Medical Lab- (३वर्षे)
❖ PCL Radiography- (३वर्षे)

निःशुल्क प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन भइरहेका छन् ।

शैक्षिक योग्यताः अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा 2.0 CGPA भएपुग्ने

फाराम बुझाउने अन्तिम मितिः २०७९ भाद्र १२ गते आइतबार
प्रवेश परीक्षा मितिः २०७९ भाद्र १७ गते शुक्रबार दिनको ३ बजे

www.yhsa.edu.np

**Yeti Health Science Academy**
(Affiliated to CTEVT)
कान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं (कान्ति बाल हस्पिटलको नजिक)
फोनः ४५२८३४९, ४५१८१३४, ४५२०१०२, ९८५११११८९१०



## VACANCY ANNOUNCEMENT

SINOHYDRO CORPORATION LTD. TANAHU HYDROPOWER PROJECT MANAGEMENT PACKAGE 2 needs to recruit several draftsman for work needs; the main job is to draw workshop drawings according to the design drawings approved by Engineer. The requirements are as follows:

1. CTEVT graduate or Similar , major in Drafting;
2. Proficient in using CAD Drawing, MS-OFFICE and other office software,Good English writing ability
3. Two years or above working experience in drafting;
4. Can understand civil engineering drawings, can understand EM & HM drawings is preferred;
5. The salary is negotiable.

Contact: 9826638509 Ms. Saraswoti
Email: yr.yangzhenhua@powerchina.cn



## JOB ANNOUNCEMENT

**First date of publication: 26 August 2022**

The United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

*The UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for following assignment:*

| S.No. | Position Title | Level | Number of Positions | Duty Station |
|---|---|---|---|---|
| 1. | National Consultant for Regional Research on COVID-19 Medical Waste Management **(Reference No.: UNDP/PN/19/2022)** | Individual Contractor | 1 (One) | Kathmandu |

**Weblink for application:** ***https://www.undp.org/nepal/procurement***

***Please visit the given weblink for detail job description and for submission of application by 06 September 2022. Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.***

UNDP is committed to achieving workforce diversity and has a policy to have gender balance among staffs at all levels. Work experience and/or academic knowledge in relation to gender and social inclusion will be an added advantage. Qualified Women, Dalits, Janjatis, Madhesis, Persons with Disabilities, gender and sexual minorities and other minorities are specially encouraged to apply.

***All applications will be treated with highest confidentiality.***



## डिप्लोमा इन्जिनियरिङमा भर्ना खुल्यो ।

काठमाण्डौं उपत्यकामा संचालित निम्न संस्थाहरुमा डिप्लोमा इन्जिनियरिङ अध्ययनको लागि भर्ना खुल्यो ।

न्यूनतम योग्यता : अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिई SEE मा न्यूनतम १.६ CGPA प्राप्त ।

फारम भर्ने अंतिम मिति : २०७९ भाद्र १२ गते आइतबार सम्म । प्रवेश परिक्षा मिति :२०७९ भाद्र १७ गते शुक्रबार ।

आफुलाई पायक पर्ने निम्नलिखित संस्थामा सम्पर्क गरी प्रवेश परिक्षाको फारम भर्न सुचित गरिन्छ ।

| Names of College | Website & Telephone | Programme |
|---|---|---|
| Acme College of Engineering, Bagdol-4, Lalitpur | www.acmecollege.edu.np 015400177, 5400277, 9851210077 | Civil, Computer, Electrical and Electronics |
| Asian Engineering College, Gwarko, Lalitpur | www.asianengcollege.edu.np 015202726, 9851088422, 9841296240 | Civil , Architechture |
| Central Engineering College, Balkumari,Lalitpur | www.centralengineering.edu.np 015202414, 9860468347 | Civil, Electrical, Architechture |
| Kantipur college of Technical Science, KTM | www.kcts.edu.np 014961809,9841003137,9866296490 | Civil engineering |
| Kathmandu Institute of Technology (KIT College), KTM | www.kit.edu.np 5159255, 9849766768, 9860911511 | Civil, Electrical, Computer, Architecture , Electrical & Electronics |
| Oxford Advance Engineering College, KTM | www.oxfordadvanced.edu.np 015388360, 9851171214 | Civil, Computer |
| School of Geomatics, Mid Baneshor, KTM | www.geometics.edu.np 4116177, 9841294922, 9851126738 | Geomatics Engineering, Pre Diploma : AMIN |
| Valley College of Engineering, KTM | www.vce.edu.np 014612474, 9812754900 | Civil engineering |



## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट

मान्याता प्राप्त

निम्न कलेजहरुमा शैक्षिक सत्र

**२०७९/०८० को लागी नयाँ भर्ना खुल्यो**

| सि.नं. | संस्थाको नाम र ठेगाना | कार्यक्रम | अवधी | सम्पर्क फोन नं. |
|---|---|---|---|---|
| १ | कैलपाल हस्पिटल एण्ड कलेज नेपालगन्ज-१०, बाँके | सामान्या चिकित्सा (H.A.) | ३ वर्षे | ०८१-५२६२७५ ०८१-५२१०१७, ९८५८०२४६४८, ९८४८०३३६८४ |
| | | ल्याब टेक्निसियन | | |
| | | डायगनोस्टिक रेडियोग्राफी | | |
| | | प्रि डिप्लोमा ईन कम्प्युटर ईन्जिनियरिङ्ग, | १८ महिने | |
| २ | कलेज अफ अलाईड रामलिला मैदान, नेपालगन्ज, बाँके | अप्थाल्मीक विज्ञान (OA) | ३ वर्षे | ०८१-५२७५४६, ०८१-५३८२६०, ९८४८०९१०३७, |
| | | सामान्या चिकित्सा (H.A.) | | |
| | | ल्याब टेक्निसियन | | |
| | | सिभिल ईन्जिनियरिङ्ग | | |
| | | बेसिक सर्वे (अमिन) र सिभिल सव ओभरसियर | १८ महिने | |
| ३. | मध्यपश्चिम प्राविधिक शिक्षालय, नेपालगन्ज, बाँके | डिप्लोमा ईन फार्मेसी | ३ वर्षे | ०८१-५२१२२६, ०८१-५२००४९, ९८६३४६९१००, ९८४८२४०४९० |
| ४ | भेरी कलेज नेपालगन्ज, नेपालगन्ज बाँके | डिप्लोमा ईन फार्मेसी | ३ वर्षे | ०८१-४१५३३९, ०८१-४१५०९४ ९८६९२७९७६५ |

**PCL / Diploma तह शैक्षिक योग्यता**

- **स्वास्थ्य कार्यक्रमहरुको लागिः** SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा समग्रमा न्यूनतम स्तरिकृत ४.० मा २ सि.जि.पि.ए. प्राप्त गरेको ।

**स्वास्थ्य बाहेकको कार्यक्रम (सिभिल ईन्जिनियरिङ्ग) को लागिः** SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा समग्रमा न्यूनतम स्तरिकृत ४.० मा १.६ सि.जि.पि.ए. प्राप्त गरेको ।

- **फारम बुझाउने अन्तिम मिति** : २०७९ भाद्र १२ गते सम्म ।
- **प्रवेश परीक्षा संचालन हुने मिति** : २०७९ भाद्र १७ गते दिउँसो ३:०० बजे ।

**Pre-Diploma तहको लागी शैक्षिक योग्यता**

- योग्यताः SEE परिक्षामा न्यूनतम E ग्रेड प्राप्त गरेको ।
- **फारम बुझाउने अन्तिम मिति** : २०७९ भाद्र १२ गते सम्म ।
- **प्रवेश परीक्षा संचालन हुने मिति** : २०७९ भाद्र १६ गते बिहान ८:०० बजे ।

**आवश्यक कागजपत्रहरु :**

- हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति रंगीन फोटो ।
- SEE को मार्कसीट, चारीत्रिक (Character) प्रमाणपत्र ।
- जन्म दर्ता वा नागरिकताको प्रमाणपत्र ।

## सीप्यान अवार्ड भदौ २४ मा




**कान्तिपुर संवाददाता** (काठमाडौं)

कोभिड-१९ महामारीपछि दुई वर्षयता घरेलु तथा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा गरिएको प्रदर्शनका आधारमा उत्कृष्ट खेलाडीलाई 'एनसीसीएस-सीप्यान क्रिकेट अवार्ड २०२२' प्रदान गरिने भएको छ। क्रिकेट खेलाडी संघ नेपाल (सीप्यान) ले आयोजना गर्ने अवार्ड कार्यक्रम भदौ २४ मा काठमाडौंमै हुनेछ।

सीप्यानले सन् २०१९ मा सुरु गरेको उक्त अवार्ड पहिलो संस्करणपछि महामारीले प्रभावित भएको थियो। उसले असहज परिस्थितिका कारण अवार्ड स्थगित गर्दै सन् २०२० मा ४ लाख ६२ हजार रुपैयाँ 'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' लाई दिएको थियो। त्यसैले महामारीयता पहिलोपल्ट हुन लागेको सीप्यान अवार्डमा पाँच विधा समेटिएको छ। अवार्डलाई एनसीसीएस ग्रुपले प्रायोजन गर्दै आएको छ।

वर्ष क्रिकेट खेलाडीको अवार्ड विजेता पुरुष र महिलालाई जनही १ लाख ३२ हजार रुपैयाँ दिइने सीप्यानले जनाएको छ। विशेष अवार्ड विजेताले पनि १ लाख ३२ हजार हात पार्ने छन्। त्यस्तै, उदीयमान खेलाडी र उत्कृष्ट क्षण (मुभमेन्ट) को अवार्ड जित्नेले जनही ६६ हजार पाउनेछन्।

'सन् २०२१ र ०२२ मा मा घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा गरिएको प्रदर्शनको तथ्यांकका आधारमा अवार्ड विजेता छनोट गरिनेछ। पाँच जनाको प्राविधिक समिति बनाउनेछौं र त्यही समितिले सम्पूर्ण विधामा मनोनयन छनोट गर्नेछ,' सीप्यानका महासचिव पारस खड्काले भने, 'नेपाली क्रिकेटमा विशेष योगदान पुऱ्याउने खेलाडीलाई विशेष अवार्ड दिइने छ। उत्कृष्ट क्षणको अवार्डमा एक खेलाडी वा टिम हुन सक्नेछ। यसका लागि नेपाल क्रिकेट संघ (क्यान) सँग सहकार्य गर्नेछौं।'

## छन्त्यालको उम्मेदवारी

काठमाडौं (कास)- नेपाल भलिबल संघको महासचिव पदमा मनवीर छन्त्यालले बुधबार उम्मेदवारीको घोषणा गरेका छन्। पत्रकार सम्मेलनबाट उम्मेदवारी घोषणा गरेका उनी संघका सचिव हुन्। संघको चुनाव भदौ २२ मा काठमाडौंमा हुनेछ। लामो समयदेखि नेपाली घरेलु फुटबलमा सक्रिय रहेका छन्त्यालले अध्यक्ष उम्मेदवार निरोज मास्केको समूहबाट उम्मेदवारी दिने भएका हुन्। ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रका अध्यक्ष छन्त्यालले आफ्नै नेतृत्वमा यसको स्थापना गरेका थिए। नेपाली महिला भलिबल विकासमा ढोरपाटन लिगको महत्त्वपूर्ण योगदान रहेको छ।

# नेपालको खुसी दिने जित

### भिसा समस्यामा जेलिएको नेपालको केन्यामाथि प्राप्त जितले धेरै अर्थ राख्नेछ

**हिमेश** (काठमाडौं)







**नेपाली क्रिकेट टोली र प्लेयर अफ द म्याच सोमपाल कामी (तल)।**

*तस्बिर सौजन्य : क्यान*

कप्तान सन्दीप लामिछानेले भनेजस्तै यो केन्यामाथि नेपालको खुसी दिने जित थियो। पछिल्ला केही घण्टाको चर्को दौडधुपपछि नेपालले अन्ततः केन्याली राजधानी नैरोबीमा बिना कुनै तनावले पहिलो ट्वान्टी-२० अन्तर्राष्ट्रिय खेलमा आफ्नो टिम उतारेको थियो। नत्र डर थियो, कतै भिसा समस्याले केन्या भ्रमण किरकिर हुने त होइन ? फेरि प्रशिक्षक मनोज प्रभाकरको नेतृत्वमा नेपालले पहिलोपल्ट खेलिरहेको थियो। त्यसैले विजयी सुरुआत खुसी दिने खाले रह्यो।

त्यतिमात्र होइन, लामो समयपछि पूर्वकप्तान ज्ञानेन्द्र मल्ल टिममा फर्केका थिए। उनलाई पुनरागमनको अवसर दिनु रणनीतिक निर्णय थियो, जसले नेपाली क्रिकेटमात्र होइन, व्यक्तिगत रूपमा ज्ञानेन्द्रलाई पनि फाइदा थियो।

यी सबैबीच केन्यामाथि प्राप्त ५ विकेट जितले धेरै अर्थ राख्नेछ। हारमा केन्या पनि खुसी नै थियो। आखिरमा केन्यामा एक दशक जतिको समयपछि अन्तर्राष्ट्रिय क्रिकेट फर्केको हो। दशकपछि कुनै पहिलो अन्तर्राष्ट्रिय टिमको रूपमा नेपाल केन्या पुगेको थियो।

कुनै समय केन्या अन्तर्राष्ट्रिय क्रिकेटको उदाउँदो शक्ति थियो। यसैक्रममा केन्याले एकदिवसीय विश्वकपको सेमिफाइनल यात्रासम्म तय गरेको थियो। तर चाँडै यो यति खराबसँग अस्तायो कि सबै चकितमात्र हुन सके। केन्याली क्रिकेट फेरि अन्तर्राष्ट्रिय मञ्चमा फर्कने प्रयासमा छ। यसकै कडी हो नेपालविरुद्धको खेल। पाँच खेल शृंखलाको पहिलो खेल हारेपछि पनि केन्याली कप्तान सेम एनगोचे खुसी नै रहे। उनले भने, 'हाम्रा लागि केन्यामा अन्तर्राष्ट्रिय क्रिकेट फर्कनु नै ठूलो हो, हामी त्यसमै खुसी छौं।'

**नेपालको बलियो सुरुआत**

प्रसिद्ध नैरोबी जिमखाना क्रिकेट मैदानमा बिहीबारको खेलमा नेपालले टस जितेर केन्यालाई पहिले ब्याटिङ गर्न निम्त्याएको थियो। यसक्रममा नेपाल बलियो सुरुआत लिनसफल रह्यो। केन्याले २० ओभरमा ८ विकेट गुमाएर १ सय ३० रन बनाएको थियो। नियमित अन्तरमा विकेट गुमाएपछि एक समय केन्याको स्कोर सय रनभन्दा अगाडि नबढ्ने देखिएको थियो। तर, अन्त्यतिर नेपालको बलिङ केही फितलो रह्यो र केन्याले पनि खुलेर खेलेको थियो।

घरेलु ब्याटरमध्ये तेस्रो क्रमका इरफान करिमले सर्वाधिक ३४ रन बनाए। यसका लागि उनले ४४ बल उपयोग गरेका थिए। उनले तीन चौका प्रहार गरे। त्यसपछि लुकास ओलुचले ३१ रन बनाए। उनले भने १३ बलमात्र सामना सामना गरे। उनले ५ चौका र १ छक्का प्रहार गरे। उनकै यस प्रदर्शनका कारण केन्याको स्कोर सम्मानजनक देखिएको थियो। 'इनिङ्सको अन्त्यतिर केन्याले बनाएको रनले हामी केही चिन्तित रह्यौं,' सन्दीपले पनि माने।

तर, सन्दीपले आफ्ना प्रारम्भिक बलर सोमपाल कामीको प्रशंसा गर्न भने बिर्सेनन्। 'प्लेयर अफ द म्याच' भएका सोमपालले ४ ओभरमा २२ रनमात्र खर्चेर तीन विकेट लिए।

सन् १९९५ को एकदिवसीय विश्वकपमा केन्याले वेस्ट इन्डिजमाथि प्राप्त सनसनीपूर्ण जितमा ब्रायन लाराको उत्कृष्ट क्याच लिएका तारिक इकवालले नै सोमपाललाई उत्कृष्ट खेलाडीको अवार्ड थिए। त्यसपछि सोमपालले भने, 'पिचमा ब्याटिङ गर्न सजिलो भने थिएन।'

**अन्तिम ओभरमा प्राप्त जित**

नेपाली टिमको रणनीति थियो, अन्तिम २० औं ओभर अगाडि नै जित निकाल्ने। तर त्यसो भएन। आरिफ शेखले अन्तिम ओभरका सुरुआती दुई बलमा लगातार चौका प्रहार गरेपछि नेपाल धेरै तनाव बेहोर्न बाध्य रहेन। आरिफको ब्याटबाट २४ रन निस्केको थियो। खेल टुंगिँदा नेपालले १९.२ ओभरमा १ सय ३३ रन बनाएको थियो। नेपालको सुरुआत भने राम्रो रहेन। प्रारम्भिक ब्याटर पवन सर्राफ एक रनमात्र बनाएर आउट भए।

त्यसपछि क्रिजमा ज्ञानेन्द्र आए। उनले २३ रनको योगदान दिए। यसक्रममा उनले तीन आकर्षक चौका प्रहार गरे। उनले दोस्रो विकेटमा ४५ रनको ठोस साझेदारी गरे। आसिफ शेखले भने १९ रन जोडे। नेपाली इनिङ्समा सबैभन्दा ठूलो स्कोर दीपेन्द्रसिंह ऐरीको रह्यो। उनले २४ बलमा ३३ रन बनाए। त्यसमा एक चौका र दुई छक्का प्रहार गरे। यो जितपछि शृंखलामा नेपालले १-० को अग्रता लिएको छ। अब दोस्रो खेल नैरोबी जिमखानामै शुक्रबार हुनेछ।

**नवौं राष्ट्रिय खेलकुद ५० दिन बाँकी**

## 'प्रदेश र विभागलाई रकम निकासा'

काठमाडौं (कास)- नवौं राष्ट्रिय खेलकुदमा सहभागी हुने सात प्रदेश र गैरआवासीय नेपाली संघ (एनआरएनए) सहितका चार विभागलाई टिम तयारीका लागि रकम निकासा गर्न स्वीकृति दिइएको राष्ट्रिय खेलकुद परिषद्ले जनाएको छ।

बृहत् खेलकुद सुरु हुन ५० दिन बाँकी रहेको अवस्थामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा परिषदका सदस्यसचिव टंकलाल घिसिङले भने, 'नवौं राष्ट्रिय खेलकुद आयोजनाका लागि रातो किताब (बजेट २०७९-८०) मा १० लाख रुपैयाँमात्रै लेखिएको भए पनि सरकारले ६० करोड विनियोजन गरेको छ। हामीले तीन चरणमा बजेट माग गरेकामा पहिलो चरणमा १० करोड निकासा भइसकेको छ। दोस्रो चरणमा २३ करोड र त्यसपछि २७ करोड आउनेछ।'

असोज २८ देखि कात्तिक ३ सम्म हुने प्रतियोगिताका लागि टिम तयारीको गति बढेको उल्लेख गर्दै घिसिङले थपे, 'प्रतियोगिता पूर्ण रूपमा संघीय संरचनाअनुसार आयोजना गरिनेछ। जिल्ला-जिल्लामा छनोट गरेर प्रदेशको टिम तयार गर्ने काम प्रदेश खेलकुद परिषद् (मधेश प्रदेशमा प्रदेश खेलकुद परिषद् गठन नभएकाले सामाजिक विकास मन्त्रालय) ले गर्नेछ। त्यसका लागि प्रत्येक प्रदेशलाई ४९ लाख र चार विभाग (आर्मी, पुलिस, एपीएफ र एनआरएनए) का लागि ९-९ लाख निकासा गर्न हिजो (बुधबार) स्वीकृति दिइएको छ।'

प्रतियोगितामा ३६ खेलमा ३९३ स्वर्ण, ३९३ रजत र ६ सय कांस्य पदकका लागि प्रतिस्पर्धा हुनेछ। ११ टिमबाट कोटाअनुसार अधिकतम ७ हजार ७ सय ९९ खेलाडी (महिला ३,६८५ र पुरुष ४,११४) सहभागी हुने जनाइएको छ। प्रत्येक टिमले बढीमा महिला ३ सय ३५ र पुरुष ३ सय ७४ गरी कुल ७ सय ९ खेलाडी प्रतिस्पर्धामा उतार्न सक्नेछन्। टिमले भदौ १५ सम्म खेलाडी संख्या र भदौ २५ सम्म खेलाडीको नामावली दर्ता गर्ने उल्लेख गर्दै सदस्य-सचिव घिसिङले भने, 'गण्डकी प्रदेशका ११ मध्ये आठ जिल्लामा खेल सञ्चालन हुने छन्। कुन खेल कहाँ गर्ने भन्ने अध्ययन/अवलोकन भइरहेको छ र भदौ १५ भित्र प्रतियोगिता स्थलहरू निश्चित गर्नेछौं। धेरै खेल कास्कीमै हुने तय छ।'

नेपाल क्रिकेट संघ (क्यान) को प्रस्ताव र टिमहरूको सहमतिमा पुरुष क्रिकेटको प्रतियोगिता भदौ २२-२८ मा मूलपानी र कीर्तिपुर मैदानमा सञ्चालन गर्ने लगभग निश्चित भएको पनि उनले बताए। उनका अनुसार करिब १० लाख लागतमा रनिङ सिल्ड ट्रफी, प्रतियोगिताको सूचना व्यवस्थित गर्न एप निर्माण तथा आफ्नै वेबसाइटलाई व्यवस्थित बनाउने काम भइरहेको छ।

## काठमाडौं म्याराथनको रुट नाप

काठमाडौं (कास)- काठमाडौं म्याराथनका लागि बिहीबार रुटको नाप लिइएको छ। एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रनिङ (एआईएमएस) का आधिकारिक प्रतिनिधि आमिर स्यान्डिवनले त्रिपुरेश्वरस्थित दशरथ रंगशालाबाट सुरु भएर त्यहीं टुंगिने काठमाडौं म्याराथनका लागि काठमाडौं, ललितपुर र भक्तपुरको रुट नापेका हुन्। काठमाडौं म्याराथनका संयोजक नीलेन्द्रराज श्रेष्ठको निम्तोमा स्यान्डिवन नेपाल आएका हुन्। काठमाडौं म्याराथान भदौ २५ मा हुँदै छ। अब स्यान्डिवनले पोखरा र नेपालगन्ज म्याराथनको पनि रुट नाप्नेछन्। म्याराथन दौडको दूरी ४२.१९५ किलोमिटर हुनेछ।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, सम्पादक : उमेश चौहान, प्रधान सम्पादक : सुधीर शर्मा

## छोटकरी

### मलेसियाबाट फर्केलगत्तै पक्राउ

सुनसरी (कास)- मलेसियाबाट फर्केको तीन साता नबित्दै प्रहरीले सुनसरीको इनरुवा-४ बस्ने ३५ वर्षीय विनोदकुमार खत्वेलाई पक्राउ गरेको छ । चार वर्ष अघि २०७४ मा २३ वर्षीया श्रीमती अनितादेवीको हत्या गरेको आरोपमा उनलाई गत सोमबार साँझ पक्राउ गरिएको हो । सुनसरी प्रहरीका एसपी प्रभुप्रसाद ढकालका अनुसार तत्कालीन अवस्थामा अनिताले विष सेवन गरेर आत्महत्या गरेको भनेर विनोद भाग्न सफल भएका थिए । घटनास्थलमा अनिताको मुखमा विषादी देखिएको थियो । श्रीमतीको मृत्यु भएलगत्तै उनी मलेसिया गएका थिए । तर शवको पोस्टमार्टम रिपोर्टमा कुटपिटबाट मृत्यु भएको पुष्टि भएपछि प्रहरीले विनोदलाई फरार सूचीमा राखेको थियो । एसपी ढकालका अनुसार ०७४ मा विदामा घरमा आउदा खातामा केही रकममात्र बाँकी रहेको थाहा पाएपछि दम्पतीबीच घरायसी झगडा र कुटपिट भएको देखिन्छ । कुटपिटबाटै अनिताको मृत्यु भएको प्रहरीले जनाएको छ । श्रीमतीको मृत्युलाई विष सेवन गरेर आत्महत्या भएको जस्तो देखाएर उनी मलेसिया गए पनि पोस्टमार्टम रिपोर्टमा कुटपिटको खुलासा भएपछि प्रहरीले उनलाई निगरानीमा राखेको थियो ।

### बलात्कार अभियोगमा ६३ वर्षीय पक्राउ

ताप्लेजुङ (कास)- सात वर्षीया नाबालिकालाई बलात्कार गरेको आरोपमा आठराई त्रिवेणी गाउँपालिका-१ निगुरादिनका ६३ वर्षीय कैलाश पोमु लिम्बूलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार उनलाई बिहीबार जिल्ला अदालतमा उपस्थित गराएर थप म्याद लिई आवश्यक अनुसन्धान सुरु भएको छ ।

### विद्यार्थीका लागि ब्याग

ताप्लेजुङ (कास)- इन्जिनियर्स एसोसिएसन ताप्लेजुङले फक्ताङलुङ गाउँपालिकाका उपाध्यक्ष विकास साम्रालाई बालबालिकाले किताब बोक्ने ७५ वटा ब्याग हस्तान्तरण गरेको छ । उक्त ब्याग फक्ताङलुङ गाउँपालिका-२ खेजेनिमको चवाखु र सिवुक आधारभूत विद्यालयका कक्षा ३ मुनिका विद्यार्थीलाई आइतबार प्रदान गरिनेछ । ब्याग प्रतिगोटा ११ सय ३० रुपैयाँ पर्ने हुन् ।

### विमानस्थल बनाउन माग

तेह्रथुम (कास)- स्थानीय जनप्रतिनिधिले प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष जिल्लाको चुहानडाँडामा विमानस्थल निर्माणको काम अघी बढाउन माग गरेका छन् । कांग्रेसकी केन्द्रीय सदस्य एवं पूर्वभौतिक पूर्वाधार राज्यमन्त्री सीता गुरुङले चुहानडाँडा विमानस्थल निर्माण भए तेह्रथुमले मात्रै नभई छिमेकी पाँचथर र ताप्लेजुङले समेत फाइदा लिने बताइन् । विमानस्थल बनाउन २०३२ बाटै पहल सुरु भएको हो । कांग्रेस सभापति एवं प्रम देउवाले तेह्रथुमको विमानस्थल निर्माणको लागि सरकार सकारात्मक रहेको बताएका छन् । राज्यमन्त्री गुरुङसहित जिल्लाका जनप्रतिनिधिको टोलीसँगको भेटमा देउवाले विमानस्थल निर्माणका लागि सरकार लागेको बताएका हुन् ।

# समयमा सकिएन चार लेन सडक

## थपिएको ६ महिना म्यादमा पनि निर्माण सम्पन्न नभएपछि अहिले पुनः एक वर्ष थप गरिएको छ

**देवनारायण साह** (मोरङ)

प्रदेश १ सरकारको गौरवको आयोजना विराटचोक-पुष्पलालचोक चार लेन सडकको काम समयमा पूरा हुन सकेको छैन । प्रदेश सरकारले २२.१९ किलोमिटर लम्बाइ भएको उक्त सडक पूर्वाधार विकास कार्यालय मोरङमार्फत तीन वटा प्याकेजमा निर्माणका लागि आर्थिक वर्ष २०७५/७६ मा ठेक्का लगाएको थियो ।

उक्त सडक निर्माणका लागि श्रेष्ठ/रमण/एपेक्स जेभिले विराटचोक-नेताचोक र नेताचोक-मिलनचोक गरी दुई वटा प्याकेजको ठेक्का लिएको हो । विराटचोक-नेताचोक खण्ड ६८ करोड ६६ लाख ४९ हजारमा र नेताचोक-मिलनचोक खण्ड ६९ करोड १३ हजार रुपैयाँमा उक्त निर्माण कम्पनीले ठेक्का लिएको हो । मिलनचोक-पुष्पलालचोकसम्म २२.१९ किलोमिटर सडक र सिंघिया खोलाको पुल निर्माणका लागि लामा/बानियाँ जेभीले २०७७ असार २९ मा दुई वर्षभित्र ३८ करोड ३५ लाखमा निर्माण काम पूरा गर्ने गरी ठेक्का सम्झौता गरे पनि हालसम्म काम सम्पन्न हुन सकेको छैन ।

दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएको विराटचोक-नेताचोक खण्डको म्याद २०७८ असार २८ मा सकिएपछि पूर्वाधार विकास कार्यालयले सुरुमा ६ महिनाको म्याद थप गरेको थियो । निर्माण कम्पनीले उक्त अवधिमा पनि काम पूरा नगरेपछि अहिले पुनः एक वर्षको म्याद थप गरिएको पूर्वाधार विकास कार्यालय मोरङका प्रमुख सुशील श्रेष्ठले बताए । उक्त सडक खण्डको हालसम्ममा ७० प्रतिशत काम गरेका निर्माण कम्पनीले भेरिएसनबापत् ६ करोड ८३ लाख १२ हजार, मूल्य वृद्धि ३ करोड २६ लाख ९१ हजार गरी कुल ४९ करोड ७८ लाख ८४ हजार रुपैयाँ भुक्तानी लिइसकेको उनले बताए ।



प्रदेश गौरवको आयोजनाको रूपमा रहेको विराटचोक-पुष्पलालचोक चार लेन सडक । तस्बिर : देवनारायण/कान्तिपुर

यस्तै नेताचोक-मिलनचोक खण्डको निर्माण काम पनि निर्माण कम्पनीले समयमा पूरा नगरेपछि २०७८ पुस ३० सम्मका लागि म्याद थप गरिएको थियो । उक्त अवधिमा निर्माण कम्पनीले काम पूरा गरेको श्रेष्ठले बताए । उक्त खण्डमा भेरिएसनबापत् ३ करोड ५६ लाख ८२ हजार, मूल्य वृद्धि ३ करोड ७६ लाख २१ हजार गरी कुल ७२ करोड १९ लाख ५९ हजार रुपैयाँ भुक्तानी गरिएको उनले बताए । साथै मिलनचोक-पुष्पलालचोक खण्डको म्याद गत असार २८ मा समाप्त भएपछि पूर्वाधार विकास कार्यालयले आउँदो असार २८ सम्मका लागि म्याद थप गरिदिएको छ । उक्त सडक खण्डको ६० र पुलको ३० प्रतिशत काम पूरा गरेका निर्माण कम्पनीले हालसम्ममा मूल्य वृद्धिबापत् २ करोड ६ लाख ३२ हजार गरी ५८ प्रतिशत अर्थात् २४ करोड ४३ लाख १० हजार रुपैयाँ भुक्तानी लिइसकेको श्रेष्ठले बताए । उक्त आयोजनाअन्तर्गत खानेपानीको पाइप मर्मत र विद्युतीय पोल सार्न करिब २५ लाख बढी खर्च भएको पूर्वाधार विकास कार्यालय मोरङले जनाएको छ । त्यसको वास्तविक तथ्यांक उसले दिन चाहेन ।

उनले आव ०७६/७७ मा कोरोना महामारीले बजेट अभाव भएकाले निर्माण काममा ढिलाइ भएको दाबी गरे । निर्माण कम्पनीले मूल्य वृद्धि र भेरिएसन लिनका लागि काममा ढिलाइ गर्दै आएको उक्त कार्यालयका एक इन्जिनियरले बताए । प्रमुख श्रेष्ठले कमिसन लिई जथाभावी भेरिएसन र मूल्य वृद्धिबापत भुक्तानी दिएको उनको आरोप थियो । श्रेष्ठले भएको काम र नियमले मिल्ने जति मात्रै भुक्तानी दिइएको र कुनै किसिमको कमिसन तथा लेनदेनको कुरो नभएको दाबी गरे ।

# दिवा खाजाले ३२ विद्यार्थी बिरामी

**पर्वत पोर्तेल** (काँकडभिट्टा)

अखाद्य दिवा खाजा खाएका कारण स्थानीय काँकडभिट्टा माविका ३२ बालबालिकालाई बिहीबार दिउँसो 'फुड पोइजन' भएको छ ।

सरकारले सामुदायिक विद्यालयका शिशुदेखि कक्षा ६ सम्ममा अध्ययनरतलाई प्रति विद्यार्थी १५ रुपैयाँका दरले दिवा खाजा उपलब्ध गराउँदै आएको छ । माविकै चमेनागृहमा खाजा खाइसकेपछि विद्यार्थीलाई झाडाबान्ता र पेट दुख्ने समस्या भएको थियो । विद्यार्थी भकाभक बिरामी पर्न थालेपछि विद्यालय प्रशासनले तत्काल उनीहरूलाई उपचारका लागि करिब ३० किलो मिटर टाढाको मेची अञ्चल अस्पताल पुर्‍याएको थियो । उनीहरू सबै खतरामुक्त रहेको उपचारमा संलग्न चिकित्सकले जनाए । 'स्थिति सामान्य छ, घर पठाउँछौं', ती चिकित्सकले भने ।

इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डीएसपी ज्ञानकुमार महतोले खाजाका रूपमा अखाद्य वस्तु दिइएकाले विद्यार्थी अस्वस्थ भएका हुन् । उनले भने, 'सडेगलेका तरकारी खाजाको रूपमा प्रयोग गरिएको छ, पानीमा पनि फोहोर देखियो ।' सरकारले विद्यालयलाई दिवा खाजाको मेन्यु नै बनाएर पठाएको छ । तर उक्त मेन्युको बेवास्ता गर्दै जे पायो त्यही ख्वाउँदै आएका छन् । पौष्टिक तत्त्वयुक्त वस्तु मात्रै खाजाको रूपमा बालबालिकालाई दिनुपर्ने भए पनि अधिकांश विद्यालयले अखाद्य वस्तु नै बढी दिइरहेको पाइएको छ ।

चाउचाउ, बिस्कुट, दालमोठलगायतका पत्रु खानाखाजाको रूपमा दिइएको पाइएको छ । 'यहाँ पनि सरकारी मेन्युअनुसारको खाजा दिइएको पाइएन', डीएसपी महतोले भने, 'अखाद्य वस्तु खाएकै कारण विद्यार्थी बिरामी परेको पाइयो ।' खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको एक टोलीले पनि चमेनागृहको अनुगमन गर्नुका साथै विद्यार्थीलाई ख्वाइएको खाजाको नमुना जाँचका लागि लगेको छ ।

चमेना गृहका सञ्चालक विद्यालयकै चौकीदार नारायण विष्टलाई थप अनुसन्धानका लागि हिरासतमा राखिएको प्रहरीले जनाएको छ । बिहीबार उनी आफैंले खाजाको रूपमा मटर छोला पकाएका थिए । केही विद्यार्थीले चना-चटपटे पनि खाएका थिए । खाएलगत्तै बालबालिकालाई सन्चो भएन । 'अरू बेला पनि यस्तै खाजा दिइन्थ्यो, केही हुन्न थियो', बिष्टले सफाइ दिँदै भने, 'आज के कारणले बिरामी भए छक्क परेको छु ।'

विद्यालयका एक शिक्षकले बालबालिकाको स्वास्थ्यमाथि खेलबाड गर्ने अधिकार कसैलाई नभएको भन्दै विद्यालय प्रशासनले जिम्मेवारी लिनुपर्ने जनाए । स्थानीय फणीन्द्र घिमिरेले चमेनागृहले नानीबाबुलाई खाजासँगै फोहोर पानी दिएको दाबी गरे । केही दिनदेखि बाल्टीमा भरेर राखेको पानीमा लार्भाहरू पौडिरहेको देखिन्थ्यो । 'खाजा त अखाद्य थियो नै, पानी पनि पिउनै नमिल्ने थियो', घिमिरेले भने, 'क्यान्टिनको चरम लापरबाहीका कारण विद्यार्थी अस्वस्थ भएका हुन् ।'

बालअधिकारकर्मी मणिकुमार लिम्बूले बालबालिकालाई खाजा ख्वाउने कुरामा अधिकांश विद्यालयमा लापर्बाह भएको दाबी गर्छन् । 'बच्चाबच्चीलाई पौष्टिक खाना ख्वाउँदा उसको मानसिक र शारिरीक विकासमा सघाउ पुग्छ', उनी भन्छन्, 'जसले सिकाइ प्रक्रियामा पनि मद्दत पुग्छ ।' उनका अनुसार बालबालिकाले खाने, पढ्ने र उनीहरूको सिकाइ प्रक्रिया प्रतिअभिभावक एवं शिक्षकहरू खासै संवेदनशील छैनन् । 'परिणामस्वरूप यस्ता घटनाहरू दोहोरिरहन्छन्,' लिम्बूले भने ।

# टोलभरका केटाकेटी नै विद्यालय जाँदैनन्

**अर्जुन राजवंशी** (बिर्तामोड)

कल्पना मण्डल ११ वर्षमा लागिन् । उमेरअनुसार उनी अहिले कक्षा ६ पढ्नुपर्ने हो । तर भर्खर कक्षा ३ मा पढ्दै छिन् । उनकी बहिनी करुणा ८ वर्षकी भइन्, बल्ल कक्षा १ मा भर्ना भएकी छिन् ।

बिर्तामोड नगरपालिका-७ हर्चनास्थित नगर गौरव टोलका अधिकांश बालबालिका विद्यालय जाँदैनन् । जानेहरूको पनि उमेरअनुसारको पढाइ छैन । ठूलो उमेरका बालबालिका सानो कक्षामा पढ्छन् । जसको असर, आधारभूत तह (कक्षा ८) सम्मको पढाइसमेत पूरा नगरी विद्यालय जान छाड्नेको संख्या बढ्दो छ । टोलमा ३७ घरपरिवारको बसोबास छ । सबै अति विपन्न आदिवासी समुदायका छन् । प्रतिपरिवारमा औसत तीन बालबालिका छन् ।

टोलमा विद्यालय जाने उमेरका सय बढी बालबालिका छन् । उनीहरूमध्ये आधा मात्रै पढ्न जान्छन् । केही नाम लेखाए पनि विद्यालय नजाने छन् । बेला भइसके पनि ३५ जनाभन्दा बढी बालबालिका विद्यालय भर्ना भएका छैनन् । 'स्कुल टाढा छ, मेनरोड हुँदै जानुपर्छ, साना केटाकेटीलाई कसरी पठाउनु ?' कल्पनाकी आमा रेखाले भनिन्, 'चार वर्षकी कान्छी छोरी रचनालाई पनि बालविकास कक्षामा भर्ना गर्नुपर्ने हो ।' तर स्कुल टाढा भएकाले भर्ना नगरिदिएको उनले बताइन् ।

उर्मिला रायका चार छोराछोरीमध्ये तीन छोरी विद्यालय जान्छन् । जेठी ८ वर्षकी ऋतिका कक्षा १ मा पढ्छिन् । जुम्ल्याहा ७ वर्षका ऋदिमा र ऋषिकालाई यस वर्षदेखि बालविकास कक्षामा भर्ना गरिदिएको रायले बताइन् । 'टाढा भएकाले केटाकेटी विद्यालय जानै मान्दैनन्, कहिले १० दिनसम्म, कहिले १५ दिनसम्मै पढ्न जाँदैनन्' उनले भनिन्, 'हामी बिहानै काममा निस्कन्छौं, उनीहरू विद्यालय नगई घरमै खेलेर बस्छन् ।'

टोलदेखि दुई किलोमिटरको दूरीमा शुक्रराज आधारभूत विद्यालय छ । उत्तरतर्फ करिब डेढ किलोमिटरको दूरीमा जनता आधारभूत विद्यालय छ । जंगलको बाटो हुँदै जानुपर्ने भएकाले टोलवासीले बालबालिकालाई जनता आधारभूत पठाउँदैनन् । अधिकांश शुक्रराज आधारभूत विद्यालय नै जान्छन् । 'बिर्तामोड-भद्रपुर रोड हुँदै शुक्रराज स्कुल जानुपर्छ, केटाकेटीलाई गाडीले ठक्कर दिन्छ भनेर धेरै जना डराउँछन्, त्यसैले विद्यालय जाने उमेर पुगिसके पनि धेरैले छोराछोरीलाई स्कुल पठाउँदैनन्, ७/८ वर्षको पुगेपछि मात्रै भर्ना गर्छन्,' टोल विकास संस्थाका अध्यक्ष शंकर चौधरीले भने ।



झापाको बिर्तामोड नगरपालिका-७ हर्चनास्थित नगर गौरव टोलमा उमेर पुगे पनि विद्यालय भर्ना नभई घरमै बसिरहेका स्थानीय बालबालिका । तस्बिर : अर्जुन/कान्तिपुर

उमेर पुगेर पनि विद्यालय नजाने बालबालिकाको संख्या बढेपछि स्थानीयले टोल नजिकै बाल विकास केन्द्र स्थापनाको माग गरेका छन् । विद्यालय भर्ना नहुने तथा नियमित विद्यालय नजाने विद्यार्थीको संख्या बढ्दै गएपछि यसबारेमा नगरपालिकालाई लिखित रूपमै जानकारी गराएको उनले बताए । 'विद्यार्थीका लागि सानो कक्षा नै महत्त्वपूर्ण हुन्छ, त्यही कक्षा पढेन भने कसरी ठूलो कक्षा पढ्न सक्छ ?' अध्यक्ष चौधरीले भने, 'यो समस्या समाधानका लागि टोल नजिकै एउटा बालविकास केन्द्र स्थापना गर्न नगरपालिकालाई लिखित निवेदन दिएका छौं ।' शुक्रराज आधारभूतका प्रधानाध्यापक कृष्ण सुवेदीका अनुसार यस वर्ष विद्यालयले १५ दिन विद्यार्थी भर्ना अभियान सञ्चालन गरेको थियो । तर भर्ना अभियान उक्त टोलमा पुगेन ।

नगरपालिकाका शिक्षा शाखा प्रमुख तिलचन भण्डारीले उक्त विषयबारे आफू जानकार रहेको बताए । उनले छलफल भए पनि निर्णयमा पुग्न नसक्दा समस्या सम्बोधन नभएको प्रस्ट्याए । 'भएको विद्यालयमा बालबालिका गइरहेका छैनन्, त्यसको विकल्प भनेको टोल नजिकै अर्को बालविकास केन्द्र स्थापना गर्नु हो,' भण्डारीले भने, 'त्यसका लागि संरचना बनाउनुपर्‍यो, शिक्षक राख्नुपर्‍यो, शिक्षकलाई न्यूनतम नै भए पनि नियमित तलब दिनुपर्‍यो ।' उनका अनुसार यी सबैका लागि चाहिने दिगो स्रोत व्यवस्था नभएकाले समस्या सम्बोधन गर्न नसकिएको हो ।


## वर्गीकृत विज्ञापन

### घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रिको लागि 9851071590

गुहेश्वरी नगरविकासमा नयाँघरबिक्रीमा 9841511620, 9851122167

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरबिक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

गोल्फुटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चुनदेवि गणेशबस्तीमा २०-फिटेबाटोमा ०-८-०-० माबनेको साढेतिनतल्ले फ्ल्याटसिस्टमको घरजग्गाको मूल्यमा 9808420364

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

मुलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा साढेसात आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

घडेरी बिक्रीमा सानागाउ २६फिटे बाटोमा २३,००,०००।– इमाडोलमा ३०,००,०००।–, ९८०८५२२६२४

अख्तियार नजिक ०-७-०-० माबनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सितापाइलाबाट ५किलोमिटर भिमढुंगाको मूलसडकमा ३६आना 9818287046

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा बिक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पूलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

चन्द्रागिरी, हाईभिजन कोलनीमा नयाघर ९८२३४६१२१४

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

काठमाण्डौ पेप्सीकोलाचोकबाट नजिकै मेन बाटोमा छोएको ४ आना घडेरी र भूकम्प पछी बनेको ४ आनामा बनेको बंगला टाइपको घर बिक्रिमा 9745674156, 9810196828

### सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुडेको सिङ्गलहयाण्ड मारुती इकोभ्यान बिक्रीमा ९८५११७०५५४

### सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

सहकारीले बचतकर्तालाई जग्गादिई आफ्नो व्यबहार मिलाउनुपरेमा हामीसँग जग्गा छ ९८४१३२३३९७

Cash Deposit Without Collateral, 9841756349

बैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

### विविध बिक्रीमा

राम्रासँग चलिरहेको थकाली भान्छाघर बिक्रिमा, सिनामंगल, 9849346196

डेरीउद्योग बिक्रीमा मूल्य ७(सात) करोड सम्पर्क 9823786729

बसन्तपुर ओमबहालमा कफिसप बिक्रीमा 9819559002

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

२० रोपनिमा फैलिएको चलिरहेको लोकलफार्म तुरुन्तै बिक्रिमा खेतिगर्ने ठांऊ प्रसस्तभएको पानी, बिजुली,बाटो, इन्टरनेटको सुबिधाभएको १५०० कुखुरासहित फार्मबिक्रीमा ठेगाना:-ललितपुर, छम्पि थप जानकारिको लागि ९८०११३४८४३, ९८०५६७७५०६ मा.सिधैकल गर्नहोला

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

बिरुवा घरमा लगाउँदा शुभ हुने ९८१७०३७४४१

### निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्यांडकी 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट मंगालजामखोल्ने, निमार्णपनि, 9841559659, 9843052042

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

### भाडामा

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

टेकुमा ३ कोठाको फ्ल्याट् ९८०८८९६५२४

House OnRent Near Thai Embassy 9841270182

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

भक्तपुर सल्लाघारी मेनरोडमा अफिसको लागि तीनतल्ला, बानेश्वरमा दुईरुम भाडामाछ 9851023514, 9803066711

रिङ्गरोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

जडिबुटी वातावरणमा पेइङ्गगेष्ट बस्न ९८१७०३७४४१, बानेश्वर

### चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

Opt.Math Teachers (Secondarylevel),Receptionist Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810626673

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अफिसमैकामगर्न कर्मचारीहरूको तुआवश्यकता 15500/- 9803274227

बल्खुवार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

अनुभवी लाइट ड्राइभर चाहियो 9868686695

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

आफ्नै ठाउंबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9810332377

पाटनको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू ईमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

जारपानी डेलिभरी गर्ने केटाचाहियो 01-4443799

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

अनुभवी PSO अर्जेन्ट 30000 9823448503

Urgently Part-time Secondary Level Science Teacher 1 Contact Om Academy chhatrapati 9841314298, 5360222

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

Computer Receptionist, Printer Photocopy operator, 9841113842, 9861281073

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्यूटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

Required: Incharge with investment 9745328857

ब्राम्हणको छोरी घरमा कामगर्ने चाहियो ९८१७०३७४४१

सेक्युरिटी गार्ड खानबस्न सहित ९८५१२००५५९

होटलको लागि कुक चाहियो 9867295339

### मर्मत

### भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब नि:शुल्क

### तालिम

कुक, वेटर, हाउसकिपिङ्ग, रिसेप्सनिष्ट ९८४००९२१२६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

### उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

### बिहावारी

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४



चुरे संरक्षण तथा भूमिहीनलाई जग्गा दिनुपर्ने माग गर्दै चुरे तथा वनजंगल संरक्षण अभियान नेपाल, धनुषाले बिहीबार जनकपुरमा गरेको विरोध प्रदर्शन । मुख्यमन्त्री कार्यालय रहेको मधेस भवनतर्फ प्रदर्शन सोझिएपछि सुरक्षाकर्मीले ब्यारिकेड राखेर रोकेका थिए । अभियानले एक महिनादेखि जनक चोकमा धर्नासमेत दिँदै आएको छ ।

*तस्बिर : श्यामसुन्दर शशि/कान्तिपुर*

# अतिक्रमणले साँघुरियो चन्द्रपुर हाटबजार

रौतहट (कास)- चन्द्रपुर नगरपालिका-६ स्थित सरकारी जग्गामा लाग्दै आएको हाटबजार क्षेत्र अतिक्रमणमा परेको छ । अतिक्रमणले हाटबजार साँघुरिँदै गएको छ । उक्त जमिनमा झन्डै ५० वर्षदेखि हाटबजार लाग्दै आएको छ । स्थानीय तहले बजारको अतिक्रमण हटाउन नसक्दा हाटबजारको क्षेत्र साँघुरो बन्दै गएको हो ।

जिल्लाकै पुरानो चन्द्रपुर हाटबजार रहेको सरकारी जमिन ३० जनाले कब्जा जमाएका थिए । जसमध्ये १५ जनालाई तत्कालीन गाविसले अन्यत्र जग्गा दिएर स्थानन्तरण गरेको थियो । तर अझै उक्त क्षेत्र खाली भएको छैन । जग्गा कब्जा गरेर बस्नेलाई सरोकारवाला निकायले हटाउन प्रयास पनि गरेका छैनन् । २९ कट्ठा जग्गामध्ये अहिले १४ कट्ठा मात्र बाँकी रहेको बजार व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामबहादुर घलानले बताए । केही समयअघि घलानकै नेतृत्वमा बनेको समितिले अतिक्रमण हटाउने जिम्मेवारी पाएको थियो । त्यसैबेला १५ जनालाई बजार क्षेत्रबाट हटाएर अन्यत्र जग्गा दिएर राखिएको उनको भनाइ छ । 'अझै पनि १३/१४ जनाले सरकारी जग्गा हडपेर बसेका छन् । उनीहरूलाई हटाउने प्रयास गर्दा पनि सकेनौं,' उनले भने, 'सरकारी जग्गा कब्जा जमाउन थालेपछि बजार साँघुरो हुँदै गएको छ ।'

यहाँ शुक्रबार र सोमबार हटिया लाग्छ । व्यक्तिले बजारको जग्गा कब्जा गरेपछि व्यापारीहरू ठाउँ अभावका कारण सडकमै पसल थापेर बस्न बाध्य छन् । बजारलाई व्यवस्थित गर्न नसक्दा जथाभावी समान राख्ने गरेको पाइएको छ । बजार लाग्न थालेपछि सवारी आवागमन ठप्पजस्तै हुन्छ । अहिले सरकारी जमिन अतिक्रमण गर्नेलाई हटाउनुपर्ने माग फेरि उठ्न थालेको छ । यसबारे स्थानीयले नगर प्रमुख सञ्जय काफ्लेको ध्यानाकर्षण गराएका छन् । काफ्लेले पनि यसबारेमा कार्यपालिका बैठकमा छलफल चलाउने बताएका छन् ।

'सरकारी जग्गा आफ्नैजस्तो गरेर बसेपछि बजार साँघुरो हुँदै गएको छ,' उनले भने, 'यो समस्यालाई कसरी सहजै समाधान गर्न सकिन्छ भन्नेतिर नगरपालिका लागेको छ ।' तत्कालीन गाविसले जस्तापाताको छाना राखेर बजारलाई केही व्यवस्थित गर्ने प्रयास पनि थालेको थियो । तर, अतिक्रमण गरेर बसेकाले अवरोध गरेपछि पूरा हुन सकेको थिएन । स्थानीय व्यापारी सरोज साहले बजारलाई तत्कालै व्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको बताए ।

कित्ता नम्बर १०५ को उक्त सरकारी जग्गा तत्कालीन विश्रामपुर गाविस-९ (हाल वृन्दावन नगरपालिका) की सिबिया देवी बैठाले भूमाफियाको संरक्षणमा २०४९ सालमा आफ्नो नाममा पास गराएकी थिइन् । झन्डै २९ कट्ठा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएको १७ वर्षपछि सरकारको नाममा फिर्ता भएको थियो । मालपोत कार्यालयले हकदाबीको सूचना प्रकाशन गरे पनि बैठा प्रमाण लिई मालपोत उपस्थित भएकी थिइनन् । त्यसपछि जग्गा दर्ता बदर गरेर मालपोतले सरकारको नाममा ल्याएको हो ।

# वन कर्मचारीकै मिलेमतोमा काठ तस्करी

- वन कार्यालयनजिकैको स:मिलमा ठूलो परिमाणमा अवैध काठ बरामद
- पक्राउ परेका स:मिल सञ्चालक फरार भएपछि भगाइएको आशंकामा ३ कर्मचारी निलम्बित

**भरत जर्घामगर** (सिरहा)

वन कर्मचारीकै मिलेमतोमा जंगल क्षेत्रबाट सिरहामा काठ तस्करी भइरहेको खुलेको छ । काठ मिल सञ्चालकसँग वन कर्मचारीको मिलेमतोमा रातारात बहुमूल्य खयर, सखुवा, सिसौलगायतका काठ तस्करी भइरहेको पाइएको हो ।

मिर्चैया नगरपालिका-९ कमलदहस्थित घुर्मी डाँडा सामुदायिक वन क्षेत्रमा गत बिहीबार राति ६६ थान खयरका रूख काटेर तस्करी भयो । यसबारे भोलिपल्ट बिहान स्थानीय हेमकुमार यादव, रामविलक्षण यादवले मिर्चैया र चोहर्वास्थित सवडिभिजन वन कार्यालयलाई खबर गरे । तर, दुवै कार्यालयले यसको वास्ता गरेनन् । सुनुवाइ नभएपछि वडाध्यक्ष दिनेश मण्डलसहित स्थानीयले लहानस्थित डिभिजन वन कार्यालयलाई खबर गरेर काठको खोजी गर्न थाले ।

गाउँले, लहानबाट आएका वन कर्मचारी, सशस्त्र प्रहरीसहितको टोलीले खोजी गर्दा चोहर्वास्थित सबडिभिजन वन कार्यालयदेखि डेढ किलोमिटर पश्चिममा गोलबजार नगरपालिका-९ घुर्मी खोला पुलछेउमा रहेको लक्ष्मीनारायण स:मिलबाट आलोकाँचो ६६ थान खयरका रूखबाट बिक्रीका लागि तयार गरिएको टुना बरामद गर्‍यो । सबडिभिजन कार्यालय चोहर्वा र सबडिभिजन कार्यालय मिर्चैयाका कर्मचारीले बेवास्ता गर्नु र कार्यालयनजिकै काठ बरामद हुनुले तस्करीमा वन कर्मचारीकै मिलेमतो रहेको स्थानीयको दाबी छ । 'खयरको रूख काटिएको खबर चोहर्वा र मिर्चैया सवडिभिजनका कर्मचारीले बेवास्ता गर्नुको कारण स:मिलमा काठ बरामद भएपछि खुल्यो,' खबर गर्ने स्थानीयद्वय हेमकुमार र रामविलक्षणले भने, 'ती कार्यालयबाट डेढ किलोमिटरभित्रै काठ बरामद हुनुले कर्मचारीकै सेटिङमा चोरीनिकासी भएको स्पष्ट हुन्छ ।'



**सिरहाको गोलबजार-९ घर्मीस्थित लक्ष्मी नारायण स:मिलमा बरामद खयरका काठ ।** *तस्बिर : भरत/कान्तिपुर*

६ वर्षदेखि उपभोक्ता समितिविहीन रहेको सामुदायिक वन क्षेत्रबाट अरु पनि बहुमूल्य काठ चोरी तस्करी भएको हुन सक्ने भन्दै स्थानीयले स:मिलमा खोजतलास गर्न माग गरेका छन् । ठूलो परिमाणमा काठ बरामद भएपछि डिभिजन वन कार्यालयले सहायक वन अधिकृत सत्यनारायण यादवलाई अनुसन्धान अधिकारी तोकेर छानबिन थालेको छ । मिलमा खोजतलास गर्ने क्रममा अहिलेसम्म ६६ थान खयरका तयारी टुनाबाहेक थप ९ सय ५५ थान खयरकै काँचो काठ टाँचा नलगाइएको अवस्थामा फेला परेको अनुसन्धान अधिकारी यादवले जानकारी दिए ।

'अझै पनि मिलमा खोजीकार्य जारी छ । वन कर्मचारीले बिक्रीका लागि टाँचा नलगाएका बहुमूल्य प्रजातिका काठ बरामद भइरहेको छ,' उनले भने, 'सबडिभिजन वन कार्यालयनजिकै ठूलो परिमाणमा काठ भेटिनु शंकास्पद छ । अनुसन्धान जारी रहेकाले अहिले केही भन्न सकिने अवस्था छैन । मिर्चैया र चोहर्वास्थित सबडिभिजन कार्यालयले भने काठ तस्करीबारे अनभिज्ञता प्रकट गरे । चोहर्वा सबडिभिजन प्रमुख सहायक वन अधिकृत भोला रायले लक्ष्मीनारायण स:मिलमा खयर काठ ल्याएको बारेमा आफूहरूले थाहा नपाएको र स्थानीयले बरामद गरेपछि अनुसन्धान भइरहेको बताए ।

## मिल सञ्चालक फरार

काठ बरामद भएपछि वनले स:मिलका सञ्चालक मदन ठाकुर र म्यानेजर श्रवण ठाकुरलाई पक्राउ गरेको थियो । तर, वन कर्मचारीले गाडीमा लहान ल्याउँदै गर्दा लहानस्थित बजरंग पेट्रोल पम्पनजिकबाट मिल सञ्चालक ठाकुर फरार भएको डिभिजन वन कार्यालयले जनाएको छ । म्यानेजर श्रवण भने वनको हिरासतमा छन् ।

सशस्त्र वन रक्षकको निगरानीमा ल्याउँदै गर्दा सञ्चालक ठाकुर फरार भएको घटनालाई शंकाष्पद भन्दै स्थानीयले उनलाई भगाइएको हुनसक्ने दाबी गरेका छन् । घटनाको विरोध गर्दै स्थानीयले जिल्ला प्रशासन कार्यालयलाई गुहार्दै विरोध जनाएका छन् । घटनालाई ढाकछोप गर्न लहानस्थित डिभिजन वन कार्यालयले सशस्त्र वन रक्षक रामवृक्ष मोची, जमदारहरू ब्रह्मदेव यादव र रामकुमार चौधरीलाई २ महिनाका लागि निलम्बन गरेको जनाएको छ । डिभिजन वन प्रमुख शैलेन्द्र मिश्रले लक्ष्मीनारायण स:मिलबाट ठूलो परिमाणमा खयरको काँचो काठ बरामद भएको र पक्राउ परेका मिल सञ्चालक ठाकुर फरार घटनामा संलग्न कर्मचारीलाई निलम्बन गरी अनुसन्धान भइरहेको पुष्टि गरे ।

## चोरी निकासी तीव्र

काठ तस्करी हुने क्रम जिल्ला अन्य स्थानमा पनि व्यापक रहेको छ । तस्करीकै कारण जंगल मासिने क्रम बढेको स्थानीय बताउँछन् । जिल्लाका भदैया, ढोढना, विष्णुपुरकट्टी, बन्दीपुरलगायत नाकाबाट तस्करले चुरेक्षेत्रबाट काठ चोरी गरी निकासीको क्रमलाई तीव्र पारेका भदैयाका एक स्थानीयले बताए । 'चिरान साखुको काठ तस्करले रातको समयमा काधवरीयामार्फत लैजान्छन्,' ती स्थानीयले भने, 'यस्तो काठ लहान बजार र भारतीय सीमावर्ती बजारसम्म पुऱ्याउने गरिएको छ ।'

काठको चोरीनिकासी रोक्न स्थानीयले प्रयास गरे पनि तस्करहरूले ज्यान मार्ने धम्की दिने गरेको उनले सुनाए । तस्करहरूले चुरेक्षेत्रका अधिकांश सामुदायिक वन क्षेत्रबाट काठ ओसारपसार गरे पनि वन कार्यालयले केही गर्न सकेको छैन । तस्करीमा जिल्लास्थित भारतीय सीमा क्षेत्रका व्यक्ति बढी संलग्न रहने गरेका छन् ।

दैनिक गुजाराका लागि भन्दै दाउरा बिक्री गर्ने क्रम पनि बढेको छ । लहान बजारमा दिनहुँ सप्तरीका हर्दिया, दौलतपुर, कडोरवोना, बाहुना, कमलपुर र सिरहाका ढोढना, तरेगना गोविन्दपुरलगायत दर्जनभन्दा बढी गाउँका स्थानीयले चुरे वनबाट काटेर ल्याएको दाउरा ल्याई बिक्री गर्ने गरेका छन् ।

जिल्ला वन कार्यालयको तथ्यांकअनुसार सिरहामा २८ हजार १ सय ५५ दशमलव ९५ हेक्टर वन क्षेत्र छ । तीमध्ये १ सय ८ वटा सामुदायिक वन छन् । जिल्लामा एउटा मात्र धार्मिक वन (सलहेस फूलबारी) छ । १ सय २ वटा निजी वनका रूपमा दर्ता भएका छन् । ९ सय ९३ हेक्टर वन अतिक्रमणमा परेको छ ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रिको लागि 9851071590

गुहेश्वरी नगरविकासमा नयाँघरबिक्रीमा 9841511620, 9851122167

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरविक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

गोल्फुटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चुनदेवि गणेशबस्तीमा २०-फिटेबाटोमा ०-८-०-० माबनेको साढेतिनतल्ले फ्ल्याटसिस्टमको घरजग्गाको मूल्यमा 9808420364

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

मुलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा साढेसात आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

घडेरी बिक्रीमा सानागाउा २६फिटे बाटोमा २३,००,०००।– इमाडोलमा ३०,००,०००।–, ९८०८५२२६२४

अख्तियार नजिक ०-७-०-० माबनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सितापाइलाबाट ५किलोमिटर भिमढुंगाको मूलसडकमा ३६आना 9818287046

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा विक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पूलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

चन्द्रागिरी, हाईभिजन कोलनीमा नयाघर ९८२३४६१२१४

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

काठमाण्डौ पेप्सीकोलाचोकबाट नजिकै मेन बाटोमा छोएको ४ आना घडेरी र भूकम्प पछी बनेको ४ आनामा बनेको बंगला टाइपको घर बिक्रिमा 9745674156, 9810196828

## सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुडेको सिङ्गलहयाण्ड मारुती इकोभ्यान बिक्रीमा ९८५११७०५५४

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

सहकारीले बचतकर्तालाई जग्गादिई आफ्नो व्यबहार मिलाउनुपरेमा हामीसँग जग्गा छ ९८४१३२३३९७

Cash Deposit Without Collateral, 9841756349

वैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कूललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

## विविध विक्रीमा

राम्रासँग चलिरहेको थकाली भान्छाघर बिक्रिमा, सिनामंगल, 9849346196

डेरीउद्योग विक्रीमा मूल्य ७(सात) करोड सम्पर्क 9823786729

बसन्तपुर ओमबहालमा कफिसप बिक्रीमा 9819559002

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

२० रोपनिमा फैलिएको चलिरहेको लोकलफार्म तुरुन्तै बिक्रिमा खेतिगर्ने ठांउ प्रसस्तभएको पानी, बिजुली,बाटो, इन्टरनेटको सुबिधाभएको १५०० कुखुरासहित फार्मबिक्रीमा ठेगाना:-ललितपुर, छम्पि थप जानकारिको लागि ९८०११३४८४३, ९८०५६७७५०६ मा.सिधैकल गर्नहोला

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

बिरुवा घरमा लगाउँदा शुभ हुने ९८१७०३७४४१

## निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङकी 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल बनाउने जामखोल्ने सेप्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट मंगालजामखोल्ने, निर्माणपनि, 9841559659, 9843052042

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

## भाडामा

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

टेकुमा ३ कोठाको फल्याट् ९८०८८९६५२४

House OnRent Near Thai Embassy 9841270182

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

भक्तपुर सल्लाघारी मेनरोडमा अफिसको लागि तीनतल्ला, बानेश्वरमा दुईरुम भाडामाछ 9851023514, 9803066711

रिङ्गरोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

जडिबुटी वातावरणमा पेइङ्गगेष्ट बस्न ९८१७०३७४४१, बानेश्वर

## चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

Opt.Math Teachers (Secondary level),Receptionist Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810626673

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अफिसमैकामगर्न कर्मचारीहरूको तुआवश्यकता 15500/- 9803274227

बल्खुग्वार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

अनुभवी लाइट ड्राइभर चाहियो 9868686695

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

आफ्नै ठाउँबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9810332377

पाट्नको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू ईमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

जारपानी डेलिभरी गर्ने केटाचाहियो 01-4443799

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

अनुभवी PSO अर्जेन्ट 30000 9823448503

Urgently Part-time Secondary Level Science Teacher 1 Contact Om Academy chhatrapati 9841314298, 5360222

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

Computer Receptionist, Printer Photocopy operator, 9841113842, 9861281073

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्युटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

Required: Incharge with investment 9745328857

ब्राम्हणको छोरी घरमा कामगर्ने चाहियो ९८१७०३७४४१

सेक्युरिटी गार्ड खानबस्न सहित ९८५१२००५५९

होटलको लागि कुक चाहियो 9867295339

## मर्मत

## भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब नि:शुल्क

## तालिम

कुक, वेटर, हाउसकिपिङ्ग, रिसेप्सनिष्ट ९८४००९२१२६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

## उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

## बिहावारी

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४

# लार्के भन्सार सुनसान, आम्दानी शून्य

## दुई दशकयता सुस्ताउँदै गएको भन्सारको आम्दानी चीन सरकारले उत्तरी नाका एकतर्फी बन्द गरेपछि शून्यमा

**हरिराम उप्रेती** (गोरखा)

छिमेकी मुलुक चीनसँग हुने कारोबारको राजस्व संकलनका लागि स्थापना भएको लार्के भन्सार संकटमा परेको छ । चुमनुब्री गाउँपालिका-३ जगतमा रहेको कार्यालयले पछिल्लो २ वर्ष एक रुपैयाँ पनि राजस्व उठाउन सकेको छैन । आर्थिक वर्ष २०७६/७७ मा भने कार्यालयले २ लाख ४८ हजार ९ सय २४ रुपैयाँ राजस्व संकलन गरेको थियो । ०७७/७८ र ०७८/७९ मा आम्दानी शून्य भएको हो ।

कोभिड महामारीको बहानामा चीन सरकारले उत्तरी गोरखाका दुई नाका एकतर्फी बन्द गरेपछि यसको प्रभाव भन्सारमा पनि परेको हो । पछिल्लो दुई दशकयता भन्सारको कर संकलन सुस्ताउँदै आएको थियो । आव २०७२/७३ मा ४ हजार ७ सय ६७, ०७३/७४ मा ९ हजार ६ सय ९९, ०७४/७५ मा ५ सय ७० रुपैयाँ मात्र राजस्व संकलन भएको कार्यालयको अभिलेखमा छ ।

२०१३ सालमा स्थापना भएको भन्सारमा दुई दशक अघिसम्म भने चहलपहल थियो । 'त्यो बेला कार्यालयका कर्मचारीलाई बैदार, खरदार आय रे भन्थे,' जगतकी सेतुमाया कार्कीले भनिन्, 'अहिले कर्मचारी छैनन्, भन्सार पनि ठण्डाराम बन्यो ।' भन्सारको पुरानो भवन पनि जीर्ण छ । भाडामा दुई कोठा लिएर कार्यालयका सामान राखिए पनि कर्मचारी नझुल्किएको वर्षौं भयो । कार्की भन्छिन्, 'कर्मचारी नबसिदिएर नै कार्यालयको यो अवस्था भयो, एक जनामात्र कर्मचारी भइदिए पनि कार्यालय छ, कर तिर्न पाइन्छ भन्ने हुन्थ्यो ।' भन्सारका कर्मचारी को हुन् भन्नेसम्म स्थानीयलाई थाहा छैन । डेढ वर्ष अघि लार्के भन्सारमा पोस्टिङ भएका मधुसुदन पोखरेल ६ महिना अघि भैरहवा भन्सार कार्यालयमा सरुवा भएका छन् । कार्यालयमा रहेका एक जना करारका कर्मचारी छन् । 'एक जना अफिस कुर्ने हुनुहुन्छ,' उनले भने । चीन सीमा क्षेत्रको नाका बन्द हुँदा भन्सारले दुई वर्षयता राजस्व संकलन गर्न नसकेको उनले बताए ।



गोरखाको चुमनुब्री गाउँपालिका–३ सिर्दिवासमा रहेको लार्के भन्सार कार्यालयको जीर्ण भवन । *तस्बिर : हरिराम/कान्तिपुर*

दुई दशक अघिसम्म उत्तरी क्षेत्रमा उत्पादित भेडाको ऊन, छाला, वनलसुन, सतुवा जडीबुटीलगायतको राजस्व कार्यालयबाट संकलन हुन्थ्यो । तत्कालीन संकटकालपछि भन्सारमा कर्मचारी बस्न छाडेको स्थानीय धनसिं गुरुङले बताए । 'पहिले छाला, मासु ऊन आउँथ्यो । आँगनमा पसारो पारेर कर्मचारीले सामान हेर्थे,' उनले भने, 'अहिले कर उठाउने मान्छे पनि छैन, चहलपहल पनि छैन ।' भन्सारमा कर्मचारी नहुँदा लुकीछिपी सामान ल्याउने-लाने क्रम बढेको हुन सक्ने स्थानीयको अनुमान छ ।

नाका खुल्दा सामागाउँको रुइला र छेकम्पारको ङुयिलाबाट उत्तरी गोरखाका स्थानीयले जडीबुटी निकासी तथा उपभोग्य सामग्री पैठारी गर्थे । जगतमा रहेको कार्यालयबाट छेकम्पार र सामागाउँको नाका पुग्न कम्तीमा ३ दिन पैदल हिँड्नुपर्छ । भन्सारमा कर्मचारी हुँदा हिउँ पर्ने सिजनमा जगत र बर्खाको बेला सिमा क्षेत्रमा पुगेर घुम्ती कर्मचारीले राजस्व संकलन गर्ने गरेको चुमनुब्री-३ का अध्यक्ष रामकुमार गुरुङले बताए । '६/६ महिना कागजपत्र बोकेर तलमाथि गरिरहने भएकाले यसलाई पोको भन्सार पनि भनिन्थ्यो,' गुरुङले भने, 'तिब्बत जाने सामानलाई भन्सार काटेर जडीबुटी बिक्री तथा सामान ओसारपसारमा निकै सहज बनेको थियो ।' अहिले निकासी र पैठारी दुवै ठप्प भएको उनले बताए । तातोपानी नाका खुलेपछि पनि भन्सारमा चाप कम भएको उनले सुनाए । 'पहिले जिम्बु, ऊन, छाला यहींबाट जान्थ्यो, अरू नाकामा बाटो खुलेपछि अलि कम भएको हो,' उनले भने । भन्सारलाई व्यवस्थित तवरले सञ्चालनका लागि उपल्लो निकायमा पटकपटक कुरा राखे पनि सुनुवाइ नभएको उनले बताए । 'कर्मचारीको अनुहार नै देखिँदैन, लार्के जोड्ने सडक खुल्दै छ, त्यसपछि अझै चहलपहल बढ्छ, यसलाई अहिलेदेखि नै व्यवस्थित बनाउन सकियो भने सजिलो पर्छ भनेर उपल्लो निकायलाई भनेका हौं,' उनले भने । कार्यालय व्यवस्थित बनाएर पर्याप्त कर्मचारी खटाउन सके लाखौं राजस्व संकलन हुने स्थानीयको विश्वास छ ।

# वस्तु तथा सेवामा स्थानीयको आफ्नै दरभाउ


**घनश्याम खड्का** (म्याग्दी)

जिल्लाका माथिल्लो भेगका मगर बाहुल्य बस्तीमा वस्तु तथा सेवाको दरभाउ स्थानीय आफैंले निर्धारण गरेका छन् । बस्तीअनुसार गाउँसभाले वर्षभरिका लागि स्थानीय उत्पादन तथा रीतिस्थिति निर्धारण गर्दै आएको छ । वस्तु तथा सेवाको मूल्य र ज्यालादरमा एकरूपता ल्याउन स्थानीय दरभाउ निर्धारण गर्दै आइएको छ । जसअनुसार यो वर्षका लागि मूल्यसूची तय गरिएको हो ।

वस्तु तथा सेवाको मूल्य भने बस्तीअनुसार फरक-फरक हुने गरेको छ । अन्नपूर्ण गाउँपालिका-१ दोवामा यस वर्ष मकै, जौको मूल्य प्रतिपाथी १७० रुपैयाँ, कोदो, फापर, उवाको प्रतिपाथी ३ सय रुपैयाँ, सिमी र गेडागुडीको प्रतिपाथी ७ सय रुपैयाँ, भैंसीको घिउ प्रतिमाना १ हजार रुपैयाँ, गाईको घिउ प्रतिमाना १ हजार २ सय रुपैयाँ तोकिएको छ । ज्यालातर्फ प्रतिदिन डकर्मीको ७ सय ५० रुपैयाँ, सिकर्मीको ९ सय रुपैयाँ, अदक्ष (ढुंगा, मल बोक्ने, कुटोकोदालो गर्ने, खेत जोत्ने आदि) कामदारको खाजासहित ७ सय रुपैयाँ निर्धारण गरिएको छ । स्थानीय रक्सी भट्टीमा खाँदा प्रतिबोटल १ सय ५० रुपैयाँ र घरमा सय रुपैयाँ पर्ने गरी मूल्य तय भएको छ । दूध प्रतिमाना ६० र दहीको ७० रुपैयाँ तोकिएको छ ।

'परम्परादेखि नै गाउँमा वस्तु, सेवा तथा रीतिस्थितिको दरभाउ र विधिविधान निर्धारण गर्दै आएका छौं,' अन्नपूर्ण-१ का वडाध्यक्ष दिलीप गर्बुजाले भने, 'हरेक घरको प्रत्यक्ष सहभागितामा स्थानीय वस्तु तथा सेवाको दरभाउ निर्धारण भएपछि मूल्यको एकरूपता कायम भएको छ । सबै स्थानीयको उत्पादनले मूल्य पाउन पनि सजिलो भएको छ ।' गाउँमा व्यवसाय गर्नेलाई छुट्टै व्यवसाय कर पनि तोकिएको उनले जानकारी दिए ।

जिल्लाको उत्तरी भेगमा पर्ने रघुगंगा गाउँपालिकाको बेग र चिमखोला, अन्नपूर्ण गाउँपालिकाको हिस्तान, औंला, राम्चेसमेतका मगरबाहुल्य बस्तीमा पनि हरेक वर्ष यस्तै मूल्यसूची तोक्ने गरिएको छ । हरेक बस्तीमा गाउँपालिका, वडा कार्यालय, प्रहरी कार्यालय समेतका राज्यका संयन्त्रबाहिर रहने समुदायको रीतिस्थिति व्यवस्थापन समितिले हरेक वर्ष यस्तो मूल्यसूची बनाई वडा कार्यालयमार्फत अनुमोदन गराउने प्रचलन छ । 'घाँसदाउरा गर्न वन कहिले खोल्ने/बन्द गर्ने, सामुदायिक काममा जनश्रमदान, पूजाआजा र मेलापर्वको व्यवस्थापन गर्न परम्परादेखि नै रीतिस्थिति समितिमार्फत सामाजिक काम गर्ने गरेका छौं,' रघुगंगा-७ चिमखोलाका वडाध्यक्ष रिम पाइजाले भने, 'यो वर्ष समितिले स्थानीय उत्पादन र श्रमको ज्याला निर्धारण गरेको छैन । भदौ १५ भित्र गाउँसभा राखी अनुमोदन भएपछि लागू हुन्छ । हामीले ६-६ महिनामा उधौंली र उभौलीको बैठकबाट यस्तो मूल्यसूची निर्धारण गर्दै आएका छौं । समस्या परे पुनरावलोकन पनि गर्छौं ।'



अन्नपूर्ण गाउँपालिका वडा नं. १ दोवा, म्याग्दीमा मिति २०७९।०५।०५ को वडा भेला मार्फत निर्धारण भएको अन्नबाली तथा पारिश्रमिक ज्यालाहरुको विवरण :

| क्र.सं. | अन्नबालीको विवरण | परिमाण | दर रु. मा | कैफियत |
|---|---|---|---|---|
| १ | कोदो | प्रति पाथी | २५० | |
| २ | मकै | प्रति पाथी | १७० | |
| ३ | फापर | प्रति पाथी | ३०० | |
| ४ | बदाम | प्रति पाथी | ५०० | |
| ५ | सिमी तथा अन्य गेडागुडी | प्रति पाथी | ७०० | |
| ६ | भट्मास | प्रति पाथी | ६०० | |
| ७ | आलु | प्रति पाथी | १८० | |
| ८ | दुध | प्रति माना | ६० | |
| ९ | दही | प्रति माना | ७० | |
| १० | मोही | प्रति जम्मु १.५ लि. | १०० | |
| ११ | भैसीको घ्यू | प्रति माना | १००० | |
| १२ | गाईको घ्यू | प्रति माना | १२०० | |
| १३ | घर मह | प्रति माना | १५०० | |
| १४ | भिर मह | प्रति लिटर | २५०० | |
| १५ | रक्सी घरमा | प्रति जम्मु १.५ लि. | १२० | |
| १६ | रक्सी होटलमा | प्रति जम्मु १.५ लि. | १५० | |
| १७ | जाँड घरमा | प्रति जम्मु १.५ लि. | १०० | |
| १८ | जाँड होटलमा | प्रति जम्मु १.५ लि. | १२० | |

पारिश्रमिक ज्याला

| क्र.सं. | कामको विवरण | परिमाण | दर रु. मा | कैफियत |
|---|---|---|---|---|
| १ | बाउसे, दाउरा काट्ने, बोक्ने | प्रतिदिन खाजा सहित | ७०० | |
| २ | डकर्मी | प्रतिदिन खाजा सहित | ७५० | |
| ३ | सिकर्मी | प्रतिदिन खाजा सहित | ९०० | |
| ४ | गोरु हली सहित सबै | प्रतिदिन खाजा सहित | १५०० | |
| ५ | प्लास्टर तथा ढलान | प्रतिदिन खाजा सहित | ८०० | |
| ६ | मेसिन मार्फत दाउरा काट्ने | प्रति घण्टा | ७०० | |
| ७ | मेसिन मार्फत घाँस काट्ने | प्रति घण्टा | ७०० | |
| ८ | मिनी ट्रेलर मार्फत खेत जोत्ने | प्रति घण्टा | ७५० | |
| ९ | मेसिन मार्फत काठ काट्ने | प्रति इन्च | १८ | |
| १० | जङ्गे आरा मार्फत काठ काट्ने | प्रति इन्च | २१ | ६ फुटसम्म |
| ११ | जङ्गे आरा मार्फत काठ काट्ने | प्रति इन्च | २४ | ६ फुटभन्दा माथि |

नोट : माथि उल्लेखित भन्दा अन्य अन्नबाली बाली तथा ज्यालाहरु आपसी समझदारीमा निर्धारण गरिनेछ।

धन्यवाद

मन कुमार गर्बुजा
वडा सचिव

म्याग्दीको अन्नपूर्ण–१ दोवावासीले यस वर्षका लागि तयार पारेको मूल्यसूची । *तस्बिर : कान्तिपुर*

# मूल्य नपाएको गुनासो

**सम्झना रसाइली** (तनहुँ)

करिब ६ वर्षदेखि व्यावसायिक पशुपालन गर्दै आएका व्यास नगरपालिका-१० का कालिका पौडेलले पशु पाल्न नसकिने अवस्था आएको बताए । उत्पादित वस्तुको मूल्यभन्दा पशुलाई खुवाउने दाना, चोकरको मूल्य दैनिक बढ्दो अवस्थामा रहेकाले पशु पालन व्यवसाय संकटमा पर्दै गएको उनको भनाइ थियो ।

कृषि तथा पशु सेवा कार्यालय तनहुँले मंगलबार दमौलीमा आयोजना गरेको कार्यक्रममा पौडेलले यस्तो गुनासो गरेका हुन् । उनले भने, 'भैंसीलाई खुवाउने दाना, चोकर र आफुले गरेको मिहिनेतअनुसारको आम्दानी हुने अवस्था छैन । दूधको मूल्य बढ्दैन तर गाईभैंसीलाई खुवाउने दाना, चोकरको मूल्य दैनिक बढेर आउँछ । अब कसरी पशुपालन व्यवसाय गर्ने ?' भैंसीको बिमा रकम पनि न्यायोचित नभएको उनले बताए । 'एउटा भैंसीलाई डेढदुई लाख रुपैयाँ पर्छ तर बिमा भने ९० हजार रुपैयाँको हुन्छ', उनले भने, 'केही कारणले भैंसी मरिहाल्यो भने ५०/६० हजार रुपैयाँ घाटै हुन्छ । बिमाको रकम पनि समय सुहाउँदो हुन आवश्यक छ ।'

अहिले भेटेरिनरी, नगरपालिका र वडामै कृषिसम्बन्धी कार्यक्रम हुने र पहुँचवालाले तीन वटै स्थानबाट सेवा लिइरहेको कृषकको गुनासो छ । उनले भने, 'भेटेरिनरी कार्यालय, नगरपालिका र वडाले पनि कृषकको पहिचान गरी आफ्ना र अर्काका नभनी समानुपातिक रुपमा सेवा सुविधा प्रवाह गर्नसके साना किसानले लाभ पाउँथे ।'

तनहुँ दुग्ध उद्योगका अध्यक्ष अमरबहादुर कुँवरले विभिन्न कार्यालयबाट विविध कार्यक्रम गरे तापनि उत्पादन भने घट्दै गएको बताए । उनले भने, 'बर्सेनि पशु कार्यालय तथा नगरपालिकाले किसानलाई व्यावसायिक पशुपालनतर्फ आकर्षण गराउनका लागि विभिन्न कार्यक्रम गर्दै आएका छन् तर कार्यक्रमअनुसारको उपलब्धि देखिन छाडेको छ ।' उनले थपे, 'सरकारले विभिन्न परियोजना भनी कार्यक्रम चलाउँछ तर ती कार्यक्रमको बजेट भएसम्म

> किसानले मिहिनेतअनुसारको आम्दानी हुन नसक्नुमा उत्पादित बस्तुको मूल्य र बजार नपाउनु, लागतमात्र बढ्नु देखिएको छ

राम्रै चल्छ, त्यसपछि ती कार्यक्रम त्यतिकै हराउँछन् । एक पटक परियोजना आएपछि पुनः आएर कृषकलाई झकझकाइरहनुपर्ने आवश्यक छ ।' उत्पादन वृद्धिका लागि प्राविधिक ज्ञान, उपकरण र पशुको आहारामा सम्बन्धित निकायले ध्यान दिन जरुरी रहेको उनले बताए । 'उत्पादन बढाउन अनुदानले मात्र सहयोग गर्दैन', उनले भने, 'किसानका खेतबारीमा आवश्यक सिँचाइ छ कि छैन, पशु तथा कृषि उपजका उत्पादनका लागि आवश्यक प्राविधिक ज्ञान छ कि छैन, उत्पादित उपजको सहज बजारीकरण र मूल्य कृषकले पाएका छन् कि छैनन् भन्ने विषय अध्ययन गर्न आवश्यक छ ।'

व्यावसायिक कृषि तथा पशुपालनका लागि अनुदान मात्र नभई आवश्यक समयमा किसानका गोठ तथा खेतबारीमै प्राविधिक तथा विज्ञ पुग्नुपर्ने र आवश्यक सल्लाहसुझाव दिनुपर्ने कार्यक्रमका सहभागीले बताए । यससँगै उत्पादित उपजको सहज रूपमा बजारीकरण र उचित मूल्यका विषयमा पनि सरोकारवाला पक्षले ध्यान दिनुपर्ने बताएका थिए ।

उक्त कार्यक्रममा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा. बालकुमार श्रेष्ठ, कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत राजेश्वर सिलवाल र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना गोरखाका प्रमुख पूर्णा ढुंगानाले वार्षिक कार्यक्रम सार्वजनिक गरेका थिए । श्रेष्ठका अनुसार पशु केन्द्रलाई चालु आर्थिक वर्षका लागि ९ करोड ३८ लाख ४५ हजार रुपैयाँ बजेट विनियोजन भएको छ ।

उनले भने, 'उक्त बजेटबाट पशुपक्षी तथा मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रमअन्तर्गत माछापोखरी निर्माण, माछा भुरा खरिद ढुवानी तथा वितरण, पशुपक्षी स्रोतकेन्द्र स्थापना, कृषि ऋणमा ब्याज अनुदान वितरण लगायतका कार्यक्रम गरिनेछ ।' यस्तै चालु आर्थिक वर्षमा कृषि ज्ञान केन्द्रका लागि ५ करोड ६४ लाख ८० हजार रुपैयाँ बजेट विनियोजन भएको छ । कृषि प्रसार अधिकृत सिलवालका अनुसार कार्यालयबाट साना व्यावसायिक कृषि फर्म स्थापना, साना सिँचाइ, विपन्न बस्तीमा मुख्यमन्त्री, आलु खेती प्रवर्द्धन, बाँझो जग्गामा व्यावसायिक खेतीका लागि अनुदान दिने कार्यक्रम रहेको छ ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रिको लागि 9851071590

गुहेश्वरी नगरविकासमा नयाँघरबिक्रीमा 9841511620, 9851122167

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरबिक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

गोल्फटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चुनदेवि गणेशबस्तीमा २०-फिटेबाटोमा ०-८-०-० मावनेको साढेतिनतल्ले फ्ल्याटसिस्टमको घरजग्गाको मूल्यमा 9808420364

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

मूलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा साढेसात आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

घडेरी बिक्रीमा सानागाउा २६फिटे बाटोमा २३,००,०००।– इमाडोलमा ३०,००,०००।–, ९८०८५२२६२४

अख्तियार नजिक ०-७-०-० मावनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सितापाइलाबाट ५किलोमिटर भिमढुंगाको मूलसडकमा ३६आना 9818287046

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा विक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पूलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:- २करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

चन्द्रागिरी, हाईभिजन कोलनीमा नयाघर ९८२३४६१२१४

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

काठमाण्डौ पेप्सीकोलाचोकबाट नजिकै मेन बाटोमा छोएको ४ आना घडेरी र भूकम्प पछी बनेको ४ आनामा बनेको बंगला टाइपको घर बिक्रिमा 9745674156, 9810196828

## सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुडेको सिङ्गलह्याण्ड मारुती इकोभ्यान बिक्रीमा ९८५११७०५५४

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

सहकारीले बचतकर्तालाई जग्गादिई आफ्नो व्यबहार मिलाउनुपरेमा हामीसँग जग्गा छ ९८४१३२३३९७

Cash Deposit Without Collateral, 9841756349

बैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कुललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

## विविध बिक्रीमा

राम्रासँग चलिरहेको थकाली भान्छाघर बिक्रिमा, सिनामंगल, 9849346196

डेरीउद्योग बिक्रीमा मूल्य ७(सात) करोड सम्पर्क 9823786729

बसन्तपुर ओमबहालमा कफिसप बिक्रीमा 9819559002

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

२० रोपनिमा फैलिएको चलिरहेको लोकलफार्म तुरुन्तै बिक्रिमा खेतिगर्ने ठांऊ प्रसस्तभएको पानी, बिजुली,बाटो, इन्टरनेटको सुबिधाभएको १५०० कुखुरासहित फार्मबिक्रीमा ठेगाना:-ललितपुर, छम्पि थप जानकारिको लागि ९८०११३४८४३, ९८०५६७७५०६ मा.सिधैकल गर्नहोला

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

बिरुवा घरमा लगाउँदा शुभ हुने ९८१७०३७४४१

## निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङकी 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

## भाडामा

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

टेकुमा ३ कोठाको फल्याट् ९८०८८९६५२४

House OnRent Near Thai Embassy 9841270182

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

भक्तपुर सल्लाघारी मेनरोडमा अफिसको लागि तीनतल्ला, बानेश्वरमा दुईरुम भाडामाछ 9851023514, 9803066711

रिङ्गरोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

जडिबुटी वातावरणमा पेइङ्गगेष्ट बस्न ९८१७०३७४४१, बानेश्वर

## चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

Opt.Math Teachers (Secondarylevel),Receptionist Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810626673

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अफिसमैकामगर्न कर्मचारीहरूको तुआवश्यकता 15500/- 9803274227

बल्खुग्वार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

अनुभवी लाइट ड्राइभर चाहियो 9868686695

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

आफ्नै ठाउँबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9810332377

पाटनको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू ईमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

जारपानी डेलिभरी गर्ने केटाचाहियो 01-4443799

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

अनुभवी PSO अर्जेन्ट 30000 9823448503

Urgently Part-time Secondary Level Science Teacher 1 Contact Om Academy chhatrapati 9841314298, 5360222

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

Computer Receptionist, Printer Photocopy operator, 9841113842, 9861281073

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्यूटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

Required: Incharge with investment 9745328857

ब्राम्हणको छोरी घरमा कामगर्ने चाहियो ९८१७०३७४४१

सेक्यूरिटी गार्ड खानबस्न सहित ९८५१२००५५९

होटलको लागि कुक चाहियो 9867295339

## मर्मत

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट मंगालजामखोल्ने, निर्माणपनि, 9841559659, 9843052042

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

## भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब निःशुल्क

## तालिम

कुक, वेटर, हाउसकिपिङ्ग, रिसेप्सनिष्ट ९८४००९२१२६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

## उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

## बिहावारी

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४

# न्याय पर्खंदै मिटरब्याजपीडित

## सरकारले नै प्रशासनमा उजुरी दिन भनेपछि न्याय पाउने आशा जागेको पीडितहरूको भनाइ, पश्चिम नवलपरासीमा मात्रै १०२ उजुरी दर्ता

**नवीन पौडेल** (परासी)



पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका कार्यालयअगाडि न्याय माग गर्दै प्रदर्शनमा उत्रिएका मिटरब्याजपीडित । *तस्बिर : नवीन/कान्तिपुर*

प्रतापपुर गाउँपालिका-४ का ५८ वर्षीय हेमलाल लोनियाँले २०७१ सालमा साहुसँग १ लाख रुपैयाँ ऋण लिए । आमाको नाममा रहेको ४ कठ्ठा जग्गा साहुका नाममा दृष्टिबन्धक गरेर ऋण लिएका हुन् । साहुले जग्गा रोक्का गरेर ४ लाख रुपैयाँको बेग्लै तमसुक बनाए । घरखर्च चलाउन र खेती गर्नका लागि पैसा अत्यावश्यक परेकाले ४ लाख रुपैयाँको कागजमा हस्ताक्षर गरेको उनले बताए । 'अहिलेसम्म ७ लाख रुपैयाँ ब्याजस्वरूप बुझाइसकेँ तर ऋण चुक्ता भएको छैन । साहुले अझै पनि ८ लाख रुपैयाँ बाँकी रहेको बताइरहेका छन्,' उनले भने, 'सात वर्षसम्म कमाएर तिरियो । जग्गा फुकुवा र हिसाब मिलानका लागि अहिले जिल्ला प्रशासनमा उजुरी दिएको छु ।'

प्रतापपुर-४ का जितबहादुर थारू वर्षौंदेखि ब्याज तिर्दै आए पनि अझै साँवा तिर्न सकिरहेका छैनन् । २ लाख रुपैयाँ ऋणको ५० प्रतिशतका दरले ब्याज तिर्दै आएका छन् । तर, वर्षभरिको आम्दानीले घर चलाउन र ब्याज तिर्न पनि पुग्दैन । ब्याज तिर्न नसकेपछि ब्याजलाई साँवा बनाएर साहुले थप मारमा पार्ने गरेको उनले बताए । 'एकपटक साहुसँग ऋण लिएपछि तिर्नै नसकिने भइयो । साँवाभन्दा बढी ब्याज तिर्दासमेत अझै पैसा मागिरहेका छन्,' उनले भने, 'सधैं ऋणको तनावमा बस्नुपर्ने, घरबार लिलाम हुने डरले त्रसित हुनुपर्ने अवस्था छ ।'

खरले छाएको सानो झुपडी घर, भान्सामा एक सातालाई पुग्ने अन्न छैन । मजदुरी गरेर बिहान-बेलुकाको छाक टार्नुपर्ने सरावल-६ का आजम अलि धुनियाले मिटरब्याजबाट उन्मुक्ति पाउन जिल्ला प्रशासनमा उजुरी दर्ता गराएको बताए । ६ वर्षअगाडि सुनिलकुमार जैसवाल र जगदीश जैसवालसँग लिएको ऋण अझै चुक्ता भएको छैन । 'कागज गर्ने समयमा हामीलाई जालझेलमा पारियो । साहुले जे भने सोहीअनुसार गरियो,' उनले भने, 'अहिले सरकारले नै उजुरी दिन भनेपछि प्रशासनमा उजुरी दिएका छौं । अब न्याय पाउने आशा जागेको छ ।'

साहुको डर र धम्कीका कारण खुलेर उजुरी गर्न नसकेका जिल्लाका पीडितहरू अहिले धमाधम उजुरी दर्ता गराउने र आन्दोलनमा सहभागी हुन थालेका छन् । वर्षौंसम्म कुनै पनि निकायले नसुनेको उजुरी अहिले काठमाडौंकेन्द्रित आन्दोलनपछि सरकार आफैंले उजुरी दिन आग्रह गरेपछि पीडितहरू न्याय पाउने आशामा छन् । 'साहुले उजुरी गरे पनि केही हुँदैन । हामीले जग्गा कानुनअनुसार दृष्टिबन्धक गरेका छौं । जहाँ गए पनि जा उजुरी गर्न भनेर धम्क्याउने गर्थे,' प्रतापपुर-१ का मुकेश चौधरीले भने, 'अब भने सरकार आफैंले उजुरी गर्न भनेको छ । उजुरी पनि दिएका छौं । अब मिटरब्याजको अत्याचारबाट मुक्ति पाइने आशा जागेको छ ।' जिल्लामा चर्चामा रहेका मिटरब्याज लगाउने सुनिल बानियाँ र जगदीश बानियाँबाहेक अन्य धेरैविरुद्ध पनि मिटरब्याज लगाएको आरोपमा निवेदन परेको छ ।

वर्षौंसम्म चर्को ब्याज असुल गर्ने र गरिब तथा विपन्नलाई घरबारविहीन बनाउने काममा धेरै जना संलग्न रहँदा पनि स्थानीय तहका जनप्रतिनिधि भने यसबारे बेखबरजस्तै बनेका थिए । अहिले गृह मन्त्रालयले उजुरी गर्न सकिने र छानबिन हुने भनेपछि जनप्रतिनिधिले पनि यसबारे चासो दिन थालेका छन् । मिटरब्याजसम्बन्धी गुनासो आएकाले यसबारे स्थानीय र संघ सरकारले बनाएको मिटरब्याजसम्बन्धी अध्ययन गर्ने कार्यदललाई नै राखेर छलफल गर्न लागिएको प्रतापपुर गाउँपालिका अध्यक्ष उमेशचन्द्र यादवले बताए । 'यो विषय गम्भीर बन्दै गएको छ । हाम्रो तहबाट हुने र कानुनले दिएसम्मको प्रक्रिया र छलफल गरिरहेका छौं,' उनले भने, 'वास्तविक पीडितले न्याय पाउनुपर्छ । यसका लागि सधैं जनताको साथमा छौं । यसलाई निर्णायक तहमा नै पुर्‍याउने छौं ।'

जिल्लाका अधिकांश मिटरब्याजपीडित सुस्ता र प्रतापपुर गाउँपालिकाका छन् । केही ऋणीले प्रशासनमा उजुरी दिए पनि गाउँघरमा नै व्यवहार मिलाउने भन्दै सयौं ऋणीले अझै उजुरी दिएका छैनन् । जिल्लामा हालसम्म मिटरब्याजीविरुद्ध १ सय २ वटा उजुरी परेका छन् । यसअघि मिटरब्याजले घरबारविहीन हुनुपरेको भन्दै २५ जनाले मात्र प्रशासनमा जानकारी गराएका थिए । तर, गृह मन्त्रालयले औपचारिक निवेदन नै माग गरेपछि उजुरी दिनेको संख्या बढेको हो । भदौ पहिलो सातासम्ममा जिल्लामा मिटरब्याजसम्बन्धी १ सय २ वटा उजुरी परेको पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताए ।

'जिल्लाको दक्षिणी भेगबाट मिटरब्याजसम्बन्धी धेरै उजुरी परेको छ भने वर्दघाट, सुनवललगायतका बजार क्षेत्रबाट आर्थिक ठगीसँग सम्बन्धित उजुरी परेको छ,' उनले भने, 'दर्ता भएका निवेदनविरुद्ध गृहको निर्देशनअनुसार जिल्लामा काम अगाडि बढाउने छौं ।' यसअघि जिल्लाको प्रतापपुर, सुस्ता, पाल्हीनन्दन र बर्दघाटका मिटरब्याजपीडितहरू काठमाडौंकेन्द्रित आन्दोलन गर्दा २५ जनाले प्रशासनमा उजुरी दर्ता गराएका थिए । जसमध्ये २० वटा मिटरब्याजसम्बन्धी कारोबार साहु, ऋणी र प्रशासनबीच छलफल गरेर मिलाइएको थियो ।

### कार्यदलमा समेट्न माग

परासी (कास)- मिटरब्याजपीडितको समस्या समाधानका लागि गठित मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलमा पीडितलाई पनि समावेश गर्न स्थानीयले माग गरेका छन् । सरकारले गठन गरेको कार्यदलले जिल्लाको सुस्ता र प्रतापपुरमा मिटरब्याजपीडित, प्रशासन, वित्तीय संस्थाका प्रतिनिधि र स्थानीय तहका जनप्रतिनिधिसँग मिटरब्याज प्रकरणका बारेमा बिहीबार छलफल गरेको हो ।

स्थानीयले वास्तविक पीडितको सहभागिता नभएको भन्दै सोही कार्यक्रममा नाराबाजी गर्दै कार्यदलमा पीडितलाई पनि सदस्य बनाउनुपर्ने माग गरेको मिटरब्याजपीडित अवदेश कुसवाहले बताए । 'पीडित नै समावेश नभएको कार्यदलले हामीलाई के न्याय दिन्छ भनेर आश गर्नू ?,' उनले भने, 'पीडितको सहभागिता भएपछि मात्र हाम्रो माग सम्बोधन हुनेछ ।' कार्यदलका संयोजक सहसचिव भीष्मकुमार भुसालसहितको टोलीले पीडितको गुनासो र समस्या समाधानका लागि गर्न सकिने आगामी कामका विषयमा बुझ्न प्रभावित क्षेत्रमा आएको बतायो । सरकारले गठन गरेको ८ सदस्यीय कार्यदलमा मिटरब्याजपीडितको सहभागीता छैन ।

सरकारले कार्यदललाई एक महिनाभित्रमा प्रतिवेदन बुझाउन समय तोकेकाले स्थलगत रूपमा आएर पीडितको गुनासो र सरकारी पक्षबाट गर्नुपर्ने कामको विषयमा छलफल गरिएको कार्यदल संयोजक भुसालले बताए । 'हामीले सरकारले दिएको समयसीमाभित्र वास्तविक अवस्थाबारे बुझेर प्रतिवेदन बुझाउने हो,' उनले भने, 'पीडित भएको स्थानमा नै आएर सत्यतथ्य बुझ्ने कोसिस गरिरहेका छौं ।'

# आधा कैदीबन्दीमा छालाजन्य रोग

बर्दिया (कास)- सात वर्षदेखि जिल्ला कारागारमा बन्दी जीवन बिताउँदै आएका ६० वर्षीय दिवाकर उपाध्यायलाई रात पर्नासाथ एउटै चिन्ता हुन्छ- आज सुत्ने कसरी ? ३० जना क्षमता भएको एउटा कोठामा अहिले ६५ जना सुत्ने गर्छन् । 'गर्मी महिना, त्यसमा पनि उत्तानो परेर सुत्नुपर्ने, खुट्टासमेत फैलाउने ठाउँ छैन । पसिना र दुर्गन्धले कोठा बसिनसक्नु छ,' उनले भने, 'बेलाबेला आउने-जाने विद्युत्ले पंखा बन्द हुँदा रातभर जाग्राम बस्नुपर्छ ।' कारागारमा क्षमताभन्दा तेब्बर बन्दी कोचिएर बस्नुपर्दा छालाजन्य रोग फैलिएको उनले बताए ।

उपाध्यायजस्ता झन्डै ५० प्रतिशत पुरुष कैदी बन्दीमा अहिले छालाको समस्या देखिएको छ । यसै गरी महिला कारागारको अवस्था पनि उस्तै छ । कारागारभित्र आर्सेनिक पानीले गर्दा छालाका बिरामीलाई थप जटिल बनाउँदै गएको सीता खत्रीले बताइन् । 'क्षमताभन्दा बढी कैदीबन्दी राख्दा समस्या भएको छ,' उनले भनिन्, 'बाथरुमको पनि अभाव छ ।' छालारोगसम्बन्धी विशेषज्ञ डाक्टरबाट कारागारमा उपचारको व्यवस्था गरिनुपर्ने यहाँका कैदीबन्दीको माग छ । जिल्लामा छाला रोग विशेषज्ञ डाक्टर नहुँदा बिरामीलाई समस्या परेको छ । क्षमताभन्दा बढी कैदी र थुनुवालाई पिउने पानी, सुत्ने कोठाको अभाव र पर्याप्त शौचालय नहुँदा गर्मीमा छाला रोग फैलिँदै गएको बताइएको छ ।

१ सय २५ जना क्षमता भएको कारागारमा अहिले ४ सय ४३ जना कैदीबन्दी कोचिएर बस्न बाध्य छन् । हाल महिला कारागारमा एक आश्रित बालिकासहित ३० जना छन् । पुरुषतर्फ ४ सय १२ जना कैदी र थुनुवा रहेको कारागारका जेलर विजयकुमार मल्लले बताए । 'कैदीबन्दीको संख्या बढेपछि छालाका बिरामी पनि बढेका छन्,' उनले भने, 'कारागारमा थप कैदीबन्दी राख्ने अवस्था नहुँदा पनि दैनिक २/४ जना थपिइरहेका छन् ।' २०२८ सालमा निर्माण भएको कारागार जीर्ण भएको छ । वर्षायाममा पानी चुहिने र रसाउने गर्दा थुनुवा, कैदी सास्ती भोग्न बाध्य छन् ।

# म्याराथन शैलीमा शिलान्यास र उद्घाटन

कपिलवस्तु (कास)- लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सहसराम यादवले म्याराथन शैलीमा एकैदिन ४ विकास आयोजनाको शिलान्यास र उद्घाटन गरेका छन् । चुनाव नजिकिँदै गर्दा मन्त्री यादवको सक्रियता बढेको हो । उनले आफ्नो निर्वाचन क्षेत्रमा २ वटा सडक एवं एउटा पुलको शिलान्यास र कपिलवस्तु नगरपालिका-६, सगरहवामा निर्माण सम्पन्न भएको पुलको पनि बिहीबारै उद्घाटन गरेका हुन् ।

मन्त्री यादवले जिल्लाको शुद्धोदन गाउँपालिका-६ मा बिमिहा-सोहसा सडक योजना, मायादेवी गाउँपालिका र कपिलवस्तु नगरपालिका जोड्ने चाकलचौडा-पचेहरा सडक खण्ड र दोहनी-लोधडिह सडक खण्डस्थित लोधडिह बक्स कल्भर्टको शिलान्यास गरेका छन् । कपिलवस्तु नगरपालिका-६ स्थित निगाली-तिलौराकोट सडक खण्डको रामजकिया खोलामा निर्माण सम्पन्न पुलको पनि उद्घाटन गरेका हुन् ।

अस्फाल्ट प्रविधिबाट बनाउन लागिएको बिमिहा-सोहसा सडक ५ हजार ६ सय ९१ मिटर लामो छ । यो जनाको एसियाटिक-रिजाल जेभी रूपन्देहीले ९ करोड ७७ लाख ९९ हजार रुपैयाँमा ठेक्का लिएको छ । २०७९ असार १४ मा सम्झौता गरिएको उक्त योजना १८ महिनामा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । डीभीएसटी प्रविधिमा निर्माण हुने चाकलचौडा-पचेहरा सडक खण्ड ३ हजार ७ सय मिटर लामो छ । ५ करोड ३१ लाख रुपैयाँ लागतमा बटाजु-एसियाली जेभी रूपन्देहीले उक्त ठेक्का लिएको छ । २०७९ असार ६ मा सम्झौता गरिएको उक्त योजना १२ महिनामा सम्पन्न गर्ने बताइएको छ ।


कपिलवस्तुको शुद्धोदन-६ मा बिमिहा-सोहसा सडक निर्माण योजनाको बिहीबार शिलान्यास गर्दै लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सहशराम यादव । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

त्यस्तै, शिलान्यास गरिएको लोधडिह बक्स कल्भर्ट १६.५ मिटर लामो छ । १ करोड ९७ लाख रुपैयाँ लागतमा श्रीराम निर्माण सेवा कपिलवस्तुले उक्त ठेक्का लिएको हो । २०७९ असार ७ मा सम्झौता गरिएको उक्त बक्स कल्भर्ट १२ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।

बिहीबारै उद्घाटन गरिएको रामजकिया खोलाको पुल २५ मिटर लामो छ । उक्त पुल ३ करोड २८ लाख लागतमा निर्माण गरिएको हो । २०७७ जेठ ३२ मा निर्माण सम्झौता गरिएको पुल २०७८ मंसिर २९ मै पूरा भएको सडक पूर्वाधार कार्यालय प्रमुख हितेन्द्र रायमाझीले बताए ।

शिलान्यास र उद्घाटन कार्यक्रममा प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयका सचिव अमृत श्रेष्ठ नेतृत्वमा कर्मचारीको टोलीले दिनभर दौडधुप गरेको थियो । शुद्धोदन र मायादेवी गाउँपालिकामा गरिएको शिलान्यास कार्यक्रममा मन्त्री यादव पनि ठूलो दलबलसहित पुगेका थिए । त्यहाँ नेता-कार्यकर्ताको बाक्लै चहलपहल थियो ।

आफू मन्त्री भएपछि पछाडि परेको क्षेत्रलाई विकासमा अगाडि बढाउन योजना र बजेट विनियोजन गरेको मन्त्री यादवले बताए । दलगत आस्था त्यागेर सबैको हितअनुकूल काम गरिरहेको उनको भनाइ छ । जिल्लाको विकासका लागि आएको बजेटले गुणस्तरीय काम होस् भनेर स्थानीयले निरन्तर खबरदारी गरिरहनु पर्नेमा उनले जोड दिए । 'हामीले काम गर्न सम्झौता गरिसक्यौं,' उनले भने, 'अब निर्माण व्यवसायीले समयमै गुणस्तरीय काम गरेर सम्पन्न गर्नेतिर लाग्नुपर्छ ।'


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रिको लागि 9851071590

गुहेश्वरी नगरविकासमा नयाँघरबिक्रीमा 9841511620, 9851122167

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरविक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

गोल्फटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चुनदेवि गणेशबस्तीमा २०-फिटेबाटोमा ०-८-०-० माबनेको साढेतिनतल्ले फ्ल्याटसिस्टमको घरजग्गाको मूल्यमा 9808420364

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

मुलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा साढेसात आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

घडेरी बिक्रीमा सानागाउ २६फिटे बाटोमा २३,००,०००।– इमाडोलमा ३०,००,०००।–, ९८०८५२२६२४

अख्तियार नजिक ०-७-०-० माबनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सितापाइलाबाट ५किलोमिटर भिमढुंगाको मूलसडकमा ३६आना 9818287046

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा विक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पूलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:- २करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

चन्द्रागिरी, हाईभिजन कोलनीमा नयाघर ९८२३४६१२१४

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

काठमाण्डौ पेप्सीकोलाचोकबाट नजिकै मेन बाटोमा छोएको ४ आना घडेरी र भूकम्प पछी बनेको ४ आनामा बनेको बंगला टाइपको घर बिक्रिमा 9745674156, 9810196828

## सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुडेको सिङ्गलहयाण्ड मारुती इकोभ्यान बिक्रीमा ९८५११७०५५४

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

सहकारीले बचतकर्तालाई जग्गादिई आफ्नो ब्यबहार मिलाउनुपरेमा हामीसँग जग्गा छ ९८४१३२३३९७

Cash Deposit Without Collateral, 9841756349

बैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कूललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

## विविध बिक्रीमा

राम्रासँग चलिरहेको थकाली भान्छाघर बिक्रिमा, सिनामंगल, 9849346196

डेरीउद्योग विक्रीमा मूल्य ७(सात) करोड सम्पर्क 9823786729

बसन्तपुर ओमबहालमा कफिसप बिक्रीमा 9819559002

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

२० रोपनिमा फैलिएको चलिरहेको लोकलफार्म तुरुन्तै बिक्रिमा खेतिगर्ने ठांउ प्रसस्तभएको पानी, बिजुली,बाटो, इन्टरनेटको सुबिधाभएको १५०० कुखुरासहित फार्मबिक्रीमा ठेगाना:-ललितपुर, छम्पि थप जानकारिको लागि ९८०११३४८४३, ९८०५६७७५०६ मा.सिधैकल गर्नहोला

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

बिरुवा घरमा लगाउँदा शुभ हुने ९८१७०३७४४१

## निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङ्की 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

## भाडामा

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

टेकुमा ३ कोठाको फ्ल्याट् ९८०८८९६५२४

House OnRent Near Thai Embassy 9841270182

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

भक्तपुर सल्लाघारी मेनरोडमा अफिसको लागि तीनतल्ला, बानेश्वरमा दुईरुम भाडामाछ 9851023514, 9803066711

रिङ्गरोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

जडिबुटी वातावरणमा पेइङ्गगेष्ट बस्न ९८१७०३७४४१, बानेश्वर

## चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

Opt.Math Teachers (Secondary level),Receptionist Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810626673

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अफिसमैकामगर्न कर्मचारीहरूको तुआवश्यकता 15500/- 9803274227

बल्खुग्वार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

अनुभवी लाइट ड्राइभर चाहियो 9868686695

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

आफ्नै ठाउँबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9810332377

पाटनको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू इमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

जारपानी डेलिभरी गर्ने केटाचाहियो 01-4443799

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

अनुभवी PSO अर्जेन्ट 30000 9823448503

Urgently Part-time Secondary Level Science Teacher 1 Contact Om Academy chhatrapati 9841314298, 5360222

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

Computer Receptionist, Printer Photocopy operator, 9841113842, 9861281073

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्यूटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/ कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

Required: Incharge with investment 9745328857

ब्राम्हणको छोरी घरमा कामगर्ने चाहियो ९८१७०३७४४१

सेक्युरिटी गार्ड खानबस्न सहित ९८५१२००५५९

होटलको लागि कुक चाहियो 9867295339

## मर्मत

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट मंगालजामखोल्ने, निर्माणपनि, 9841559659, 9843052042

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

## भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब नि:शुल्क

## तालिम

कुक, वेटर, हाउसकिपिङ्ग, रिसेप्सनिष्ट ९८४००९२१२६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

## उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

## बिहावारी

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४

# मुगुका खाद्य डिपोमा सकियो चामल

## 'चाहिएका बेला चामल नपाइए डिपो भएको के काम ?'

**राजबहादुर शाही** (मुगु)

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका खाद्य गोदाममा चामल सकिएपछि जिल्लाभरि बिक्री वितरण बन्द भएको छ । गत आर्थिक वर्षमा ढुवानी भएको चामल बिक्री भइसकेको र चालु आर्थिक वर्षको चामल ढुवानी गर्न ठेक्का स्वीकृत नभएकाले सबै खाद्य गोदाम रित्तिएका हुन् ।

अहिले कम्पनीको गमगढी शाखामा ६ सय क्विन्टल मात्र चामल मौज्दात छ । सोरु, पुलु र श्रीकोट खाद्य डिपोमा चामल सकिएको झन्डै ३ महिना बित्यो । 'गमगढी गोदाममा रहेको चामल आपतकालीन अवस्थाका लागि राखिएको छ,' लिमिटेडका सूचना अधिकारी पुष्कर भामले भने, 'अरू डिपोमा चामलै छैन ।' उनले शाखा कार्यालयमा भदौ १ गतेदेखि बिक्रीवितरण बन्द गरिएको जानकारी दिए ।

मुगमकार्मारोङस्थित पुलु डिपोमा लामो समयदेखि चामल नहुँदा स्थानीयलाई खाद्यान्नको जोहो गर्न समस्या भएको गाउँपालिका अध्यक्ष छिरिङक्याप्ने लामाले बताए । 'भएको खाद्यान्न सबैले खाइसकेका छन्, नयाँ खाद्यान्न पाकेकै छैन,' उनले भने, 'डिपोमा वर्षायाममा कहिल्यै चामल हुँदैन, चाहिएको बेला चामल नपाइए डिपो भएको के काम ?' उनले खाद्य डिपोमा चामल नभएपछि डोल्फु, मुगु, चितै, कार्ती, किम्रीलगायत गाउँका स्थानीय एक दिन हिँडेर छाइल बजार गई एक बोरा चामलको जोहो गर्न बाध्य भएको बताए । अत्यधिक चिसो र सिँचाइ सुविधा अभावमा मुगमकार्मारोङका अधिकांश बस्तीमा वर्षमा एक बाली उवा मात्र पाक्छ ।

गोदाममा चामल नभएपछि सदरमुकामवासीसमेत बजारको महँगो चामल दोब्बर मूल्यमा खरिद गरी उपभोग गर्न बाध्य छन् । खाद्यमा पाइने सस्तो मूल्यको चामल सकिँदा भोकचलन गर्न गाह्रो भएको छायानाथरारा नगरपालिकाकी लक्ष्मी भामले बताइन् । 'मजदुरी गरेर परिवार पाल्नुपर्छ,' उनले भनिन्, 'महँगोमा चामल खरिद गरी कसरी जीविकोपार्जन गर्ने ?' उनका अनुसार खाद्यमा २५ किलोको एक बोरा चामल १ हजार ५ सय रुपैयाँमा पाउने भए पनि बजारमा २ हजार ५ सय रुपैयाँसम्ममा किन्नुपर्ने बाध्यता छ ।

खाद्यमा चामल नभएको मौका पारी स्थानीय व्यापारीले मनपरी मूल्य बढाएको उनको भनाइ छ । चालु आर्थिक वर्षमा गमगढीका लागि ११ हजार क्विन्टल र सोरुकोट तथा पुलु डिपोका लागि १/१ हजार क्विन्टल चामलको कोटा तोकिएको छ । त्यस्तै, श्रीकोट डिपोका लागि १ हजार ५ सय क्विन्टल खाद्यान्नको कोटा स्वीकृत भएको कम्पनीले जनाएको छ । छिटो ठेक्का स्वीकृत गरी छिटो चामल ढुवानी गर्न पहल भइरहेको प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले बताए । दसैंअघि नै चामलको ढुवानी व्यवस्था मिलाउन कम्पनीलाई निर्देशन दिइएको उनले जनाए ।

# खडेरीले फस्टाएन धानबाली



सल्यानको छत्रेश्वरी गाउँपालिकाको लान्ति र भुमेश्वरनजिकै शारदा नदी किनारको फाँटमा किसानले लगाएको धान । *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (सल्यान)

यो वर्ष जिल्लाभरिका किसानले लगाएको धानबाली फस्टाउन सकेको छैन । पर्याप्त वर्षा नहुँदा धानबाली पहेँलिँदै गएको छ । केही ठाउँमा रोग-कीराको समस्या देखिएको छ । पर्याप्त वर्षा नभई गर्मी बढ्दा धानबालीमा विभिन्न समस्या देखिन थालेको हो ।

धान उत्पादन गरेर वर्षमा झन्डै ७ महिना सजिलै जीविकोपार्जन गर्दै आए पनि यो वर्ष धानबाली बिग्रँदा उत्पादन घट्ने जोखिम बढेको छत्रेश्वरीस्थित लान्तीका प्रकाश केसीले बताए । 'धानबाली पहेँलो बन्दै गएको छ, विभिन्न रोगको संक्रमण पनि देखियो,' उनले भने, 'पानी नै पर्याप्त नभएपछि विषादीले पनि काम गरेन ।'

वर्षा नहुँदा पातहरू ओइलिँदै गएको छत्रेस्वरी गाउँपालिका-६ गोदेका कुलबहादुर बोहराले बताए । 'शारदा नदीको पानीले सिँचाइ पनि गरिरहेको छु, मल पनि हालेकै हो, तर धानका बोट कुपोषण लागेको बच्चाजस्तै हुन थाले,' उनले भने, 'यस्तै अवस्था रहे यो वर्षको उत्पादनले ३ महिना पनि खान पुग्दैन ।' कम्तीमा एक हप्ता पर्याप्त वर्षा नभए धान फुल्ने सम्भावना नदेखिएको उनको भनाइ छ । 'यस्तै खडेरी परे पूरै धानबाली नै सखाप हुने जोखिम देखियो,' उनले भने, 'दुई साताअघिसम्म बाली ठीकै जस्तो देखिन्थ्यो, अहिले बारीभरि विभिन्न जातका किरैकिरा फैलिएका छन् ।'

भूमेश्वरका किसान नरबहादुर रोकाले धानबालीमा किराले टुप्पा काट्दै गएको बताए । 'बालीमा के समस्या भएको हो पहिचान गर्न प्राविधिकलाई बोलाएका बोलायै छौं,' उनले भने, 'तर पालिकाले पठाउन आनाकानी गरिरहेको छ ।' उनले धानबालीमा दुई पटक मल छरिसकेको बताए । उनका अनुसार नजिकैको शारदा नदीको पानीले गाउँका किसानले हप्तामा एक दिन सिँचाइ पनि गरेकै छन् । पर्याप्त वर्षा नभएका कारण आकासे पानीको भरमा खेती लाग्ने केही खेत बाँझै छन् । 'यतिबेला हरियो हुँदै मोटो गाँज हालेर हलक्क बढ्नु पर्नेहो, तर धानका बोट दिनदिनै ख्याउटे बन्दै गए,' उनले भने 'एक हप्ता पर्याप्त वर्षा नभए यो वर्ष एक मुरी पनि बाली भित्र्याउनै नपाइने जोखिम छ ।'

छत्रेश्वरी गाउँपालिका-६ लान्तिका किसान धनबहादुर बुढाले लान्ती, गोदेआसपास क्षेत्रको २/३ हेक्टर जग्गामा लगाएको मकै फौजी किराले सखाप बनाएको बताए । किरा नियन्त्रणका लागि किटनासक औषधि छर्दै आए पनि नमरेको र बढी प्रयोग गर्दा पातहरू सुक्दै गएको उनको भनाइ छ । 'मकैको धानचौर फाल्ने गुवाहरू सबै किराले खाइसकेकाले फल लाग्ने आशा मरेको छ,' उनले भने, 'केही छिमेकीले त फल नलाग्दै मकै काटेर गाईबस्तुलाई खुवाउन थालिसकेका छन् ।'

पर्याप्त वर्षा नहुँदा धानबालीमा गर्मी बढ्दा धानबालीमा समस्या भएको कृषि विकास कार्यालयका सूचना अधिकारी रेसमबहादुर बस्नेतले बताए । उनका अनुसार केही ठाउँमा रोग र किराको प्रकोप देखिन थालेको छ । 'अहिलेसम्म खासै क्षति भएको छैन, रोग किरा नियन्त्रणका लागि विसादीसहित प्राविधिकहरू किसानको खेतमा पठाइरहेका छौं,' उनले भने, 'पुग्ने वर्षा नहुँदा यो वर्ष धान उत्पादनमा कमी आउने देखियो ।'

# बालविवाह अन्त्य गर्न साझा प्रतिबद्धता

**कान्तिपुर संवाददाता** (कालीकोट)

बालविवाह अन्त्यका लागि जिल्लाका सरोकारवालाले ९ बुँदे साझा प्रतिबद्धता गरेका छन् । बालविवाह सामाजिक र कानुनी अपराध भएको तथ्यलाई मनन गर्दै कालीकोट जिल्लालाई २०८३ सम्ममा बालविवाहमुक्त उर्ने उनीहरूको प्रतिबद्धता छ । छिमेकी जिल्ला दैलेखको आठबीस नगरपालिका प्रमुख, उपप्रमुखसहित कालीकोटका ९ वटै स्थानीय तहका प्रमुख, उपप्रमुखसहितका सरोकारवालाले बालविवाहले बालबालिकाको विकास, संरक्षण, शिक्षा र स्वास्थ्यमा प्रतिकूल असर परेको ठहर गर्दै साझा प्रतिबद्धता गरेको हुन् ।

संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता तुलाराज विष्टले बालविवाहलाई सामाजिक अपराधको लिँदै एकीकृत अभियान सञ्चालन गर्न जरुरी रहेको बताए । 'स्थानीयतहले चाहे बालविवाह अन्त्य गर्न सम्भव छ,' उनले भने, 'समाजमा सचेतनामूलक अभियान सँगै कानुनी बाटो पनि अपनाउनुपर्छ ।'

कालीकोट र दैलेख सिमाना जोडिएको जिल्ला भएकाले दुवै जिल्लाका सरोकारवालाले गरेको साझा प्रतिबद्धताले बालविवाह अन्त्य गर्न सहज हुने आठबीस नगरपालिका प्रमुख तर्कराज बडुवालले बताए । 'समाजले बालविवाहलाई चलनका रुपले लिएर अपराध नमानेकाले घट्न सकेको छैन,' उनले भने, 'गरिबी, अशिक्षा र चेतनाको कमीले गाउँमा बालविवाह मौलायो ।'

बालविवाह अन्त्यका लागि स्थानीय तहका जनप्रतिनिधिलगायतका सरोकारवालाको भूमिकाबारे नेपाल पत्रकार महासंघले सोमबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उनले बालविवाहविरुद्धको अभियानलाई एकीकृत रूपमा अघि बढाउने प्रतिबद्धता गरे । सरोकारवालाले बालविवाह अन्त्यका लागि जिल्लास्थित सबै स्थानीय तहले साझा रणनीतिक योजना तथा बजेट निर्माण गरी वडा, पालिका तथा जिल्ला तहमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए । उनीहरूले सबै नगर तथा गाउँपालिका र वडा तहमा बालअधिकार समिति गठन गरी क्रियाशील बनाउने, आर्थिक वर्षको योजना निर्माण प्रक्रियामा बालबालिकाहरूको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने बताएका छन् ।

त्यस्तै, बालबालिका ऐनले व्यवस्था गरेअनुसार सबै पालिकामा बालकल्याण अधिकारीको व्यवस्था गर्ने, बालविवाह गर्न/गराउन संलग्न हुने, भोजभतेरमा सहभागी हुने वा सूचना लुकाउने, मेलमिलाप गर्ने/ गराउने जनप्रतिनिधि, राजनीतिकर्मीलगायतलाई सामाजिक बहिस्कार गर्ने प्रतिबद्धता पनि उनीहरूले गरेका छन् । जिल्लामा बालविवाह गराउन संलग्न हुने धामीझाँक्री, ज्योतिषी, पुरोहितहरूलाई अभिमुखीकरण गर्दै परिचालन गर्ने र विद्यालय तहका किशोरकिशोरीलाई मनोविमर्शसम्बन्धी सेवा दिने निर्णय पनि कार्यक्रममा भएको छ ।

कालीकोटका ५ वटा स्थानीय तहमा गरिएको सर्भेक्षणअनुसार अझै जिल्लामा ५२ प्रतिशत बालविवाह छ । बालविवाहको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै सेभ द चिल्ड्रेनका बाल संरक्षण संयोजक बाले विश्वकर्माले मागेर भन्दा अहिले भागेर विवाह गर्ने प्रवृत्ति बढेको बताए । बालविवाह सामाजिक विकृति भएकाले सबै वडामा निरन्तर अभियान सञ्चालन भइरहेको तिलागुफा नगर प्रमुख शंकर उपाध्यायले प्रतिबद्धता गरे । उनले तिलागुफाको धेरैजसो बिहेबारी जुम्लाको हिमा र तिला गाउँपालिकामा बढी हुने भएकाले त्यहाँका जनप्रतिनिधिसँग पनि एकीकृत कार्यक्रम सञ्चालन गर्न छलफल भइरहेको बताए । तिलागुफाका ५ वडा एक वर्षअघि बालमैत्री स्थानीय शासन अवलम्बन गरिएको घोषणा भएका थिए ।

बालविवाहले बालिका बढी समस्यामा परेको बताउँदै आठबीस नगर उपप्रमुख कल्पना थापाले समाजमा रहेको छाउपडी प्रथा र बहुविवाहलाई पनि हटाउन अभियान सञ्चालन गर्नुपर्ने बताइन् । कालीकोटमा गत वर्ष ५ हजार ५ सय ६० जना गर्भवती महिला गर्भ जाँच गर्न आएकोमा २० वर्षमुनिका ९ सय ६ जना किशोरी आमा बनेको निमित्त स्वास्थ्य सेवा व्यवस्थापक कटकबहादुर महतले बताए ।

# खेतीपाती सिक्दै बालबालिका

**विप्लव महर्जन** (सल्यान)

छत्रेश्वरी गाउँपालिका-५ लेखपोखरास्थित कालिका आधारभूत विद्यालयमा कक्षा ५ मा अध्ययनरत देव भण्डारीले दैनिकजसो विद्यालयमा खेतीपातीको काम गर्छन् । उनका साथी अर्जुन भण्डारीले पनि विद्यालय परिसरमा रहेको बारीमा धान, मकै, बेसार, अदुवा गोडमेलको काम दैनिकजसो गरिरहेका छन् ।

कालिका आधारभूत विद्यालयका विद्यार्थी किताब पढ्ने र लेख्ने काम मात्रै गर्दैनन्, उनीहरूले पढाइसँगै खेतीपाती गर्दै र कृषि ज्ञान सिक्दै आएका छन् । विद्यालयले पढाइसँगै खेतीपाती गर्न सिकाउन थालेपछि बालबालिका पनि उत्साही छन् । उनीहरूले एक/दुईवटा विषयमा मात्र नभई विद्यालय छुट्टी नहुँदासम्म पटकपटक कृषिको अभ्यास गर्दै आएका छन् । विद्यालयमा सिजनअनुसार अन्नबाली र तरकारीको खेती हुन्छ र विद्यार्थीले फुर्सदको समयमा बारीमा गएर काम गरेका छन् ।

विद्यालयमा आफूले पढाइसँगै खेतीपातीको सीप सिकिरहेको भण्डारीले बताए । विद्यालयमा सिकेको ज्ञान घरमा लागू गर्ने अवसर मिलेको उनको भनाइ छ । 'कतै पनि जागिर पाइएन भने पनि कृषिमा आत्मनिर्भर बन्न सकिन्छ,' उनले भने, 'कृषि ज्ञानले कसरी आधुनिक रूपमा कृषि गर्ने भन्ने सिकाइरहेको छ ।'

कक्षा ४ मा पढ्ने रीतु ओलीले कक्षा कोठामा पढाइसँगै खेतीपाती गर्न पाउँदा रमाइलो लाग्ने गरेको बताइन् । 'शिक्षकले पढाएका कुरा केही बुझ्न कठिन हुन्छ,' उनले भनिन्, 'पटक-पटक दोहोऱ्याउने अवसर नपाउँदा अन्योलमा पर्ने अवस्था आउने गर्छ, जमिनमा अभ्यास गर्न पाउँदा नबुझेका कुरा सजिलै बुझ्न पाइरहेका छौं ।'



सल्यानको कालिका आधारभूत विद्यालयका लेखपोखराका बालबालिका धान गोड्दै । *तस्बिर : विप्लव/कान्तिपुर*

पछिल्लो समयमा शैक्षिक ज्ञान मात्र नभई व्यावहारिक र जीवनउपयोगी ज्ञान अति आवश्यक भएकाले पढाइसँगै खेतीपाती सिकाइरहेको विद्यालयका प्रधानाध्यापक बालाराम ओलीले बताए । 'देख्दा सबैलाई अनौठो लाग्न सक्छ, तर बालबालिकाहरू पढाइसँगै खेतीपातीमा रमाउन थालेका छन्,' उनले भने, 'पहिले पढाइप्रति खासै चासो नदेखाउने बालबालिका पनि हिजोआज पढाइप्रति आकर्षित भएका छन् ।' कृषि सीप र ज्ञान सिकाउँदा सुरुमा अभिभावकले गाली गरे पनि अहिले खुसी भएको उनले बताए ।

विद्यालयमा ८८ विद्यार्थी छन् । उनीहरूले आफूले सिकेका ज्ञान घरमा पनि लागू थालेको शिक्षकहरू बताउँछन् । बालबालिकालाई किताबको किरो मात्र नबनाई सानै उमेरदेखि कृषि पेसामा लागेर सहज रूपमा आयआर्जन गर्न सकिन्छ भन्ने सिकाउन थालिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानबहादुर ओलीले बताए । 'पछिल्लो समय विद्यालयमा कृषिसम्बन्धी सीप र ज्ञान सिक्नका लागि अन्य विद्यालयका बालबालिकाहरू पनि आउन थालेका छन्,' उनले भने, 'विद्यालयलाई हरित, शान्त र सुरक्षित रूपमा विकास गर्न पनि यो अभियान चालिएको हो ।' उनका अनुसार विद्यालयमा अहिले १३ रोपनी जग्गामा खेती भइरहेको छ । विद्यालयले आन्तरिक स्रोतबाटै यसको व्यवस्थापन गरेको उनले बताए ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रिको लागि 9851071590

गुहेश्वरी नगरविकासमा नयाँघरबिक्रीमा 9841511620, 9851122167

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरविक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

गोल्फुटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चुनदेवि गणेशबस्तीमा २०-फिटेबाटोमा ०-८-०-० माबनेको साढेतिनतल्ले फ्ल्याटसिस्टमको घरजग्गाको मूल्यमा 9808420364

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

मुलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा साढेसात आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

घडेरी बिक्रीमा सानागाउ २६फिटे बाटोमा २३,००,०००।– इमाडोलमा ३०,००,०००।–, ९८०८५२२६२४

अख्तियार नजिक ०-७-०-० माबनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सितापाइलाबाट ५किलोमिटर भिमढुंगाको मूलसडकमा ३६आना 9818287046

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा विक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पूलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

चन्द्रागिरी, हाईभिजन कोलनीमा नयाघर ९८२३४६१२१४

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

काठमाण्डौ पेप्सीकोलाचोकबाट नजिकै मेन बाटोमा छोएको ४ आना घडेरी र भूकम्प पछी बनेको ४ आनामा बनेको बंगला टाइपको घर बिक्रिमा 9745674156, 9810196828

## सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुडेको सिङ्गलहयाण्ड मारुती ईकोभ्यान बिक्रीमा ९८५११७०५५४

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

सहकारीले बचतकर्तालाई जग्गादिई आफ्नो ब्यबहार मिलाउनुपरेमा हामीसँग जग्गा छ ९८४१३२३३९७

Cash Deposit Without Collateral, 9841756349

वैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

## विविध विक्रीमा

राम्रोसँग चलिरहेको थकाली भान्छाघर बिक्रिमा, सिनामंगल, 9849346196

डेरीउद्योग विक्रीमा मूल्य ७(सात) करोड सम्पर्क 9823786729

बसन्तपुर ओमबहालमा कफिसप बिक्रीमा 9819559002

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

२० रोपनिमा फैलिएको चलिरहेको लोकलफार्म तुरुन्तै बिक्रिमा खेतिगर्ने ठांऊ प्रसस्तभएको पानी, बिजुली,बाटो, इन्टरनेटको सुबिधाभएको १५०० कुखुरासहित फार्मबिक्रीमा ठेगाना:-ललितपुर, छम्पि थप जानकारिको लागि ९८०११३४८४३, ९८०५६७७५०६ मा.सिधैकल गर्नहोला

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

बिरुवा घरमा लगाउँदा शुभ हुने ९८१७०३७४४१

## निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङकी 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

## भाडामा

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

टेकुमा ३ कोठाको फल्याट् ९८०८८९६५२४

House OnRent Near Thai Embassy 9841270182

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

भक्तपुर सल्लाघारी मेनरोडमा अफिसको लागि तीनतल्ला, बानेश्वरमा दुईरुम भाडामाछ 9851023514, 9803066711

रिङ्गरोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

जडिबुटी वातावरणमा पेइङ्गगेष्ट बस्न ९८१७०३७४४१, बानेश्वर

## चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

Opt.Math Teachers (Secondarylevel),Receptionist Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810626673

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अफिसमैकामगर्न कर्मचारीहरूको तुआवश्यकता 15500/- 9803274227

बल्खुग्वार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

अनुभवी लाइट ड्राइभर चाहियो 9868686695

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

आफ्नै ठाउँबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9810332377

पाट्नको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू इमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

जारपानी डेलिभरी गर्ने केटाचाहियो 01-4443799

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

अनुभवी PSO अर्जेन्ट 30000 9823448503

Urgently Part-time Secondary Level Science Teacher 1 Contact Om Academy chhatrapati 9841314298, 5360222

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

Computer Receptionist, Printer Photocopy operator, 9841113842, 9861281073

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्यूटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/ कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

Required: Incharge with investment 9745328857

ब्राम्हणको छोरी घरमा कामगर्ने चाहियो ९८१७०३७४४१

सेक्युरिटी गार्ड खानबस्न सहित ९८५१२००५५९

होटलको लागि कुक चाहियो 9867295339

## मर्मत

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट मंगालजामखोल्ने, निमार्णपनि, 9841559659, 9843052042

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

## भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब नि:शुल्क

## तालिम

कुक, वेटर, हाउसकिपिङ्ग, रिसेप्सनिष्ट ९८४००९२१२६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

## उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

## बिहावारी

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४

# समूहमा जुट्दै सेवा–निवृत्त गोरखा सैनिक

## 'युद्धमा खटिएका बेला ज्यान जोगाएर घर फर्किनु परिवारका लागि पनि निकै खुसी हुन्थ्यो, बिदा सकिएपछि ड्युटीमा जाँदा घरमा रुवावासी नै चल्थ्यो'

**भवानी भट्ट** (कञ्चनपुर)

वास्तविक नाम ऋषिराम क्षत्री भए पनि उनी गिरीबहादुर थापा भनेर चिनिन्छन् । ६३ वर्षीय क्षत्री गोरखा रेजिमेन्ट (जीआर) भारतबाट अवकाशप्राप्त नायक हुन् । कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका ९ का पूर्ववडाध्यक्षसमेत रहेका थापाले भारतीय सेनामा भर्ती हुनकै लागि नाम फेरेका थिए ।

सन् १९७८ मा गोरखा रेजिमेन्टमा भर्ती हुनका लागि उनी दार्जिलिङको लेवुङ पुगे । भर्ती हुन नागरिकता वा गाउँ पञ्चायतको सिफारिस चाहिने रहेछ । तर क्षत्रीसँग केही थिएन । लमजुङका गिरीबहादुर थापा गाउँको सिफारिस बनाएर गएका थिए । थापा अयोग्य ठहरिएर घर फर्किन लाग्दा क्षेत्रीले भेटे । उक्त सिफारिस ५ रुपैयाँमा किने । र छनौट पनि भए ।

गोरखा रेजिमेन्टमा उनी गिरीबहादुरकै नामले भर्ना भए । तर उनले नागरिकता भने पहिल्यै बनाइसकेका थिए । त्यसपछि उनले घर फर्केर जिल्ला प्रशासन कार्यालयबाट गिरीबहादुर र ऋषिराम क्षत्री भन्ने व्यक्ति एउटै भएको प्रमाणित गरे । त्यही भएर उनलाई ऋषिराम क्षत्री भनिने गिरीबहादुर थापा भनिन्छ । 'गोरखा सैनिक बन्ने इच्छाले देहरादून हुँदै बनारस र दार्जिलिङसम्मै पुर्‍यायो,' उनले भने, 'अन्तिममा केही सीप नलागेर नाम फेरेरै पनि भए ।'

दार्जिलिङमा भर्ना हुनुअघि पनि उनी देहरादून र बनारससम्म पुगे । छनोट नभएपछि अन्तिम पटक भनेर लेवुङ पुगेका थिए । भर्ती भएपछि उनले बनारसमा १३ महिना तालिम गरे । १९ वर्ष गोरखा रेजिमेन्टमा उनले विभिन्न ठाउँ पुगेर सेवा गरे । मुम्बई, सिक्किम, श्रीनगरलगायत ठाउँमा पुगेर उनले काम गरे । भारत पाकिस्तानको युद्धका बेला पनि उनी सोही क्षेत्रमा थिए । करिब दुई वर्ष उनले भारत पाकिस्तानको सीमामा बिताए । तर उनले सवारी चालक भएका कारण युद्ध लड्नु परेन । धेरै जोखिम पनि भएन ।

क्षत्री भर्ती हुँदा उनले १८० भारु तलब बुझ्थे । १९९७ मा अवकाशमा आउँदा १२ हजार तलब थियो । गुल्मीका क्षत्री १३ वर्षको उमेरमा आमासँगै दोधारा चाँदनी पुगेका हुन् । दोधारा चाँदनीमा ऐलानी फाडेरै उनको परिवार बसेको छ । क्षत्रीको परिवारका तीन दाजुभाइ जीआरमा भर्ती भए । उनका जेठा दाइ जगतबहादुर पनि पल्टनमै थिए । उनको मृत्यु केरलामा पल्टनमै हुँदा १९६६ मा भएको थियो । कान्छा दाइ लोकबहादुर पनि जीआरमै थिए । त्यतिबेला क्षत्रीहरूलाई जीआरमा भर्ती लिने चलन थियो । त्यही भएर कसैले नागरिकतामै थापा लेखाए भने कसैले सिफारिसमा थापा लेखाएर भर्ती भएको उनले सुनाए ।

दोधारा चाँदनीमा अवकाश प्राप्त गोरखा सैनिक धेरै छन् । तीमध्ये नाम फेरेका पनि धेरै छन् । धेरैले त आफूले नाम फेरेको बारे बताउन चाहेनन् । अधिकांश अवकाश प्राप्त सैनिकहरू युद्ध लडेका छन् । उनीहरू भारत पाकिस्तान युद्धमा खटिएका छन् । 'कुन बेला कहाँ मर्ने हो भन्ने पीर, जहाँ पठाए पनि युद्ध भइरहेकै ठाउँमा जानुपर्थ्यो,' गोरखा रेजिमेन्टमा २६ वर्ष काम गर्दाका दुःख सम्झिँदै दोधारा चाँदनी नगरपालिका ९ का मनबहादुर गुरुङले भने, 'नयाँ नयाँ पासआउट हुँदा रातदिन ड्युटी, जहाँ अप्ठेरो भयो त्यहाँ हामी पुग्नुपर्ने ।' सिपाहीमा भर्ती भएका उनी क्याप्टेनबाट अवकाश भएका हुन् ।

सन् १९९९ मा कारगिल युद्धमा हुँदा उनी अग्रपंक्तिमै थिए । तीन महिना उनले निकै कष्ट सहे । कतिबेला कहाँ मरिन्छ भन्ने चिन्तामात्रै हुन्थ्यो । कैयौं पटक दोहोरो भिडन्तमा परे । एक पटक उनको पोस्टमा आक्रमण भयो । तर संयोग त्यतिबेला उनको टोली जंगलमा थियो । भाग्य राम्रो थियो, सबै जोगिए । त्यतिबेलाको अवस्था सम्झिँदा अहिले पनि डर लाग्ने गरेको उनी बताउँछन् ।

केही वर्ष सीमामा खटिएपछि गुरुङ आर्मी सप्लाई कोरमा गए । त्यसमा गएपछि हेलिकोप्टरबाट र प्यारासुटबाट दुर्ग क्षेत्रको सीमामा राशन र गोलीगट्ठादेखि हातहतियारसम्म पुर्‍याउनुपर्थ्यो । आसामको डिबरुगढमा हिँडेर जादा महिनौं लाग्थ्यो । कुखुरा, बाखादेखि दाल चिनी जहाजबाटै छाड्न जानुपर्थ्यो । कतिपय बेला प्यारासुटबाट पनि रासनपानी पुर्‍याउनुपर्थ्यो । दैलेख पायाँचौरका गुरुङको परिवार भारत उत्तराखण्डको देहरादून हुँदै दोधारा चाँदनी पुगेको हो । गाउँमा खान लाउनै समस्या भएपछि गुरुङ परिवार कामको खोजीमा देहरादुन पुगेको हो । दोधारा चाँदनीमा ऐलानी खुलेको थाहा पाएपछि २०२४ मा उनको परिवार यहाँ पुगेको हो । दोधारा चाँदनीबाटै उनी गोरा सैनिकमा भर्ती हुन बनबासा, अल्मोडा, बेङलोर र नेपालगन्जसम्म पुगे । अन्तिममा फेरि अल्मोडामै पुगेर छनोट भयो । त्यसपछि उनले अहमदावादमा तालिम गरे ।

गुरुङले ब्रिटिस आर्मीमा पनि प्रयास गरे । त्यहाँ अन्तिम समयमा फालिए । त्यसपछि उनले प्रयास नै गरेनन् । भर्ती भएपछि उनलाई वर्षमा दुई पटक बिदा पाइन्थ्यो । तर उनी बिदा जोगाएर एक पटक मात्रै घर आउँथे । दुई महिना बसेर फर्किन्थे । त्यतिबेला घर बस्न पाउँदा उनी निकै रमाउथे । 'युद्धमा खटिएका बेला ज्यान जोगाएर फर्किनु घर परिवारका लागि पनि निकै खुसी हुन्थ्यो,' गुरुङ सम्झिन्छन्, 'बिदा सकिएपछि डिउटीमा जाँदा घरमा रुवावासी नै चल्थ्यो ।'

६८ वर्षीय गञ्जबहादुर सुनवार अहिले पनि फौजी दिन बिर्सेका छैनन् । १९९९ को कारगिल युद्धमा बेलाका दुःख उनी अहिले पनि सम्झिन्छन् । एक पटक श्रीनगरमा हुँदा क्याम्पमै हमला हुने खबर आयो । रातभरि फौज पुरै तैनाथ भएर तयारी अवस्थामा बस्नुपर्ने । कतिबेला हमला हुन्छ भन्ने पनि चिन्ता । 'पाकिस्तान र चीनको बर्डरमा निकै दुःख पाइन्थ्यो,' सुनवारले भने, 'नौकरी पुरै युद्धमै बित्यो ।' उनका अनुसार सीमा क्षेत्र अधिकांश दुर्गम भेगमा । रासनपानी ल्याउन पुर्‍याउनै समस्या । कतिपय बेला आफै बोकेरसमेत रासन ढुवानी गर्नु पर्दथ्यो । अहिले भने त्यस्तो अवस्था छैन । विगतको जस्तो गोरखा सैनिकमा नेपाली भर्ना हुने क्रम पनि निकै कम भइसकेको छ ।

सुनवारका बुवा अर्जुन पनि गोरखा रेजिमेन्टमै थिए । उनलाई देखेरै गन्ज पनि भर्ती भएका हुन् । बुवा पल्टनमा भएकै बेला उनको परिवार ओखलढुंगाबाट हालको दोधारा चाँदनी बसाइँ सरेको हो । दोधारा चाँदनीमा रहेका पूर्वगोरखा सैनिकहरूले भेटघाट गर्नकै लागि संगठित भएका छन् । उनीहरू नियमित रूपमा बैठक बस्ने र बचत गर्छन् । पल्टनमा छँदाका यादहरू साटासाट पनि गर्छन् । मासिक ५ सय बचत गरेर समूहभित्रै सस्तो ब्याजदरमा लगानी गर्दै आएका छन् । समूहका सदस्यमा दुःख पीडा पर्दा सहयोग पनि गर्ने उनीहरू बताउँछन् । समूहमा गोरखा र नेपाली सेनाका पूर्वकर्मचारी गरी ८३ जना आबद्ध छन् ।



कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका–९ मा नियमित बैठकमा सहभागी पूर्वगोरखा सैनिकहरू । *तस्बिर : भवानी/कान्तिपुर*

# पालिकासँग भूमि आयोगको सम्झौता

दार्चुला (कास)- राष्ट्रिय भूमि आयोगले अव्यवस्थित बसोबास, सुकुम्बासी र भूमिहीनहरूको समस्या समाधान गर्न जिल्लाका सबै स्थानीय तहसित सम्झौता गरेको छ । आयोगले जिल्लाका दुई नगरपालिका र ७ गाउँपालिकासित अहिले तथ्यांक संकलनका लागि सम्झौता गरेको छ ।

आयोगको दार्चुला जिल्ला समितिको कार्यालयले आफ्नो कामलाई तीव्रता दिने उद्देश्यले जिल्लाका सबै स्थानीय तहसित सम्झौताको काम सकिएको आयोगका जिल्लाका अध्यक्ष लालसिंह धामीले बताए । पालिकाहरूसित सम्झौताको काम सकिएसँगै पहिलो चरणमा तथ्यांक संकलन कार्य गरिने उनले बताए ।

अध्यक्ष धामीका अनुसार आयोगसंग सम्झौता गरेका पालिकालाई असोज मसान्तभित्र तथ्यांक उपलब्ध गराउन आग्रह गरिएको छ । भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्यांक पालिकाहरूले उपलब्ध गराएपछि उनीहरूको व्यवस्थापनका लागि काम गरिने छ । आयोगसँग सम्झौता गरेका स्थानीय तहका जनप्रतिनिधिहरूले भूमिसम्बन्धी समस्या समाधानका लागि आफूहरूले पहल गर्ने बताएका छन् ।

आयोगसँग सम्झौता भएको बताउँदै नौगाड गाउँपालिकाका अध्यक्ष दलजितसिंह धामीले पालिकामा रहेका अव्यवस्थित बसोबासी, सुकुम्बासी र भूमिहीनहरूको तथ्यांक संकलन गरिने बताए । उनले भने 'हामीले राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरेका छौं । अब तथ्यांक संकलनको काम अघि बढाउँछौं ।'

तथ्यांक संकलनका लागि जनशक्ति नभएका पालिकाहरूमा जनशक्ति राखेर पनि काम अघि बढाइने अध्यक्ष धामीले बताए । उनले भने 'आयोगको कार्यदेशअनुसार हामीले काम गरिरहेका छौं । जिल्लामा रहेका भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्छौं ।' हाल जिल्लामा १ सय ३० सुकुम्बासी र तीन सय ६८ अव्यवस्थित बसोबासी छन् । थप ५४ जना रहेको राष्ट्रिय भूमि आयोग जिल्ला समिति दार्चुलाले जनाएको छ ।

योभन्दा पहिलाको आयोगले पनि जिल्लामा केही काम गरेको बताएको छ । तर त्यो आयोगले गरेको कामहरू आफूहरूलाई नबुझाएको अध्यक्ष धामीले सुनाए ।

# सुनसान बन्यो सिलगढी

**मोहन शाही** (डोटी)

७६ वर्षीया यशोदामाया श्रेष्ठ १७ बर्षको उमेरमा पाल्पाबाट बिहेगरी सिलगढी आइन् । हिजोआज उनलाई बिहेपछि सिलगढीमा बिताएका उल्लासपूर्ण दिनहरू झलझली सम्झनाले सताईरहन्छ । मानिसहरूको बाक्लो भीडभाड, किनमेल गर्न सर्वसाधारणदेखि गाउँका भद्रभलाद्मी र धनाढ्यको उठबसले सिलगढीका नेवारहरूको फष्टाउदो व्यापार । बाजुरा, अछाम, हुम्ला, जुम्लादेखि आएका मानिस र तिनले ल्याएका सयौं घोडा खच्चडका बथानले सिलगढीको रौनकमा चमक थप्थ्यो । राणादेखि पञ्चायत कालसम्म सरकारी अड्डाको केन्द्र समेत रहेकाले सिलगढीका नेवारहरू सधैं व्यस्त देखिन्थे । तर त्यस्तो व्यस्तता र चमकधकम अहिले सिलगढीको सम्झनामा मात्रै छ ।

बेलाबेला सम्झनामा आउने सिलगढी बजारको त्यो रौनक आजभोली यशोदामायालाई सपना जस्तो लाग्छ । सिलगढीबजार सुनसान छ । रैथाने युवाहरू बिरलै देखिन्छन् । बजारमा किनमेल गर्ने मानिसहरू पातलिएका छन् । बृद्धबृद्धामात्र घर कुरेर बसेका छन् । व्यापार गर्न बिभिन्न ठाउँबाट सिलगढी आएका अधिकांस परिवार अन्यत्र गइसकेका छन् । स्थानीय खेमराज गुरुङ पाइला टेक्न ठाउँ नहुने पसल अघिका दलिनहरू मानवविहीन हुँदै गएको बताउछन् । 'आजभोली त मान्छेहरू देख्न पनि चाडबाड मेलापर्व पर्खनु पर्छ', यशोदामायाले नियास्रो पोखिन्, 'रातदिन व्यापार हुने घरमा ताला झुन्डिएको, यति ठुलो बजार सुनसान भएको देख्दा मन पोलेर आउँछ ।'

यशोदा मैया मात्र होइन, सिलगढीको रौनक देखेको पुस्ता आजभोलि इतिहास भइसकेको बताउँछन् । विभिन्न राजनैतिक परिवर्तन सँगसँगै व्यापारीहरू अन्यत्रै पलायन भएपछि उहिलेको गुल्जार सिलगढी आजभोलि खण्डहरमा परिणत हुँदै गएको छ । डेरामा बस्नसमेत अपुग हुने सिलगढीमा आजभोली घर कुर्ने मानिससमेत बिरलै पाइने गरेको स्थानीय बताउँछन् । 'मासिक ३ हजार तिर्ने गरी तीन तले घरमा बस्दै आएको लामो समय भयो', बडीकेदार मान्नाकापडी घर भएका गणेश मौनीले भने, 'अधिकांश घरहरू खाली भएकाले सस्तोमा घरभाडामा पाइन्छ ।' गाउँ गाउँमा सडक विस्तारसँगै ग्रामीण बजारहरू पनि बढ्दै गएपछि सिलगढीमा आवतजावत घट्दै गएको दिपायल सिलगढी नगर प्रमुख बाजीसिंह खड्काले बताए । 'राजनैतिक परिवर्तनसँगै नयाँ संरचनामा देश गएपछि विस्तारै डोटीमा रहेको प्रशासनीक शक्ति केन्द्र पनि कमजोर हुँदै गएपछि ब्यापार व्यवसाय घट्यो', नगरप्रमुख खड्काले भने, 'व्यापार गरिरहेका नेवार समुदाय सरकारी तथा गैरसरकारी क्षेत्रको रोजगारीतर्फ आर्कषित भएपछि पलायन हुनेको संख्या पनि बढ्यो ।'

### नेवारले बसालेको सिलगढी

शैलेश्वरी मन्दिरलाई काखमा राखेर उत्तर दक्षिण फर्किएको सिलगढी डाँडामा लहरै एउटै शैलीमा बनेका चिटिक्क मिलेका घरहरू छन् । सबै घरमा एकै प्रकारका थाम दलीन छन् । व्यापारिक प्रयोजनका लागि सडकबाट सोझै देखिने थाम दलानसँगैको कोठामा व्यापारिक सामग्री राख्ने र्‍याकहरू छन् । आजभोलि सुनसान थाम र दलिन तथा रित्ता र्‍याकहरू देख्दा मन अमिलो हुने गरेको स्थानीय टंग गुरुङ बताउँछन् ।

> डेरामा बस्नसमेत अपुग हुने सिलगढीमा आजभोलि घर कुर्ने मानिससमेत विरलै पाइने गरेको स्थानीयको भनाइ

व्यापारका लागि बिभिन्न ठाउँ बसाइ सर्दै नेवार समुदायले सिलगढी बजार बसालेका थिए । काठमाण्डौ तथा भक्तपुरकै झझल्को दिने घर, मठमन्दिर र चोकहरू सिलगढीमा अवस्थित छन् । नाचन्थली, टुँडिखेल, इन्द्रचोक यहाँका प्रसिद्ध ठाउँ हुन् । व्यापारिक चहलपहल र काठमाडौं भक्तपुरकैँ वातावरण भएकाले सिलगढीलाई कान्छी नेपालसमेत भन्ने गरिन्छ । काठमाडौं भक्तपुरमा देशको राजधानी र व्यापारले चहलपहल बढ्दै जाँदा कान्छी नेपाल सिलगढी भने मानिसहरूको तीव्र बसाइँसराइका कारण सुनसान बन्दै गएको छ ।

विभिन्न कारणले व्यापार गर्न डोटीको सिलगढी डाँडामा नेवारको परिवार विभिन्न क्षेत्रबाट सिलगढी आइपुगेको समाजसेवी नरेशमान श्रेष्ठ बताउँछन् । सिलगढीको सिरानमा रहेको नाचन्थलीदेखि पुछारमा रहेको इन्द्रचोकबीचमा झन्डै दुई सयभन्दा बढी नेवारका घर छन् । केही परिवार जीवन निर्वाह गर्न व्यापारका लागि उपयुक्त थलो खोज्दै सिलगढी आइपुगेका थिए भने केही परिवार तत्कालीन शासक राणाहरूले नै उनीहरूलाई आफ्नो सहजताका लागि व्यापार गर्न झिकाइएको श्रेष्ठ बताउँछन् । केही परिवार भने नेपाल एकीकरणका बेला गोरखाली फौज (पृथ्वीनारायण शाह) बाट बच्न यहाँ आइपुगेको दाबी गर्छन् ।

### कहाँबाट आए सिलगढीमा नेवार ?

सिलगढीमा नेवार समुदाय फरक फरक खलकका छन् । यिनीहरूको खलक छुट्टिने भनेकै कहाँबाट आएका हुन् भन्ने कुराले पुष्टी गर्छ । यहाँ विशेष गरी भक्तपुर र उपत्यकाकै पाटनबाट आएका नेवारहरू भेटिन्छन् । सिलगढीमा रहेका नेवारहरूमध्येको ठूलो परिवार हो स्व. तीर्थनारायण श्रेष्ठको । उनको मुल थलो भक्तपुर हो । विभिन्न ठाउँमा बसाइ सर्दै सिलगढी आएकाले यिनका पुर्खा पनि बेग्लै छन् । जस्तो तीर्थनारायणका परबाजे बीर नरसिंह श्रेष्ठ पोखराको पार्दी आए । परबाजेबाट जन्मिएका छोरामध्ये तीर्थनारायणका बाजे देवनारायण कलिलो उमेरमा सिलगढी आए । उनका बाजे आउनुअघि यहाँ भक्तपुरको भादगाउँ एकाचोबाट बाग्लुङ हुँदै सिलगढीमा (बज्जीमाया) इन्द्रमान श्रेष्ठको परिवार आइसकेको थियो । यहाँ आएपछि तीर्थनाराणका बाजेले बज्जीमाया परिवारबाट बिहे गरे ।

यी दुईजस्तै भक्तपुरको मुल थलो छोडेर पाल्पा, प्यूठान, बझाङ, अछाम, धनकुटा, सल्यान, पोखरा, बाग्लुङ भएर आएका अरु परिवार पनि छन् । त्यस्तै पाटनबाट आएको अमात्य परिवार बेग्लै छ । 'नेपाल एकिकरणका बेला पृथ्वीनारायण शाहको डरत्रासका कारण केही नेवार समुदायका व्यक्तिहरू ज्यान जोगाउन यहाँ आएका हुन सक्छन्', नेपाल रेडक्रस सोसाइटी डोटी शाखाका पूर्वसभापति नरेशमान श्रेष्ठले बताए 'केही राणाहरूका सामान बोक्न मजदुरका रूपमा यहाँ आए, पछि यतै बसेर ब्यापार व्यवसायमा लागे ।' यसरी आएका छुट्टाछुट्टै खलकका ११/१२ परिवार सिलगढीमा लामो समय बसेर ब्यापार गरे ।

व्यापार-व्यवसाय नफस्टाएपछि उनीहरू आजभोलि पलायन हुँदै गएका छन् । सरकारी उच्च ओहदामा समेत पुगेका छन् । पलायन भएकासहित ८ हजारको हाराहारीमा नेवार समुदायको जनसंख्या भए पनि यहाँ बसोबास गर्ने न्यून रहेको उनीहरूको दाबी छ । अधिकांश काठमाडौं र धनगढी छन् । यता जागिर तथा बूढापाका भएका परिवारमात्र बस्ने गरेका छन् ।


## वर्गीकृत विज्ञापन

### घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रिको लागि 9851071590

गुहेश्वरी नगरविकासमा नयाँघरबिक्रीमा 9841511620, 9851122167

बुढानिलकण्ठ चपली भद्रकालीमा ०-८-१-३ जग्गा बिक्रिमा ९८०११२२४०४

गोदावरी टौखेल नजिक ०-४-२-० टुक्राजग्गाहरू ९८४०४८०४८५

चावहिलमा व्यावसाय र भाडामा दिनमिल्ने घरविक्रीमा 9841085428

बानेश्वरमा सानोठूलो टुक्रा जग्गाहरू बिक्रीमा 9851121001

बुढानिलकण्ठ पार्क/भिलेज होटलबाट पूर्वतिर १०फिटेबाटोमा ९आना जग्गाबिक्रीमा 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

गोल्फुटारचोकनिर हेपालीमा 0-5-0-0 घरबिक्रिमा 9841011316

**नारायणथान एरियामा आधुनिक नयांबङगला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108**

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

चुनदेवि गणेशबस्तीमा २०-फिटेबाटोमा ०-८-०-० माबनेको साढेतिनतल्ले फ्ल्याटसिस्टमको घरजग्गाको मूल्यमा 9808420364

लामाटारमा ३-१-०-० जग्गाबिक्रीमा ९८४१२७६८४६, ९८५१०७२८२८

मुलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा साढेसात आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

बौद्धमा भाडाआउने ५०,०००/-, २.५-तल्ला ८५,००,०००/-,फिक्स, 9841244541

घडेरी बिक्रीमा सानागाउ २६फिटे बाटोमा २३,००,०००।– इमाडोलमा ३०,००,०००।–, ९८०८५२२६२४

अख्तियार नजिक ०-७-०-० माबनेकोघर आनाको १,३०,००,०००/- 9841313321, 9841589354

सितापाइलाबाट ५किलोमिटर भिमढुंगाको मूलसडकमा ३६आना 9818287046

सामाखुशीमा जग्गा ५आना, बसुन्धारामा ४आना, बाँसबारीमा ११आना, 9841856924, 9851339923

गौरिघाटमा पांचआना जग्गा विक्रीमा 9841601900

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङ्गमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङ्गको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पूलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मुल्य:-२करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

चन्द्रागिरी, हाईभिजन कोलनीमा नयाघर ९८२३४६१२१४

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

काठमाण्डौ पेप्सीकोलाचोकबाट नजिकै मेन बाटोमा छोएको ४ आना घडेरी र भुकम्प पछी बनेको ४ आनामा बनेको बंगला टाइपको घर बिक्रिमा 9745674156, 9810196828

### सवारी साधन

६-चक्के, १०-चक्के टिपर, मिनी ट्रक, बस फाईनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुडेको सिङ्गलहयाण्ड मारुती इकोभ्यान बिक्रीमा ९८५११७०५५४

### सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

ठूला कम्पनीकोलागि धितो चाहिएमा ९८५१२५५२७७

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

सहकारीले बचतकर्तालाई जग्गादिई आफ्नो व्यबहार मिलाउनुपरेमा हामीसँग जग्गा छ ९८४१३२३३९७

Cash Deposit Without Collateral, 9841756349

बैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

झापा दमकबाट ८कि.मी. दक्षिणमा संचालन भइरहेको कक्षा-९सम्म अनुमति प्राप्तभएको हाल कक्षा-५सम्म संचालन भइरहेको स्कललाई प्रिन्सिपल/एक्टीभ पार्टनर चाहियो सम्पर्क: ९८६०३२७४७०, ९८०८१५३७५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामुहिक व्यवसायमा तुऋण 9851340755

विदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

### विविध विक्रीमा

राम्रासँग चलिरहेको थकाली भान्छाघर बिक्रिमा, सिनामंगल, 9849346196

डेरीउद्योग विक्रीमा मुल्य ७(सात) करोड सम्पर्क 9823786729

बसन्तपुर ओमबहालमा कफिसप बिक्रीमा 9819559002

Pharmacy, Lab, Dental बिक्रिमा 9812759373

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

२० रोपनिमा फैलिएको चलिरहेको लोकलफार्म तुरुन्तै बिक्रिमा खेतिगर्ने ठांऊ प्रसस्तभएको पानी, बिजुली,बाटो, इन्टरनेटको सुबिधाभएको १५०० कुखुरासहित फार्मबिक्रीमा ठेगाना:-ललितपुर, छम्पि थप जानकारिको लागि ९८०११३४८४३, ९८०५६७७५०६ मा.सिधैकल गर्नहोला

पुतलीसडकमा चलिरहेको क्यान्टिन अर्जेन्ट बिक्रीमा पानी भाडा फ्रि बस्नको लागि दुईरुम भएको, 9827686211

बिरुवा घरमा लगाउँदा शुभ हुने ९८१७०३७४४१

### निर्माण सफाई

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङ्की 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफ्टीटैंकी सफाई गाडिमा १५००।- 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट जामखोल्ने, मंगालसफाई मर्मतनिर्माणपनि, 9841464543

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

### भाडामा

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

टेकुमा ३ कोठाको फ्ल्याट् ९८०८८९६५२४

House OnRent Near Thai Embassy 9841270182

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फ्ल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

भक्तपुर सल्लाघारी मेनरोडमा अफिसको लागि तीनतल्ला, बानेश्वरमा दुईरुम भाडामाछ 9851023514, 9803066711

रिङ्गरोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

जडिबुटी वातावरणमा पेइङ्गगेष्ट बस्न ९८१७०३७४४१, बानेश्वर

### चाहियो

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

Opt.Math Teachers (Secondarylevel),Receptionist Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810626673

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

Software Support Executive, +2appeared (Mgmt), Salary:10,000+, Contact: 9849135435, 9813330475

अफिसमैकामगर्न कर्मचारीहरूको तुआवश्यकता 15500/- 9803274227

बल्खुग्वार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

अनुभवी लाइट ड्राइभर चाहियो 9868686695

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

आफ्नै ठाउँबाट मार्केटिङ्ग गर्नसक्ने चाहियो रु.४०,०००/- ९८६६९७६८४९

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9810332377

पाटनको स्कुललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

शिक्षक आवश्यकता सामाजिक अध्ययन तथा अतिरिक्तगणित-१, योग्यता-स्नातक वा-सोसरह 9841208422, 9845368663

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू ईमरजेन्सी नजान्नेलाईनि प्राथमिकता ९८०३१९०१८८

जारपानी डेलिभरी गर्ने केटाचाहियो 01-4443799

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

अनुभवी PSO अर्जेन्ट 30000 9823448503

Urgently Part-time Secondary Level Science Teacher 1 Contact Om Academy chhatrapati 9841314298, 5360222

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

Computer Receptionist, Printer Photocopy operator, 9841113842, 9861281073

GDS चलाउने ४ जना कर्मचारी चाहियो, dianatrv7@gmail.com, सम्पर्क- 9841572036(कम्प्युटरमा राम्रो ज्ञान भएको)

होस्टलको लागि कुक 9851214169, 9843154169

क्यान्टिनको लागी कुक, हेल्पर ९८०३६५८८५९

जुनसुकै किसिमको रोजगारी/कर्मचारी ९८१८१५०३९६

चाइनिज कुक चाहियो ९८४९४८०३०८ बौद्ध

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

Web-developer cum Social-media marketing, Sinamangal 9841208255

Senior Marketing Officer, Sinamangal 9841208255

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

कस्मेटिकभित्र खानबस्नसहित कर्मचारी 18,000/- 9823280255

Required: Incharge with investment 9745328857

ब्राम्हणको छोरी घरमा कामगर्ने चाहियो ९८१७०३७४४१

सेक्युरिटी गार्ड खानबस्न सहित ९८५१२००५५९

होटलको लागि कुक चाहियो 9867295339

### मर्मत

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट मंगालजामखोल्ने, निर्माणपनि, 9841559659, 9843052042

ढलट्वाइलेट सेफ्टीट्याङ्की मंगाल जामखोल्ने 9841505513

### भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब निःशुल्क

### तालिम

कुक, वेटर, हाउसकिपिङ्ग, रिसेप्सनिष्ट ९८४००९२१२६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

### उपचार

यौनशक्ति साईजबढाउने Extratime HerbalSuppliment ९८५११४७८१०

### बिहावारी

अमेरीका, अष्ट्रेलिया, क्यानडा, युकेसिटिजन, अधिकृत हाईप्रोफाईलका २०देखि५५ सम्मका वरवधु चाहिएमा ९८६१३३४२६४